
जर्मनीको कम्यूनिष्ट आन्दोलनः एक जर्मन नेताको विचारमा

# मूल्याङ्कन

मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५६
चैत्र, २०५४



## कस्तो पार्टी बन्ला ने.क.पा.(माले) ?

एमालेको फूटः एक सैद्धान्तिक विश्लेषण

## संयुक्त जनमोर्चाले नीति र नेता कस्तो चयन गऱ्यो ?







## विशेष अन्तर्क्रियाः


के नेपाल पनि संकटको भुमरीमा पर्ला ?

## पूर्वी एशियाको आर्थिक संकट

# DUCKHAMS





अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल







**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**




उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५६
चैत्र, २०५४



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन तथा बजार प्रबर्द्धन**
गुण श्रेष्ठ
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९,
फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## कस्तो पार्टी बन्ला नेकपा माले ?

❑ एमाले र मालेमा के फरक छ ? एमालेका युवा नेता राजेन्द्र श्रेष्ठसंगको अन्तर्वार्ता

❑ के भन्छन् नयाँ पार्टी मालेका युवा नेताहरु (टंक कार्की, नारायण ढकाल, घनश्याम भुसाल, हरि रोका) ?

❑ एमालेको फूट : एक सैद्धान्तिक विश्लेषण

## जर्मनीको कम्युनिष्ट आन्दोलन : एक जर्मन नेताको विचारमा

❑ जर्मन कम्युनिष्ट आन्दोलनको इतिहास

❑ पूर्वी जर्मनीमा प्रतिक्रान्ति किन भयो ?

## के नेपाल पनि संकटको भूमरीमा पर्ला ?

पूर्वी एशियाली आर्थिक संकट

(डा. पुष्प राजकर्णिकार, डा. गुणनिधि शर्मा, डा. युवराज खतिवडा र दीपेन्द्र ब. क्षेत्रीबीच सम्पन्न प्रत्यक्ष विचार-अन्तर्क्रियाको रिपोर्ट)

यसभित्र

## संयुक्त जनमोर्चाले नीति र नेता कस्तो चयन गर्‍यो ?

**क. लिलामणि पोखरेल के भन्नु हुन्छ ?**

❑

## नेकपा संयुक्तको सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न

यसले पास गरेको नयाँ नीति राष्ट्रिय जनवाद कस्तो छ ?
क. विष्णुबहादुर मानन्धरसंगको अन्तर्वार्ता

◆ **नेवारी र मैथिली भाषामा कार्यालयको कामकाज नगर्नू, नगराउनू ! (अदालतको अन्तरिम आदेशले जन्माएको विवाद)**
*पद्मरत्न तुलाधर/सुरेश आले मगर*


**हाम्रो मूल्याङ्कन** ४
डेढ महिना लामो किसान मार्चले गरेको ध्यानाकर्षण के ?

**घटना र प्रवृत्ति**
कस्तो पार्टी बन्ला नेकपा माले ? -श्याम श्रेष्ठ ४
एमाले र मालेमा के फरक छ ? एमालेका युवा नेता राजेन्द्र श्रेष्ठसंगको अन्तर्वार्ता ६
के भन्छन् नयाँ पार्टी मालेका युवा नेताहरू (टंक कार्की, नारायण ढकाल, घनश्याम भुसाल, हरि रोका) ८
एमालेको फूट : एक सैद्धान्तिक विश्लेषण -प्रज्ञानरत्न १०

**घटना र प्रवृत्ति**
संयुक्त जनमोर्चाले नीति र नेता कस्तो चयन गर्‍यो ? १२
क. लिलामणि पोखरेल के भन्नु हुन्छ ? १३

**घटना र प्रवृत्ति**
नेकपा संयुक्तको सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न १४
नेकपा संयुक्तले पास गरेको नयाँ नीति राष्ट्रिय जनवाद कस्तो छ ? क. विष्णुबहादुर मानन्धरसंगको अन्तर्वार्ता १५

**घटना र प्रवृत्ति**
नेवारी र मैथिली भाषामा कार्यालयको कामकाज नगर्नू, नगराउनू ! (अदालतको अन्तरिम आदेशले जन्माएको विवाद) -पद्मरत्न तुलाधर/सुरेश आले मगर ११

**विश्व कम्युनिष्ट आन्दोलन**
जर्मनीको कम्युनिष्ट आन्दोलन : एक जर्मन नेताको विचारमा १६
जर्मन कम्युनिष्ट आन्दोलनको इतिहास १७
पूर्वी जर्मनीमा प्रतिक्रान्ति किन भयो ? १८
विभिन्न देशमा क. पा.हरूको महाधिवेशनै महाधिवेशन १९

**विज्ञान/प्रविधि**
बर्ड फ्ल्यू के हो ? २०

**प्रतिक्रियामाथिको प्रतिक्रिया**
नून-चिनी-पानीमाथिको बन्देजको राजनीति साम्राज्यवादी चाल नभए के हो त ? -डा. शरद वन्त २१

**विशेष अन्तर्क्रिया**
के नेपाल पनि संकटको भूमरीमा पर्ला ? पूर्वी एशियाली आर्थिक संकट ? २४
(डा. पुष्प राजकर्णिकार, डा. गुणनिधि शर्मा, डा. युवराज खतिवडा र दीपेन्द्र ब. क्षेत्री)

**नीति/संस्कृति**
धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ? -चन्द्रदेव नेपाली ३२

**साहित्य/कथा**
दुई छोटा कथाहरू -हरिगोविन्द लुइँटेल ३४

**पर्दा/रंगमंच**
प्रगतिशील कलाकार संघ बन्नु जरूरी छ -जीवन शर्मा ३६

**अनुसन्धान**
नेपालमा पनि तेलको खानी छ तर यो किन खनिन्न ? -गणेश खत्री ३७

**उत्पीडित चौतारी**
महिलाहरू विश्वभरि पुरूषभन्दा ज्यादा श्रम गर्छन् ३९

**आँखीझ्याल**
सुत्केरी बिदाको प्रचलन कुन देशमा कस्तो छ ? ४०

**पाठकको कुरो** ४२



आवरणमा: **नेकपा मालेका महासचिव वामदेव गौतम पत्रकारहरुसंग कुरा गर्दै (फोटोः ए.बि.सी. फोटो)/संयुक्त जनमोर्चाको दोस्रो रा.सं. उद्घाटन समारोह (फोटो : उषा तिवारी)/ पूर्वी एशियाको आर्थिक संकटबारे प्रत्यक्ष अन्तर्क्रियाको एक दृश्य (फोटो : सुन्दर बस्नेत)**
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोनः २५२६४५, २२२३३७**/कलाकारहरू: **लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ्: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# डेढ महिना लामो 'किसान मार्च' ले गरेको ध्यानाकर्षण के ?

नेकपा मसाल समर्थित अखिल नेपाल किसान संघले गत फागुन ५ देखि शुरू गरी चैत्र २० सम्म डेढ महिना लामो 'किसान मार्च' को आयोजना गऱ्यो । कपिलबस्तु, दाङ्ग-देउखुरी, प्यूठान, अर्घाखाँची, गुल्मी, बाग्लुङ्ग र पोखरा हुँदै काठमाडौंमा आइपुगेर यो किसान मार्च खुला मंचमा एक स्वागत सभामा सामेल भयो । यसै उपलक्ष्यमा यस किसान संघले काठमाडौंमा "संसदीय व्यवस्था र किसान आन्दोलनको स्वरूप" शीर्षकमा र "श्री ५ को सरकारको कृषि नीति र किसानहरूको अवस्था" शीर्षकमा दुई विचार-गोष्ठीहरूको पनि आयोजना गऱ्यो । यसले फोटो प्रदर्शनी र भिडियो प्रदर्शनी एवं सांस्कृतिक कार्यक्रमहरू पनि सम्पन्न गऱ्यो ।

देशका पश्चिमी भेकहरूमा र राजधानीमा समेत किसान समस्यामा आधारित यति लामो कार्यक्रम गरेर अखिल नेपाल किसान संघले किसान समस्याका बारे आम जनताको ध्यानाकर्षण गरेको छ । यसो गरेर यस संघले नेपालका सबै वामपन्थी पार्टीहरू र 'प्रजातान्त्रिक' भनिने पार्टीहरू समेतलाई एउटा 'राम्रो चुनौति' पनि दिएको छ । यो संघले यो 'किसान मार्च'को उद्देश्यको रूपमा किसानहरूमा संचेतना जागृत गर्ने र उनीहरूलाई संगठित गर्ने उद्देश्य लिएको थियो । यो उद्देश्य उसले कत्ति पूरा गऱ्यो, त्यो अलग्गै समीक्षाको विषय हो । तर यस कार्यक्रमले नेपाली-क्रान्तिको एक आधारभूत शक्ति, किसान वर्गको आधारभूत समस्या र त्यसको समाधानको उपायतर्फ किसानहरू, पार्टीहरू र जन-साधारणमा पनि जुन चासो जगाएको छ, र जुन उदाहरण पेश गरेको छ, त्यो आफैंमा एक महत्वपूर्ण उपलब्धि हो भन्ने हामीले ठानेका छौं ।

वास्तवमा, आज हाम्रो देशमा ८१ प्रतिशत जनता कृषि क्षेत्रमै रहे पनि किसानहरूको वास्तविक समस्यामा आधारित मागहरू र ती मागमा आधारित आन्दोलनहरू राम्ररी उठ्न सकिरहेका छैनन् । यस विषयमा जिम्मेवार पार्टी र संघहरूले अत्यावश्यक अध्ययन र अनुसन्धान समेत गरिरहेका छैनन् । किसानहरूको वास्तविक मागमा पहिलेभन्दा के-के भिन्नताहरू आएका छन्, तिनबारे पार्टीहरू चनाखो छैनन् । पुरानै नारामा उनीहरू सीमित छन् । आन्दोलनहरू पनि कतै अत्यन्त क्षणिक र देखौवा मात्र भएका छन् भने, कतै ठूला ठूला र सुदूर भविष्यका मागहरूमा आधारित भई, तिनले आम उत्पीडित किसानलाई तान्नै नसकेको स्थिति देखिएको छ ।

> **किसानहरुको वास्तविक मागमा पहिलेभन्दा के-के भिंन्नताहरु आएका छन्, तिनबारे पार्टीहरु चनाखो छैनन् ।**

अखिल नेपाल किसान संघ र यस्तै अन्य तमाम किसान संघहरू र राजनीतिक पार्टीहरूले हाल किसान आन्दोलनको मूल समस्यामा ध्यान दिनु जरूरी छ ।

खालि सबै कुरा क्रान्तिपछि मात्र हल हुन्छ भन्ने सोचले गर्दा वर्तमानमा किसानहरूको जीवनमा सुधार ल्याउने खालका महत्वपूर्ण सवालमा संघर्ष नै नगर्ने प्रवृत्ति हामीकहाँ व्याप्त छ । यो प्रवृत्ति हटाउनु जरूरी छ । सुधारवादमा फस्नु गलत हो, सुधारका लागि संघर्ष गर्नु कदापि गलत होइन । हाम्रा सबै किसान संघहरू संयुक्त भएर वर्तमान संसद अन्तर्गत संभव हुने हुने सुधारका लागि किन संघर्ष गर्न सक्दैनन् ?

कार्यक्रम हुनु अत्यन्त राम्रो कुरा हो, तर कार्यक्रम 'अहं' तुष्टि गर्ने, अरूलाई देखाउने नियतले भन्दा माथि उठ्नु जरूरी छ । यस्ता कार्यक्रमले किसानलाई शिक्षा र सन्देशहरू दिने मात्र हैन, उनीहरूबाट उत्पीडनका जीवन्त अनुभव र यथार्थको बस्तुगत ज्ञान 'लिने' काम पनि गर्नु जरूरी छ । यसबारे आयोजक अ.ने. किसान संघ सचेत होस् र यसले आफूलाई निरन्तरता र गहनता दिन सकोस् भन्ने हामी कामना गर्दछौं । ❑



गएको फाल्गुन २१ गते नेकपा (एमाले) को गर्भबाट एउटा नयाँ राजनीतिक पार्टी नेपालको राजनीतिक मंचमा देखापरेको छ । एमालेका संसदीय दलका १०१ सांसदहरूमध्ये ४६ जना सांसदहरूको विद्रोहद्वारा जन्मेको नेकपा (माले) ले आफ्नो जन्मको एक हप्तापछि नै राष्ट्रिय भेला सम्पन्न गरिसकेको छ । भेलाले ३२ पृष्ठको घोषणा-पत्र, ३१ पृष्ठको अन्तरीम विधान र ३५ सदस्यीय केन्द्रीय संगठन कमिटी जनतासामु आफ्नो अलग परिचयको रूपमा प्रस्तुत गरेको छ । भेलाको लगत्तैपछि क्रान्तिकारी कार्यकर्ताहरूको दवाबमा केन्द्रीय संगठन कमिटीले विधानसरह नै लागू हुने गरी १६ बुँदे आचार-संहिता पनि जनसमक्ष पेश गरेको छ । यिनै कुराहरू हुन्, जसमार्फत् यस नयाँ पार्टी नेकपा (माले) ले पार्टीहरूको भीडमा आफ्नो भिन्न अस्तित्वको औचित्य साबित गर्ने चेष्टा गरिरहेको छ ।

"छैठौं राष्ट्रिय महाधिवेशनमा आइपुग्दा पाँचौं राष्ट्रिय महाधिवेशनले अघि सारेका क्रान्तिकारी विचार र सिद्धान्तबाट नै विचलित भई त्यसले क्रमशः राष्ट्रिय आत्मसमर्पणवादी तथा विसर्जनवादी नीति, विचार र दृष्टिकोण अघि सार्न पुग्यो । त्यसलाई सच्याउन संभव नभएपछि अन्ततः पार्टीभित्रको क्रान्तिकारी धारले नयाँ पहलकदमीका साथ कम्युनिष्ट आन्दोलनलाई अग्र गति प्रदान गर्नुपर्ने स्थिति उत्पन्न भयो"- आफू एमालेबाट फुटेर अलग्गै संगठनका रूपमा किन आउनु पऱ्यो भन्नेबारे नेकपा (माले) ले आफ्नो घोषणा-पत्रमा यस्तो व्याख्या गरेको छ ।

घोषणा-पत्रले छैठौं महाधिवेशन-पछिको एमालेको सापेक्षतामा नेकपा (माले) ले नयाँ र भिन्न सोच एवं कार्यक्रमको रूपमा जनवादी गणतन्त्रको कार्यक्रम अघि सारेको छ । अमेरिकी साम्राज्यवादलाई यसले "विश्व जनताको मुख्य दुश्मन" र "नेपाली क्रान्तिको बाधक तथा आधारभूत शत्रु" घोषित गरेको छ । भारतीय शासक वर्गलाई यसले "नेपाली क्रान्तिको बाधक" र "आधारभूत शत्रुको पंक्तिमा" दर्ज गरेको छ ।

> **माले केन्द्रमा जुन सांस्कृतिक उँचाइका पात्रहरू देखिन्छन्, त्यो हेर्दा केन्द्रका धेरै सदस्यहरूले यी सबै नीतिहरू व्यवहारमा लागू गर्नु सारै महाभारत देखिन्छ ।**

तात्कालीक रूपमा संसदीय संघर्षलाई नै यसले प्रमुख संघर्षको रूप बताएको छ, तथापि यसले "नेपाली क्रान्तिको विकास र विजयका निम्ति संसदीय घेरा बाहिरको संघर्ष निर्णायक महत्वको हुन्छ" भनेर स्वीकारेको छ। "पार्टीले तात्कालीक रूपमा चलिरहेको संसदीय संघर्षमा श्रेष्ठता हासिल गर्ने मात्र होइन, संघर्षलाई आमूल परिवर्तनको तहसम्म विकास गर्नका लागि योजनावद्ध ढंगबाट संसदीय घेरा बाहिरको जनसंघर्ष उठाउनु पर्दछ"- संघर्षको रूप सम्बन्धमा मालेको नयाँ र भिन्न धारणा यस्तो छ।

शान्तिपूर्ण जनआन्दोलन तथा सशस्त्र तथा "हिंसात्मक संघर्षको आवश्यकताको





र कार्यक्रम नीतिहरूमार्फत् स्वच्छ र देशभक्तिपूर्ण छवि भएको, संसद, सत्ता र सुविधाको ध्याउन्नाबाट माथि उठेको नयाँ जुझारू क्रान्तिकारी पार्टी निर्माण गर्ने परिकल्पना गरेको बुझिन्छ। मालेको नेता कार्यकर्ताको नियत र इच्छा के हो, त्यो यो परिकल्पनाबाट अभिव्यक्त भएको छ।

तर सदिच्छा र असल नियतले मात्र, क्रान्तिकारी कम्युनिष्ट पार्टी बन्न संभव हुँदैन। यसका लागि त असल नियत र सदिच्छाका साथ साथ सही प्रक्रिया र कार्यदिशा पनि हुनु अनिवार्य हुन्छ। यसको लागि त आफ्नै विगतको गंभीर समीक्षा हुनु जरूरी हुन्छ।

आचार संहिताबाहेक मालेले अहिले

# कस्तो पार्टी बन्ला नेकपा माले ?

**श्याम श्रेष्ठ**

सवालमा पनि नेकपा (माले) ले एमालेको भन्दा केही भिन्न र स्पष्ट धारणा अघि सारेको छ। उसले भनेको छ- "शिरदेखि पैतालासम्म हतियारले सुसज्जित भएका प्रतिक्रियावादीहरूले राज्यसत्ताको लडाइँलाई जीवन-मरणको लडाइँ ठान्दछन् र उनीहरूले जनताको निर्णायक संघर्षमा सधैं हिंसात्मक दमनको बाटो अवलम्बन गर्दै आएका छन्। आजसम्मको अनुभवका आधारमा हाम्रो मुलुकमा पनि राज्यसत्ता प्राप्तिको निर्णायक संघर्ष शान्तिपूर्ण हुनेछैन। तर पनि अहिले हामी शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट आमूल परिवर्तनको दिशामा अगाडि बढ्न कटिबद्ध छौं। हाम्रो बाटोमा हिंसात्मक दमनद्वारा अवरोध खडा गरियो भने हामी पनि त्यसैगरीं प्रतिरोधमा संलग्न हुन बाध्य हुनेछौं।"

जनवादी क्रान्तिका लागि मालेले "सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा नेपाली जनताको व्यापक राष्ट्रिय संयुक्त मोर्चा निर्माण", गर्ने अवधारणा अघि सारेको छ। "वर्तमान सन्दर्भमा वामपन्थी एकता नै राजनैतिक संयुक्त मोर्चाको मुख्य रूप" हुने उसको ठहर छ।

"क्रान्ति सम्पन्न गर्नका लागि वर्ग संघर्षका सबै रूपहरूलाई उचित तालमेलका साथ अगाडि बढाउनु पर्दछ" भन्दै मालेले वर्ग संघर्षकै निम्ति पार्टीको एउटा अलग्गै लडाकू दल बनाउने अवधारणा पनि पेश गरेको छ। यसलाई उसले "राष्ट्रिय स्वयंसेवक दल" को नाम दिएको छ। यो पार्टीकै नेतृत्वमा पार्टीका "जुझारू पार्टी सदस्यहरू" को बीचबाट "जन सेवकहरूको दस्ता" का रूपमा निर्मित हुने भन्ने उसको अवधारणा छ।

मालेको अन्तरीम विधानले सैद्धान्तिक विचलन भएको स्थितिमा पनि साधारण तथा संगठित पार्टी सदस्यताबाट निष्काशन गर्न सकिने नयाँ धारणा अघि सारेको छ।

विधानसंगै, विधानको अभिन्न अंग बन्ने गरी मालेले जारी गरेको आचार संहिताले केन्द्रीय कमिटीको ५१ प्रतिशत सदस्य पार्टीको सरकार बन्दा पनि सरकारमा नजाने र पार्टी संगठनको कामकै लागि रहने नयाँ नीति अघि सारेको छ। यसले पार्टीको महासचिव पनि सरकारमा नजाने नीति अघि सारेको छ।

पार्टीको केन्द्रीय सदस्यले राजकीय र सरकारी सुविधा वापत प्राप्त गर्ने सम्पूर्ण रकम पार्टीको हुने र उनीहरूले पार्टीले तोके बमोजिम रकमबाट गुजारा गर्नुपर्ने नीति पनि यसले अघि सारेको छ। उनीहरूले भन्सार सुविधाअन्तर्गत झिकाएका गाडीहरू पनि पार्टीले जिम्मामा लिने र प्रयोग गर्ने नीति यसले पेश गरेको छ। साथै पार्टी केन्द्रका सदस्यहरूले कुनै उद्योग व्यवसायमा संलग्न हुन नपाउने नीति पनि आचार संहिताले अघि सारेको छ। उनीहरूका घर सम्बन्धमा पनि एउटा मापदण्ड बनाइने कुरा आचार संहिताले उल्लेख गरेको छ। मापदण्ड अन्तर्गत नपरेका घरहरू बेचिने वा घरको केही भाग पार्टीकरण हुने नीति यसले अघि सारेको छ।

माले केन्द्रमा जुन सांस्कृतिक उँचाइका पात्रहरू देखिन्छन्, त्यो हेर्दा केन्द्रका धेरै सदस्यहरूले यी सबै नीतिहरू व्यवहारमा लागू गर्नु सारै महाभारत देखिन्छ। तथापि, यी नीतिहरू लागू गर्न सकेको खण्डमा सत्ता र सुविधाको लागि हुरूक्क हुने प्रवृत्तिमा केही अंकुश चाहिं अवश्य लाग्ने देखिन्छ। पार्टीको मूल शक्ति गैर-संसदीय कामको लागि क्रियाशील हुने स्थिति पनि यसबाट पैदा हुन संभव छ।

मालेले मूलतः यिनै अवधारणा, सोच अख्तियार गर्न लागेको जस्तै राजनीतिक कार्यदिशा पाँचौं महाधिवेशनले पनि अख्तियार गरेको थियो। तथापि, के दोष रहन गएको थियो, जसले गर्दा २०४९ सालको क्रान्तिकारी एमाले २०५४ सालमा पुग्दा माले स्वयंले भने जस्तो "क्रान्तिकारी सिद्धान्तबाटै विचलित" हुन पुग्यो, सुधारवादी हुन पुग्यो? के कारणले क्रान्तिको ध्याउन्ना भएका नेता कार्यकर्ताहरू सत्ता, संसद र सुविधाको मात्र ध्याउन्ना भएका नेता कार्यकर्तामा रूपान्तरित हुन पुगे? के त्यो त्यतिखेर आचार संहिता नहुनुको कारणले मात्रै घट्न गएको घटना हो? के हो एमालेको सैद्धान्तिक विचलनको मूल मुहान? किन पैदा भयो यति छिटै, यति धेरै पूँजीवादी विकृति र/विचलन एउटा क्रान्तिकारी पार्टीमा? के यो कार्यदिशा ठीक, नेताहरूको आचरण मात्रै बेठीक भएकाले घटेको घटना हो?

यस छेउमा मालेका नेता -कार्यकर्ताहरूको फेरि पनि पर्याप्त ध्यान पुगेन कि?

मेरो ठम्याइमा, २०४९ सालका एमालेका नेता कार्यकर्ताहरूको नियत पनि गैर-क्रान्तिकारी थिएन। उनीहरूले वास्तवमा क्रान्ति नै चाहेका थिए। तर उनीहरूले समातेको राजनीतिक कार्यदिशा पूँजीवादी थियो। उनीहरूले अख्तियार गरेको प्रक्रिया गैर-समाजवादी थियो। त्यही कारणले उनीहरू सैद्धान्तिक विचलनको डिलतिर धकेलिए। पूँजीवादी कार्यदिशा समातेकैले पार्टीमा पूँजीवादी विकृति र विचलनको बाढी उर्लियो। त्यो बहुदलीय जनवाद नै थियो, जसको डुंगा

**एमालेको फूट : एक सैद्धान्तिक विश्लेषण**

**नयाँ पार्टी नेकपा मालेका युवा नेताहरु क. राजेन्द्र श्रेष्ठ, क. टंक कार्की, क. नारायण ढकाल, क. घनश्याम भुसाल र क. हरि रोकाका ताजा विचारहरु !**

चढेर क्रान्तिकारी एमाले पार्टीमा यति धेरै पूँजीवादी विकृति र विचलन पनि छिटै सवार भएको थियो । तर गजबको विरोधाभाष के छ भने, मालेका नेता कार्यकर्ताले पनि क्रान्तिकारी कम्युनिष्ट धार समात्ने भन्दाभन्दै, पूँजीवादी विकृति र विचलन हटाउने भन्दाभन्दै, मूल समस्याबाट पार तर्ने ढुंगा चाहिं बहुदलीय जनवादी नै समातेका छन् । पाँच पाँच वर्ष उही ढुंगामा पटक पटक ठेस लागेर पनि चेत किन खुलेन र अहिले पुनः उही ढुंगामा ठेस लगाउने सुरसार कस्सिँदैछ ?

विषको बीउ रोपेर अमृतमय फलको आशा कदापि राख्न सकिन्न । पूँजीवादी कार्यदिशा समातेर समाजवादी लक्ष्यमा कदापि पुग्न सकिन्न । बहुदलीय जनवाद सारमा पूँजीवादी प्रतिस्पर्धामा आधारित राजनीतिक प्रणाली हो । जहाँ तल आर्थिक जगमा प्रतिस्पर्धाको अर्थतन्त्र हुन्छ, त्यहाँ माथि राजनीतिक उपरी ढाँचामा पनि त्यसैलाई प्रतिविम्बित गर्ने प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली हुन्छ, हुन जरूरी हुन्छ । किनकि, राजनीतिक प्रणाली भनेको आर्थिक प्रणालीकै उपरी तहमा देखिने प्रतिविम्ब हो । तर नयाँ जनवादी अर्थतन्त्र भनेको प्रतिस्पर्धात्मक अर्थतन्त्र नै होइन । यो त संक्रमणकालीन र समाजवादउन्मुख अर्थतन्त्र हो । यसको मूल विशेषता प्रतिस्पर्धा होइन, आपसी सहयोग, सहकारिता, सहअस्तित्व र सामुहिकतातर्फको यात्रा हो ।

प्रतिस्पर्धाको मूल विशेषता नै कमजोर पक्षको निषेध हो । हरेक प्रतिस्पर्धाले कमजोर पक्षको निषेध गर्छ । तर नयाँ जनवादमा र समाजवादमा कमजोर पक्षलाई निषेध गरिन्न । त्यहाँ त यतिन्जेलको कमजोर पक्षलाई सत्तामा पो ल्याइन्छ, कमजोरहरूलाई त्यहाँ सँगेटेर सहकार्य गरिन्छ । लडाइँमा परास्त भएको कमजोर पक्षलाई समेत, त्यहाँ ऊ बदलिन र श्रम गर्न तयार भयो भने, उत्पादन प्रणालीमा सँगेटिन्छ, सहकार्यमा ल्याइन्छ । पहिलेको गर्भ चिन्हका रूपमा प्रतिस्पर्धा थोरै बाँकी रहन्छ, तर प्रतिस्पर्धा नयाँ जनवाद र समाजवादको मूल विशेषता नै होइन ।

यस्तो आर्थिक प्रणालीमा

**पाँच पाँच वर्ष उही ढुंगामा पटक पटक ठेस लागेर पनि चेत किन खुलेन र अहिले पुनः उही ढुंगामा ठेस लगाउने सुरसार कस्सिँदैछ ?**

# एमाले र मालेमा के फरक छ ?

◆ **नयाँ पार्टी नेकपा (माले) को घोषणा गरेर तपाईहरु कार्यकर्ता र जनतामा जाँदै हुनुहुन्छ । उनीहरुबाट कस्तो प्रतिकृया पाउनु भएको छ ?**

-हाम्रो यो पार्टी घोषणा गरेपश्चात् कार्यकर्ताहरूमा व्यापक उत्साह पैदा भएको छ । कम्युनिष्ट आन्दोलनमा देखापरेको राष्ट्रिय आत्म समर्पणवाद र विसर्जनवादका विरुद्ध एउटा अविचलित र दृढ संघर्ष गर्ने संकल्प हो हाम्रो पार्टी । यो संकल्पलाई हाम्रा सम्पूर्ण कार्यकर्ता, शुभेच्छुक र समर्थकहरू एवं सचेत जनता समेतले स्वागत गरेका छन् । त्यसकारण, हामी अहिले अत्यन्त सकारात्मक हिसाबले अघि बढ्दैछौं ।

◆ **तपाईहरुको पार्टी र तपाईहरुले छोडेर आउनुभएको नेकपा एमालेमा के फरक छ ?**

-नेकपाको स्थापनाकालदेखि पाँचौं महाधिवेशनसम्म र क. मदन भण्डारीको समयसम्मको नेपाली कम्युनिष्ट आन्दोलनको राष्ट्रियता र जनजीविका एवं क्रान्तिकारी बाटोको सच्चा उत्तराधिकारीको रूपमा हाम्रो पार्टी अगाडि बढेको छ । एमालेले यो हैसियत त्यागेको छ ।

◆ **कसरी ?**

-हेर्नुस्, कतिपय मानिसहरू हामीबीच र एमालेबीच कुनै वैचारिक फरक नै छैन भन्ने भ्रम फैलाउँदैछन् । यस्तो हैन । हामीबीच हिजो सँगै बस्दा केही बुँदाहरूमा हामी चाहिं जोडदार संघर्ष गरिरहेका थियौं, तर बाँकी थुप्रै बुँदाहरूमा हाम्रो निरन्तर र सुक्ष्म संघर्ष चालू थियो । अहिले हामी ती सबै बुँदाहरूमा एमालेभन्दा उन्नत सोच लिएर हिँडिरहेका छौं । एमाले यी उन्नत सोचहरू मान्न तयार भएन । हामीले संघर्ष गर्‍यौं, अपमान खप्यौं । तर उनीहरू पटक्कै तयार भएनन् । उल्टो, उनीहरूले हामीलाई अन्तरपार्टी जनवाद समेत दिएनन् र हामीलाई छुट्टिन बाध्य पारे ।

◆ **के हुन् त ती बुँदाहरु ?**

-नेपालको कम्युनिष्ट पार्टी भनेकै सामन्तवाद-साम्राज्यवादविरोधी क्रान्ति गर्न जन्मेको हो । यो क्रान्ति गरी शोषण दमनको अन्त्य गर्नु यसको लक्ष्य हो । व्यवहारमा यो लक्ष्य नै छोड्ने काम एमालेले गर्‍यो ।

सामन्तवादको नाइके निरंकुश राजतन्त्र र साम्राज्यवादको नाइके अमेरिकी साम्राज्यवाद एवं भारतीय विस्तारवाद । यी दुवैथरि तत्वहरूसंग एमालेले सम्झौता गर्‍यो । अध्यक्ष मनमोहन अधिकारीले टेलिभिजनमै भन्नुभयो- हामी गणतन्त्रवादी हैनौं, हिजोको ह्यांगओभरको कारण मात्र गणतन्त्रको कुरा उठाएका हौं, विस्तारै छोड्छौं । यसरी उहाँहरू क्रान्तिकारी कार्यकर्तालाई विस्तारै भुत्ते विचारको बनाउने र भ्रष्ट पार्ने दिशामा लाग्नु भएको छ । छैठौं महाधिवेशनले यही दिशामा काम गरेको छ ।

साम्राज्यवाद र विस्तारवादबारे त उहाँहरू त्यसको नाइकेको नाम समेत लिन चाहनु हुन्न । घुमाउरो भाषामा कार्यकर्तालाई पनि अल्मल्याउने र साम्राज्यवादीहरूलाई पनि खुसी पार्ने नीति उहाँहरूले लिनुभयो । यो सरासर बेइमानी हो । "कम्युनिष्ट पार्टी" चाहिने हो भने

**व्यक्तिगत स्वार्थको कुरालाई महत्व दिने भए त हामी एमालेमै बस्थ्यौं, किनभने व्यक्तिगत स्वार्थ त त्यहीं बसेर नै पूरा गर्न सकिन्थ्यो नि !**

क्रान्तिकारी धेय चाहिन्छ नै, क्रान्तिकारी धेयको लागि शत्रु र मित्रको स्पष्ट पहिचान हुनै पर्छ । हैन भने त्यस्तो नाम मात्रको पार्टीको कामै छैन, अर्थै छैन ।

◆ **अरु कुरा त एउटै छ नि, हैन ?**

-हैन, अरू कुरामा पनि फरक छ । हामी क्रान्तिकारी लाइनमा छौं । उहाँहरू सुधारवादी वर्ग समन्वयवादी खुश्चेभी लाइनमा हुनुहुन्छ । मार्क्सवादले मात्रात्मक परिवर्तनको विरोध गर्दैन, यसैबाट गुणात्मक परिवर्तन हुन्छ भन्दै उहाँहरू क्रान्तिकारी हैन सुधारवादी बन्नु भएको छ । गुणात्मक फड्को अर्थात् 'क्रान्ति' को मूर्त र स्पष्ट खाका उहाँहरूसंग छैन । त्यसप्रतिको चिन्ता र चिन्तन पनि छैन ।

अर्को कुरा, "जनताको बहुदलीय जनवाद"को पनि उहाँहरूले गलत व्याख्या गरेर त्यो गलत व्याख्याअनुसार उहाँहरू चल्दै हुनुहुन्छ । जनविश्वास प्राप्त गरी सरकार बनाउने र सरकार बनाएर "जनताको बहुदलीय जनवाद" प्राप्त गर्ने भन्ने कुरा उहाँहरूको कार्यनीतिक दस्तावेजले स्वीकारेको छ । यो भनेको अहिलेकै व्यवस्थाबाट चित्त बुझाउने लाइन हो ।

थप कुरा, ६ महिनामा बन्ने भनिएको DPR अठार महिनामा पनि बनेन र पानीमाथि अग्राधिकारको दावी भारतले छाडेन, पंचेश्वर लगभग नबन्ने भइसक्यो । यो कुरा व्यवहारमै देखिसक्दा पनि एमालेले महाकाली सन्धिमा भएको गल्ती सच्याउने काम गरेन, गरिरहेको छैन । यसरी राष्ट्रवादी अडान त्याग्ने काम यसले गर्‍यो । हामी भने राष्ट्रवादी अडानमा कायम छौं ।

यसबाहेक, एमालेले अरू वाम पार्टीहरूसंग 'संयुक्त मोर्चा' गर्ने तर्फ पहल गर्न छोड्यो, छोडिरहेको छ । हामी चाहिं यस दिशामा पहल गर्छौं । आन्तरिक जनवादको पक्षमा एमाले एकदमै संकीर्ण रह्यो । र, अझै रहेको छ । यस्तो संकीर्णताबाट हामी मुक्त छौं ।

◆ **तपाईहरुको पार्टीले तय गरेको आचार-संहिता "देखाउने दाँत" मात्रै हो भन्ने आरोप तपाईहरुलाई लगाइएको पनि पाइएको छ । यो आचार संहिताप्रति तपाईहरु साँच्चै इमान्दार बन्न सक्नु होला त ? यसप्रतिको प्रतिबद्धता तपाईको पार्टीमा तपाईले कत्तिको देख्नु भएको छ ?**

-एउटा कम्युनिष्ट पार्टी भन्न नपाई त्यो सिद्धान्तमा क्रान्तिकारी र दृढ हुनुपर्छ, व्यवहारमा कुशल हुनुपर्छ र विचारमा स्पष्ट र अडिग हुनुपर्छ । यसका नेता र कार्यकर्ताहरूको जीवन सादा हुनुपर्छ र यो संघर्षमा खारिएको हुनुपर्छ । यिनै कुराहरूलाई हाम्रो आचार संहिताले संगेट्न खोजेको छ ।

देश र जनताको लागि, शोषित-पीडित मानवताको लागि स्वयं आफ्नो जीवन समर्पण गर्न तयार नेता-कार्यकर्ताहरूले आफ्नो जीवनलाई पारदर्शी र अत्यन्त सरल राख्न खोज्नुपर्छ । "कम्युनिष्ट नेता" वा "कम्युनिष्ट कार्यकर्ता" साँच्चिकै अर्थमा बन्ने हो भने, हरेकले यो कुरालाई स्वीकार्नै पर्छ ।

यो कुरालाई हाम्रो पार्टीले आत्मसात गरेको छ । विगतका कमी-कमजोरीलाई हटाउने दिशामा अघि बढ्दै हामी यो आचार संहितालाई लागू गर्छौं । यो प्रतिबद्धता हाम्रा सबै नेताहरूले देखाउनु भएको छ । यसमा हामी दृढ छौं । यो "देखाउने दाँत" हैन, हाम्रो प्रतिबद्धता हो भन्ने कुरा हामीले व्यवहारमै पुष्टि गर्नेछौं ।

◆ **"उच्च गुणस्तरको पार्टी" निर्माण गर्ने भन्ने तपाईहरुको यो अभियानका सामु सबैभन्दा ठूलो चुनौति तपाई केलाई मान्नु हुन्छ ?**

-व्यक्तिगत स्वार्थको कुरालाई महत्व दिने भए त हामी एमालेमै बस्थ्यौं, किनभने व्यक्तिगत स्वार्थ त त्यहीं बसेर नै पूरा गर्न सकिन्थ्यो नि ! तर जनताको

# नेकपा मालेका युवा नेता क. राजेन्द्र श्रेष्ठ संगको अन्तरवार्ता

आन्दोलनको हितको कुरा हामीले हेर्‍यौं । राष्ट्रिय रूपमा आत्मसमर्पणवादी र सैद्धान्तिक रूपमा विसर्जनवादी भएर गएको एमालेबाट जनताको आन्दोलन अघि बढ्न संभव नभएकोले त्यस निम्ति हामीले नयाँ बाटो खोजेका हौं । "भारतको विरोध गर्नु हुन्न, यो सोभियत संघको पक्षमा छ" भन्दै पार्टीलाई भारतपरस्त बनाउने डा. केशरजंग रायमाझीले पछि २०१७ को राजाको कदमलाई पनि स्वागत गर्न पुगे । यस्तै नयाँ नयाँ रायमाझीहरूले एमालेमा नेतृत्व हत्याएका छन् । थप, एन.जि.ओ.हरूलाई पार्टीमा हुलेर उनीहरूले साम्राज्यवादको सेवा पनि गरिरहेछन् । रायमाझीले आफ्नो पार्टीलाई पछि पनि "कम्युनिष्ट पार्टी" नै भने झैं एमालेले पनि आफूलाई "कम्युनिष्ट पार्टी" नै भनिरहेछ । यो धोका हो । हामी यो धोकाबाट मुक्त भएका छौं ।

हामीले भर्खरै संगठन बनाएका छौं । यसलाई यसको राष्ट्रवादी र क्रान्तिकारी बाटोमा कसरी कुशलतापूर्वक अघि बढाउने भन्ने सवाल नै हाम्रा सामु रहेको ठूलो चुनौति हो भन्ने मलाई लाग्छ । यो चुनौतिको सामना गर्न हामीहरू तयार छौं ।

**◆ पार्टीभित्रका चुनौतिहरु नि ?**

-हेर्नुस्, एमालेले राष्ट्रियताको र क्रान्तिको बाटो त्यागेको देखेर हामीले भर्खरै त्यसलाई त्यागेका छौं । तर यतिखेर हामी सबै चाहिं "दुधले नुहाएका" छौं भनेर हामी दावी गर्दैनौं । हामीसंग पनि कमी र खराबीहरू होलान् । तर हाम्रो पक्षको सकारात्मक कुरा के हो भने, हामी यी कमी र खराबीहरूप्रति चनाखो छौं र यिनलाई हटाउन प्रतिबद्ध छौं । यस दिशामा प्राथमिक काम हामीले थालिसकेका छौं ।

हाम्रा सामु यी खराबीहरूलाई कसरी व्यवस्थित रूपले हटाउने भन्ने चुनौति रहेको छ । यसै गरी, पार्टीलाई माथिदेखि तलसम्म वैचारिक रूपले स्पष्ट र उन्नत कसरी बनाउने भन्ने कुरा, सांस्कृतिक उच्चता कसरी हासिल गर्ने भन्ने कुरा, जनवादी केन्द्रीयताको वैज्ञानिक सोच अनुकूलको संगठन सुदृढ गर्ने कुरा आदि हाम्रा सामु रहेका थप चुनौतिहरू हुन् । यी चुनौतिहरू हल गरी हामी जनताको पक्षमा र जनताका शत्रुहरूको विपक्षमा जनवादी आन्दोलनलाई अघि बढाउने छौं ।

❑ **हरिगोविन्द लुइँटेल**



**विगतको संयुक्त सडक-संघर्ष : के पुनः यो संभव छ ?**

खै, बनेपाको बाटो समातेर पोखरा कसरी पुगिएला ? मालेका नेता-कार्यकर्ताहरूले निधार खुम्च्याएर सोच्नुपर्ने कुरा हो ।

प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीको औचित्य के ? -यो त बोकाको शरीरमा राँगोको टाउको जोडे जस्तो हुन्न र ?

सोभियत संघ र पूर्वी यूरोपमा समाजवादको विफलताको प्रतिक्रिया र पाठका रूपमा बहुदलीय जनवादको सिद्धान्त नेपालमा प्रतिपादित भएको देखिएको छ । तर समाजवादको विफलताको मूल कारण बहुदलीय प्रतिस्पर्धाको अभाव हो र ? अहिले बहुदलीय प्रतिस्पर्धा ती मुलुकमा लागू गरिएको छ । तर ती मुलुकहरू अहिले झन् झन् उँधो झर्दैछन् कि उँभो लाग्दैछन् ? त्यहाँका जनताहरू पहिलेभन्दा सुख सम्पन्न र प्रभुसत्ता सम्पन्न छन् कि झन् ज्यादा रसातलतिर भासिएका छन् ? बहुदलीय प्रतिस्पर्धाले तीमध्ये कुनै पनि मुलुकका जनतालाई आर्थिक, सांस्कृतिक, राजनीतिक रूपले प्रगतितिर डोर्‍याइरहेको त देखिन्न । अनि किन सिक्ने हामीले यो गलत पाठ ?

समाजवादको विफलताको एउटा मूल कारण त नीति निर्णयको सारा प्रक्रियामा ती देशका अधिकांश जनताको आलोचनात्मक सहभागिता सुनिश्चित नगर्नु हो, अर्थात्, नेतृत्व नोकरशाही र निरंकुश हुनु हो, जनता मोटाघाटा तर शक्तिविहीन हुनु हो । अर्को मूल कारण चाहिं त्यहाँको कम्युनिष्ट पार्टीमै निरन्तर वैचारिक-सांस्कृतिक स्तर माथि उठाउने आन्दोलन र प्रक्रियाको अभावको कारणले- नेतृत्वको, कार्यकर्ताको र जनताको वैचारिक सांस्कृतिक स्तर निरन्तर खस्कँदै जानु र अन्ततः सैद्धान्तिक रूपले नै पार्टीले मार्क्सवादबाट पथ विचलन गर्नु हो । अर्थात्, झन् झन् उन्नत, सुसंस्कृत र आलोचक समाजवादी मान्छे तयार पार्ने प्रक्रिया पार्टीभित्रै नहुनु हो ।

क्यूबाले समाजवादको विफलताबाट पाठ समयमै सिक्यो । त्यसैले, त्यसले आफ्नो देशको राजनीतिक प्रणालीलाई बेलैदेखि जन सहभागितामूलक पार्‍यो । जनतालाई नीति निर्णयको हरेक प्रक्रियामा आलोचनात्मक तवरले सहभागी गराउने र शक्ति संपन्न पार्ने कार्य उसले गर्‍यो । नयाँ समाजवादी मान्छे तयार पार्नमा पनि उसले केही ध्यान दियो । त्यसैलें सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद ढल्दा पनि क्यूबामा समाजवाद ढलेन । अमेरिकाको ज्यानमारा नाकाबन्दीको बावजूद पनि यो ढलेन ।

अब प्रश्न के हो भने- मालेले क्यूबाबाट पाठ सिक्ने कि येल्तसीनको रूसबाट पाठ सिक्ने ?

अहिले एमाले महाधिवेशनको वरपर पार्टी नेताहरूद्वारा प्रतिस्पर्धा, जित र हारको सवाल निकै उठिरहेछ । "प्रतिस्पर्धामा हारेपछि सहनै पर्‍यो नि", "हाम्रो जित भयो, अर्को पक्षको हार भयो" आदि आदि जस्ता भनाइहरू निकै सुनिन्छ । यो जित-हारको मानसिकता बहुदलीय जनवादरूपी प्रतिस्पर्धात्मक राजनीतिक दिशाकै प्रताप हो । हर तरहले अर्को पक्षलाई निषेधै गर्ने खतरनाक मनोभाव, झूठमूठ, जालझेल, षड्यन्त्र तिगडम गरेर पनि जित्ने मनोभाव- प्रतिस्पर्धात्मक राजनीतिले नै पैदा गरेको हो ।

कम्युनिष्ट पार्टीको ढोका मोतीप्रसाद पहाडीसम्मलाई पनि खुला गर्ने नीति र मनोदशा पनि प्रतिस्पर्धात्मक राजनीतिकै उपज हो । के गर्ने ? प्रतिस्पर्धा गर्नै पर्‍यो चुनावमा, प्रतिस्पर्धा गरेपछि जित्नै पर्‍यो ! जित्नका लागि पार्टी ठूलो पार्नै पर्‍यो ।

जोसंग पनि पैसा लिने, जोसित पनि हातेमालो गर्ने नीति पनि प्रतिस्पर्धात्मक सत्ता राजनीतिकै स्वाभाविक प्रतिफल हो ।

यसरी एमालेभित्र देखापरेको पूँजीवादी विकृति र विचलन- बहुदलीय जनवादको पूँजीवादी राजनीतिले ल्याएको हो । तर विडम्बना के छ भने- यो विकृति र विचलनबाट मुक्ति प्राप्त गर्ने भनेर गठन भएको नयाँ पार्टीले पनि त्यही प्रतिस्पर्धात्मक राजनीति समातेको छ । खै, बनेपाको बाटो समातेर पोखरा कसरी पुगिएला ? मालेका नेता कार्यकर्ताहरूले निधार खुम्च्याएर सोच्नुपर्ने कुरा हो ।

मालेको घोषणा-पत्र लगायत र सारा सामग्रीहरूको अध्ययन गर्दा भेटिने अर्को ठूलो खडेरी के हो भने- त्यसमा बाह्य दुनियाँ बदल्ने कार्यक्रम छ, तर आफैंलाई बदल्ने कार्यक्रम छैन । जुन प्रक्रियाको अभावको कारणले सोभियत संघको कम्युनिष्ट पार्टी आफैंमा वैचारिक-सांस्कृतिक स्तर खस्कँदै गयो र अन्ततः मार्क्सवादबाटै यो विचलित भयो भनेर माथि भनियो, त्यही प्रक्रियाको खडेरी मालेमा पनि देखिएको छ । एमालेमा अभाव देखिएको प्रक्रिया पनि यही हो- त्यहाँ नेता कार्यकर्ताहरू स्वयंको वैचारिक सांस्कृतिक स्तर माथि उठाउने- आन्दोलन र प्रक्रिया ५-७ वर्षयता पूरै टुट्यो । संख्या बढाउने कार्यक्रम छ- गुण बढाउने कार्यक्रम छैन, यसको पनि एउटा स्वाभाविक प्रतिफल हो- एमालेभित्र देखापरेको व्यापक विकृतिहरू, भ्रष्ट प्रवृत्तिहरू, वैचारिक विचलनहरू ।

मालेले आचार संहितामा वर्षभरिमा एक पटक पाँचदिने, सात दिने र दश दिने प्रशिक्षण कार्यक्रमको नै उल्लेख गरेको छ । तर यो त मरुभूमिमा एक घडा पानी जस्तै कुरा भयो । हाम्रो आन्दोलनको मूल समस्या भनेको द्वन्दात्मक भौतिकवादी विश्व-दृष्टिकोणबाट नेता कार्यकर्ताहरू नै लेश नहुनु हो । समाजवादी संस्कृति स्वयं नेताहरूकै जीवनशैलीमा फुट्टीभर नहुनु हो । शिक्षक स्वयं न्यूनतम स्तरसम्म शिक्षित नहुनुको समस्या हो हाम्रो । के यो खडेरी वर्षको दशदिने कक्षाले मेट्न संभव छ ?

क्रान्ति भन्ने कुरा पहिले नेताहरूको दृष्टिकोण र जीवन संस्कृतिमा नै घटित हुनुपर्‍यो । दुनियाँ बदल्न हिँड्नेहरू पहिले आफैं बदलिनु पर्‍यो । डाक्टर, इन्जिनियर, शिक्षकको लागि एउटा न्यूनतम योग्यता स्तर जरूरी भए जस्तै नेता,

**(बाँकी १० पेजमा)**

# के भन्छन् नयाँ पार्टी मालेका युवा नेताहरु ?



*आखिर नेकपा एमालेमा यसका भिन्न मतपक्षीय नेता कार्यकर्ताहरु एकसाथ टिक्न सकेनन्, टिक्न चाहेनन् । नेकपा (माले) बन्यो ।*

*यतिखेर, यो नयाँ पार्टीले कस्तो भविष्य तय गर्ला भनी नेपाली वाम आन्दोलनमा कौतुहल र चासो रहेको छ । यसै कौतुहल र चासो मेट्न हामीले यस पार्टीका चार जना युवा नेताहरुसँग एकै ठाउँमा भेटी कुराकानी गरेका थियौं । ती चारजना युवा नेताहरु हुनुहुन्थ्यो- क. टंक कार्की, क. नारायण ढकाल, क. घनश्याम भुसाल र क. हरि रोका ।*

*प्रस्तुत छ- उहाँहरुसँगको कुराकानीको सार संक्षेप । -हरिगोविन्द लुइँटेल*

**❏ तपाईंहरु नेकपा एमालेभन्दा के कति कारणले फरक हुनुहुन्छ ?**

## धनश्याम भुसालः

राष्ट्रियता, प्रजातन्त्र र सामाजिक न्यायः यी तीन कुराहरू नेपालको कम्युनिष्ट आन्दोलनले शुरूदेखि नै सरोकार राख्दै आएका महत्वपूर्ण कुराहरू हुन् । यी कुराहरूमा नेकपा एमालेमा विचलन आयो । हाम्रो पार्टी नेकपा (माले) ले नेपाली कम्युनिष्ट आन्दोलनको यो मूल सरोकारको भण्डालाई उँचो राख्ने प्रतिबद्धता जुन देखाएको छ, यो नै एक महत्वपूर्ण फरक हो । वास्तवमा, एमालेले क. मदन भण्डारीको समयसम्म यी सवालहरूमा जुन राम्रो पक्षधरता देखाएको थियो, यसैलाई देखेर जनताले यस पार्टीलाई ठूलो विश्वास गरी साथ दियो । तर पछि जनताको यो विश्वासलाई यसले धोका दियो । जनताको आशा र विश्वास अनुरूप यसको अन्तरिक गुण र शक्ति तयार हुनै सकेन ।

वास्तवमा, एमालेमा सरकारमा जाने कुरा उठेपछि जनतालाई हैन, शक्ति केन्द्रहरूलाई बढी विश्वास गर्ने क्रम बढ्यो । सत्तामा टिक्न भारतलाई रिझाउनै पर्ने रहेछ भन्ने आत्मसमर्पणवादी नीति लिएर यसले महाकाली सन्धि गरी नेपाली कम्युनिष्ट आन्दोलनको राष्ट्रियताको त्यत्रो संघर्षको सिलसिलालाई तिलाञ्जली दियो । यसो भएपछि यो पार्टीले जनताबाट पाउने विश्वास कम हुन थाल्यो । तब यो पार्टी तिनै विस्तारवादी शक्तिहरूमाथि झन झन् बढी निर्भर हुन थाल्यो ।

यस प्रवृत्तिका विरूद्ध हामी लाग्यौं तर यस विरोधलाई सहने काम नेतृत्वले गरेन । सँगै बसेर आन्तरिक संघर्ष गर्दै अघि बढ्ने बाटो नै पनि बन्द गरियो । यसले गर्दा हामी छुट्टै बाटो रोज्न बाध्य हुनुपर्‍यो । छुट्टै भइसकेपछि हिजो सँगै रहँदा देखिएका सबै कमी कमजोरीहरूलाई हटाउने प्रतिबद्धता हामीले जाहेर गरेका छौं । यस निम्ति हामीले प्राथमिक कामहरू शुरू गरेका छौं । यो नै महत्वपूर्ण फरक हो एमाले र हामीमा ।

## क. नारायण ढकालः

कम्युनिष्ट आन्दोलनले नै प्रजातान्त्रिक आन्दोलनलाई पनि साथसाथै हाँक्नु पर्छ, यिनीहरू विपरीत कुरा हैनन् भन्ने सोच अनुकूल हामीले विगतमा काम गर्‍यौं । २०४६ सालको जनआन्दोलनमा पनि भाग लियौं । तर यस क्रममा 'विश्व परिस्थितिबाट सिक्ने' नाममा हामीले सिद्धान्तमै पनि केही 'अति' हरू भित्र्यायौं भन्ने मलाई लाग्छ । यसैको फलस्वरूप, पार्टीभित्र विकृतिहरू र व्यक्तिगत स्वार्थयुक्त अपसंस्कृतिहरू झांगिए । विगतमा लामो समयसम्म एकताको नमूना पेश गरिरहेको हाम्रो पार्टीमा यो एकता कायम नरहने वातावरण बन्यो । क. मदन भण्डारी हुनुहुँदा पनि घात-प्रतिघात थियो पार्टीमा तर उहाँको नेतृत्वले त्यसलाई मिलाएर लैजान सक्यो । क. मदनले प्रस्तुत गर्नुभएको 'बहुदलीय जनवाद' का बारेमा पनि विवाद रहेको छ तर उहाँले कायम गर्नुभएको अन्तरपार्टी जनवाद र देशभक्तिपूर्ण अडान प्रशंसनीय थियो । एमालेमा यो कुरालाई कायम गर्न उहाँपछिको नेतृत्व पटक्कै सक्षम भएन । यो त कम्युनिष्ट आन्दोलनका स्थापित मान्यताहरूबाटै पर हट्नै बिन्दुमा पुग्यो ।

यस स्थितिमा नेकपा मालेको जन्म हुनुलाई मैले एउटा महत्वपूर्ण राजनीतिक घटना मानेको छु । यसले भविष्यमा अख्तियार गर्ने नीति र व्यवहारमा नै यसको भविष्य निहित हुन्छ । हिजो एमालेले संस्थागत गरेका विकृतिहरू हामी सँगै आएका छन् । तिनलाई सफा गर्ने क्रम शुरू भएको छ । यस पार्टीले एउटा गुणस्तरयुक्त सांगठनिक स्वरूप लिँदैछ, गुणस्तरप्रतिको यो चनाखोपना नै एमालेसँग फरक हुनुको एक महत्वपूर्ण बुँदा हो ।

## क. हरि रोकाः

एमालेका पाँचौं महाधिवेशनले जुन 'जनताको बहुदलीय जनवाद' लाइन लियो, यसबारे काफी भ्रमहरू रहे । मदन भण्डारीले यसलाई ल्याउनु भयो, तर पर्याप्त व्याख्या गर्न भ्याउनु भएन । पछिको नेतृत्व त रणभुल्लमै पर्‍यो । मदन भण्डारीको सोचलाई सैद्धान्तिकीकरण गर्ने मामलामा ठूला विसंगतिहरू र असक्षमताहरू एमालेमा रहे । विश्वमा पूँजीवाद जन्मँदाको ताका यसले अंगालेका कतिपय नागरिक चेत (civic-sense) हरूलाई ज.ब.ज.ले कम्युनिष्ट पार्टीभित्र त हुल्यो । तर सांगठनिक परिपाटी चाहिँ लेनिनवादी भएको पार्टी, त्यसमा ल्याएका अवधारणाहरू चाहिँ पूँजीवादबाट प्राप्त, यस्तो हुन पुग्यो । यस स्थितिमा पैदा भएका अन्तरविरोधबारे एमालेमा कहिल्यै बहस छलफल र अध्ययन भएन । यसबारे सैद्धान्तिक तहमा काम नै गरिएन । फलतः पूँजीवादी प्रणालीको 'बहुमतको सरकार-अल्पमतको प्रतिपक्ष' लाई नै पार्टीभित्र पनि स्थायी रूपमा लागू गर्ने काम भयो । तर यसैमा पनि इमान्दारिता देखाइएन । अर्को कुरा, दुई लाइनको संघर्ष सञ्चालन गर्न अरू कम्युनिष्ट पार्टीहरूको अनुभवबाट पनि सिक्ने काम भएन । फलतः एमाले विभाजनको यो हदसम्म पुग्यो ।

विभाजनपछि अब बनेको ने.क.पा. माले संसदीय राजनीति पनि गर्ने तर जनपक्षीय वामपन्थी चरित्र नत्यागेको पार्टीको रूपमा अघि बढ्दैछ । एमालेमा रहँदा हामीमा रहेका कमी र विकृतिलाई आचार संहितको माध्यमबाट त्याग्ने जुन अभियान शुरू भएको छ, यसले पनि यो विश्वासमा टेवा दिएको छ ।

**क. मदन भण्डारी हुनुहुँदा पनि घात-प्रतिघात थियो पार्टीमा तर उहाँको नेतृत्वले त्यसलाई मिलाएर लैजान सक्यो ।**

## क. टंक कार्कीः

म एमालेमा विभाजन भएको कुरालाई अलि अगाडिको सन्दर्भसँग जोड्न चाहन्छु ।

सन् १८४४ मा फ्रान्समा क्रान्ति भयो, निरंकुश राजतन्त्रका विरूद्ध । पूँजीवादी नेता लुई बोनापार्टले किसानलाई साथ लिई यो क्रान्ति सकेपछि राजतन्त्र फाली उनी आफैं राष्ट्रपति भए । तर क्रान्तिपछि के र कसरी पुनर्निर्माण गर्ने भन्ने कार्यक्रम उनीसँग थिएन । यो अस्पष्ट स्थितिमा तीन वर्ष नबित्दै उनले आफूभित्रको क्रान्तिकारी चरित्र गुमाए र आफैंले आफैंलाई 'सम्राट' घोषित गर्न पुगे । फ्रान्सेली क्रान्तिको नारा थियो- 'गणतन्त्र' । तर त्यही क्रान्ति गर्ने नेताले नै 'राजतन्त्र' स्थापना गर्न पुगे ।


यस सन्दर्भमा हेगेललाई खण्डन गर्दै मार्क्सले त्यतिखेर नै इतिहासमा व्यक्तित्व र घटनाहरू दोहरिँदा जस्ताको तस्तै नदोहोरिने, तिनीहरू कतिपय त 'दुःखान्त' बाट 'हास्यास्पद' मा पतन हुने संकेत गर्नुभएको थियो ।

लुई बोनापार्टको प्रवृत्ति भनेको क्रान्तिकारी वर्ग एउटा 'नयाँ अभिजात वर्ग' को रूपमा पतित हुनुको प्रवृत्ति हो । २०४६ सालको आन्दोलनको सहभागी एमालेभित्र पनि त्यही भयो । यसको घोषित सैद्धान्तिक वैचारिक मान्यता र सांस्कृतिक आधार पातलिँदै गयो । यसले पार्टीभित्र एउटा 'नयाँ वर्ग' (neo-class) को जन्म गरायो । यो वर्गले पार्टीलाई चारित्रिक-सांस्कृतिक ह्रासतिर अघि बढायो, यो ह्रासले थप 'नयाँ वर्ग' जन्मायो । दुरूचक्रको रूपमा यो क्रम बढ्यो र एमाले विकृतिको भकारी नै बन्न पुग्यो । यो 'नयाँ वर्ग' का विरूद्ध जुध्ने पक्ष पनि त्यहाँ थियो । त्यसले पार्टीभित्र जुध्न सकिने सीमासम्म जुध्यो, नसकेपछि यो विद्रोहमा उत्रिएको हो भन्ने म ठान्दछु ।

अर्को कुरा, कम्युनिष्ट आन्दोलन भनेको प्रजातन्त्र, राष्ट्रियता र सामाजिक न्यायको आन्दोलन हो । नेपाली कम्युनिष्ट आन्दोलनको विशिष्ट पहिचान भनेकै यी तीन कुरालाई अखण्ड रूपमा, विशिष्ट रूपमा र निरन्तर रूपमा अघि बढाउनु रहँदै आएको छ । एमालेमा 'नव अभिजात वर्ग'ले यी अडानहरू त्याग्न थाल्यो । 'महाकाली सन्धि'मा झुकेर यसले राष्ट्रियताको महत्वपूर्ण मुद्दामा ठूलो भूल गर्‍यो । भारतीय कम्युनिष्टहरूले सन् १९४२ मा गरेको भूल जस्तै हो यो । उनीहरूले त्यतिखेर दोस्रो विश्वयुद्धमा फासीवादसँग लड्नुलाई प्रमुख कार्यभार मान्दै, त्यससँग जुधिरहेको एउटा शक्ति 'अंग्रेज शक्ति'लाई कमजोर पार्नुहुन्न भन्ने नाममा भारतभित्रको 'स्वतन्त्रता आन्दोलन'मा भाग लिनमा शिथिलता अपनाए । यसले गर्दा आजसम्म पनि भारतमा कम्युनिष्टहरूलाई यस मामलामा जनताले दोष लगाइनै रहेको छ । नेपालमा पनि नेपाली कांग्रेस नै पनि राष्ट्रियताको लडाईंको सन्दर्भमा अत्यन्त बदनाम छ । यी कुराबाट पाठ सिकेर एमालेले आफूलाई राष्ट्रियताको पक्षमा झन् झन् दृढ राख्नुपर्ने थियो । यो काम गरिएन । यो अत्यन्त ठूलो भूललाई एमालेको छैठौं महाधिवेशनले सच्याउला भन्ने जनताको आशा पनि पूरा भएन । साथै, देशभित्रका जनवादी शक्तिहरू, खास गरी वामपन्थी शक्तिहरूसंग पनि यो पार्टीको दूरी बढ्दै गयो । यो दूरी बढ्नु हुन्नथ्यो ।

यस स्थितिमा, हाम्रो पार्टी बनेको छ । यी सबै कमजोरीहरूलाई हटाउने प्रतिबद्धता यसले आफ्नो घोषणा-पत्रमा, आचार संहितामा र व्यवहारमा देखाउन थालिसकेको छ । हामी आवेगमा हैन, नेपाली क्रान्तिका दायित्वहरूप्रति गंभीर भएर यस दिशामा लागेका छौं ।

"'महाकाली सन्धि'मा झुकेर यसले राष्ट्रियताको महत्वपूर्ण मुद्दामा ठूलो भूल गर्‍यो । भारतीय कम्युनिष्टहरूले सन् १९४२ मा गरेको भूल जस्तै हो यो ।"



**❑ तपाईंहरुका सामु रहेका चुनौतिहरु चाहिं के के लाई मान्नु हुन्छ ?**

## क. घनश्याम भुसाल :

संसदीय संघर्षलाई समेत संचालन गर्ने एउटा क्रान्तिकारी पार्टीको अभाव देशमा थियो । यो अभाव पूरा गर्ने दिशामा हामी अघि बढ्दैछौं ।

क्रान्तिकारी दिशातिर उन्मुख भई समग्र आन्दोलनमा अघि बढ्न हाम्रो पार्टीले एमालेमा रहेका सैद्धान्तिक, राजनीतिक, वैचारिक र सांस्कृतिक विकृतिहरू हटाउनु जरूरी छ । हामी एमालेकै धाराबाट यहाँसम्म आएका हुनाले यी विकृतिहरूका अवशेषहरू हामीमा पनि छन् । यिनीहरूसंग राम्ररी जुध्नु नै हाम्रो सामु रहेको मूल चुनौति हो भन्ने मलाई लाग्छ ।

एमालेमा "बहुलवाद"लाई दार्शनिक रूपले व्याख्या गर्ने काम समेत भएन । Collectivism र Pluralism भनेका एउटै कुरा हैनन्, एउटा समाज उन्मुख हो भने अर्को व्यक्तिवाद उन्मुख हो । तर यी दुवै कुरालाई एउटै अर्थमा लिएर गोलमाल गर्ने काम भयो । यस्ता आधारभूत कुराहरू लगायत सांगठनिक वैचारिक, सैद्धान्तिक क्षेत्रका अस्पष्टताहरूलाई चिर्नु र स्पष्टतापूर्वक जनताका शत्रुहरूसंग कुशलतापूर्वक कसरी जुध्ने भन्ने चुनौतिका सामु हामी उभिएका छौं । यी चुनौतिहरूको सामना गर्दै हामी अघि बढ्दैछौं ।

## क. टंक कार्की :

पार्टीमा "नव अभिजात वर्ग" कसरी पैदा हुन नदिने भन्ने चुनौतिको सामना गर्न 'आचार संहिता' आएको छ । यसलाई इमान्दारीपूर्वक लागू गर्नु- गराउनु आजको हाम्रो महत्वपूर्ण सरोकार हुनुपर्छ । यसै गरी, समग्रमा कम्युनिष्ट आन्दोलनका आधारभूत मान्यताबाट अविचलित तर देशको विशेषतालाई पनि राम्ररी बुझेको मूल्य-मान्यतालाई आन्दोलनमा थप्दै जाने काम गर्नु जरूरी छ । एमालेमा छँदाको शत्रु-मित्रबारेको अस्पष्टता र वैचारिक अस्पष्टताहरू हटाउनु पनि हाम्रो तत्कालको जिम्मेवारी हो ।

## क. हरि रोका :

एमालेमा पाँचौं महाधिवेशन यता देशको आर्थिक, सामाजिक क्षेत्रका मूर्त मूर्त पक्षमा के गर्ने, के नगर्ने भन्ने बारेमा कुनै प्रकारको वैचारिक-सैद्धान्तिक काम नै भएन । नौ महिने शासनकालमा पनि डा. चैतन्य मिश्रले सुझाइदिनु भएको 'आफ्नो गाउँ, आफैं बनाऔं" कार्यक्रम जस्ता केही कदमहरूले मात्र पार्टीको इज्जत धान्यो । अरू कुरामा के गर्ने भन्ने स्पष्टता नै थिएन । दासढुंगा आन्दोलनपछि सडक संघर्ष रोकियो । पार्टीले वर्ग चरित्र त्याग्यो । मजदूर निस्काशन हुँदा पनि मजदूर आन्दोलन नहुने परिस्थिति खडा गरियो ।

हामीले यी सब कमीहरू हटाउनु जरूरी छ । वैचारिक कार्यक्रमहरू, दर्शन सम्बन्धी कार्यक्रमहरू, सांस्कृतिक र नैतिक उच्चताका कार्यक्रम महत्वसाथ गर्नु जरूरी छ । सांगठनिक, सैद्धान्तिक, वैचारिक र चारित्रिक गरी चार वटै आधारमा देशको आवश्यकताअनुसार उच्चस्तरको पार्टी कसरी बनाउने भन्ने कुरा नै आज हामीसामु रहेको मूल चुनौति हो भन्ने मलाई लाग्छ ।

## क. नारायण ढकाल :

हामीले अब एमालेमा रहेका विकृतिहरूलाई सिद्धान्तको तहमा केलाउनु जरूरी छ । एमाले संगठन त छोडियो तर एमालेका खराब प्रवृत्ति पनि हामीले जरैदेखि छोड्नु पर्छ । सिद्धान्तमा रहेको विचलनको बारेमा, विश्व पूँजीवादप्रति देखाइएको उदारताको बारेमा हामीले सर्वाङ्गीण छलफल र विश्लेषण गर्नु जरूरी छ । पार्टीलाई पुनःसंस्कार गर्नु पर्छ, परिमार्जित गर्नु पर्छ र यो क्रम निरन्तर जारी रहनुपर्छ ।

नेकपा मालेले संक्रमणकालीन स्थितिमा राम्रो पनि गर्‍यो र कतिपय मानिसहरूमा निराशा पनि छर्‍यो । तर हामीले आज जनता र राष्ट्रवादी, जनवादी तप्काहरूबाट जुन सहानुभूति पाएका छौं, त्यसका आधारमा हामीले तमामखाले निराशा र भ्रमहरू चिर्नु जरूरी छ । यो भ्रम चिर्ने काम भइरहेको पनि छ ।

विसंगति र विकृति एमालेबाट हामीसम्म पनि आएको त छ, तर यी सबै विसंगति, विकृति र कमीहरू हटाउन र आजको समयको चुनौतिको सामना गर्न हामी तयार छौं । ❑

(पेज ७ को बाँकी)

**पार्टीको विधानमा पनि केही गंभीर विसंगतिहरु छन् । जस्तो खुकुलो साधारण सदस्यताको प्रावधान ।**

कार्यकर्ताहरूको पनि एउटा न्यूनतम योग्यता स्तर हुनु पर्‍यो । प्रमाण-पत्र हेरेपछि मात्र यो कम्युनिष्ट नेता हो भनेर थाहा पाइने स्थितिको अन्त हुनुपर्‍यो, जीवनशैली हेरेपछि त्यसैबाट नेता-कार्यकर्ता छुट्टिने स्थितिको सिर्जना हुनुपर्‍यो । यसको लागि जरूरी हुन्छ- नेतृत्व तहबाटै गम्भीर र धनीभूत समाजवादी वैचारिक-सांस्कृतिक आन्दोलनको थालनी । त्यो वर्षमा एक पटक होइन, हरेक हप्ता त्यसको लागि प्राथमिकता साथ समय, स्रोत र शक्ति छुट्याइनु पर्‍यो ।

तर यो तत्परता मालेको वर्तमान सामग्रीहरूमा कतै देखिन्न । अनि कसरी यो आफू एमाले जुन रोगको शिकार भएको हो, त्यो रोग अर्थात् वैचारिक सांस्कृतिक विचलनबाट मुक्त हुन्छ ?

यी कुराहरूको खडेरी ज्यूँकात्यूँ राखेर बहुदलीय जनवादको कार्यदिशा समात्दै अगाडि बढ्न खोजेको माले- क्रान्तिकारी नियत भएको देशभक्त र जुझारू सामाजिक जनवादी पार्टी बन्न संभव छ । यो क्रान्तिकारी कम्युनिष्ट पार्टी कदापि बन्न संभव छैन ।

तर घोषणा-पत्रमा भने मालेले आफूलाई एक मात्र क्रान्तिकारी मार्क्सवादी-लेनिनवादी धारको प्रतिनिधि घोषित गरेको छ । यो घोषणा कति न्यायसम्मत र नीतिसम्मत भयो ? मालेले घोत्लिएर हेर्नु जरूरी छ ।


घोषणा-पत्रमा मालेले आफूलाई प्रगतिशील राष्ट्रवादको पक्षधर बताएको छ । माले कम्युनिष्ट हो भने, कम्युनिष्टहरू कहिल्यै राष्ट्रवादी हुँदैनन्, उनीहरू अन्तर्राष्ट्रवादी हुन्छन् । चाहे प्रगतिशील राष्ट्रवाद होस् या प्रतिगामी, कम्युनिष्टहरू राष्ट्रवादका पक्षधर होइनन् । उनीहरू देशभक्त हुन्छन्, तर राष्ट्रवादी हुँदैनन् ।

पार्टीको विधानमा पनि केही गंभीर विसंगतिहरू छन् । जस्तो खुकुलो साधारण सदस्यताको प्रावधान । यो प्रावधानले फेरि पनि पार्टीलाई खुश्चोभले परिभाषित गरेको जस्तो सारा जनताको पार्टीमा परिणत गर्नेछ । यो सर्वहारा श्रमजीवी वर्गको अगुवा दस्ता हुन सक्ने छैन । अगुवा दस्ता त वर्ग संघर्षका अगुवाहरूबाटै निर्मित हुनुपर्छ । दृष्टिकोण र संस्कृतिका हिसाबले अगुवा भएकाहरूबाटै बनाइनु पर्छ । थोरै, तर क्रान्तिकारी गुणयुक्त मान्छेबाट बनाइनु पर्छ ।

तर माले त्यस्तो गर्दैछैन । यसले त जन पार्टी मात्र निर्मित गर्नेछ, अगुवा दस्ता कदापि बन्ने छैन । हेरौं, भविष्यमा नेकपा मालेले आफ्ना यी सबै कमी-कमजोरीहरू हटाउनतिर ध्यान देला या नदेला ?

❑

# एमालेको फूट :



# एक सैद्धान्तिक विश्लेषण

फूट एकताको विपरीत पाटो हो । जहाँ जूट हुन्छ, त्यहाँ फूट हमेशा संभव हुन्छ । फूटको संभावनाबाट माथि उठेको कुनै त्यस्तो संगठन हुँदैन । त्यसैले फूटलाई कुनै आश्चर्यजनक र हुँदै नहुनुपर्ने परिघटनाको रूपमा लिनु जरूरी छैन । प्रत्येक संगठनमा फूट एक प्राकृतिक परिघटना हो ।

त्यसो भनेर सबै फूट आवश्यक र अपरिहार्य हुँदैन । फूट आवश्यक पनि हुन्छ, अनावश्यक पनि, जायज पनि हुन्छ, नाजायज पनि, टार्न मिल्ने पनि हुन्छ, नमिल्ने पनि । फूट स्वाभाविक छ भन्नुको तात्पर्य के होइन भने, हरेक बेला हरेक फूट जायज, आवश्यक र अपरिहार्य हुन्छ । फूटलाई हेर्दा फूटको प्रकृतिमा हमेशा ध्यान दिनु पर्दछ ।

कुनै पनि क्रान्तिकारी पार्टी सामाजिक प्रगति र परिवर्तनको साधन सिवाय केही होइन । जब जूट प्रगति र परिवर्तनको दिशामा अघि बढ्नका लागि बारम्बार बाधक साबित हुन्छ, फूट बाधा पन्छाउने उपाय बनेर खडा हुने गर्छ र यो आवश्यक र अनिवार्य परिघटना बन्न जान्छ । फूटको यो नियम रक्त सम्बन्धमा आधारित ठूला संयुक्त परिवारहरूमा पनि लागू हुन्छ, ध्येय र विचारको सम्बन्धमा आधारित विशाल परिवारहरूमा पनि ।

पार्टी अलग-अलग सामाजिक-सांस्कृतिक पृष्ठभूमिबाट आएका संवेदनशील मान्छेहरूद्वारा बनेको हुन्छ । तथापि, यो एउटा वैचारिक परिवारका रूपमा यसकारणले एकताबद्ध हुन सकिरहेको हुन्छ कि, उनीहरू सबैको बृहत् सामाजिक स्वार्थ एउटै छ, उद्देश्य एउटै छ, उद्देश्य हासिल गर्ने सिद्धान्त र बाटो एउटै छ, प्रगति र परिवर्तनलाई हेर्ने दृष्टिकोण र जीवन-मूल्य एउटै छ । यीमध्ये कुनै एउटा तत्व मात्र गड्बडायो भने पनि एकताको साङ्लो टुट्न थालीहाल्छ ।

अलग अलग सामाजिक-सांस्कृतिक पृष्ठभूमि, अलग अलग क्षमता, अलग अलग मनोवैज्ञानिक बनोट, तर एउटै बृहत् सामाजिक स्वार्थ र उद्देश्य, एउटै सिद्धान्त र बाटो, एउटै विश्व दृष्टिकोण र जीवन मूल्यका कारणले एकै ठाउँमा आबद्ध वैचारिक परिवार हुनाले पार्टीभित्र विचार द्वन्द र विचार भिन्नता बिल्कुलै स्वाभाविक र सामान्य हुन्छ । विचार द्वन्द नै पार्टीको गतिको मूल स्रोत हो । जतिसुकै विचार द्वन्द भए पनि पार्टी एउटा वैचारिक परिवारका रूपमा तबसम्म एकताबद्ध भइरहन सक्छ, जबसम्म द्वन्दरत सबैलाई यो अनुभूति भइरहन्छ कि, उनीहरूको द्वन्द एउटै लक्ष्यबाट निर्देशित छ, यो द्वन्दले सबैलाई अरू ज्यादा प्रगतितिर, सत्यको गहिराईतिर, र समग्रतातिर डोऱ्याइरहेछ र द्वन्द प्रेमपूर्ण छ, एक आपसमा निषेधकारी छैन । जब अनुभूति यसको विपरीत हुन थाल्छ, द्वन्दले पार्टीलाई एकताबद्ध पार्दैन, अग्रगतिमा पनि लाँदैन, यसले वैचारिक परिवारमा फूट ल्याईहाल्छ ।

एमाले पार्टी फुटेको गंभीर सैद्धान्तिक मतभेदका कारण होइन, विचार द्वन्द सार्वजनिक भएका कारणले पनि होइन । यो फुटेको विचार द्वन्द एक आपसमा निषेधकारी भएर हो । द्वन्दको लक्ष्य एउटै भएको अनुभूति नभएर हो । द्वन्दको लक्ष्य अरू ज्यादा गहिराईमा, अरू ज्यादा पूर्णतामा सत्यको प्राप्ति हुनु पर्ने । तर द्वन्दको लक्ष्य बिलकुलै ध्वंशात्मक भयो । "जसरी पनि" आफ्नो जित अरूको हार सुनिश्चित गर्नु र एक आपसको अस्तित्व नामेट पार्नु नै एमालेभित्रको छैठौं महाधिवेशन ताकको विचारद्वन्दको लक्ष्य भयो । गूटबन्दी र फूट त्यही ध्वंशात्मक द्वन्दको अन्तिम परिणति मात्रै हो ।

वास्तवमा, एमाले औपचारिक रूपमा फूट घोषणा हुनुभन्दा धेरै अगाडि नै अनौपचारिक तवरले फुटिसकेको थियो । पार्टीभित्र अलग-अलग विचार केन्द्रहरू, हरेक केन्द्रको अलग-अलग मुखपत्र, पार्टी केन्द्रीय समितिमा अलग-अलग् केन्द्रको बीच चर्को मोलतोल र संझौता । एमाले वास्तवमा फुट्नुभन्दा धेरै अगाडि नै पार्टी कम, चौतारी ज्यादा भइसकेको थियो । यो विभिन्न गूट र स्वार्थ केन्द्रहरूको फेडरेशनका रूपमा संचालित भइरहेको थियो । गूटहरूका बीच संझौता संभव हुन्जेल पार्टी फूटको सार्वजनिक घोषणा भएन । जब त्यो असंभव भयो, पार्टी फूटको सार्वजनिक घोषणा भयो । कुरा त्यत्ति मात्रै हो ।

कुनै सैद्धान्तिक मतभेद थिएन पार्टीका द्वन्दरत पक्षहरूबीच । क्रान्तिको सिद्धान्त एउटै थियो, रणनीति एउटै, पार्टीको लक्ष्य एउटै थियो, लक्ष्य हासिल गर्ने बाटो एउटै । द्वन्द न विश्व दृष्टिकोणको सवालमा थियो, न जीवन मूल्यको सवालमा । यतिसम्म कि कार्यनीति समेत दुवैको लगभग समान थियो ।

स्पष्ट देखिएको मतभेद- महाकाली संझौताका बारेमा थियो र साम्राज्यवादलाई हेर्ने दृष्टिकोणका सवालमा । वामदेव पक्ष यी दुवै मामलामा बढी देशभक्तिपूर्ण र सुस्पष्ट अडान राख्दथ्यो ।

तर यो मतभेद पनि सैद्धान्तिक तहमा आधारित देखिन्न । जुन कारणले महाकाली संझौताको विरोध गर्नुपर्ने हो, राष्ट्रिय हितका हिसाबले त्योभन्दा अरू ज्यादा नोक्सानदायी कारण सेती र कर्णाली संझौतामा विद्यमान थियो । मतभेद सैद्धान्तिक तहमा थियो भने महाकाली संझौताको विरोध गर्ने पक्षले उही सिद्धान्त भएको सेती र कर्णाली संझौताको विरोध गर्नु अवश्यंभावी थियो । तर व्यवहारमा यस्तो गरिएको त कतै देखिँदैन । बरू यी संझौताको समर्थन गरिएको देखियो । महाकाली संझौताकै सवालमा पनि राष्ट्रहितको पक्षमा केही स्पष्ट प्रावधान भएको र संसदले महाकाली सन्धिसहित कानूनतः सन्धिकै अंग हुने गरी पास गरेको

(बाँकी ४१ पेजमा)

# "नेवारी र मैथिली भाषामा कार्यालयको कामकाज नगर्नू, नगराउनू !"

## अदालतको अन्तरिम आदेशले जन्माएको विवाद

काठमाडौंको महानगरपालिकाले नेपाली भाषाका साथै नेपाल भाषा (सरकारी भाषामा "नेवारी") लाई र धनुषा जिल्ला विकास समिति तथा राजविराज नगरपालिकाले मैथिली भाषालाई विभिन्न मितिमा आआफ्ना निकायहरूको "सरकारी कामकाजको भाषा" बनाउने निर्णय गरी विगत केही समयदेखि सो अनुरूप कामकाज गर्दै आइरहेका थिए । ती निकायहरूको उक्त कार्यलाई जनजातिहरू, तराईबासीहरू र न्यायप्रेमी जनताले सराहना गरेका थिए र वास्तवमा उक्त कार्य विशेष गरी, जनजातिहरू तथा गैरनेपालीभाषी समुदायहरूका लागि प्रेरणादायी र उदाहरणीय पनि बनेको थियो । तर ती निकायहरूको उपरोक्त कार्यलाई चुनौती दिँदै केही भाषिक कट्टरपन्थी एवं पूर्वाग्रही व्यक्तिहरूले सर्वोच्च अदालतमा रीट निवेदन दर्ता गराए । उक्त रीट निवेदनउपर फैसला गर्दै सर्वोच्च अदालतका न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्यायको इजलाशले ती निकायहरूलाई "नेवारी र मैथिली भाषामा कार्यालयको कामकाज नगर्नू, नगराउनू, नेपाली भाषामा मात्र गर्नू–गराउनू" भनी अन्तरिम आदेश जारी गरेको छ ।

यहाँनिर एउटा महत्वपूर्ण एवं ध्यान दिनु पर्ने कुरो के छ भने, ती निकायहरूले आफ्ना कार्यालयहरूको कामकाजका लागि नेपाली भाषामाथि रोक लगाएका थिएनन्, नेपाली भाषाका साथै माथि उल्लेखित भाषाहरूलाई पनि कामकाजमा प्रयोग गर्ने गरेका मात्र थिए । तर अत्यन्तै विडम्बनापूर्ण कुरो के छ भने, न्यायपालिकाले बहुभाषिक देशमा पनि अन्य भाषाको प्रयोगमाथि बन्देज लगाउँदै केवल एक भाषा नेपाली भाषामा मात्र कार्यालयको कामकाज गर्ने आदेश दियो र यसरी नेपालमा नेपाली भाषा बाहेक मातृभाषाको रूपमा बोलिने सबै भाषाहरूलाई वर्तमान संविधानले नै दिएको "राष्ट्रिय भाषा" को मान्यतालाई समेत धोती लगाइदियो । वास्तवमा नेपालमा राज्यसत्ताले नै यहाँका सबै भाषाहरूलाई समान अधिकार एवं अवसर दिनु पर्नेमा केही निकायहरूले गरेको त्यस्तो कार्यलाई पनि सर्वोच्च अदालतले नै रोक लगाउँछ । न्यायपालिका राज्यसत्ताकै एक अपरिहार्य अंग भएको हुनाले सर्वोच्च अदालतको उक्त विडम्बनापूर्ण फैसलाबाट नेपालको वर्तमान राज्यसत्ता कति जातिवादी, साम्प्रदायिक, संकीर्ण, पूर्वाग्रही र अप्रजातान्त्रिक रहेछ ? भन्ने कुरो छर्लंग हुन्छ । सर्वोच्च अदालतको फैसला पनि नेपालको संविधान अनुरूप नै गरिएको हुनाले नेपालको संविधान आफैं पनि जातिवादी र अप्रजातान्त्रिक रहेको प्रष्ट हुन्छ ।

अखिल नेपाल जनजाति संघ, केन्द्रीय तदर्थ समितिले "नेपालको संविधान, अदालतको अन्तरिम आदेश र भाषिक सवाल" विषयमा यही चैत्र ११ गते सम्पन्न एक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरेको विज्ञप्तिमा उल्लिखित माथिको उद्धरणले हाल नेपालमा चलेको चर्चित भाषा विवादको सारलाई प्रस्तुत गरेको छ ।

गत वर्ष क. केशव स्थापितले मेयरको रूपमा निर्वाचित भई काठमाडौं महानगरपालिकाको नेतृत्व गर्न थाल्नु भएको केही समयपछि काठमाडौं महानगरपालिकाले स्थानीय जनताको मातृभाषा "नेपाल भाषा" लाई पनि आफ्नो प्रशासनिक कामकाजको भाषा बनाएर प्रयोग गर्ने काम शुरू गरेको थियो । यसपछि धनुषा जिविस र राजविराज नगरपालिकाले पनि यस दिशामा कदम अगाडि बढाए ।

राज्यले नै पहल गरेर हाम्रो देशका सबै जनजातीय भाषाहरूलाई संभव भए अनुसार स्थानीय निकायको प्रयोगमा वैकल्पिक माध्यमको रूपमा क्रमशः प्रयोग गर्ने दिशामा अघि बढ्नु जरूरी थियो । तर नयाँ संविधान बनेको ६ वर्ष भइसक्दा पनि यस दिशामा कुनै सरकारले पनि काम गरेनन् ।

यो काम केही स्थानीय निकायहरूले आफ्नै स्रोत र साधनको बलमा गर्न खोज्दा त्यसलाई प्रोत्साहन गर्नु पर्नेमा झन् उल्टो, अदालतसम्म लागेर त्यसलाई अहिले हतोत्साहित् गर्न खोजिएको छ । जातीय संकीर्णतावादी प्रभुत्ववादीहरू आज अदालतको यो अन्तरिम आदेशले खुसी भएका छन् । तर हामीलाई लाग्छ, यस आदेशले प्रजातन्त्रको मर्ममाथि प्रहार गरेको छ र स्वयं संविधानले दिएको सीमित हकलाई पनि खोसेको छ ।

❑ हरिगोविन्द लुइँटेल



## पद्मरत्न तुलाधर के भन्नुहुन्छ ?

**० सर्वोच्चको अन्तरिम आदेशलाई कस्तो ठान्नु हुन्छ ?**


प्रजातन्त्रको मूल कुरा भनेकै समानता हो । संविधानले समेत मानेको "बहुजातीय र बहुभाषिक मुलुक" नेपालमा जाति र भाषाहरूलाई यो समानता दिइनु जरूरी छ । संविधानले "राष्ट्रिय भाषा" भनेर मान्यता दिएपछि व्यवहारमा यो मान्यताको मूर्त रूप खोज्ने कार्य हुनुपर्ने थियो । शिक्षा र सरकारी निकायहरूमा हाम्रा यी "राष्ट्रिय भाषा" हरूले क्रमशः स्थान र मान्यता पाउनु नै यो मूर्त रूप हो ।

केही स्थानीय निकायहरूले यस दिशामा काम थाले । यसलाई त सबैले टेवा दिनु पर्थ्यो । तर विरोध गरियो । अदालतले पनि रोक लगाउने आदेश दियो । यो आदेशले त नेपालका राष्ट्रिय भाषाहरू कहीं कतै पनि प्रयोगमा आउन नपाउने कुरा दर्शाएको छ । यसले त हाम्रो संविधानले "राष्ट्रिय भाषा" भनी दिएको मान्यतालाई नै अर्थहीन तुल्याइदिएको छ ।

नेपाली भाषालाई हटाएर अर्को भाषालाई मात्रै प्रयोगमा ल्याउन खोजिएको थिएन । दुवैको प्रयोग गर्ने गरिएको थियो र पनि यसको विरोध गरिदैछ भने यो त कुनै पनि हालतमा प्रजातान्त्रिक कुरा भएन । "विविधतामा एकता" नै नेपाली राष्ट्रिय एकताको मूल मर्म हुनु पर्ने हो । यो कुरा भुल्ने हो भने नेपालमा जातीय सद्भाव बढ्नु पर्नेमा घट्ने दुःखद संभावना रहन्छ ।

**० यो स्थितिमा कसको भूमिका कस्तो हुनुपर्ने हो ?**

आफूलाई प्रजातान्त्रिक वा कम्युनिष्ट भन्ने पार्टीहरू सबैको ध्यान यता जानु पर्छ । उनीहरू संवेदनशील हुनुपर्छ । भाषिक र जातीय समानताको सवाल भनेको ती ती भाषाभाषी र जातिको मात्र समस्या हैन, यो त सबैको समस्या हो । यसलाई हल गर्न सबै राजनीतिक पार्टी र सचेत संघसंस्था एवं सचेत व्यक्तिहरू लाग्नु पर्छ । हैन भने, साम्प्रदायिक विद्वेषहरू बढ्न जाने संभावना छ । यसो हुनु हाम्रो जस्तो मुलुकका निम्ति निकै ठूलो समस्या हुनेछ । ❑



## सुरेश आले मगर के भन्नुहुन्छ ?

**० सर्वोच्चको अन्तरिम आदेशलाई कस्तो मान्नु हुन्छ ?**

यो आदेश एक त, असंवैधानिक छ र अर्को, यो संकीर्ण, पूर्वाग्रही एवं साम्प्रदायिक पनि छ । जनताका भाषाहरूले केही स्थानीय निकायमा स्थान पाएको कुराको विरुद्ध रीट हाल्नेहरू पनि बाहुनवादी चिन्तन भएकाहरू नै देखिन्छन् र अदालतको फैसला पनि बाहुनवादी जातिवादी नै छ भन्ने हामीले ठानेका छौं ।

**० यो आदेश संविधानसम्मत छ भन्ने दावी गरिएको छ नि ?**

हाम्रो देशको समग्र राज्यसत्ता नै बाहुनवादबाट ग्रस्त छ । यसो भएपछि यसका संविधान, ऐनकानून नियमहरू पनि सोही अनुकूल हुने नै भए ।

हाल तीन वटा स्थानीय निकायहरूले जुन भाषाहरूलाई आफ्नो अफिसमा प्रयोगमा ल्याए, तिनले नेपाली भाषालाई हटाएर आफ्नो भाषा लादेका हैनन् । प्रचलित नेपाली भाषाको साथै यी भाषालाई पनि प्रयोगमा ल्याएका हुन्, सहअस्तित्वको रूपमा ।

यसो गर्नु कुनै अप्रजातान्त्रिक काम हैन, यो त प्रजातान्त्रिक काम नै हो । तर यो कुरा यहाँको राज्यसत्तालाई सैह्य भएन, संविधानलाई सैह्य भएन ।

यो संविधान प्रजातान्त्रिक छ भन्नेहरूलाई यस अन्तरिम आदेशले ठाडो चुनौति दिएको छ । संविधान अप्रजातान्त्रिक छ भन्ने कुरा प्रमाणित भएको छ ।

सरकारले नै गर्नु पर्थ्यो यो काम । गरेन । स्थानीय निकायले गर्न थाल्दा पनि व्यवधान खडा गर्न खोजिनु बिलकुलै अन्यायपूर्ण कुरा हो ।

**० एक भन्दा बढी भाषालाई सरकारी अफिसको भाषा बनाउँदा व्यवहारमा अप्ठेरो पर्छ भन्ने तर्क पनि गरिन्छ नि ?**

भाषिक समानताको समस्या संसदीय व्यवस्थाले नै पनि हल गर्न सकेका उदाहरणहरू अन्यत्र देशहरूमा पाइन्छन् । स्वीटजरल्याण्डमा ४ वटा भाषाहरू प्रयोगमा छन्, भारतमै पनि एकभन्दा बढी भाषाहरू प्रयोगमा छन् । त्यस्तो यहाँ पनि गर्नु संभव छ ।

अप्ठेरो हैन, यसले त सबै थरि जनतालाई झन् सजिलो पो पार्छ । राज्यले चाहने हो भने यो गर्न नसकिने कुरै हैन । ❑



फोटो: उषा तिवारी

# संयुक्त जनमोर्चाले नीति र नेता कस्तो चयन गऱ्यो ?

## जनमोर्चाका महासचिव क. लिलामणि के भन्नुहुन्छ ?

गत माघ १५-२० गते जनकपुरमा संयुक्त जनमोर्चा, नेपाल (वैद्य) को दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। 'भारतीय सेना-नेपाल छोड्', 'महल पजेरो लुट हो- विकासको नारा झूठ हो', 'प्रतिक्रियावादी संसदीय व्यवस्था-मूर्दावाद' 'नयाँ जनवाद- ल्याउनै पर्छ' जस्ता विभिन्न नाराहरू लेखिएका ब्यानर र प्लेकार्ड बोकी नारा लगाउँदै हज्जारौंको जुलूस र आमसभासहित सो मोर्चाको उद्घाटन सम्पन्न भयो।

स.ज.मो. नेपालको सो दोस्रो राष्ट्रिय सम्मेलनले जनकपुरमा ऐतिहासिक छाप छोड्न सफल भएको छ। हाल देशमा राष्ट्रियताको मुद्दा झन् पछि झन् जटील र गम्भीर बन्दै गएको परिस्थितिमा त्यस मुद्दालाई महत्वका साथ उठाउँदै निरन्तर संघर्षमा लाग्दै आएको यस मोर्चाको यो सम्मेलनलाई नेपाली वाम आन्दोलनको वर्तमान सन्दर्भमा एक महत्वपूर्ण घटनाका रूपमा लिन सकिन्छ।

स्थानीय गोपाल धर्मशालामा ६ दिनसम्म चलेको उक्त सम्मेलनले 'संजमो नेपाल सामन्तवाद र साम्राज्यवाद विरोधी वामपन्थी प्रगतिशील र देशभक्तहरूको राजनैतिक संगठन हो' भनी मोर्चालाई नयाँ ढंगले परिभाषित गरेको छ। स्मरणीय के छ भने, जन्मकाल २०४७ सालमा संजमोले आफूलाई विभिन्न सांगठनिक सम्बन्ध भएका वामपन्थीहरूको संयुक्त मोर्चा अर्थात् साझा थलोको रूपमा परिभाषित गरेको थियो। र, त्यतिखेर त्यसमा नेकपा (एकता केन्द्र), नेकपा (मालेमा), र नेमकिपासंग आबद्ध भएका व्यक्तिहरू संलग्न थिए।

सम्मेलनले संजमोको मूल लक्ष्य 'विद्यमान शोषणमूलक राज्य प्रणालीका विरूद्ध संसदीय तथा गैर संसदीय संघर्षलाई विकसित गर्दै जनता वास्तवमै सार्वभौम भएको गणतन्त्रात्मक नौलो जनतान्त्रिक व्यवस्थाको स्थापना तथा स्वाधीन र समुन्नत नेपालको निर्माण' हो भन्ने कुरा पारित गरेको छ। यस्तै, संगठन संचालन विधि जनवादी केन्द्रीयता हो भनिएको छ भने संगठनको मूल आधार 'मार्क्सवादबाट प्रभावित आमूल परिवर्तनप्रति समर्थन र सकारात्मक धारणा राख्ने किसान, मजदूर, श्रमिक, निम्न पूँजीजीवी, राष्ट्रिय पूँजीजीवी देशभक्त जनता' नै हुन् भनिएको छ।

यसरी जनकपुर सम्मेलनले संजमोलाई एउटा मोर्चाको रूपमा नभई एउटा पूर्ण राजनैतिक संगठनको रूपमा पेश गरेको छ अर्थात् शुरूमा मोर्चाको रूपमा जन्मेको यस संगठनलाई जनकपुर सम्मेलनले अर्को छुट्टै एउटा राजनीतिक संगठनको स्वरूपमा उभ्याइदिएको छ।

सम्मेलनले यसका भू.पू. अध्यक्ष क. निरञ्जन गोविन्द वैद्यको अध्यक्षतामा ५ सदस्यीय राष्ट्रिय सल्लाहकार परिषद् गठन गरेको छ। यसमा क. डिल्लीजंग गुरूङ्ग उपाध्यक्ष र क. चण्डेश्वर श्रेष्ठ सचिवको रूपमा रहनु भएको छ भने क. असर्फी मिन्वार सदस्यमा रहनु भएको छ, हाललाई एकसदस्यको स्थान खाली राखिएको छ। त्यस्तै, सम्मेलनले क. अमिक शेरचनको अध्यक्षताम १७ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ, जसमा क. चित्रबहादुर आले, क. लीलामणि पोखेल, क. घनश्याम शर्मा पौड्याल र क. दिवाकर भुसाल क्रमशः उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष रहनु भएको छ भने सदस्यहरूमा क. दिलबहादुर श्रेष्ठ, क. विष्णुबहादुर तामाङ्ग, क. साध्यबहादुर भण्डारी, क. धर्मचन्द्र लावती, क. दानबहादुर विश्वकर्मा, क. विश्वनाथ शाह, क. धावा लामा, क. हरिशचन्द्र गिरी, क. दीपबहादुर योञ्जन र क. प्रल्हाद बुढाथोकी रहनु भएको छ। बाँकी दुई स्थान हाललाई रिक्त राखिएका छन्। सम्मेलनले राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी जम्मा २७ बुँदे विभिन्न प्रस्तावहरू पारित गरेको छ।

### उद्घाटन समारोह

१५ दिन अगाडिदेखि ३०० जना स्वयंसेवकहरूलाई दिनरात खटाएर गरिएको सम्मेलनको व्यवस्थित तयारी पक्ष आकर्षक समेत देखिन्थ्यो। जनकपुर पुग्ने बाटाहरूमा ठाउँ ठाउँमा सम्मेलनका नाराहरूले भित्ताहरू रंगाइएका थिए र जनकपुर शहरभित्र प्रत्येक चोक र गल्लीमा पनि सम्मेलनका नाराहरूले भित्ताहरू रंगाइएका थिए। चोक चोकमा सम्मेलन सफल पार्न अपील गरिएका तुलहरू पनि टाँगिएका थिए।

उद्घाटन समारोहको दिन स्थानीय बाह्र विघा चौरबाट विहान ११ बजे निस्कने भनिएको जुलूस दिनको करिब १:१० बजे निस्क्यो। जुलूसमा करीब २५ हजार जनसमुदायले भाग लिएका थिए भने भाग लिनेहरूमा नब्बे प्रतिशत जति जनकपुर बाहिरबाट आएका सहभागीहरू थिए।

हरियो लुगा र हँसिया हथौडा चिन्ह अंकित रातो टोपी लगाएका करीब १२५ जनाको दुई वटा मार्च पास टोली र कृषि औजार सहितका किसानहरूको एक ठूलो टोली जुलूसका उल्लेखनीय पक्षहरू थिए।

जुलूसमा अग्रपक्तिमा मार्चपास टोली रहेको थियो भने, त्यस पछाडि संजमोका नेताहरू क. निरञ्जन गोविन्द वैद्य, क. लिलामणि पोखेल, क. अमिक शेरचन र क. घनश्याम शर्मा पौड्यालका साथै अतिथिहरूमा नेकपा (मसाल) का क. चित्रबहादुर के.सी., स्वतन्त्र वामपन्थी नेता क. पद्मरत्न तुलाधर, स.रा.ज.आ.स.स. का संयोजक क. भक्तबहादुर श्रेष्ठ, राजमोका क. नवराज सुवेदी आदि व्यक्तिहरूको सहागिता थियो।

ब्यानर र प्लेकार्ड बोकी नाराहरू लगाउँदै अगाडि बढेको करीब दुई घण्टा लामो उक्त जुलुसको बीचमा रही भारतको प्रसिद्ध सांस्कृतिक टोली 'निशान्त नाट्य समूह' का कलाकारहरूले ठाउँ ठाउँमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद विरोधी सडक-नाटक देखाएका थिए।

विशाल जनसमूहका बीच तिरूहाछिता चौरमा स्थापित मञ्चमा पानसमा बत्ती बालेर तत्कालीन संजमो अध्यक्ष क. निरञ्जन गोविन्द वैद्यले सम्मेलनको उद्घाटन गर्नुभयो। उद्घाटनसंगै मार्च पास टोलीले मञ्च अगाडिको खाली चौरमा विभिन्न कला प्रदर्शन पनि गऱ्यो।

सो उद्घाटन समारोहको अध्यक्षता क. अमीक शेरचनले गर्नुभएको थियो भने उद्घोषण क. घनश्याम शर्मा पौड्यालले गर्नुभएको थियो। स्वागत भाषण क. चित्रबहादुर आलेले गर्नुभएको थियो।

समरोहमा शुभकामना मन्तव्य दिनेहरूमा विदेशबाट भारतको 'निशान्त नाट्य समूह' का क. शमशुल इस्लाम र भारतीय कम्युनिष्ट पार्टी (माले, नयाँ जनवादी) का क. वि.के. पटेल हुनुहुन्थ्यो।

मन्तव्य दिने क्रममा निशान्त नाट्य समूहका क. शमशुल इस्लामले भारतले नेपाली भूमिबाट सेना हटाए पनि, त्यसले विस्तारवादी नीति त्यागे पनि, जबसम्म नेपालमा भारतीय फिल्म र संचारको प्रभूत्व रहिरहन्छ, तबसम्म नेपालले सांस्कृतिक साम्राज्यवादसंग निरन्तर लडिनै रहनु पर्ने हुन्छ भन्नुभयो।

त्यस्तै, भाकपा (माले, नयाँ जनवादी) का क. वि.के. पटेलले नेपालले विदेशी साम्राज्यवाद लगायत भारतीय

> कस्तो रह्यो संजमोको दोस्रो राष्ट्रिय सम्मेलन ?

❑ **जनकपुरमा सम्पन्न तपाईंको पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले के कस्ता नीति, कार्यक्रम र योजना बनाएको छ ?**

-संयुक्त जनमोर्चा, नेपाल यतिबेला अवसरवाद, प्रतिक्रियावाद, सामन्तवाद र साम्राज्यवादविरोधी एउटा बैकल्पिक क्रान्तिकारी शक्ति हो भन्ने कुराको निर्क्योल जनकपुर सम्मेलनले गरेको छ।

अहिले हामीले संघर्षलाई चार किसिमबाट विकसित गर्ने सोच बनाएका छौं। पहिलो, आफ्नै संगठनको मातहतबाट, दोस्रो वैचारिक रूपले नजिक भएका राजनीतिक शक्तिहरूसंग अलि दीर्घकालीक कार्यनीतिक मोर्चा बनाएर, तेस्रो वामपन्थी शक्तिहरू बीच व्यापकतम मञ्च निर्माण गरेर, र चौथो, राष्ट्र र जनताका विषयमा आइपरेका समस्याहरूलाई लिएर घटनाका आधारमा मिल्न सकिने शक्तिहरूसित मिलेर संघर्ष गर्ने। हामीले यस्तो सोच बनाएका छौं।

संघर्षका क्षेत्रहरूका कुरा गर्दा अहिले हाम्रासामु किसान, मजदूर र अन्य विभिन्न जनवर्गका समस्याहरू ज्वलन्त रूपमा उठेका छन्। यी समस्याहरू विरूद्धको संघर्षले प्रथम प्राथमिकता पाउनु पर्छ भन्ने मलाई लाग्छ।

दोस्रो प्रश्न भनेको राष्ट्रियताको प्रश्न हो। हाम्रो सम्मेलनले नेपालको राजनीतिक इतिहासमा राष्ट्रियताको सवालमा सबैभन्दा संवेदनशील घडी यतिबेला आएको छ भन्ने महसुस गरेको छ। त्यसैले मुलुक राष्ट्रियताको सन्दर्भमा 'सिक्किमीकरण'को दिशातर्फ तीव्र गतिमा अगाडि बढेको हामीले निर्क्योल गरेका छौं। र, राष्ट्रियताको सन्दर्भलाई लिएर यस विषयसित मिल्न सकिनेहरूसित मिलेर संयुक्त आन्दोलन उठाउने हाम्रो कार्यक्रम रहेको छ।

❑ **राष्ट्रियताको सवालमा दिइएको यो जोडलाई आन्दोलनको रुपमा बदल्ने योजना चाहिं के गर्नुभएको छ ? अन्य विषयको संघर्षबारे संघर्षको सोच कस्तो लिनु भएको छ ?**

-टनकपुर सन्धि, महाकाली एकीकृत विकाससम्बन्धी सन्धि, मेची लगायत देशका विभिन्न भागमा सीमा अतिक्रमण भएको र नेपालको विकासको सन्दर्भमा महत्वपूर्ण आधारको रूपमा रहेको जलस्रोत हाम्रो हातबाट गुम्ने स्थिति आएको जस्ता देशको सार्वभौमसत्तामा आंच पुग्ने विभिन्न घटनाहरू विगतका समयमा घटित भए। यसकारण राष्ट्रियताको सवाल बढी नै गम्भीर भएर आयो। त्यसैले केही समययता एउटा खास चरणको लागि राष्ट्रियतासम्बन्धी संघर्षमा हामी बढी केन्द्रित हुन पुग्यौं।

तर, हामीले जनजीविका र जनतन्त्रको सवालमा पनि संघर्ष उठाउँदै आएका छौं।

❑ **भर्खरै बनेको नेकपा (माले) ले संयुक्त संघर्षको कुरा उठाएको छ। यससंग मिलेर तपाईहरु संघर्षमा जाने कार्यक्रम बन्न सक्छ कि सक्दैन ?**

-माले र एमाले दुईटै उही सैद्धान्तिक धरातलमा उभिएका छन्। दुवैको क्रान्तिको कार्यक्रम 'बहुदलीय जनवाद' नै रहेको छ। उनीहरूको विभाजनमा सिद्धान्त होइन, संगठनमा नेतृत्वको वर्चश्वको कुरा अगाडि आएको छ। विभाजनको सम्पूर्ण प्रक्रिया यही कुरामा केन्द्रित भएको छ।

नेकपा मालेले राष्ट्रियताको सवाल उठाएको छ। तर, त्यसका सांसदहरू मध्ये धेरैले संसदमा हिजो महाकाली सन्धिलाई अनुमोदन गर्ने मतदानमा विपक्षमा उभिने साहस गर्न सकेनन्। उनीहरूले मतदानमा अनुपस्थिति हुने काम मात्र गरे। अहिले मालेमा लागेका कैयौं सांसदहरू हिजो महाकाली सन्धिको पक्षमा मतदान गर्नेहरू पनि छन्।

# संसदीय व्यवस्थाबाट आमूल परिवर्तन हुँदैन भन्ने कुरामा संजमो विश्वस्त छ।

त्यस्तै, वामदेव गौतम उपप्रधानमन्त्री हुँदा पश्चिम सेती स्मेक (SMEC) लाई दिने काम भयो। उहाँले कर्णाली-चिसापानी 'इन्रोन' लाई दिने पनि प्रयत्न गर्नुभयो। उहाँले आतंककारी 'कालो विधेयक' ल्याउने पनि प्रयत्न गर्नुभयो।

यी सबै सवालहरूको जवाफ नदिइकन नेकपा मालेले अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा आन्दोलन गर्छ भन्ने विश्वास कसरी लिने ? जहाँसम्म संयुक्त आन्दोलनको सवाल छ, हाम्रो कसैसंग पनि 'ढोका बन्द नीति' छैन। साझा सवालमा एउटा कुरामा मात्र मिल्न सकिन्छ भने पनि मिलेर आन्दोलनमा जान सकिने सम्भावना छ।

❑ **तपाईहरुको जनकपुर सम्मेलनमा 'संवैधानिक राजतन्त्र' लाई मानेर जानुपर्छ भन्ने प्रस्ताव पनि आयो र त्यसलाई प्रस्तुत गर्न दिइएन भन्ने कुरा सुनिएको छ। यसमा तपाईंको प्रतिक्रिया के छ ?**

-'संयुक्त जनमोर्चा, नेपाल' संवैधानिक राजतन्त्र मान्ने संगठन होइन। यो सामान्तवाद साम्राज्यवादविरोधी संगठन हो। यसको मूल लक्ष्य नै सामन्तवाद साम्राज्यवादविरोधी संघर्षहरू संचालन गर्दै देशलाई आमूल परिवर्तनको दिशामा लाने र त्यसपछाडि स्थापित हुने जनवादी गणतन्त्रात्मक शासन प्रणालीको प्रचारात्मक अभियानको दिशामा आफू लाग्ने भन्ने हो।

आफ्नो मूल नीतिभन्दा बाहिर गएको प्रस्तावलाई कुनै पनि संगठनले पेश गर्न दिंदैन। त्यसैले उक्त प्रस्ताव संयुक्त जनमोर्चाको मूल नीति विपरीत भएकोले त्यसलाई सम्मेलनमा पेश गर्न दिइएन।

❑ **सम्मेलनको उद्घाटन सारोहमा नेकपा (एकता केन्द्र) का वरिष्ठ नेता क. निर्मल लामाले जनमोर्चा कम्युनिष्ट पार्टीको विकल्प बन्न नसक्ने र यो मोर्चाको रुपमा पनि रहन नसकेको आरोप लगाउनुभयो। उहाँले कम्युनिष्ट पार्टीको हँसिया हथौडा अंकित झण्डा यसको झण्डा हुन नसक्ने पनि बताउनु भयो। यसमा तपाईंको प्रतिक्रिया के छ ?**



संजमोका महासचिव क. लीलामणि पोखरेलसंगको अन्तर्वार्ता

-उद्घाटन समारोहमा एकता केन्द्रका नेता क. निर्मल लामाले हामीलाई जे सुझाव दिनुभयो, त्यो उहाँको निजी विचार हो।

संजमो सर्वहारा वर्गीय चेतनाले लैश भएको कम्युनिष्ट पार्टीको विकल्प त होइन, तर यो सर्वहारावर्गीय चेतना र प्रवृत्ति भएका जनताहरू बीच आमूल परिवर्तनको दिशामा आन्दोलित हुने शक्ति चाहिं हो। यो मजदूर किसानमा आधारित क्रान्तिकारी शक्ति हो। हँसिया हथौडाले किसान मजदूरको एकतालाई पनि संकेत गर्दछ। त्यसैले, संजमो कम्युनिष्ट पार्टी नभए पनि यो किसान मजदूरमा आधारित क्रान्तिकारी संगठन भएकोले कयुनिष्ट पार्टीको जस्तै हँसिया हथौडा अंकित रातो झण्डालाई नै हामीले यसको झण्डाको रूपमा कायम राखेका छौं।

संजमो एक मोर्चा भएर पनि विभिन्न शक्तिहरूको सर्वसम्मतिमा जाने साझा संगठनको रूपमा नभई यो क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको निम्ति जनताको बीचमा प्रभावकारी भूमिका निर्वाह गर्ने र जन-आधार निर्माण गर्ने एक राजनीतिक संगठनको रूपमा विकसित हुन पुगेको छ। त्यस्तै, कम्युनिष्ट आन्दोलनको निम्ति सहकार्य गर्ने राजनीतिक शक्तिको रूपमा पनि यो अगाडि आएको छ।

शुरूकालमा संजमो विभिन्न सांगठनिक सम्बन्ध राख्नेहरूको मोर्चाको रूपमा थियो। तर, राजनीतिक नेता तथा संगठनहरूको सांस्कृतिक स्तर र आचारको न्यूनताका कारणले गर्दा कतिपय अप्ठ्याराहरू आइपर्‍यो। त्यसैले त्यस्तो स्वरूप धेरै समयसम्म रहिरहन सकेन।

❑ **संजमोले सरकारमा जाने नीति लिन्छ कि लिंदैन ?**

-अहिलेको संसदीय व्यवस्था संचालन गर्नको निम्ति बनेको संविधान, त्यसको स्वरूप, संसदको बनावट आदिका कारणले गर्दा यदि हामीले सरकारमा जाने भन्ने सोच लिन्छौं भने त्यसले आम जनतालाई संसदीय व्यवस्थाबाट आमूल परिवर्तन सम्भव छ भन्ने विश्वास दिलाइदिन्छ। संसदीय व्यवस्थाबाट आमूल परिवर्तन हुँदैन भन्ने कुरामा संजमो विश्वस्त छ। यसले संसदीय व्यवस्थालाई आन्दोलनको एउटा औजारको रूपमा मात्र लिएको छ। त्यसैले, हाल सरकारमा जानु चाहिं हुन्न भन्ने हाम्रो मान्यता रहेको छ।

❑ **संयुक्त जनमोर्चा नेपाल र राष्ट्रिय जनमोर्चा मिलेर बनेको कार्यनीतिक मोर्चा-राष्ट्रिय जनतान्त्रिक मोर्चाको वर्तमान अवस्था कस्तो छ ?**

-अढाई वर्ष अगाडि संजमो र राजमो बीच सहमति कायम भई राष्ट्रिय जनतान्त्रिक मोर्चाको निर्माण भएको थियो। यसको पहिलो तात्कालीन लक्ष्य नेपाली वाम आन्दोलनमा जुन विखण्डन र विभाजनको स्थिति छ, त्यसका विरूद्धमा एउटा नयाँ ध्रुवीकरणको थालनी गर्ने रहेको छ। दोस्रो, तत्कालीन स्थितिमा एमालेले सरकारमा गएर कयुनिष्टको नाममा आम जनतालाई जुन अनेकौं भ्रमहरू दियो, त्यसका विरूद्धमा बैचारिक लडाई लड्नु राजमोको लक्ष्य रहेको छ। तेस्रो, जनताका तात्कालीक समस्याहरूको साधानका निम्ति र राष्ट्रियताको समस्याको समाधानका निम्ति एउटा सशक्त संयुक्त आन्दोलनको जरूरी थियो र राजमोले आफ्नो लक्ष्यमा यसलाई पनि समावेश गर्‍यो।

गएको अढाई वर्षको क्रममा राजमोले राष्ट्रियताको सवालमा कैयौं आन्दोलनहरू गर्‍यो। ती आन्दोलनहरू सफल पनि भए। यसले हाम्रा दुई संगठनहरू बीच वैचारिक निकटतालाई अझ बृद्धि गर्ने काम गरेको छ। यो नेपाली कम्युनिष्ट आन्दोलनमा एकीकरणको दिशामा बढ्ने शुभसंकेत हो। हामी यो दिशामा गम्भीरतापूर्वक लागिराखेका छौं। ❑




संजमोको सम्मेलनको अवसरको एक दृश्य । फोटो: उषा तिवारी

विस्तारवादको दबदबा सहनु परिराखेको छ र समस्त भारतीय जनता भारतीय विस्तारवादी शासकवर्गको विरोध गर्दछ भन्नुभयो । साथैं, उहाँले भारत र नेपाल बीच क्रान्तिकारी इतिहासको सम्बन्ध भएको र भविष्यमा पनि क्रान्तिकारी उद्देश्य प्राप्तिका लागि मिलेर काम गर्न सकिने कुरा बताउनुभयो ।

सो समारोहमा प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको सत्तारूढ श्रमिक पार्टी र भारतको एस.यू.सि. आई. पार्टीले पठाएका शुभकामना सन्देशहरू पनि पढिएका थिए ।

क. पद्मरत्न तुलाधर, राजमोका केन्द्रीय सदस्य क. नवराज सुवेदी, नेकपा (संयुक्त) का क. गणेश शाह, नेकपा (मालेमा) का क. सीताराम तामाङ्ग, नेकपा (मार्क्सवादी) का क. प्रभुनारायण चौधरी, नेमकिपाका क. नारायणमान विजुक्छे, राष्ट्रिय जनआन्दोलन संयोजन समितिका संयोजक क. भक्तबहादुर श्रेष्ठ, नेकपा (मसाल)का पोलिटब्यूरो सदस्य क. चित्रबहादुर के.सी. र नेकपा (एकता केन्द्र) का वरिष्ठ नेता क. निर्मल लामाले पनि बोल्नुभएको थियो ।

मन्तव्य दिने क्रममा स्वतन्त्र बामनेता क. पद्मरत्न तुलाधरले नेपाली जनता अझै अत्यन्त शोषित र उत्पीडित अवस्थामा रहेको र कम्युनिष्ट पार्टीहरूले सही नेतृत्व दिएमा उनीहरू संघर्षको लागि उठ्न र हतियार बोक्न समेत तयार भएको कुरा बताउनुभयो । उहाँले कम्युनिष्टहरू एकजूट भएमा क्रान्ति धेरै टाढा छैन भन्नुभयो ।

नेकपा (एकता केन्द्र) का वरिष्ठ नेता क. निर्मल लामाले भने आफ्नो शुभकामना मन्तव्य दिने क्रममा संयुक्त जनमोर्चाको स्वरूप र औचित्यमाथि नै प्रश्न उठाउनु भयो । उहाँले संजमो एक मोर्चा भए पनि यसले अरू वाम नेताहरू संलग्न नगराएकोले यसको 'संयुक्त' नाम निरर्थक भएको बताउनुभयो । संजमो कम्युनिष्ट पार्टी नभएकोले यसको झण्डा हँसिया हथौडा अंकित कम्युनिष्ट पार्टीको झण्डा हुन नसक्ने बताउनु हुँदै क. लामाले संजमोले आफ्नो नाम र झण्डा दुवै बदल्नु पर्ने बताउनु भयो । र, उहाँले संजमोले क.पा.को झण्डा दुरूपयोग गरेको आरोप पनि लगाउनु भयो । क. निर्मल लामाले 'माओवादी र एमालेले मार्क्सवादी धार लिएका छैनन्' भन्दै 'के संजमोले बैकल्पिक मार्क्सवादी शक्तिको रूपमा आफूलाई तयार गर्न सक्दछ ?' भनी प्रश्न गर्नुभयो ।

सम्मेलनलाई डा. सुन्दरमणि दीक्षित, नेपाल मानव अधिकार संगठनको कपिल श्रेष्ठ र इन्सेकका सुशील प्याकुरेलले पनि शुभकामना सन्देश पठाउनु भएको थियो ।

उद्घाटन समारोहको अन्त्यमा संजमोका महासचिव क. लिलामणि पोखरेलले अहिले देश प्रतिगमनको दिशामा अगाडि बढिराखेको र यसबाट मुलुकलाई बचाउन सबैले मिलेर आन्दोलन गर्नुपर्ने कुरा बताउनुभयो ।

उद्घाटन समारोहको बीच बीचमा भारतबाट आएका निशान्त नाट्य समूहका कलाकारहरू र इन्द्रेणी सांस्कृतिक समाज (ईसास)का कलाकारहरूले क्रान्तिकारी गीतहरू प्रस्तुत गरेका थिए ।

❑ तुल्सीदास महर्जन

# नेकपा संयुक्तको सातौं महाधिवेशन कस्तो रह्यो ?



गत फागुन २०-२४ गते राजविराजमा नेकपा (संयुक्त) को सातौं महाधिवेशन सम्पन्न भएको छ । २७ जिल्लाका प्रतिनिधि, पर्यवेक्षक र स्वयंसेवक गरी जम्मा ३४८ जनाको सहभागितामा भएको उक्त महाधिवेशनले पहिलेको 'राष्ट्रिय प्रजातान्त्रिक जनवाद' को कार्यक्रमलाई त्यागेर 'राष्ट्रिय जनवाद' को कार्यक्रमलाई अनुमोदन गरेको छ ।

महाधिवेशनले क. विष्णुबहादुर मानन्धरको नेतृत्वमा १५ सदस्यीय केन्द्रीय कार्य समितिको निर्माण गरेको छ । केन्द्रीय कार्य समितिमा महासचिव, उप-महासचिव र दुई सदस्यहरू रहने गरी क्रमशः क. विष्णुबहादुर मानन्धर, क. गणेश शाह, क. हेमन्तबहादुर वि.सी. र क. दीपबहादुर श्रेष्ठ सम्मिलित केन्द्रीय सचिवालयको व्यवस्था पनि महाधिवेशनले गरेको छ । केन्द्रीय कार्य समितिका अन्य सदस्यहरूमा क. चन्द्रदेव जोशी, क. कृष्णप्रसाद अधिकारी, क. ठाकुर शर्मा, क. सुनील मानन्धर, क. शेख इस्लाम, क. उदयनारायण झा, क. सहदेव यादव, क. प्रकाश अधिकारी, क. लक्ष्मी शाह, क. कल्पना राणा र क. कैलाश यादव रहनुभएको छ । महाधिवेशनले ४३ जनाको केन्द्रीय परिषदको पनि गठन गरेको छ ।

नेकपा (संयुक्त) को फागुन २० गते राजविराजको गुजाई नगरमा सम्पन्न सातौं महाधिवेशनको उद्घाटन समारोहमा स्वदेशबाट नेकपा (मार्क्सवादी) का क. प्रभुनारायण चौधरी, नेकपा ( मालेमा) का क. सीताराम तामाङ्ग, नेमकिपाका क.आशाकाजी बासुकला, प्रजातान्त्रिक लोकदलका प्रतिनिधि, हरियाली नेपाल पार्टीका कुवेर शर्मा, जन कांग्रेसका प्रतिनिधि, नेपाल सद्भावना पार्टीका शैलेश चौधरी र नेपाली जनता दलका अध्यक्षले पनि सो सम्मेलनमा मन्तव्य दिनुभएको थियो ।

महाधिवेशनलाई चीनको कम्युनिष्ट पार्टी, कोरियाको श्रमिक पार्टी, श्रीलंकाको कम्युनिष्ट पार्टी, फिलिपिन्सको कम्युनिष्ट पार्टी, भारतीय कम्युनिष्ट पार्टी, पोर्चुगलको कम्युनिष्ट पार्टी र रूसी राजदूतले पनि शुभकामना सन्देश पठाउनुभएको थियो । स.ज.मो. नेपालले पनि सो अवसरमा आफ्नो शुभकामना सन्देश पठाएको थियो ।-

नेकपा (संयुक्त) को सातौं महाधिवेशनले 'देशको वर्तमान राजनैतिक अवस्था प्रतिगमनतर्फ गइरहेको र २०४६ सालको विस्थापित सामन्ती अभिजात वर्गीय पुनरूत्थानवादी शक्ति पुनः सत्ता तथा समाजका विभिन्न अंगहरूमा सक्रिय हुँदै गइरहेकोले प्राप्त प्रजातन्त्र र २०४६ सालका उपलब्धिहरू संकटमा पर्न सक्ने अवस्था देखापरेको' ठहर गर्दै 'यस्तो प्रतिगमन रोक्न वाम तथा प्रजातान्त्रिक शक्तिहरूबीच एकता कायम गरी यस प्रतिगमनलाई रोकी वर्तमान अवस्थाको भन्दा बढी प्रगतिशील र प्रजातान्त्रिक व्यवस्था कायम गर्न राष्ट्रिय विकल्प शक्तिको निर्माणका लागि संघर्ष गर्नुपर्ने' कार्यलाई तात्कालीक कार्यको रूपमा निर्धारण गरेको छ ।

महाधिवेशनले वामपार्टीहरूमा पार्टी एकीकरणभन्दा पनि 'एउटै अभियान र साझा कार्यका लागि मोर्चागत, मञ्चगत वा कार्यगत एकता गरी अगाडि बढ्ने नीति हुनुपर्ने कुरामा जोड दियो । 'कालापानीबाट तुरून्त भारतीय सेना फिर्ता गर्नुपर्ने' माग गरी महाधिवेशनले भारतीय एकाधिकार पूँजीले नेपालमा गरिरहेको थिचोमिचोको पनि विरोध गरेको छ भने भारतमा चलिरहेको प्रगतिशील आन्दोलनसंग ऐक्यबद्धता पनि जाहेर गरेको छ । त्यस्तै, 'अमेरिकाले विश्वव्यापी रूपमा देखाइरहेको हैकमवादी नव-औपनिवेशिक क्रियाकलापहरूको' पनि महाधिवेनले घोर भर्त्सना गरेको छ ।

❑

# नेकपा संयुक्तको नयाँ नीति
# राष्ट्रिय जनवाद कस्तो छ ?

**क. विष्णु ब. मानन्धरसँगको अन्तर्वार्ता**



**० तपाईहरुको पहिलेको "राष्ट्रिय प्रजातान्त्रिक जनवाद" र अहिले भर्खरै सातौं महाधिवेशनबाट पारित "राष्ट्रिय जनवाद"को कार्यक्रम बीच के भिन्नता छ ?**

पहिले विश्वमा समाजवादी क्याम्प थियो र नेपाल जस्तो विकासोन्मुख राष्ट्रले त्यसबाट सिधै आर्थिक सहयोग पाउन सक्थ्यो। त्यसैले त्यतिखेर समाजवादी क्याम्पको समर्थन र सहयोगको बलमा पूँजीवादी बाटोबाट पनि समाजवादमा संक्रमण गर्न सकिन्छ भन्ने समझदारी बन्यो।

तर, अहिले विश्वमा समाजवादी क्याम्प छैन। त्यसैले अब आफ्नै बलबुतामा राष्ट्रिय स्तरका क्रान्तिकारी शक्तिहरूलाई संगठित गरेर पूँजीवादी प्रजातन्त्रको कार्यभार पूरा गरी समाजवादको निर्माण गर्नुपर्छ भन्ने हाम्रो धारणा बनेको छ।

देश निर्माणको लागि साम्राज्यवादी शक्तिहरूलाई विरोध नगरी पनि हुँदैन र फेरि तिनीहरूकै निर्देशनमा चल्ने आई.एम.एफ. विश्व बैंक जस्ता संस्थाहरूबाट आर्थिक सहयोग नलिई पनि हुँदैन। ती संस्थाहरूबाट ऋण सहयोग लिँदा जहिले पनि राष्ट्रिय स्वार्थमा धक्का नलागोस् भनी हामी चनाखो हुनुपर्दछ। यसको लागि हामीले राष्ट्रिय शक्तिलाई मजबूत बनाइराख्नु पर्छ ता कि विदेशीसँग सधै हामी बार्गेनिंग गर्ने क्षमतामा हुन्छौं।

यी अवस्थाहरूलाई ध्यानमा राखी हामीले "राष्ट्रिय जनवाद" कार्यक्रमलाई अगाडि सारेका हौं।

**० "राष्ट्रिय जनवाद" कार्यक्रमको सारभूत कुरा के हो ?**

यो समाजवाद, राष्ट्रवाद र जनवादको सिद्धान्त बाट निर्देशित छ। मूल रूपमा भन्ने हो भने, यो अहिलेको वर्तमान संरचना र समाजवाद बीचको कार्यक्रम हो। अहिले देशमा समाजवादी क्रान्ति गर्ने अवस्था छैन। त्यसैले समाजवादपूर्व हामीले एउटा क्रान्ति गर्नु जरूरी छ र त्यो "राष्ट्रिय जनवाद" हो भनेर हामीले ठहर गरेका छौं। यस क्रान्तिमा हामी समाजवादमा संक्रमणको लागि आवश्यक वस्तुगत अवस्थाको तयारी गर्दछौं।

**० यो वस्तुगत अवस्थाको तयारी गर्ने भनेको के हो ?**

समाजवादमा जानको लागि देशमा औद्योगीकरण, भूस्वामित्वमा परिवर्तन आदि कुराहरू हुनुपर्‍यो, अर्थात् सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरू तयार हुनुपर्‍यो। यी पूर्वाधारहरू तयार नभई समाजवादमा जाने भन्ने कुरो केवल मनोगत धारणा मात्र हुन्छ।

पूँजीवादी क्रान्तिका कार्यभारहरू पूरा गर्न गैर पूँजीवादी विकासको बाटो समातेर हुँदैन। पूँजीवादको नै विकास गर्नु पर्छ। र, त्यसलाई नियन्त्रण पनि गर्नु पर्छ। पूँजीवादको विकास गर्ने र नियन्त्रण गर्ने दुईवटै प्रक्रिया संगसँगै लानु पर्दछ। यही प्रक्रियाबाट समाजवादमा जाने पूर्वाधार तयार हुन्छ।

**० यो पूर्वाधार तयार गर्ने कुरो अहिले कै राज्ययन्त्रबाट सोच्नु भएको छ कि त्यसको लागि आमूल परिवर्तनकै बाटो सोच्नु भएको छ ?**

समाजवादको पूर्वाधार तयार गर्नको लागि त आमूल परिवर्तन नै जरूरी हुन्छ नि।

**० तपाईहरुको "राष्ट्रिय जनवाद" को क्रान्तिको बाटो के हो ? अहिलेको संसदमा बहुमत कब्जा गरेर शान्तिपूण ढंगले त्यो क्रान्ति गर्ने सोच हो कि अथवा अन्य कुनै बाटो हो ?**

संसदभन्दा बाहिर जनताको संघर्षलाई संगठित गर्न सक्छौं भने वर्तमान संसदलाई पनि जनताको संघर्षको हतियारको रूपमा प्रयोग गर्न सकिन्छ। वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिलाई हेर्दा संसदबाटै शान्तिपूर्ण रूपले क्रान्ति हुन्छ भन्ने हामीलाई लाग्दछ। यदि केही गरी अहिलेको राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिमा परिवर्तन आयो भने क्रान्तिको बाटो अशान्तिपूर्ण पनि हुनसक्छ, त्यस्तो बेलामा पनि क्रान्तिकारीहरू पछि हट्नु हुँदैन भन्ने हाम्रो धारणा रहेको छ।

**० "राष्ट्रिय जनवाद" मा अहिलेको बहुदलीय चरित्र हुन्छ कि हुन्न ?**

हुन्छ। राष्ट्रिय जनवादी क्रान्ति राष्ट्रिय औद्यागिक पूँजीपति, किसान, मजदूर, निम्न मध्यम वर्गीय बुद्धिजीवी तथा निम्न मध्यम वर्गको संयुक्त मोर्चाको नेतृत्वमा सम्पन्न हुन्छ। त्यसैले त्यो क्रान्तिपछि पनि ती वर्गहरूको भूमिका बाँकी रहने भएकोले त्यसबेला पनि बहुदलीय चरित्र त हुन्छ नै।

**० अहिलेको बहुदलीय व्यवस्था र उक्त बहुदलीय चरित्रको राष्ट्रिय जनवादमा के फरक हुन्छ त ?**

अहिले सीमित प्रजातान्त्रिक अधिकारको प्रजातन्त्र आएको छ। अहिले शासन सत्तामा सामन्ती, नोकरशाही दलाल पूँजीपति वर्गहरुको हालीमुहाली छ। तर, "राष्ट्रिय जनवाद"मा राष्ट्रिय औद्योगिक पूँजीपतिदेखि किसान, मजदूर वर्गसम्मको संयुक्त अधिनायकत्व कायम भएको हुन्छ।

**० यो अधिनायकत्वलाई राज्यको संरचना या संविधानमा कसरी ग्यारेण्टी गर्नु हुन्छ ?**

राज्यको संरचना र संविधानमा त परिवर्तन हुन्छ नै तर, त्यसमा कस्तो परिवर्तन हुन्छ भन्ने कुरा अहिले नै भन्न सकिँदैन।

**० तपाईहरुको "राष्ट्रिय जनवाद"को कार्यक्रम र एमालेहरुको "जनताको बहुदलीय जनवाद"को कार्यक्रममा के फरक छ ?**

उहाँहरूले मजदूर वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न गर्ने भनेर भन्नु भएको छ। यसलाई हामी मनोगत विचार भन्छौं। अर्को कुरा, व्यवहारमा एमालेहरूले सडक आन्दोलन तथा जनवर्गीय आन्दोलनलाई चटक्कै बिर्सिदिएका छन्। र, तिनीहरू सत्ता र संसदको नै वरिपरि घुमिरहेका छन्।

अहिले नेपालका कम्युनिष्ट पार्टीहरूमा मध्यम वर्गको जमात ठूलो छ, त्यसैले त्यहाँ सर्वहारा वर्गीय चरित्रको विकास गर्नु धेरै जटील छ। मजदूर वर्ग र सर्वहारा वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न गर्ने भन्ने कुरो फजुल कुरा हो। तसर्थ एमालेहरू संसदवादलाई छोडेर जनसंघर्षमा ओर्ले पनि उहाँहरू मनोगत धरातलमै हुने हुन्छ। त्यसकारण, राष्ट्रिय जनवाद र बहुदलीय जनवाद मा फरक रहेको छ।

**० तपाईहरु मजदूर वर्गको नेतृत्वको कुरा पनि गर्नु हुन्न र सर्वहारा वर्गीय क्रान्तिको पनि कुरा गर्नु हुन्न। कम्युनिष्ट पार्टी भनेको सर्वहारा वर्गको पार्टी होइन र ?**

कम्युनिष्ट पार्टी सर्वहारा वर्गको पार्टी हो। तर, नेपालको वर्तमान सन्दर्भमा कम्युनिष्ट पार्टी भन्नाले सर्वहारा वर्गको मात्र नभई यो किसान र श्रमिक वर्गको पनि पार्टी हो।

**० "राष्ट्रिय जनवाद"को क्रान्तिको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय दुश्मन शक्तिहरु को को हुन् ?**

राष्ट्रिय दुश्मन शक्तिको रूपमा सामन्त, दलाल र नोकरशाही पूँजीपति वर्ग नै रहेका छन्।

**० राजतन्त्रलाई कसरी लिनु हुन्छ ?**

राजतन्त्रले अहिले विभिन्न इष्युमा आफ्नो स्वविवेकलाई प्रयोग गर्ने प्रयास गरेको देखिन्छ। यो सामन्ती अभिव्यक्ति हो। यस्तो क्रियाकलाप रहिरह्यो भने निश्चय पनि राजतन्त्रको खिलाफ पनि हामीले लडाइँ लड्नु पर्ने हुन्छ। त्यसैले राजतन्त्रको हामी खिलाफमा जान्छौं कि जान्नौं भन्ने कुरा राजतन्त्रको व्यवहारमा भर पर्ने कुरा हो।

संवैधानिक राजतन्त्र भनेको सर्वकालीक होइन तर हामी अहिले त्यसलाई मानेर अगाडि गइरहेका छौं। राजतन्त्रलाई संविधानभन्दा बाहिर जान नदिनु राष्ट्रिय जनवादी क्रान्तिलाई बल पुऱ्याउनु हो।

**० अन्तर्राष्ट्रिय दुश्मन शक्ति चाहिं कुन हो नि ?**

आम रूपमा अन्तर्राष्ट्रिय दुश्मन शक्ति भन्नाले साम्राज्यवादी शक्ति नै हो। किटान गरेर भन्दा अमेरिकी साम्राज्यवाद आई.एम.एफ, विश्व बैंकमार्फत् आएर देशको अर्थतन्त्र भई राजनीतिसम्म कब्जा जमाउन आइरहेछ। यो हाम्रो अन्तर्राष्ट्रिय दुश्मन शक्ति हो। त्यस्तै, भारतीय एकाधिकार पूँजीवादले नेपाललाई आफ्नो सुरक्षित बजार बनाएको छ र त्यसलाई ऊ निरन्तरता दिन चाहन्छ। त्यसको थिचोमिचोका विरूद्धको संघर्ष पनि हाम्रो प्रमुख संघर्ष हो। तर, हामी भारतलाई अरूले जस्तै विस्तारवादी नै चाहिं भन्दैनौं।

**० अहिले ०४६ सालको जन-आन्दोलनले दिएका प्रजातान्त्रिक अधिकारहरु संकटमा परेको कुरामा तपाईहरुले जोड दिनु भएको छ, के यस्तो स्थिति आउनुमा वामपन्थी शक्तिको अकर्मण्यता र प्रजातान्त्रिक शक्ति भनिने नेपाली कांग्रेसको प्रतिक्रियावादी चरित्रहरु जिम्मेवार छैनन् र ?**

तपाईले एमालेलाई वाम पार्टी मानेर वाम शक्तिको अकर्मण्यताको कुरा गर्नु भएको भए म त्यो कुरासंग सहमति राख्दिनँ।

एमालेले ०४६ सालको जनआन्दोलनको दुश्मन खेमामा रहेको शक्तिको नाइके लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार गठन गऱ्यो। यो उसको अकर्मण्यता मात्र होइन कि पदलोलुपता र सत्ता लिप्सा हो। तर, यस्तो कार्यको शुरूवात सर्वप्रथम नेपाली कांग्रेसले गरेको देखिन्छ। यी सम्पूर्ण गतिविधिले गर्दा नै अहिले ०४६ सालका उपलब्धीहरू संकटमा परेका छन्। त्यसैले हामी अहिले सम्पूर्ण सच्चा वाम तथा प्रजातान्त्रिक शक्तिहरूको संयुक्त आन्दोलनका कुराहरू गरिरहेका छौं।

**० भर्खरै नेकपा (एमाले) बाट छुटेर बनेको नेकपा (माले) ले पनि संयुक्त वाम आन्दोलनको कुरा गरिरहेको छ। तपाईहरु उहाँहरुसंग मिलेर आन्दोलनमा जानु हुन्छ ?**

अवश्य नै जान्छौं। तर, उहाँहरू संघर्षमा आउनु त पऱ्यो। आउँदै नआइकन, भनेको मात्र आधारमा उहाँहरूलाई हामीले कसरी विश्वास गर्ने ?

**० तपाईहरुको सातौं महाधिवेशनले जनताको जनजीविका, जनतन्त्र र राष्ट्रियताको सवालमा चाहिं तत्कालको निम्ति कस्ता कार्यक्रमहरु तय गरेको छ ?**

०४६ सालका उपलब्धिहरूमाथि आएको खतराको संकटबाट मुक्त हुन अथवा देशलाई प्रतिगमनको दिशाबाट रोक्न पहिले त वाम शक्तिहरूलाई एक ठाउँमा ल्याउने र त्यसपछि वाम इतर प्रजातान्त्रिक शक्तिलाई पनि संघर्षमा तान्ने कार्यदिशा अहिले हामीले बनाएका छौं।

**० महाधिवेशनले अन्तर्राष्ट्रिय सवालमा चाहिं चासो राखेन ?**

राख्यो। हामीले क्यूबाली जनताप्रति ऐक्यवद्धताको सवाल, कोरियाली प्रायद्वीपमा शान्ति र एकीकरणको सवाल, इराकको सार्वभौमिकतामा अमेरिकाले हस्तक्षेप नगरोस् भन्ने सवाल आदि जस्ता अन्तर्राष्ट्रिय प्रस्तावहरू नै महाधिवेशनबाट पारित गरेका छौं।

**प्रस्तुति : तुल्सीदास महर्जन**

# जर्मनीको कम्युनिष्ट आन्दोलन: एक जर्मन नेताको विचारमा



**जर्मनीको कम्युनिष्ट आन्दोलन अहिले यूरोपमा नै सबभन्दा कमजोर आन्दोलन मानिन्छ । तर जर्मनी नै त्यो मुलुक हो, जहाँका दुई महान् चिन्तकहरुले विश्वमै सर्वप्रथम वैज्ञानिक साम्यवादको सिद्धान्तको विकास गरेका थिए । ती महान् चिन्तकहरुको नाम हो– कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स ।**

**अहिले त्यही मुलुकमा साम्यवादी पार्टीहरुको स्थिति कस्तो छ त ? यो हामीहरु सबैको जिज्ञासाको विषय हो । प्रस्तुत छ, जर्मनीको कम्युनिष्ट आन्दोलनको विवरण एक जर्मन वाम नेता स्वयंबाट ।**

**क. रेनर रोस र क. माइकल ओपर्लेस्कीलाई यही नोभेम्बरमा हामीले घाटशिला र कलकत्तामा भेटेका थियौं । एक हप्ता संगै रहने दौरानमा हामीले उहाँहरुसित जर्मनीको कम्युनिष्ट आन्दोलनबारे चर्चा गरेका थियौं । प्रस्तुत छः अंग्रेजी भाषामा उहाँसँग गरिएको कुराकानीको सारसंक्षेप नेपालीमा ।**

जर्मनीमा थुप्रै कम्युनिष्ट नामका संगठनहरू छन् अहिले, नेपालमा जस्तै । मेरो व्यक्तिगत विचारमा तीमध्ये १२ वटा संगठनहरूलाई कम्युनिष्ट संगठन भन्न मिल्छ । यो संख्या अरूको नजरमा अरू ज्यादा वा अरू कम- दुवै हुन सक्छ । ती १२ वटा संगठनहरूमध्ये पनि तीनवटा महत्वपूर्ण गणनायोग्य छन् । मैले गणनायोग्य भन्नुको मतलब के हो भने, तिनीहरूको कम से कम देशव्यापी संगठनात्मक फैलावट छ, केन्द्रीय समिति, जिल्ला समिति र स्थानीय अंगहरू जस्ता सांगठनिक ढाँचाहरू छन् र पार्टी सदस्यता संख्या ठीकै संख्यामा छ । बाँकी अरूको त पार्टी सदस्यता संख्या सारै थोरै छ । उनीहरू या त एउटा शहर वा एउटा प्रदेशसम्म मात्र सीमित छन् ।

त्यसरी स-सानो संगठन हुनेहरू पहिलेका माओवादी संगठनहरू हुन् । उनीहरूमध्ये कोही चीनपरस्त छन्, कोही अल्बानियापरस्त । फुट्दा-फुट्दा उनीहरू धेरै साना संगठन भइसके । उनीहरूको अब कुनै राष्ट्रिय स्तरको संगठन छैन, पार्टीका मुखपत्र छैन, पार्टी सदस्यता पनि सारै थोरै छ । आठ-आठवटा संगठनहरू छन् त्यस्ता ।

त्यसैले मैले तिनीहरूलाई गणना अयोग्य भनेको हुँ ।

तीनवटा महत्वपूर्ण कम्युनिष्ट पार्टीहरूमध्ये दुईवटा पहिलेको पूर्वी जर्मनीमा छन्, एउटा पश्चिम जर्मनीमा छ ।

पश्चिम जर्मनीमा अवस्थित कम्युनिष्ट पार्टीको नाम **जर्मन कम्युनिष्ट** पार्टी हो । यो पार्टीको पार्टी सदस्यता संख्या ६ हजार छ । यसको राष्ट्रव्यापी संगठनको जालो छ । यसले हरेक दुई दुई महिनामा यसको एउटा साप्ताहिक मुखपत्र पनि छ । एउटा सैद्धान्तिक मुखपत्र पनि निकाल्छ ।

यो पार्टीको सीमा के हो भने, यसका अधिकांश पार्टी सदस्यहरू बूढा छन्- ६०/७० वर्षका । यो पार्टीसित निकै थोरै युवा पार्टी सदस्यहरू छन् । त्यसो त उनीहरूसित युवा संगठन पनि नभएको होइन । तर यो संगठन सानो छ र योसित राष्ट्रव्यापी संगठनको जालो छैन । कुनै कुनै प्रदेशमा यो पार्टीको बलियो प्रभाव क्षेत्र पनि छ । तर सम्पर्क सम्बन्ध चाहिं यिनीहरूको देशव्यापी छ ।

यो पार्टीको कुनै विद्यार्थी र महिला संगठन छैन । मजदूर वर्गमा यिनीहरूको पकड निकै कमजोर छ । अधिकांश पार्टी सदस्यहरू बूढा बूढा भएकाले, र उनीहरू कामबाट अवकाश प्राप्त भएकाले यस्तो भएको हो ।

यो पार्टीको पार्टी सदस्यता सन् १९८९ अघि ५० हजारभन्दा ज्यादा थियो । तर सोभियतसंघमा र पूर्वी यूरोपमा प्रतिक्रान्ति भएपछि झण्डै ९० प्रतिशत पार्टी सदस्यहरूले पार्टी छाडे । कतिपय संगठनहरू तहसनहस नै भए । युवा पार्टी सदस्यहरू पनि यही दौरानमा भसक्कै घटे । तर उनीहरूले पार्टी संगठन पूरै भत्कन दिएनन् । पार्टी संगठनको ढाँचा कायमै राखीछोडे । बडो मुश्किलले पार्टीलाई बचाए । तर उनीहरूको वैचारिक-राजनैतिक गतिविधिमा ठूलो ह्रास आयो । अहिले नेताहरू झन् झन् बूढा हुँदै जाँदैछन् । पार्टीमा विचारधारात्मक काम ठप्प भएको छ ।

यो पार्टीको नेतृत्वको स्थिति थाहा पाउन अहिले भर्खरै उनीहरूले जारी गरेको एउटा दस्तावेजको अध्ययन गर्नु राम्रो हुनेछ । दस्तावेजको शीर्षक छ- "सामाजिक क्रान्तिको अवधारणा ।'

यो दस्तावेजमा यसले संशोधनवादी

**क. रेनर रोस र क. माइकल ओपर्लेस्की**





## जर्मनी : एक संक्षिप्त जानकारी

- जनसंख्या : ८.४ करोड
- क्षेत्रफल : ३,५७,००० वर्ग किलोमिटर
- साक्षरता : १००%
- आयु अपेक्षा : ७६ बर्ष
- शहरी जनसंख्या : ८७%
- जातीय संरचना : जर्मन ९६% तुर्की २%
- धर्म : प्रोटेस्टेण्ट ४५%
  रोमन क्याथोलिक ३७%
- कुल गार्हस्थ्य उत्पादन : १४.५ खरब डलर
- कुल गार्हस्थ्य उत्पादन बृद्धिदर : २.४%
- प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन : २०,८६४ डलर
- औद्योगिक उत्पादन बृद्धि दर : ३.३%
- बेरोजगार जनसंख्या : ११.५%
- महँगी बृद्धिदर : १.३%
- ज्याला बृद्धिदर : १.२%
- डाक्टर : १ जना प्रति २९८ जना
- टेलिभिजन : १ वटा प्रति १.८ जना
- रेडियो : १ वटा प्रति १.१ जना



स्रोत : The Economist, March 7, 1998 ♦ Asiaweek, मार्च १०, १९९८ ♦ The World Almanac 1994

# अहिले जर्मनीमा कस्तो छ कम्युनिष्टहरुको हालत ?

सोच अघि सारेको छ । संसदीय बाटोबाट पनि समाजवादी क्रान्ति गर्न सकिन्छ भन्ने अवधारणा यसमा अघि सारिएको छ । र, सर्वहारा वर्गको अधिनायकत्वको मार्क्सवादी सिद्धान्तलाई यसमा छोडिएको छ ।

क्रान्तिको लागि यसले शान्तिपूर्ण र अहिंसात्मक बाटो अवलम्बन गर्ने कुरा गरेको छ । सशस्त्र संघर्षको आवश्यकता छ कि छैन ? भनेर सोध्यो भने यसले छ त भन्छ । तर व्यवहारमा यसले त्यो बाटो नै छोड्न लागेको छ । यसको मुख्य जोर शान्तिपूर्ण बाटो नै छ । यसले पूँजीवादी राज्ययन्त्रलाई ध्वस्त पार्ने अवधारणा पनि छोडेको छ ।

अर्को वर्ष यो पार्टीको महाधिवेशन हुन लाग्दैछ । त्यसमा यो दस्तावेज पास हुन सक्छ । तर यो पासै भयो भने पनि पार्टीभित्र त्यस्ता कार्यकर्ताहरू थुप्रै छन्, जो यो धारणाका विरूद्धमा छन् । उनीहरू अझै पनि क्रान्तिकारी भावनाले ओतप्रोत छन् । हिटलरको फासीवाद विरूद्ध कन्सेन्ट्रेशन क्याम्पमा वीरतापूर्वक लडेका यी कार्यकर्ताहरू कदापि मार्क्सवादी सिद्धान्तबाट विचलित हुनेवाला छैनन् ।

**वैज्ञानिक समाजवादका प्रणेताः कार्ल मार्क्स र एंगेल्स**

**दुई महान् चिन्तकहरुले विश्वमै सर्वप्रथम वैज्ञानिक साम्यवादको सिद्धान्तको विकास गरेका मुलुक जर्मनीको कम्युनिष्ट आन्दोलन अहिले यूरोपमा नै सबभन्दा कमजोर आन्दोलन मानिन्छ ।**

तीमध्ये कतिपय युवा कार्यकर्ताहरू पनि छन् । यी युवाहरू प्रहरीविरोधी ऐक्यबद्धता आन्दोलनमा, नागरिक आन्दोलनमा र मजदूर आन्दोलनमा क्रियाशील छन् । उनीहरू निकै जुझारू छन् ।

एउटा पार्टीको स्थिति यही हो । अब हामी जाऔं- पूर्वी जर्मनीमा अवस्थित अरू दुईवटा पार्टीहरूबारे । तीमध्ये एउटाको नाम हो- **जर्मनीको कम्युनिष्ट पार्टी** Communist Party of Germany । यो पार्टी सन् १९९० मा गठन गरिएको थियो । यो पार्टी पुरानो सत्तारूढ पार्टी र समाजवादी पार्टीका सदस्यहरूद्वारा संगठित गरिएको थियो । पूर्वी जर्मनीमा जे घट्ना घट्यो, त्यसबाट असंतुष्ट भएर, अझै त्यहाँ कम्युनिष्ट आन्दोलनको जरूरत छ भन्ठानेर यो पार्टीको गठन गरिएको थियो ।

यो पार्टीको प्रभाव क्षेत्र पुरानो पूर्वी जर्मनी हो । यसका ९० प्रतिशत पार्टी सदस्यहरू त्यहीं छन् । पश्चिम जर्मनीमा पनि उनीहरूका केही पार्टी सदस्यहरू छन्, तर त्यसको संख्या ज्यादा छैन ।

यो पार्टीको संगठनात्मक ढाँचा त छ, तर यसको अझै कुनै युवा संगठन छैन, कुनै महिला संगठन छैन । यसको महिनामा एक चोटी प्रकाशित हुने पार्टी पत्रिका छ । तर अझै यसको सैद्धान्तिक पत्रिका छैन । तीन महिनामा एकचोटी निस्कने एउटा पत्रिका छ, जसमा एकाधवटा सैद्धान्तिक लेखहरू निस्कन्छन् ।

यो पार्टीमा पनि अधिकांश पार्टी

# जर्मन कम्युनिष्ट आन्दोलनको इतिहास

जर्मनीको कम्युनिष्ट आन्दोलन सन् १९३३ अर्थात् फाशिष्टहरूले सत्ता लिनु अघि निकै शक्तिशाली थियो । के दावी गर्न सकिन्छ भने, यो तत्कालीन विश्वका सबैभन्दा शक्तिशाली कम्युनिष्ट पार्टीमध्ये एक थियो । यो पार्टीले सामाजिक जीवनका सबै तप्कालाई समेटेको थियो । यसको पार्टी सदस्यता सख्या १० लाखभन्दा ज्यादा थियो । पार्टीको प्रभाव र सदस्यता दुवैमा काफी बृद्धि भइरहेको थियो त्यतिखेर । जर्मनीमा समाजवादी क्रान्ति अवश्यंभावी देखिइसकेको थियो ।

मूलतः यही कारण हो, जसले गर्दा भयभीत पुँजीपति वर्गले राज्यशक्ति फाशिष्टहरूको हातमा सुम्पियो । फाशिष्टहरूले दुई तीन तरिका अप्नाएर जर्मन कम्युनिष्ट पार्टीलाई स्वाहा पार्ने काम गरे । पहिलो कुरो त उनीहरूले सम्पूर्ण नेतृत्व वर्गलाई समाते । उनीहरू मध्ये धेरै कन्सेन्ट्रेशन क्याम्पमा मारिए । जब १९३९ मा विश्वयुद्ध शुरू भयो, सम्पूर्ण मजदूर वर्गका संगठनहरूलाई ध्वस्त पारियो । पार्टी यो समयमा पनि भूमिगत रूपमा अस्तित्वमा थियो र क्रियाशील थियो । तर यो सारै कमजोर भइसकेको थियो । जुन जुन पार्टी सदस्यहरू कब्जाबाट बचे, तिनीहरूलाई युद्धमा लड्नका लागि सिपाही बन्न बाध्य गरियो ।

जब १९४५ मा विश्वयुद्ध सकियो, जर्मनीमा कम्युनिष्ट पार्टी सारै धेरै कमजोर भइसकेको थियो । यो अझै जीवित चाहिँ थियो, तर यसको शक्ति सारै क्षीण भइसकेको थियो ।

अर्को घटना के घट्यो भने, जब सोभियत संघको सहायताबाट जर्मनीको पूर्वी आधा भागमा समाजवादी क्रान्ति सफल भयो, त्यहाँ समाजवाद निर्माण गर्नका लागि निकै राम्रा कार्यकर्ताहरूको ठूलो संख्या पठाइयो । किनभने, राम्रा कार्यकर्ताहरूबिना समाजवाद निर्माण गर्नु संभव थएन । तर राम्रा कार्यकर्ताहरूको ठूलो संख्या त्यहाँ पठाइएपछि त्यसले पार्टीलाई अरू कमजोर पार्‍यो ।

जर्मनीको कम्युनिष्ट आन्दोलनमा अरू ज्यादा धक्का तब लाग्यो, जब सन् १९५६ मा जर्मनीको कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लाग्यो ।

यो घटना सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं पार्टी महाधिवेशन संगसंगै भयो । एकातिर पार्टीमाथि प्रतिबन्ध, अर्कोतिर, सोभियत संघमा संशोधनवादी विचलन !- यसले पार्टी पंक्तिलाई निकै निराश पार्‍यो । थुप्रै पार्टी सदस्यहरूले पार्टी छोडे, किनकि, पार्टी नेतृत्वले खुश्चोभको सोचलाई पछ्यायो र पार्टी प्रतिबन्धित भएकाले छलफल र विवाद चलाउने संभावना पनि न्यून भयो ।

अहिले पनि जर्मनीको कम्युनिष्ट पार्टी माथि लागेको प्रतिबन्ध खारेज भएको छैन । तर सरकारसित यस बीचमा संझौता भयो र सन् १९६८ मा अर्कै नाममा पार्टीलाई पुनसंगठित गरियो । त्यो नाम हो- **जर्मन कम्युनिष्ट पार्टी** ।

त्यस बेला देशमा विद्यार्थी आन्दोलनको समय थियो । पार्टी स्वभावतः त्यतिखेर कमजोर थियो । यो भर्खरै पुनर्संगठित गरिएको थियो । विद्यार्थी आन्दोलनमा समर्थन र सहभागिताका

**सोभियत संघ र पूर्वी यूरोपमा आएको प्रतिक्रान्तिको बाढीले जर्मन कम्युनिष्ट पार्टीमा ज्यादै ठूलो निराशा ल्यायो । ५० हजारभन्दा ज्यादा पार्टी सदस्यहरु रहेकोमा निराशिएर ८० प्रतिशत जति पार्टी सदस्यहरुले पार्टी छोडे ।**

कारणले थुप्रै विद्यार्थीहरू र बौद्धिकहरू यतिखेरै पार्टीभित्र प्रवेश गरे । तर यसले समस्या ल्यायो । पार्टीमा ज्यादा बुद्धिजीवीहरू भए । मजदूर वर्गमा पहुँच त थियो, तर जति जरा गाड्नु पर्ने थियो, त्यति गाड्ने काम भएन ।

त्यसपछि पार्टीले एक पछि अर्को संशोधनवादी बाटो लिंदै गयो । १९७० को दशकको अन्त र १९८० को दशकको शुरूमा पार्टी नेतृत्वको नीति ज्यादाभन्दा ज्यादा सामाजिक जनवादीहरूसित एकता कायम गर्ने रह्यो । संसदीय गतिविधिमा नै ज्यादाभन्दा ज्यादा जोड दिने रह्यो ।

१९८५ मा गोर्वाचोभ सत्तामा आयो । उसले सोभियत संघकै विघटन र समाजवादको अन्तको बाटोतिर देशलाई लग्यो । सोभियत संघ र पूर्वी यूरोप्रमा प्रतिक्रान्तिको बाढी आयो । यसले जर्मन कम्युनिष्ट पार्टीमा ज्यादै ठूलो निराशा ल्यायो । त्यतिखेर यो पार्टीमा ५० हजारभन्दा ज्यादा पार्टी सदस्यहरू थिए । निराशिएर ९० प्रतिशत जति पार्टी सदस्यहरूले पार्टी छोडे । यो पार्टी-फूट थिएन, पार्टीकै विघटन थियो । अधिकांश युवाहरूले पार्टी छोडे, बूढा पुराना दृढ मान्छेहरू मात्र बाँकी रहे । यही कारणले त अहिले हाम्रो पार्टीमा बूढाहरूको आधिक्य र युवाहरूको खडेरी हुन गएको हो ।

अरू पार्टीहरूको कुरा गर्नु हुन्छ भने, हामीकहाँ तपाई थुप्रै कम्युनिष्ट मजदूर पार्टी भेट्नु हुन्छ । तिनीहरूमा एकजना मजदूर भेट्नु पनि मुश्किल हुन्छ । सबैमा विद्यार्थी र बुद्धिजीवीहरू मात्र हुन्छन् । माओवादी समूहहरूमा यस्तै हुन्छ । एउटा माओवादी पार्टीले त सन् १९८२ मा आफूलाई आधिकारिक रूपमा विघटन गर्‍यो- जर्मनीमा समाजवाद संभव छैन भनेर । ❑

# पूर्वी जर्मनीमा प्रतिक्रान्ति किन संभव भयो ?

-माइकल ओपर्लेस्की

यो प्रतिक्रान्तिको जरो कारण पनि उही हो, जुन सोभियत संघमा प्रतिक्रान्तिको जरो कारण हो। पार्टीको नेतृत्वले संशोधनवादी कार्यदिशा समात्नु र पार्टीप्रति जनताको विश्वास खत्तम हुनु नै पूर्वी जर्मनीमा समाजवाद ढल्नुको मुख्य कारण हो।

हरेक कुराका लागि बार्सा समूहका राष्ट्रहरूप्रति, विशेषतः सोभियत संघप्रति अत्याधिक निर्भरतालाई सहायक कारणका रूपमा लिन सकिन्छ। त्यस्तै, सोभियत संघमा १९५६ यता लगातार संशोधनवादी नेतृत्व हावी हुनु र त्यसको प्रभाव पर्नुलाई पनि सहायक कारणका रूपमा लिन सकिन्छ।

तर मूल कुरा त पार्टीले मार्क्सवादी विचारधारा नै अभ्यास गरेन, संशोधनवादी विचारधारा अभ्यास गऱ्यो। अनि, पार्टीले जनतासित एकाकार हुने काम नै गरेन। बहुसंख्यक जनता र पार्टी अलग्गियो। प्रतिक्रान्तिको आधारभूत कारण यही थियो।



नत्र प्रतिक्रान्तिका लागि सडकमा नै उत्रेका जनता त १० प्रतिशत पनि थिएनन्। त्यत्तिले समाजवाद पल्टाउनु संभव थिएन। तर ९० प्रतिशत जनता प्रतिक्रान्ति हुँदा तटस्थ बसे, किनभने उनीहरूको पूर्वी जर्मनीको कम्युनिष्ट पार्टीप्रति विश्वास टुटिसकेको थियो। यही कारणले समाजवाद ढल्दा उनीहरू त्यसको रक्षाको लागि सडकमा आएनन्। उनीहरू घर घरमै बसे। कतिपय त काममै गए। कोही सत्तामा आओस्, जाओस् उनीहरूले पर्वाह नै राखेनन्। यी कारणले त्यहाँ मुट्ठीभर प्रतिक्रान्तिकारीहरू पनि सफल भए, समाजवादी व्यवस्था ढाल्न।

तपाईंलाई एउटा चाखलाग्दो कुरा भनिदिउँ। पूर्वी जर्मनीको सरकार र पार्टीको पश्चिम जर्मनीका साम्राज्यवादी शासकहरूसित सम्बन्ध र साँठगाँठ समेत थियो। पछिल्लो समयमा पूर्वी जर्मनी र पश्चिम जर्मनीमा गरेर जम्मा ७ अरब डलर बराबरीको संयुक्त लगानीका उद्योगहरू संचालत थिए। नेतृत्व यसरी पूरै भ्रष्ट भइसकेको थियो, संशोधनवादको अभ्यासले गर्दा। उता साम्राज्यवादी पश्चिम जर्मनी पूर्वी जर्मनीका जनतालाई भड्काउन रेडियो र टेलिभिजन संचालन गर्थ्यो।

तपाई क्यूबालाई हेर्नुहोस्। निर्भरता त क्यूबाको पनि सोभियत संघप्रति ज्यादा थियो। तर क्यूबा ढलेन, किन ? किन सोभियत संघको विघटनले क्यूबाको समाजवाद धराशायी भएन ?

किनकि, क्यूबाको नेतृत्वमा संशोधनवादी विचलन थिएन। किनकि, क्यूबाको नेतृत्व त्यहाँको जनतासित एक ढिका थियो। कुनै पनि समस्या ऊ जनताबीच ल्याएर खुलेआम छलफल गर्थ्यो। जनताको आलोचना सुन्थ्यो। त्यसैले जनताको पनि नेतृत्वप्रति अगाध विश्वास थियो। त्यसैले, सारा नाकाबन्दीको बावजूद क्युबा ढलेन। यिनै चरित्र पूर्वी जर्मनीको नेतृत्वमा थिएन। त्यसैले त्यो ढल्यो। ❑

सदस्यहरू बृद्ध छन्। युवाहरू यसमा कम छन्। पार्टी सदस्यहरूको यही संरचनाले गर्दा यिनीहरू त्यति ज्यादा क्रियाशील छैनन्। वर्ग-संघर्षमा उनीहरूको सहभागिता नगण्य छ।

पूर्वी जर्मनी मै रहेको अर्को कम्युनिष्ट पार्टीको नाम हो- Party of Democratic Socialism अर्थात् **प्रजातान्त्रिक समाजवादी पार्टी**। यो पार्टी पहिलेको जर्मनीको समाजवादी एकता पार्टी (Socialist Unity Party of Germany) बाट सन् १९८९ मा नाम रूपान्तरण गरेर जन्मिएको हो। पूर्वी जर्मनीमा प्रतिक्रान्ति भएपछि उनीहरूले आफ्नो नाम बदलेका हुन्। यो पार्टी पहिलेको कम्युनिष्ट पार्टीबाट सामाजिक जनवादी चरित्रको पार्टीमा बदलिएको हो। तथापि, यसमा अझै पनि थुप्रै कम्युनिष्ट क्रान्तिकारीहरू बाँकी छन्। यीमध्ये कोही पार्टीमा भए पनि संगठित छैनन् र व्यक्तिगत सदस्यता मात्र लिएका छन्। कोही संगठित छन्, तर समाजवादी जनवादी पार्टीभित्र उनीहरूले अलग्गै कम्युनिष्ट प्लेटफर्म बनाएका छन्। यो पार्टीका सदस्यहरू केन्द्रीय संसदमा पनि पुगेका छन्। प्रदेशीय संसदमा पनि पुगेको छन्। तर उनीहरूको धेरैजसो पकड पहिलेको पूर्वी जर्मनीमा नै छ।

कम्युनिष्ट प्लेटफर्मका सदस्यहरूले हरेक महिनाको एक पटक बुलेटिन निकाल्छन्, केही पेजको। उनीहरूको नियमित पार्टी सदस्यता बैठक त हुने गर्दैन। तर बर्लिनमा उनीहरूको संयोजन केन्द्र छ, जसले उनीहरूलाई एकै ठाउँमा कायम गरिराख्छ।

त्यो प्लेटफर्मभित्र विचारधाराको हिसाबले एकमना एकता पैदा भएको देखिन्न। त्यसभित्र थुप्रै सोचका कम्युनिष्टहरू अटाएका छन्। यतिसम्म कि त्यसभित्र ट्राट्स्कीपन्थीहरू पनि छन्।

यसरी पार्टीहरू थुप्रै भए पनि जर्मनीको कम्युनिष्ट आन्दोलनमा अहिले दुइटा प्रमुख समस्या देखापरेका छन्।

एउटा समस्या हो- जर्मनीको कम्युनिष्ट आन्दोलनमा विद्यमान विचारधारात्मक र राजनैतिक अन्यौल। सबैजसो पार्टीमा अहिले दक्षिणपन्थी अवसरवाद छाएको छ। त्यहाँ अहिले व्यवस्थित विचारधारात्मक कामको जरूरी भएको छ, जसले दक्षिणपन्थी अवसरवादको प्रभुत्वलाई अन्त गरोस्।

अर्को समस्या हो, राम्रा राम्रा कम्युनिष्टहरू विभिन्न पार्टीमा छरिएर रहेका छन्। त्यसलाई कसरी एकै ठाउँमा ल्याउने भन्ने समस्या। एकथरि कम्युनिष्टहरू पूँजीवादी समाजमा छन्, जहाँ उनीहरू जन्मिएका र हुर्किएका थिए। अर्कोथरि तिनीहरू, जो समाजवादी समाजमा जन्मिएका र हुर्केका थिए। यी दुवैलाई एकै ठाउँमा ल्याउन केही समय लाग्ला जस्तो छ। किनभने, उनीहरूको सोच्ने ढंग, भाषा, मनोविज्ञान, अलग अलग छ।

यी दुई समस्यामध्ये पनि जेठो समस्या भनेको विचारधारात्मक अन्यौल नै हो, दक्षिणपन्थी अवसरवादको प्रधानता नै हो।

## MLPD पार्टी बारे

यो पार्टी कट्टर माओवादी पार्टी हो। मैले अघि गणना अयोग्य पार्टीहरूको जुन उल्लेख गरें, यो पार्टी त्यही श्रेणीमा पर्छ।

यो पार्टीले आफूलाई अहिले ट्राट्स्कीपन्थी पार्टीमा रूपान्तरित गर्दैछ। डेढ वर्षअघि उनीहरूले सम्पन्न गरेको पार्टी महाधिवेशनमा उनीहरूले के धारणा अघि सारे भने, एउटा मात्र मुलुकमा क्रान्ति गर्नु असंभव छ। त्यसैले, विश्वक्रान्ति' गरिनुपर्छ, विश्वभरिका कम्युनिष्ट क्रान्तिकारीहरू एक भएर एक्कै चोटी विश्वमा क्रान्ति सम्पन्न गर्नु पर्छ।

# जर्मन कम्युनिष्ट पार्टी

जर्मन कम्युनिष्ट पार्टी सेप्टेम्बर १९६८ मा अस्तित्वमा आएको हो। यो पार्टीलाई पश्चिम जर्मनीको पुरानो कम्युनिष्ट पार्टी- कम्युनिष्ट पार्टी अफ जर्मनीको उत्तराधिकारी मानिन्छ। तर जर्मनीको नयाँ संविधानलाई स्वीकार्न इन्कार गरेबापत सन् १९५६ मा यसमाथि प्रतिबन्ध लाग्यो। थुप्रै वर्ष भूमिगत रूपमा काम गरेपछि संविधानसम्मत ढंगले चल्ने कुरामा सरकारसित संझौता गरेपछि सन् १९६८ मा सरकारले नयाँ नाममा पार्टी खोल्ने अनुमति दियो। त्यो नाम हो- **जर्मन कम्युनिष्ट पार्टी**।

जर्मन कम्युनिष्ट पार्टीले अप्रिल १९६९ मा आफ्नो पार्टीको स्थापना महाधिवेशन सम्पन्न गऱ्यो। त्यतिखेर यसको पार्टी सदस्यता २२ हजार रहेको बताइन्छ। यो महाधिवेशनबाट क. कुर्त व्याक्मान पार्टी अध्यक्ष चुनिए। सन् १९७३ देखि उनको स्थान क. हर्वर्ट मिएसले लिए, जो अक्टोबर १९८९ सम्म अध्यक्ष रहिरहे।

मार्च १९९० मा सम्पन्न पार्टीको दशौं महाधिवेशनदेखि चाहिं ४ जनाको परिषद्‌ले पार्टीको नेतृत्व गरिरहेको बताइन्छ।

जर्मन कम्युनिष्ट पार्टीको माउ **कम्युनिष्ट पार्टी अफ जर्मनी** चाहिं ३१ डिसेम्बर १९१८ मा स्थापना भएको थियो। सोसल डेमोक्रेटिक पार्टी अफ जर्मनी (SPD) बाट फुटेका वामपन्थी स्पार्टाकान क्रान्तिकारीहरूले यो पार्टीको स्थापना गरेका थिए।

यो पार्टी पूँजीवादी वाइमर गणतन्त्रको अन्त समाजवादी क्रान्तिद्वारा गर्ने पक्षमा थियो। जर्मनीमा यो पार्टी अति शक्तिशाली र लोकप्रिय थियो। यो जर्मनीकै तेस्रो सबैभन्दा ठूलो पार्टी भएको थियो। यो पार्टीले जर्मनीमा क्रान्ति सम्पन्न गर्ने कुरा अवश्यंभावी देखेर पूँजीपतिहरू निकै अत्तालिए। उनीहरूले यसैनिम्ति पनि फाशिष्ट शक्तिका हातमा सत्ता सुम्पे। फाशिष्ट शासकहरूले यो कम्युनिष्ट शक्तिमाथि निर्मम दमन गरे। यसका अधिकांश नेता कार्यकर्ताहरू उनीहरूको कन्सेन्ट्रेशन क्याम्पमा मारिए। कोही निर्वासनमा भागे। पार्टी तहसनहस भयो।

दोस्रो विश्वयुद्धपछि KDP वैधानिक त भयो, तर पहिले झैं शक्तिशाली रहेन। १९५६ मा यही पार्टीमाथि पनि प्रतिबन्ध लाग्यो र यो भूमिगत जान बाध्य हुनुपऱ्यो। ❑

## प्रजातान्त्रिक समाजवादी पार्टी

**यो** पार्टीको पहिलेको नाम जर्मनीको समाजवादी एकता पार्टी (Socialist Unity Party of Germany-SUPG) थियो। SUPG को गठन अप्रिल २२, १९४६ मा भएको थियो। सोभियत संघले पूर्वी जर्मनी कब्जा गरेपछि सोभियत संघकै दवाबमा पहिलेका कम्युनिष्टहरू र सोसल डेमोक्र्याटहरूलाई एकै ठाउँमा मिलाएर यो पार्टीको गठन गरिएको थियो।

यो पार्टीले चार दशकभन्दा ज्यादा समयसम्म पूर्वी जर्मनीमा शासन चलायो। एरिक होनेकर यही पार्टीका महासचिव थिए।

तर १९८९ मा पूर्वी जर्मनीको सरकार विरूद्ध जनताले आन्दोलन चलाएपछि अक्टोबर १८ मा एरिक होनेकरले राजिनामा दिए। डिसेम्बर ९ मा भएको पार्टीको आपतकालीन महाधिवेशनले मार्क्सवादलाई तिलाञ्जली दिने र पार्टीको नाम पनि बदल्ने निर्णय गऱ्यो। त्यो नाम हो- प्रजातान्त्रिक समाजवादी पार्टी अर्थात् Party of Democratic Socialism. ❑

सारमा, यो विचार ट्राट्स्कीपन्थी विचार हो।

पहिले यो पार्टी मार्क्स, एंगेल्स, लेनिन, स्टालीन, माओलाई निकै मान्दथ्यो। अहिले आएर यो स्टालीनप्रति बढी आलोचक हुन थालेको छ।

यो पार्टीको प्रभाव अहिले धमाधम गुम्दैछ। ५-६ वर्षअघि उनीहरू थुप्रै शहरमा निकै क्रियाशील देखिन्थे। अहिले उनीहरूलाई भेट्टाउनै मुश्किल भएको छ। उनीहरूको प्रभाव क्षेत्र मध्य जर्मनीमा छ। त्यहाँ उनीहरूका पेशेवर कार्यकर्ताहरू पनि छन्। नियमित बैठकरू पनि हुन्छन्। तर अरू शहरमा उनीहरू शिला खोज्दा पनि भेटिन्नन्।

### जर्मनीका विभिन्न कम्युनिष्ट पार्टीका समानता र भिन्नताहरू

जर्मनीमा कम्युनिष्ट पार्टीहरूबीच अलि अलि भिन्नता छ। तर सबै पार्टीहरूमा लगभग समानता भेटिन्छ।

-सबै पार्टीका अधिकांश सदस्यहरू बूढा छन्।

-पार्टीमा युवा कम भेटिन्छन्।

-कुनै पार्टीको पनि मजदूर वर्गमा जरा भेटिन्न।

-वर्ग संघर्षमा सबैको या त शून्य या कम सहभागिता भेटिन्छ।

-सबै पार्टीमा दक्षिणपन्थी अवसरवादको बोलवाला भेटिन्छ।

-सबैमा विचारधारात्मक अन्यौल भेटिन्छ।

यसमा थोरै भिन्नता जर्मनीको कम्युनिष्ट पार्टी Communist Party of Germany मा भेटिन्छ। यसमा दक्षिणपन्थी अवसरवाद त्यति भेटिन्न। विचारधारात्मक अन्यौल पनि थोरै र कहिलेकाहीं मात्रै देखिन्छ।

रैना र म **जर्मन कम्युनिष्ट पार्टी**मा छौं। तर हाम्रो लागि कुनै विकल्प नै छैन। हाम्रो पार्टी दक्षिणपन्थी अवसरवादले ग्रस्त छ। तर हामी पश्चिम जर्मनीमा जन्मेका मान्छेलाई अर्को कुनै कम्युनिष्ट पार्टी विकल्पका रूपमा उपलब्ध छैन। पूर्वी जर्मनीमा त्यस्तो विकल्प छ। त्यहाँ तपाईं या त प्रजातान्त्रिक समाजवादी पार्टीको कम्युनिष्ट प्लेटफर्ममा रहन सक्नु हुन्छ, या कम्युनिष्ट पार्टी अफ जर्मनीमा। यहाँ त एउटा पार्टी छ- जर्मन कम्युनिष्ट पार्टी।

जन संघर्षको कुरा गर्ने हो भने, गएको ५ वर्षमा कुनै एउटा जनसंघर्ष पनि हाम्रो पार्टीले उठान गरेको छैन। पार्टीका खास खास सदस्यहरूले व्यक्तिगत हैसियतमा कुनै कुनै संघर्षमा भाग लिएका छन् र मन्चमा सहभागी भएका छन्। जस्तो, क्यूबा-ऐक्यबद्धता आन्दोलनमा थुप्रै सदस्यहरू क्रियाशील छन्। केही साम्राज्यवादविरोधी मंचमा क्रियाशील छन्। कतिपय ट्रेड यूनियनमा जुझारू मजदूरका रूपमा पनि कोही छन्। नागरिक अधिकार आन्दोलनमा पनि कोही कोही छन्। तर यो सब सहभागिता व्यक्तिगत हैसियतमा भइरहेको छ। पार्टीगत हैसियतबाट यस्ता आन्दोलनमा सहभागिता छैन।

यूरोपमा सबैतिर यही रोग छ- वर्ग संघर्षमा र नागरिक आन्दोलनमा कम्युनिष्ट पार्टी गायब छ। यही रोग जर्मनीमा पनि छ।

ग्रीसको कम्युनिष्ट पार्टी यसको अपवादको रूपमा देखिन्छ। ग्रीसको कम्युनिष्ट पार्टी (Communist Party of Greece) धेरै बलवान छ। त्यो पार्टीको सदस्यता संख्या एक लाख २० हजार छ। तर उनीहरूको मूल ध्याउन्ना जनआन्दोलन विकास गर्नु, मजदूर वर्गको आन्दोलन विकास गर्नुमा देखिन्छ। उनीहरू मजदूरहरूको हड्तालको नेतृत्व गरिरहेका हुन्छन्। ट्रेड यूनियन आन्दोलनमा उनीहरू धेरै नै प्रभावकारी छन्। उनीहरू जुझारू छन्। पूँजीवादी संसदबारे उनीहरूसित कुनै भ्रम छैन। उनीहरू शान्तिपूर्ण ढंगले क्रान्ति गर्ने कुरा गर्दैनन्। उनीहरू अहिले साम्राज्यवादविरोधी क्रान्तिकारी मोर्चा विकास गर्न लागिरहेछन् ता कि ग्रीसमा समाजवादी क्रान्ति सम्पन्न गर्न सकियोस्। सर्वहारा वर्गको अधिनायकत्व कायम गर्न सकियोस्।

त्यो बाहेक अन्यत्र कम्युनिष्ट आन्दोलन निकै कमजोर छ। जर्मनी पनि त्यसमध्ये एक हो। ❑

# विश्वका विभिन्न कम्युनिष्ट पार्टीहरुका महाधिवेशन नै महाधिवेशनहरु

❑ पूँजीवादी र साम्राज्यवादीहरूको विश्वव्यापी हमला जति जति बढ्दो छ, त्यति त्यति नै विश्वभरिका कम्युनिष्टहरू प्रतिरोध आन्दोलन चलाउँदै समाजवादी विचारलाई आ-आफ्नो देशमा फलाउन फुलाउन संघर्षरत हुँदै आइरहेका छन्। भर्खरै सम्पन्न अस्ट्रियाको कम्युनिष्ट पार्टी Communist party of Austria) को तीसौं महाधिवेशनले पनि पूँजीवादी र साम्राज्यवादीहरूको आक्रमणका विरूद्ध श्रमिक संघर्ष चलाउने दृढता व्यक्त गरेको छ। यूरोपको सन्दर्भमा जर्मनी र फ्रान्स जस्ता साम्राज्यवादी राष्ट्रहरूको अगुवाईमा यूरोपीय यूनियन बनाउने, मास्ट्री सन्धि लागू गर्ने, एउटै मुद्रा थोपर्ने र नाटो (NATO) लाई पूर्वतिर विस्तार गर्ने अभियान चलिरहेको यसबेला सम्पूर्ण वामपन्थी र प्रगतिशील शक्तिहरूको एकताबद्ध संघर्ष चलाउने फैसला यसले गरेको छ। आफ्नो देशको तटस्थतालाई बचाइराख्न र श्रमिकहरूको हक-हितका लागि संघर्ष गर्दै आइरहेको अस्ट्रियाको कम्युनिष्ट पार्टीको तीसौं महाधिवेशनले श्रमिक वर्गमा नयाँ रक्त संचार गरेको समाचार छ।

## ब्राजिलको कम्युनिष्ट पार्टीको नवौं महाधिवेशन

सोभियत संघमुखी दक्षिणपन्थी भासदेखि एकलकाँटे छापामार संघर्षको उग्रवामपन्थी खाडलमा समेत जाकिसकेको ब्राजिलको कम्युनिष्ट आन्दोलन अहिलेसम्म पनि राम्ररी अघि बढ्न सकिरहेको छैन। पहिले सोभियत संघमुखी कम्युनिष्ट पार्टीका रूपमा चर्चित ब्राजिलको कम्युनिष्ट पार्टीले सोभियत संघको विघटनपछि अलिकति फरक ढंगले पाइला चालिरहेको स्थितिबीच त्यस पार्टीको नवौं महाधिवेशन सम्पन्न भएको समाचार छ।

यस पार्टीले विगतमा अमेरिकी साम्राज्यवाद समर्थित सैनिक शासनलाई हटाएर पूँजीवादी प्रजातान्त्रिक व्यवस्था पुनर्स्थापना गर्ने काममा महत्वपूर्ण भूमिका खेलेको थियो। अहिलेको पूँजीवादी शासनका विरूद्ध, त्यसका जनविरोधी, राष्ट्रविरोधी काम-कारवाहीहरूका विरूद्ध प्रजातान्त्रिक र वामपन्थी शक्तिहरूको संयुक्त जनआन्दोलन सिर्जना गर्न यसले प्रयत्न गरिरहेको छ। नवौं महाधिवेशनले यही प्रयत्नलाई जोडदार ढंगले उठाउने र श्रमिकहरूको मुक्तिका लागि संघर्ष छेड्ने घोषणा गरेको छ।

ब्राजिलमा यस कम्युनिष्ट पार्टीभन्दा विस्तृत जनाधार भएको, संघर्षशील छवि भएको वामपन्थीहरूको पार्टी वर्कर्स पार्टी अफ ब्राजिल (PTB) ले राष्ट्रिय राजनीतिमा समेत सशक्त हस्तक्षेप गर्दै आइरहेको तथ्य यहाँ स्मरणीय छ।

## वाराणसीमा भाकपा (माले) लिवरेशन समूहको छैठौं महाधिवेशन

भारतको नक्सलवादी आन्दोलनको एउटा प्रमुख धारको रूपमा विकसित



**भाकपा माले लिवरेशनका पुनर्निवाचित महासचिव क. विनोद मिश्र**

भइरहेको भाकपा (माले)- लिवरेशन समूहको छैठौं महाधिवेशन गत अक्टोबर २०-२६ सम्म वाराणसीमा सम्पन्न भएको छ।

भाकपा (CPI) र भाकपा (CPI-M) को दक्षिणपन्थी र अक्रान्तिकारी नीति र व्यवहारका विरूद्ध विद्रोह गरेर नक्सलवादी किसान आन्दोलन चलाउनु हुने क. चारू मजुमदार यस पार्टीका संस्थापक हुनुहुन्थ्यो। सशस्त्र किसान आन्दोलनको नाममा शुरू भएको नक्सलवादी आन्दोलनको असफलतापछि नक्सलवादी पार्टीको रूपमा विकसित भएको भारतीय कम्युनिष्ट पार्टी, मार्क्सवादी-लेनिनवादी (भाकपा-माले) पनि दर्जनौं-दर्जन समूहमा विभाजित भएको थियो।

१९६९ मा स्थापित भाकपा (माले) को १९७० मा सम्पन्न प्रथम महाधिवेशनदेखि अहिलेसम्मको यात्रामा

**दक्षिणपन्थी भासदेखि उग्रवामपन्थी खाडलमा समेत जाकिसकेको ब्राजिलको कम्युनिष्ट आन्दोलन अहिलेसम्म पनि राम्ररी अघि बढ्न सकिरहेको छैन।**



भाकपा (माले)- लिबरेशन समूहले क. विनोद मिश्रको नेतृत्वमा विशेषतः बिहार केन्द्रित जनसंघर्ष चलाउँदै आइरहेको छ। आफ्नो पहिलेको छापामार दस्तालाई धेरैजसो क्षेत्रमा विघटन गरी संसदीय राजनीति र सडक संघर्षमा उत्रिरहेको यस पार्टीले अहिले अर्को हिन्दी भाषी क्षेत्र- उत्तर प्रदेशतिर संगठन विस्तार गर्दैछ। यही विस्तारलाई ध्यानमा राखेर वाराणसीमा आफ्नो छैठौं महाधिवेशन गरेको यस पार्टीले भारतभरिको ठूलो वामपन्थी शक्ति बन्ने आकांक्षा समेत लिएको छ र यस दिशामा यो क्रियाशील छ। ❑

## बेलोरुसको कम्युनिष्ट पार्टीको ३४ औं महाधिवेशन

सोभियत संघको विघटनको घाऊ सुमसुम्याउँदै, समाजवादको पराजयको पीडा सहँदै बेलोरूसको कम्युनिष्ट पार्टी Communist party of Belorussia) ले आफ्नो ३४ औं महाधिवेशन सम्पन्न गरेको छ। पूँजीवादी र साम्राज्यवादी-हरूको वैचारिक-सांस्कृतिक आक्रमणको प्रतिरोध गर्दै यस पार्टीले गत वर्ष ३३ औं महाधिवेशन गरेको थियो।

विगत १ वर्षभित्र यस पार्टीले आफ्नो संगठन-शक्ति विस्तार गर्न प्रान्तीय, क्षेत्रीय र नगरस्तरीय पार्टी कमिटीहरू निर्माण गर्ने र देशव्यापी सांगठनिक जालो निर्माण गर्ने कार्य सम्पन्न गरेको थियो। अहिलेको महाधिवेशनले ती नवनिर्मित संगठनहरूलाई सुदृढ गर्न नयाँ विधान निर्माण गर्ने र नयाँ पार्टी कार्यक्रम अनुमोदन गर्ने कार्य सफलतापूर्वक टुंग्याएको छ।

साम्राज्यवादीहरूको आक्रमण र हस्तक्षेप भइरहेको पूर्व सोभियत गणराज्य बेलोरूसमा कम्युनिष्ट पार्टीलाई पुनर्स्थापित गरेर सशक्त जन-संघर्ष चलाउनु भनेको निकै कठीन काम हो। तथापि, बेलोरूसको कम्युनिष्ट पार्टीले यो कठीन कामलाई आफ्नो काँधमा लिई अगाडि बढ्ने संकल्प लिएको छ। हेरौं, यो पार्टीले सोभियत संघकालमा खुश्चेभदेखि गोर्वाचोभसम्मले लिएको संशोधनवादी लाइन त्यागेर सच्चा मार्क्सवादी-लेनिनवादी ढंगले कसरी काम गर्दछ र जनसंघर्षको उत्थान कसरी गर्दछ ?

❑

विज्ञान/प्रविधि

# 'बर्ड फ्लू' के हो ?

करीब तीन महिना अगाडि हङ्कङ्गमा 'बर्ड फ्लू' नामक रोगले ६ जना मानिसको ज्यान लियो र दर्जनौं मानिसहरू त्यस रोगबाट सख्त बिरामी भए। कुखुराबाट मानिसमा सरेको भनिएको त्यस खतरनाक रोगबाट बच्न र बचाउन हङ्कङ्गमा करीब १५ लाख कुखुराहरूलाई मारेर फाल्ने काम गरियो। कुखुरा व्यवसायसंग सम्बन्धित हज्जारौं व्यक्तिहरूले आफ्नो व्यवसायबाट हात धुनु पर्‍यो। हङ्कङ्गले करोडौं हङ्कङ्ग डलरको नोक्सानी सहनु पर्‍यो। कहीं हङ्कङ्गमा फैलिएको 'बर्ड फ्लू' संसारभरि नै महामारीको रूपमा फैलिने पो हो कि भन्ने आशंकाले विश्वका सबै मानिसहरूलाई त्रसित तुल्यायो।

वैज्ञानिकहरूले त्यो रोगलाई हङ्कङ्गमै सीमित राख्ने प्रयत्न जारी राखे। अहिले त्यो रोग नियन्त्रणमा आइसकेको छ।

त्यत्रो त्रास फैलाउने 'बर्ड फ्लू' नामक त्यो रोग साँच्चै कस्तो रोग हो त ?

**'फ्लू'** अर्थात् 'इन्फ्लुन्जा' एक प्रकारको भाइरस अर्थात् विषाणुको कारणबाट लाग्ने रोग हो। पशुपंछीबाट सर्ने यो रोग ३/४ सय वर्ष पुरानो रोग हो। चीनमा क्विंग राजवंश (१६४४-१९११ सन्) को पालामा घरमा पालिराखेका हाँसहरूमा यो रोग देखापरेको र त्यसबाट सुँगुर हुँदै मानिसमा सरेको अभिलेख पाइएको छ।

इतिहासमा हेर्दा सर्वप्रथम सन् १६१० मा 'फ्लू' ले महामारीको रूप लिएको देखिन्छ। त्यसपछि सन् १८८९-९० मा फ्लूको महामारी फैलियो भने सन् १९१८ मा फैलिएको फ्लूको महामारीले इतिहासमा सबभन्दा भयानक रूप लिएको मानिन्छ। त्यस महामारीमा विश्वका करीब २ करोड मान्छेको ज्यान गयो भने भारतमा मात्रै १ करोड २५ लाख मानिसहरूले ज्यान गुमाए। अमेरिकामा ५ लाख ५० हजार मानिसहरूले ज्यान गुमाए। १९१८ को 'फ्लू' सुँगुरबाट मानिसमा फैलिएको थियो र त्यसलाई 'स्पेनिश फ्लू' भनी नामाकरण गरिएको थियो। त्यस्तै, सन् १९५७ मा फैलिएको 'फ्लू' को महामारीले ९८००० मानिसहरूको ज्यान लियो भने सन् १९६८ मा पनि हङ्कङ्गबाट नै फैलिएको 'फ्लू' को महामारीले करीब ७ लाख मानिसहरूको ज्यान लिएको थियो।

### 'फ्लू' को लक्षण के हो ?

एक विशेष खालको भाइरसको संक्रमणबाट लाग्ने यो रोगको प्रमुख असर मानिसको श्वास नलीमा हुन्छ। भाइरसले श्वासनलीको बाहिरी छाला (तह) का कोषिकाहरूलाई नष्ट गरिदिन्छ र यसबाट रोगीले अचानक नै जाडो महसुस गर्छ। साथसाथै रोगीले थकाइ अनुभव गर्दछ।

संक्रमण बढ्दै गएपछि रोगीको ज्वरो बढेर १०१ देखि १०४ डिग्री फरेनहाइटसम्म पुग्न जान्छ। र, रोगीलाई टाउको दुखेको चर्को अनुभव हुन्छ भने खोकी लाग्नुका साथै घाँटीमा पोलाइ महसुस हुन्छ। त्यस्तै नाकबाट पातलो सिंगान बग्छ। शरीरले यो संक्रमणलाई पचाउन सक्यो भने ३-४ दिनमै रोगीको ज्वरो घट्न थाल्छ र उसलाई आराम महसुस हुन्छ। तर, संक्रमण रोकिएन भने न्यूमोनियाले ग्रस्त भई रोगीको मृत्यु पनि हुन सक्दछ।



'फ्लू' का भाइरसहरू 'ए', 'बी' र 'सी' गरी तीन प्रकारका रहेका छन्। वैज्ञानिकहरूले 'ए' र 'बी' प्रकारका भाइरसहरू विरूद्धको खोप पनि बनाएका छन्। गजबको कुरा के छ भने, रोगका अन्य भाइरसको सन्दर्भमा एक पटक खोप दिएपछि शरीरमा प्रतिरक्षाको लागि 'एण्टीबडी' उत्पादन भई पुन: रोग लाग्न नसक्ने हुन्छ, तर 'फ्लू' का भाइरसहरूलाई भने खोप लिएर पनि नियन्त्रण गर्न सकिएको छैन। यसको कारण के हो भने, 'फ्लू' का भाइरसहरूले प्रत्येक पटक आक्रमण गर्दा आफ्नो रूपलाई बदलेर नयाँ र उन्नत शक्ति थपेका हुन्छन्।

'फ्लू' को भाइरसका सतहहरूमा दुई प्रकारका पदार्थहरू पाइएका छन्। ती हुन्- हीमोग्लूटिनिन र न्यूरामिनिडेसी। हाम्रो शरीरमा हीमोग्लूटिनिनको सहायताले 'फ्लू'को भाइरस रातो रक्त कणिकाको सतहमा पाइने ग्लाइको प्रोटिनसंग टाँसिन पुग्दछ। र, न्यूरामिनिडेसले भाइरसलाई रातो रक्तकणिकाको सतहबाट छुटाउने काम गर्दछ। यस क्रममा 'फ्लू'को भाइरसले शरीरका कोशिकाहरू भित्रको रचनालाई नै फेरबदल गरिदिन्छ।

'फ्लू'का प्रजातिहरूमध्ये 'ए' प्रजातिका भाइरसहरू सबभन्दा बढी आक्रमक हुन्छन्। यो प्रकारको भाइरस २/३ वर्षको अन्तरालमा देखापर्दछ भने 'बि' प्रकारको प्रजाति पहिलेको तुलनामा कम आक्रमक हुन्छ। यो ४/५ वर्षको अन्तरालमा मात्र देखापर्दछ।

'फ्लू'का दुई भिन्न भाइरसहरू मिलेर नयाँ प्रकारको भाइरस पनि बन्ने गर्छ।

**'फ्लू' का भाइरसहरुलाई भने खोप लिएर पनि नियन्त्रण गर्न सकिएको छैन।**

खास गरिकन पशुहरूलाई आक्रमण गर्ने भाइरस र मानिसलाई आक्रमण गर्ने भाइरस मिलेर तेस्रो प्रकारको नयाँ भाइरसको जन्म हुने गर्दछ। यो तेस्रो प्रकारको भाइरसमा पहिलेका दुवै प्रकारका भाइरसहरूमा पाइने खतरनाक सबै दुर्गुणहरू समावेश भएका हुन्छन्। त्यसैले यो तेस्रो प्रकारको भाइरस अघिल्ला भाइरसहरू भन्दा दुई गुणा बढ्ता शक्तिशाली र हानिकारक हुन्छ। वैज्ञानिकहरूका अनुसार 'आनुवंशिक संरचना' मा नै फेरबदल आउने भएकोले यो तेस्रो प्रकारको भाइरस बढी शक्तिशाली र हानीकारक भएको छ।

अहिलेसम्म कुखुराबाट मान्छेमा 'फ्लू' सरेको इतिहास थिएन र यसरी कुखुराबाट पनि 'फ्लू' मानिसमा सर्छ भन्ने कुरा हङ्कङ्गको घटनाले मात्र पुष्टि भएको हो। हङ्कङ्गमा फैलिएको 'बर्ड फ्लू' अर्थात् पंछीबाट सर्ने 'फ्लू' 'ए' प्रजातिका भाइरसको H5N1 रूपबाट भएको कुरा अनुसन्धानकर्ताहरूले पत्ता लगाएका छन्।

**-तुल्सीदास महर्जन**

सन्दर्भ स्रोत : विज्ञान प्रगति र Down to Earth

# नून-चिनी-पानी माथि बन्देजको राजनीति



# यो साम्राज्यवादी चाल नभए के हो त ?



◆ डा. शरद वन्त

मूल्यांकनको ५० औं अंकमा "स्वास्थ्यमा साम्राज्यवाद कसरी पसिरहेछ ?" विषयमा प्रस्तुत भएको अन्तरक्रिया कार्यक्रम अन्तर्गत नून-चिनी-पानीको सन्दर्भलाई लिएर मूल्यांकनको ५१ औं अंकमा "नून-चिनी-पानी साम्राज्यवादीहरूको शिकार बनेको होइन" भन्ने शीर्षकमा कविताराम श्रेष्ठज्यूको प्रतिक्रिया प्रकाशित भएको थियो । अन्तरक्रियामा उठेका र छलफल भएका बुँदाहरूले जनमानसमा घातक भ्रम फैलाउन सक्छ भनेर त्यसको समयमै रोकथाम गर्नको लागि उहाँले उक्त प्रतिक्रिया लेख्नु भएको कुरा व्यक्त गर्नुभएको छ । कवितारामज्यूले त्यसमा उठाउनु भएको महत्वपूर्ण सवाल 'नून-चिनी-पानी साम्राज्यवादीहरूको शिकार भएको होइन' भन्ने तर्क ज्यादै गम्भीर भएकोले मैले यो टिप्पणी गर्नु आवश्यक ठानेको हुँ । नेपालमा नून-चिनी-पानीको प्रयोगलाई रोक लगाउने नीति निर्माणमा समेत उहाँको विशेषज्ञको हैसियतले संलग्नता रहेको कारणले पनि यसबारे अझ बढी टीका-टिप्पणी होस् भन्ने चाहन्छु । यहाँ म उहाँलाई आपत्ति भएका दुई बुँदाहरूलाई स्पष्ट पार्ने प्रयास गर्दै केही थप जानकारीको लागि उहाँलाई अनुरोध गर्दछु !

### पहिलो बुँदाः नून-चिनी-पानीको घोलमा कुनै पनि एकको मात्रामा घटबढले केही फरक पार्दैन !

यो अभिव्यक्ति अन्तरक्रियामा अत्यन्तै सापेक्षिक (Relative) अर्थमा प्रयोग गरिएको हो ! यो सन्दर्भ यस कारणले त्यहाँ उठाइएको थियो कि, नून-चिनी-पानीको प्रयोगमा रोक लगाउने नीतिको मूल कडी नै नेपालीहरूले नून-चिनी-पानी तयार गर्दा मात्रा घटी-बढी हुने गर्छ भन्ने थियो ।

पहिलो कुरा, प्रतिक्रियामा कवितारामज्यूले त्यस्तो घटबढ प्राणघातक नै हुन सक्छ भनेर जुन डरलागदो तस्वीर प्रस्तुत गर्नुभएको छ, त्यो स्थिति मात्रा घटबढको चरमसीमाको मात्र हो । नून चिनीको मात्रामा निकै ठूलो घटबढ हुँदा, विशेषतः नूनको मात्रा अत्यधिक बढी भएमा Hypernatremia बाट मृत्यु हुन सक्ने संभावना सैद्धान्तिक हिसाबले बिलकुल सही हो । तर मुखबाट खान दिएको घोलले त्यो मृत्युको स्थिति कति खेर आउन सक्छ र संसारभरि त्यस्ता घातक केसहरू कति भएका छन् भन्ने मेरो ज्ञानमा छैन । र, म विश्वास गर्छु कि कवितारामज्यूसंग यसको तथ्यांक हुनै पर्छ !

अर्को कुरा, सिद्धान्तको कुरा गर्ने हो भने, यो खालि नून-चिनी-पानीमा मात्रै होइन, प्याकेटको जीवनजल अर्थात् ORS मा पनि निश्चय नै लागू हुन्छ । नशाबाट अत्यधिक मात्रामा स्लाइन (I.V. Fluid) दिंदा Hypernatremia हुने संभावना झन् बढी हुन्छ ! उहाँले प्रस्तुत गर्नु भएको ORS का अन्य सैद्धान्तिक कुराहरूबारे यहाँ छलफल गर्न आवश्यक छैन, किनकि ती कुराहरू आजसम्म थाहा भएअनुसार बिलकुल सही छन् र चिकित्साशास्त्रका थुप्रै पाठ्यपुस्तकहरूमा पाइन्छन् ।

यो त स्पष्टै छ, कुनै पनि औषधि बनाउँदा त्यसको प्रभावकारिता हासिल गर्न र त्यो सुरक्षित हुन त्यसमा हुनुपर्ने तत्व (ingredient) हरू ठीक ठीक मात्रामा हुनुपर्छ ! नून-चिनी-पानी पनि एउटा औषधी नै हो । यो त्यसको अपवाद हुन सक्दैन । चर्चा नून-चिनी-पानीको प्रभावकारिताको उठेको होइन, चर्चा यसको मात्रा घटबढको उठेको छ । त्यसमा पनि, प्रमुख सवाल यसमाथि रोक लगाइएको 'कारण' हो ।

यहाँ के कुरा एकपटक दोहोऱ्याउन जरूरी छ भने, नेपालमा नून-चिनी-पानीको प्रयोगमाथि रोक यस कारणले लगाइयो कि ३३% नेपाली आमाहरूले नून-चिनी-पानीको घोल यति गलत तरीकाले बनाउँछन् कि त्यो प्राणघातक नै हुन्छ । र, कवितारामज्यूका अनुसार, यो निष्कर्ष १९८७ अथवा १० वर्षभन्दा अघि नै निस्किइसकेको थियो ।

अब हामी संक्षेपमा हेरौं- नेपालमा झाडा पखाला र Oral Rehydration Therapy (ORT– नून-चिनी-पानी वा प्याकेट वा दुवै) को प्रयोगको स्थिति कस्तो छ ?

युनिसेफको प्रतिवेदनअनुसार, नेपालमा केवल २१% बालकहरूले मात्र झाडा पखाला लागेको बेला ORT प्राप्त गर्छन् । (हेर्नुहोस्, Children and Women in Nepal, UNICEF 1996) १९९६ कै Nepal Family Health Survey को प्रतिवेदन अनुसार भने, ३ वर्षमुनिका झाडा पखाला लागेका बच्चाहरूमा २८.६% ले ORT प्राप्त गर्दछन् । त्यसमध्ये नून-चिनी-पानी प्रयोग गर्ने बालकहरू ४.२ प्रतिशत मात्र छन् (हेर्नुहोस NFHS, 1996) १९९० मा ORT प्रयोग गर्नेहरू १४% मात्र थिए ।

अब अनुमान लगाऔं- प्रत्येक वर्ष झाडा पखालाबाट नेपालमा पाँच वर्षमुनिका ४३,३०० बालकहरूको मृत्यु हुनेमा कति मृत्यु नून-चिनी-पानी नपाएर भयो होला र

कति मृत्यु नून-चिनी-पानीको 'घातक' तयारीको कारणले भयो होला ?! यसको आँकडा पनि तत् सम्बन्धित व्यक्ति वा संस्थासंग निश्चय नै होला र त्यो सार्वजनिक गरिनुपर्छ ।

एक पटक फेरि कुरा उठाउन जरूरी लागेको सवाल के हो भने, घातक परिणाम नून-चिनी-पानीबाट मात्रै होइन, गलत तरिकाले बनाइयो र प्रयोग भयो भने प्याकेटकै जीवनजल वा ORS बाट पनि हुन सक्छ । ORS को प्याकेटको धूलोमा ठीक्क मात्रामा पानी मिसाइएन भने, त्यो पनि त्यत्तिकै घातक हुन्छ, जति नून-चिनी-पानीको मात्रा ठीक भएन भने हुन्छ । यदि तथ्य यस्तो हो भने, गलत तरिकाले बन्न सक्छ भन्ने नाममा नून-चिनी-पानीमाथि मात्रै यत्रो पक्षपात किन ? कवितारामज्यू कसरी विश्वस्त हुन सक्नुहुन्छ कि बहुसंख्यक नेपालीहरूले नून-चिनी पानीको तुलनामा जीवनजल वा ORS को प्याकेट बढी मात्रामा सही ढंगले तयार गर्छन् र सही ढंगले प्रयोग गर्छन् नै भनेर ?

तुलनाको लागि युनिसेफको प्रतिवेदनमा समावेश विश्व स्वास्थ्य संघ र स्वास्थ्य मन्त्रालयको यो तथ्यांक हेरौं तालिकामा ।

**तालिका**

| | तराई | मध्य पहाड |
|---|---|---|
| सही तरिकाले ORS प्याकेट तयार गर्ने | २२.२% | ३२.०% |
| सही तरिकाले नून-चिनी-पानी तयार गर्ने | -२५.०% | ११.१% |
| सही तरीकाले ORS प्याकेट प्रयोग गर्ने | १.५% | ३.०% |
| सही तरीकाले नून-चिनी-पानी प्रयोग गर्ने | १.५% | ०.६% |

यहाँ तयार गर्ने र प्रयोग गर्नेको बीचको भिन्नता स्पष्ट हुनु जरूरी छ । सही तरीकाले तयार गर्नु मात्र पर्याप्त छैन । त्यसको प्रभावकारिताको लागि सही तरीकाले प्रयोग गर्नु पनि उत्तिकै अनिवार्य हुन्छ । अन्यथा गलत तरीकाले प्रयोग गरेमा ORS प्याकेट होस् वा नून-चिनी-पानी होस्, सही तरीकाले तयार गरिएकै भए पनि त्यसको कुनै अर्थ हुँदैन । यस हिसाबले कवितारामज्यूले एक ठाउँमा ORS प्याकेटबाट केही बेफाइदा नै गर्दैन र यो सुरक्षित छ भन्नु भएको कुरा

**नून-चिनी-पानी घातक हुने हदसम्म गलत तरीकाबाट नेपालमा तयार गरिन्छ भन्ने निष्कर्ष १९८७ मै निस्किएको थियो भने तत्कालै नून-चिनी-पानीको प्रयोगबाट हुन सक्ने खतराबाट जनतालाई किन सुसूचित गरिएन ?**

सर्वथा अवैज्ञानिक छ । तालिकाबाट स्पष्ट हुन्छ कि तीन चौथाई नेपालीहरूले ORS प्याकेट पनि गलत तरीकाले तयार गर्छन् र ORS को सही प्रयोग त नगण्य बराबर नै छ । ORS प्याकेटको तैयारीमा तीन चौथाई नेपालीले गर्ने गरेको गल्ती कस्तो हो र त्यो प्राणघातक हुन सक्छ कि सक्दैन ? त्यसको पनि त सम्बन्धित संस्थासंग व्याख्या र तथ्यांक हुनुपर्ने हो । त्यसैले, सिर्फ नून-चिनी-पानीमाथि गरिएको सर्भेक्षणमा पूर्वाग्रह छैन भन्ने आधार के त ? जन स्वास्थ्यबारे चिन्तित भएर सर्भेक्षण नै गर्ने हो भने- सर्भेक्षण त ORS कै प्याकेटकै गलत प्रयोगको असरबारे पनि हुनुपर्ने हो । तर खै त्यसको गलत प्रयोगको असरबारे सर्भेक्षण भएको ?

तीन चौथाइ नेपालीले ORS को प्याकेट गलत तरीकाले तयार गर्छन् र नून-चिनी-पानीको तुलनामा त्यसको सही प्रयोगमा त्यति ठूलो भिन्नता छैन भने झाडा पखालाबाट बालकहरूलाई बचाउने प्रविधिको छनौटमा यो नै नून-चिनी-पानीको विकल्प कसरी हुन्छ ?


**दोस्रो बुँदा- नून-चिनी-पानीलाई साम्राज्यवादीहरुले कुटील पारामा बन्द गराए !**

मैले बुझेअनुसार, साम्राज्यवाद छातीमा बिल्ला भिरेर आउँदैन, न त साम्राज्यवाद बिगुल फुक्दै आउँछ । साम्राज्यवाद कुनै एउटा राष्ट्रियताको नागरिकता प्रदर्शन गर्दै पनि आउँदैन । (त्यसरी आई दिए त हुन्थ्यो) । दुर्भाग्यवश ! सामाज्यवाद जनताको पीडा-मर्मको कथा हाल्दै, गोहीको आँसु बगाएर आउँछ । जसरी आओस्, या जुन रूप धारण गरेर होस्, उसको प्रमुख उद्देश्य भनेको नाफा र बजारमा एकाधिकार नै हो । यसको लागि जनतालाई सधैंभरि निर्धो बनाइराख्ने, जनताले विकास गरेका सरल सुलभ स्थानीय प्रविधि बन्द गराउने, महँगा, जटील प्रविधि लाद्ने, जनता असहायपनको यथास्थितिबाट उम्कनै नसकोस् भनेर अनेक जाल बुन्ने र संभव भए जति राजनैतिक, सांस्कृतिक र वैज्ञानिक ज्ञानका हतियारहरू प्रयोग गरेर जनतालाई तयारी सामान र बजारप्रति निर्भर बनाउने, अनि जनताको यो निर्भरताबाट आफू कुम्ल्याउने र आफ्ना मतियारहरूलाई कुम्ल्याउन दिने कुटील उद्देश्य बोकेर साम्राज्यवाद आउँछ भनेर म विश्वास गर्छु ! यसको एउटा नमूना नून-चिनी-पानी बन्द गर्ने योजना हो । नून-चिनी-पानीको प्रयोगलाई बन्द गरेर (यद्यपि यो व्यवहारमा बन्द भएको छैन) जीवन जलको प्रयोग गर्ने नीतिको सिफारिस, नेपालीहरूबाटै भएको हो भने यो थप दुःखको कुरा मात्र हो ।

नून-चिनी-पानीलाई बन्द गराउने साम्राज्यवादको कुटील चालबारे म यहाँ केही पुष्टि गर्न चाहन्छु ।


पहिलो कुरा, नून-चिनी-पानी घातक हुने हदसम्म गलत तरीकाबाट नेपालमा तयार गरिन्छ भन्ने निष्कर्ष १९८७ मै निस्किएको थियो भने तत्कालै नून-चिनी-पानीको प्रयोगबाट हुन सक्ने खतराबाट जनतालाई किन सुसूचित गरिएन ? त्यसपछि पनि युनिसेफ लगायत सरकारी तथा गैरसरकारी संस्थाहरूले नून-चिनी-पानी तयार गर्ने तालीमहरू, यसको प्रवर्द्धनका प्रयासहरूलाई किन निरन्तरता दिइरहे, जुन अहिलेसम्म पनि यथावतै छ ? दाताहरूले यसको लागि किन पैसा दिइरहे ? र, नून-चिनी-पानीको प्रयोग यस्तो प्राणघातक नै छ भने अहिलेसम्म तालिम पाएका एक लाख व्यक्तिहरूलाई पुनर्तालिम गर्ने (reeducate) गर्ने काम सम्बन्धित संस्थाले किन गरेन ?

यसबाट दुइटा कुराहरू स्पष्ट हुन्छन्: पहिलो, सम्बन्धित निकाय अर्थात् प्याकेटको बहुराष्ट्रिय निर्माताले नून-चिनी-पानीका विरुद्ध जनतासमक्ष सन्देश पुऱ्याउन अझसम्म हिम्मत गर्न सकेको छैन, किनकि, प्रयोगमा गल्ती हुँदा ORS प्याकेटभन्दा नून-चिनी-पानी बढी घातक हुन्छ भन्ने कुराको प्रमाणिकतामाथि ऊ आफै विश्वस्त हुन सकेको छैन । दोस्रो, अहिले यतिखेर स्वास्थ्यसेवालाई निजीकरण गर्ने र स्वास्थ्य सेवालाई तयारी मालसरह बिक्रीका लागि खुला बजारमा छाडिदिने सरकारी नीति जसरी आइरहेको छ, नून-चिनी-पानीको सट्टामा ORS प्याकेटको बजार सुदृढ गर्ने राम्रो अवसर यही हो भन्ने साम्राज्यवादीहरूले ठहर गरेका छन् ।









लामो समयदेखि उनीहरू यस्तै वातावरणको प्रतिक्षामा थिए ।

## ORS प्याकेटको बजार कस्तो छ ?

१९९१ को जनगणनाअनुसार नेपालमा ५ वर्षमुनिका बालकहरूको संख्या २७,०७,३५२ छ । अहिले यो संख्या निश्चय नै बढी भयो होला । १९९५ को तथ्यांकअनुसार, नेपालमा सरदर प्रत्येक बालकलाई प्रति वर्ष ३.३ पटक (तीन दशमलव तीन) झाडा पखाला लाग्ने गर्छ । त्यस हिसाबले ५ वर्षभन्दा मुनिका बालकहरूलाई मात्रै प्रति वर्ष ९० लाख पटक झाडा पखाला लाग्दछ ! (१९८५ मा यो झाडा पखालाको संख्या १ करोड ७० लाख भएको अनुमान गरिएको थियो) एक पटक झाडा पखाला लाग्दा ४ देखि ५ पुरिया ORS प्याकेट खर्च हुन्छ । अथवा हाल नेपालमा प्रतिवर्ष ३ करोड ६० लाख देखि ४ करोड ५० लाख पुरिया ORS प्याकेटको जरूरत पर्दछ...... ।

यहाँनेर कविताारामज्यूको प्रतिक्रियामा व्यक्त एउटा बुँदा उठाउनु सान्दर्भिक हुनेछ । उहाँको भनाइअनुसार ORS नेपालकै प्रविधिबाट तैयार भएर उत्पादिन मूल्यको एक तिहाइ मूल्यमा उपलब्ध हुन्छ । यो कुरा सरासर भ्रमपूर्ण छ । एकतिहाइ मूल्यमा प्राप्त हुने भनिएको शाही औषधी लि.ले निर्माण गरेको **जीवन जल** नामको ORS प्याकेट मात्रै हो । ताजा तथ्यांकअनुसार शाही औषधि लि. को जीवन जल उत्पादन गर्ने लक्ष्य नै २०५३/५४ सालमा वार्षिक ६० लाख प्याकेट थियो । त्यसमध्ये पनि उसले ५४ लाख ४४ हजार ८२० प्याकेट मात्रै उत्पादन गऱ्यो । आवश्यकता साँढे चार करोड प्याकेट, उत्पादन ५४ लाख प्याकेट; यो त आवश्यकताभन्दा झण्डै नौ गुणा कम उत्पादन भयो । त्यसमाथि थप, यसको मूल्य पनि रू. ३ बाट हालै बृद्धि भएर ६।५० पुगेको छ । यो त परल मूल्यको एक तिहाइ निश्चय नै होइन ।

यस प्रकार, के शाही औषधी लि.ले नेपालको मागलाई पूरा गर्न सक्षम छ त ? अहिले बजारमा नेपालकै निजी क्षेत्रबाट र बहुराष्ट्रिय कम्पनीहरूबाट निर्मित ORS प्याकेट प्रति प्याकेट १५ रूपैया सम्मको मूल्यमा बिक्री भइरहेछ । विश्वभरिमै विकासोन्मुख मुलुकहरूमा झाडा पखालाको स्थितिलाई हेर्ने हो भने, ORS प्याकेटको बजार सारै ठूलो छ । यो स्वभाविक हो, झाडा पखालाको यो उर्वर बजार, नून-चिनी-पानीको प्रयोगबाट त्यत्ति आफ्नो हातबाट फुत्किएको साम्राज्यवाद कसरी सहन सक्छ र ? यही कारणले नून-चिनी-पानी बन्द गराउने कुटील चाल चालिएको हुनुपर्छ ।





डा. शरद वन्त र डा. कविताराम

**INTERCEPT जस्तो अन्तर्राष्ट्रिय संस्थाले जनताको भलो चाहँदो हो त नून-चिनी-पानीको प्रयोगबारे तालिमको गुणस्तर बृद्धि गर्ने सिफारिश गर्ने थियो होला, नून-चिनी-पानीको प्रचार प्रसार गर्ने संचारमाध्यमलाई बढी प्रभावकारी बनाउने उपायहरु सिफारिश गर्न सक्ने थियो होला ।**

## नून-चिनी-पानी जनताको सम्पत्ति हो

अर्को महत्वपूर्ण कुरा ORS प्याकेटको नीति जनताको सशक्तिकरणसँग गाँसिएको छ । म डा. योगेन्द्र प्रधानसँग शत-प्रतिशत सहमत छु कि, नून-चिनी-पानी नै स्वास्थ्य क्षेत्रमा भएको यस्तो प्रविधि हो, जुन बहुसंख्यक नेपालीको घरदैलोमा पुगेको छ र सस्तो छ, सरल छ र जनताको नियन्त्रणमा छ । मृत्युको मुखमा होमिन आँटेको बालकलाई आफ्नो बुता र नियन्त्रणमा भएको नून-चिनी-पानीको घोल पिलाएर ती अभिभावकहरू अलिकति भए पनि आफूलाई सशक्त भएको अनुभूति गर्न सक्छन् । ४७ प्रतिशत महिलाले यो प्रविधि छरछिमेकबाट सिकेको तथ्यांकले झाडा पखालाको समस्यालाई जनताले समुदायमा कसरी एक आपसमा मिलेर सुल्झयाउँछन् भन्ने अत्यन्तै सकारात्मक कुरालाई संकेत गर्दछ । यसरी, एक-आपसको मिलोमतोबाट केही कुरा सिक्नु र सिकाउनु अनि सामुहिक समस्याको समाधानतिर क्रियाशील रहनु नै जनसहभागिता र जनसशक्तिकरणको उद्देश्य हो । यो जनसहभागिता र जन सशक्तिकरणको प्रकृया स्वास्थ्य क्षेत्रमा कतै भएको छ भने नून-चिनी-पानी मै भएको छ । नून-चिनी-पानी बन्द गरेर ORS प्याकेट लाद्ने नीतिले जनताको बूतामा भएको यो सम्पत्तिलाई लुटेर जनतालाई विश्वबजारप्रति आश्रित बनाउने चालको पुष्टि गर्दैन र ?

## के गर्न सकिन्थ्यो त ?


नून-चिनी-पानी सही तरिकाले बनाउन जान्दैनन् भने, त्यो के नेपाली आमाहरूको मात्र दोष हो त ? त्यसमा त सरकारले सही तरिकाबारे तालिम दिने र जनचेताना पो जागृत पार्ने भूमिका पो खेल्नु पर्ने हो । सही तरिकालाई प्रभावकारी संचार माध्यमहरूद्वारा प्रचार प्रसार गर्नुपर्ने हो ।

नेपालमा नून-चिनी-पानीको प्रयोगको सम्बन्धमा तालिमको स्तरबारे कहिल्यै मूल्यांकन गरियो त ? तालिम दिनेको क्षमताबारे कहिल्यै प्रश्न उठाइयो त ? कविताारामज्यू संलग्न हुनुभएको INTERCEPT जस्तो अन्तर्राष्ट्रिय संस्थाले जनताको भलो चाहँदो हो त नून-चिनी-पानीको प्रयोगबारे तालिमको गुणस्तर बृद्धि गर्ने सिफारिश गर्ने थियो होला, नून-चिनी-पानीको प्रचार प्रसार गर्ने संचारमाध्यमलाई बढी प्रभावकारी बनाउने उपायहरू सिफारिश गर्न सक्ने थियो होला । तर कुनै पनि हालतमा वर्षौं लगाएर जनताको हातमा पुगेको नून-चिनी-पानीको प्रविधिलाई रोकेर ORS प्याकेटको सिफारिश गर्ने थिएन । INTERCEPT जस्तो संथालाई म एउटा कुरा याद गर्न सल्लाह दिन्छु- यदि गलत प्रयोग गरेकै कारणले नून-चिनी-पानी जस्तै कुनै औषधीको प्रयोगलाई बन्देज गराउने हो भने, यतिखेर नेपालमा आधाभन्दा बढी प्रचलित औषधीहरूमाथि प्रतिबन्ध लगाउनुपर्ने हुन्छ । एण्टिबायोटिक्स जस्ता कतिपय जीवनदायी ओखतीहरू पनि त नेपालमा व्यापक मात्रामा गलत प्रयोग भइरहेका तथ्यहरू प्रकाशित भइरहेका छन् । यदि गलत प्रयोग कै तर्क गर्ने हो भने, त्यसमा पनि बन्देज लाउनुपर्ने हुन जान्छ । के INTERCEPT ले यसमा पनि बन्देज लाउने सिफारिश गर्न सक्छ ?

मेरो ORS को प्याकेटमाथि कुनै विरोध छैन । यसको वैज्ञानिकतामाथि शंका गर्ने नियत पनि मेरो होइन । नेपालीले सधैंभरि नून-चिनी-पानी मै निर्भर भइरहनु पर्छ भन्ने अडान पनि मेरो पटक्कै होइन । हामी चाहन्छौं, नेपालको कुनै भावी कर्णधारले र संसारकै कुनै पनि बालकले झाडा पखालाबाट अकालमै मृत्युको मुखमा होमिनु नपरोस्, ORS प्याकेटमात्रै होइन, त्योभन्दा उच्च प्रविधिका अन्य थुप्रै अवसरहरू नेपालीले पाउन् र त्यो पाउने प्रत्येक नेपालीको अधिकार राज्यले सुरक्षित गरिदेओस् । तर दुर्भाग्यवश, नून-चिनी-पानीको प्रयोगको बन्देजमा योभन्दा विकसित प्रविधि (ORS कै प्याकेट) प्रयोग गरेर झाडा पखालाबाट नेपाली बालबालिकालाई बचाउने उद्देश्यको अलिकति पनि गन्ध आउँदैन ।

निष्कर्षमा, नून-चिनी-पानीको प्रयोगलाई रोक लगाएर ORS प्याकेटको सम्बर्द्धनको नीतिले जनताको घर घरमा उपलब्ध सस्तो र सरल प्रविधि खोसेर, आफ्नोपन र आत्मनिर्भरतालाई खोसेर आफू कुम्ल्याउने र आफ्ना मतियारलाई कुम्ल्याउन खोजेको छ, त्यसैले यो साम्राज्यवादी चाल नै हो, यसको लागि विज्ञान र अनुसन्धानलाई एकतर्फी पाराले आफ्नो हितमा प्रयोग गरिएको छ, त्यसैले यो कुटिलता नै हो ।

◆

असमानताका विरूद्ध क्रान्ति गर्नको निम्ति माटो र राष्ट्रियताको तथाकथित विभिन्नतालाई अवहेलना गर्ने चे ग्वेभारा यस शताब्दीका पहिलो महान् व्यक्तित्व थिए । अर्जेन्टिनाको माटो सुँघेर हुर्केका चे ग्वाटेमालाको माटोमा क्रान्तिको राजनैतिक प्रशिक्षण लिने, क्यूबाको माटोमा अथक युद्ध गर्ने, अफ्रिका (जायर) को माटोमा क्रान्तिकारी बीउ छर्ने र बोलिभियाको माटोमा आफ्नो अमूल्य रगत बगाउने र प्राणाहुति गर्ने महान अन्तराष्ट्रिय क्रान्तिकारी थिए ।

- पारिजात
सुप्रसिद्ध लेखिका

पाँच महिनाभित्रै दोस्रो संस्करण प्रकाशित भएको छ !
युवाहरुले पढ्नै पर्ने ज्ञानबर्द्धक पुस्तक

चे ग्वेभारा
विश्वक्रान्तिका नायक
लेखक: राजेन्द्र महर्जन

प्रकाशित भएको छोटो समयमै स्टक सकिएकोले पाठकहरूको अत्यधिक माग भएबाट प्रस्तुत पुस्तक पुनर्मुद्रित भएको छ । इच्छुक बिक्रेताहरूले कार्यालयमा तुरून्तै सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

-*अन्तर्क्रिया प्रकाशन प्रा.लि.*
फोन: ४२२७६९

# के नेपाल पनि आर्थिक संकटको भूमरीमा पर्ला ?

दीपेन्द्र क्षेत्री, डा. युवराज खतिवडा, डा. पुष्प राजकर्णिकार, डा. गुणनिधि शर्मा र डा. चैतन्य मिश्रबीचको प्रत्यक्ष विचार अन्तर्क्रिया

तीन दशकसम्म लगातार पूर्वी एशियाली मुलुकहरुले कायम गरेको चर्को आर्थिक बृद्धिदरले विश्वलाई नै चकित पारेको थियो । यी मुलुकहरुको वार्षिक सरदर ८ प्रतिशतको आर्थिक बृद्धिदर धनाढ्य पश्चिमेलीहरुको लागि समेत इर्ष्याको विषय बनेको थियो । "चमत्कार अर्थतन्त्र' भनिन्थ्यो यी मुलुकहरुको अर्थतन्त्रलाई । बडे बडेमानको बिल्डिङ बन्न थालेका थिए यी मुलुकका राजधानीहरुमा । र, उच्च भवनलाई ती मुलुकहरुको विकासको प्रतीक मानिन्थ्यो ।

तर आज ती भवनहरु खाली खाली छन् । तिनीहरुमा बहालमा बस्न आउने मान्छे नै कोही छैन । ती अब दुर्दशाका प्रतीक भएका छन् । भवन बनाउन ऋण दिने बैंकहरु, वित्त कम्पनीहरु टाट पल्टेका छन् । "चमत्कार अर्थतन्त्र" निकै छोटो समयमै चमत्कारपूर्ण ढंगले गर्ल्याम्गुर्लुम् ढलेको छ ।

वास्तवमा के गल्ती भयो त यी मुलुकहरुमा ? किन र कसरी यी मुलुकहरु यसरी एक्कासी ढले ? के पाठ सिक्नु पर्छ यी मुलुकहरुको दुर्दशाबाट नेपालले ? के नेपालमा पनि त्यस्तै संकट आइलाग्ने खालको स्थिति त छैन ?

यही र यिनै सवालमा हामीले मूल्यांकनको अघिल्लो अंकमा अर्थविद् दीपेन्द्र क्षेत्री र केशव आचार्यको विचार छापेका थियौं । दीपेन्द्र क्षेत्रीको कार्यपत्रमा आधारित भएर हामीले हालै अर्थविद्हरु बीच एउटा विशेष अन्तर्क्रिया कार्यक्रमको पनि आयोजना गरेका थियौं । मूल्यांकन मासिककै कार्यालयमा सम्पन्न त्यस अन्तक्रियाले पूर्वी एशियाली आर्थिक संकटका कारणहरु मात्र खोतलेको होइन, नेपालको वर्तमान वित्तीय स्थितिलाई उधिन्ने काम गरेको थियो र त्यसबाट सिक्नु पर्ने महत्वपूर्ण पाठहरुलाई सूचीबद्ध गर्ने काम गरेको थियो ।

प्रस्तुत छ- त्यही अन्तर्क्रियामा प्रस्तुत विचारहरुको संपादित सारसंक्षेप ।

अन्तर्क्रियामा सहभागी हुनुहुन्थ्यो : दीपेन्द्र क्षेत्री स्वयं, जो अहिले नेपाल राष्ट्र बैंकमा अन्तर्राष्ट्रिय व्यापार क्षेत्र हेर्ने विभागमा कार्यरत हुनुहुन्छ । डा. युवराज खतिवडा, जो युवा पुस्ताका प्रखर अर्थविद् र मौद्रिक विशेषज्ञ हुनुहुन्छ र राष्ट्र बैंकमै संबद्ध हुनुहुन्छ । डा. पुष्प राजकर्णिकार, जो राष्ट्र बैंकको भूतपूर्व डेपुटी गभर्नर हुनुहुन्थ्यो र डा. गुणनिधि शर्मा, जो मौद्रिक अर्थशास्त्रका ज्ञाता हुनुहुन्छ र त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ ।

हाम्रा त्यस विषयका सल्लाहकार मित्रहरु पनि पर्यवेक्षकको रुपमा अन्तर्क्रियामा सहभागी हुनुभएको थियो ।

◆

## पूर्वी एशियाको आर्थिक संकट : विशेष अन्तर्क्रिया





डा. पुष्पराज कर्णिकार
भू.पू. डेपुटी गभर्नर
नेपाल राष्ट्र बैंक

### केही प्रश्नहरु, केही असहमतिहरु

एक दुई ठाउँमा कुरा नबुझिने भएको बाहेक मलाई दीपेन्द्रजीको कार्यपत्र जम्मामा राम्रो लागेको छ ।

उहाँको कार्यपत्रमा तीनवटा कुरामा मलाई प्रश्न उठाउन जरूरी लागेको छ ।

पहिलो कुरो के भने, दीपेन्द्रजीले आफ्नो लेखमा उदारीकरण, विश्वव्यापीकरण र निजीकरणलाई तेज गतिमा प्रयोग गर्नुपर्छ भन्ने विचारधारालाई पश्चिमी चिन्तन भनेर चित्रित गर्नुभएको छ । अर्कोतिर, विश्वव्यापीकरण, उदारीकरण र निजीकरणलाई आवश्यकतानुसार छानी छानीकन छानिएको ठाउँमा मात्र प्रयोग गर्नुपर्छ भन्ने विचारधारालाई उहाँले पूर्वेली चिन्तन भनेर चित्रित गर्नुभएको छ। यस्तो विभाजन गर्नु ठीक हुन्न कि भन्ने मलाई लाग्छ । मलेशियाका प्रधानमन्त्री महाथीर मोहम्मदले कतै कतै बोलेका आधारमा यस चिन्तनलाई पश्चिमी र पूर्वी चिन्तन भन्नु उचित हुन्न कि भन्ने मलाई लाग्छ ।

अर्को, उहाँले आफ्नो कार्यपत्रमा पूर्वी एशियाको आर्थिक संकटलाई पूर्व नियोजित भन्न खोज्नु भएको छ। "पूर्वी मूल्य"हरूलाई अगाडि ल्याउने महाथीर मोहम्मद जस्ताहरूका प्रयत्नहरूलाई असफल पार्न, सिंगापुरका लि क्वान् यू र मलेशियाका महाथीर जस्ताहरूको मेख मार्न नियोजित रूपमा षड्यन्त्रमूलक ढंगले पूर्वी एशियामा पश्चिमाहरूले मुद्रा-संकट पैदा गरेको भन्ने उहाँको विश्लेषण छ । पर्याप्त प्रमाणबिना यस्तो विश्लेषण गर्नु उचित हुन्छ भन्ने मलाई लाग्दैन ।

तेस्रो, दीपेन्द्रजीले दक्षिण कोरियाका राष्ट्रपतिका उम्मेदवारहरूलाई अन्तर्राष्ट्रिय मुद्रा कोषले दवाब दिएर मुद्रा कोषका सारा शर्तहरू मान्दछु भनेर प्रतिबद्धता जाहेर गर्न लगायो भनेर आफ्नो कार्यपत्रमा भन्नुभएको छ । यो अलि स्पष्ट भएन । राष्ट्रपतिका उम्मेदवारहरू आफैंले आफ्नो देशका लागि यी शर्तहरू जरूरी छन् भनेर घोषणा पत्रमा पारेको भन्न खोज्नु भएको हो कि मुद्राकोषको दवाबमा उनीहरूले ती शर्तहरू जबर्दस्ती स्वीकार्नु पऱ्यो भनिएको हो, त्यो स्पष्ट पारे बेस हुन्थ्यो भन्ने मलाई लागेको छ ।

### एशियाली आर्थिक संकटका कारणहरु

मेरो ठम्याइमा पूर्वी एशियाली आर्थिक संकट, आर्थिक

मन्दीको संकट हो भन्ने मलाई लाग्छ ।

पूर्वी एशियाली मुलुकमा मुद्राको विनिमय दर अवमूल्यन गरियो । स्टक एक्स्चेञ्जमा शेयरको भाउ घट्यो । यी दुवै कुराले गर्दा बाह्य लगानीहरू फिर्ता भए । लगानी फिर्ता भएपछि उत्पादन घट्यो । उत्पादन घटेपछि जनताको आम्दानी घट्यो । यस प्रकार सबै कुरामा नकारात्मक असर पर्न गयो । त्यसैले यो मन्दीको संकट हो ।

प्रश्न उठ्छ- यस्तो मन्दी किन भयो त ? संकट किन आयो त ?

अहिले आर्थिक संकट चर्को रूपमा भएका मुलुकहरू थाइल्याण्ड, दक्षिण कोरिया र इण्डोनेशिया हुन् । यी तीनवटै मुलुकमा सन् १९९५ सम्म आर्थिक बृद्धिदर निकै राम्रो थियो । गएको तीस वर्षदेखि सरदर ८ प्रतिशतले यी मुलुकहरूको आर्थिक बृद्धि भइरहेको थियो । तर १९९६ पुग्दा यी तीनवटै मुलुकको आर्थिक बृद्धिदर घट्यो । उदाहरणको लागि, थाइल्याण्डको आर्थिक बृद्धिदर १९९५ मा ८.७ प्रतिशत थियो । १९९६ मा यो ६.७ प्रतिशतमा झऱ्यो । इण्डोनेशियाको आर्थिक बृद्धिदर ८.२ प्रतिशतबाट १९९६ मा ७.८ प्रतिशतमा ओर्लियो । दक्षिण कोरियामा यो १९९५ को ९ प्रतिशतबाट अर्को वर्ष ७ प्रतिशतमा झऱ्यो ।

हामी यी तीनवटै मुलुकमा के देख्छौं भने, पहिले त्यहाँ निर्यात घट्यो । निर्यात घटेपछि त्यसमा सुधार ल्याउन भनेर मुद्रा अवमूल्यन गरियो । मुद्रा अवमूल्यन भएपछि विदेशी लगानीकर्ताहरूले के सोचे भने, हामीले स्थानीय मुद्रामा लगानी फिर्ता लिंदा अब कम पैसा पाउने भयौं । यही ठम्याइले सशंकित भएर विदेशी लगानीकर्ताहरूले लगानी भएको पैसा फिर्ता लिन लागे । यसैबाट मुद्रा संकट पैदा भयो ।

यसरी तीनवटै मुलुकमा आर्थिक संकट हुनुको मूल कारण निर्यात घट्नु, निर्यात बृद्धि गर्न मुद्रा अवमूल्यन हुनु, मुद्रा अवमूल्यन भएपछि विदेशी लगानी भाग्नु रहेको छ ।

यसप्रकार, देशमा अलिकता संकटको घडी आउँदाखेरी विदेशी लगानी भाग्दो रहेछ । र, झन् ज्यादा संकट पर्दोरहेछ । त्यो त हामीले देख्यौं । यसबाट के प्रश्न पैदा हुन्छ भने- के विदेशी लगानी नै खराब कुरा हो त ?

विदेशी लगानीलाई खराबै हो, यसलाई देशभित्र पटक्कै हुल्नु हुन्न, यस्तो त हामी भन्न सक्दैनौं । किनभने, हामी आफैंसित विभिन्न क्षेत्रमा लगानी गर्नका लागि पर्याप्त स्रोत-साधन त छैन । त्यसैले, मुख्य प्रश्न हो- विदेशी लगानी त भित्र्याउने, कुन शर्तमा भित्र्याउने ? कसरी भित्र्याउने ? र, कस्तो लगानी भित्र्याउने ? प्रत्यक्ष लगानीका रूपमा भित्र्याउने कि ऋणका रूपमा

**विदेशी लगानीकर्ता र स्वदेशी लगानीकर्ता भनेको कहिल्यै एउटै खालको हुँदोरहेनछ । विदेशी लगानीकर्ताहरु सानो संकट आइलाग्नासाथ लगानी फिर्ता लगीहाल्दा रहेछन् ।**

भित्र्याउने कि शेयर खरीद गर्न दिएर भित्र्याउने ? कस्तो गर्नु हाम्रो देशको हितमा हुन सक्छ ?

पूर्वी एशियाली मुलुकहरूले के गरे भने, उनीहरूले धेरै मात्रामा छोटो अवधिको ऋणको रूपमा विदेशी लगानी भित्र्याए र त्यसलाई लगानी गरे लामो अवधिको क्षेत्रमा । विशाल विशाल घर, होटेल, डिपार्टमेण्टल स्टोर, रियल स्टेटमा त्यसलाई लगानी गरे । ऋणको अवधि छोटो भएकाले ऋण तिर्नुपर्ने भाका छिट्टै आइपुग्यो । तर जहाँ लगानी भएको थियो, त्यसले पैसा फर्काउन सक्ने स्थिति भएन । पैसा फर्काउन नसकेपछि बैंक र वित्त कम्पनीहरू टाट पल्टन थाले । यही बेला विदेशी लगानीकर्ताहरूले पनि लगानी फिर्ता लगे, विदेशी मुद्राको कारोबार गर्ने सट्टेवाजहरूले पनि ज्यादा डलर साटे । सबै कुरा एक्कैचोटी आइलागेपछि संकटमाथि संकट आइलागेको हो ।

यसले के पाठ सिकाएको छ भने, विदेशी लगानी भित्र्याउने नाममा जथाभावी लगानी भित्र्याउन हुँदो रहेनछ । लगानी छनौटपूर्ण हुनु पर्दोरहेछ । नेपाल जस्तो देशले विदेशी ऋण ल्याउँदा बडो होशियार हुनु पर्दोरहेछ । हामीसित पैसा छैन, त्यसैले छोटो अवधिको ऋण होस् वा लामो अवधिको, ऋणको शर्त राम्रो होस् या खराब, हामीले विदेशी पैसा भित्र्याउनु पर्छ, अनि मात्र देश विकास हुन्छ भन्ने सोच राख्नु बिल्कुलै गल्ती हुँदोरहेछ । यी पूर्वी एशियाली मुलुकहरूको आर्थिक संकटले यही पाठ सिकाएको छ ।

घटनाक्रमले यो पाठ सिकाइरहेको बेलामा विश्वमा चाहिं अहिले सबै क्षेत्रमा विदेशी लगानी खुला गर्नुपर्ने, विदेशी लगानीलाई पनि स्वदेशी पुँजीपति सरह 'राष्ट्रिय व्यवहार' दिनुपर्ने विचार आइरहेछ । ट्याक्सीको व्यवसाय होस् या दूर संचारको, छिट्टै लगानी फर्कने व्यवसाय होस् वा ढीलो फर्कने, सबै खालको व्यवसायमा विदेशी लगानी खुला गरिनुपर्छ भन्ने विचार अहिले जोडतोडले आइरहेछ । पोहोर सिंगापुरमा विश्व व्यापार संगठनको जुन बैठक भयो, त्यसमा "बहुपक्षीय लगानी सम्झौता (multilateral investment agreement) को नाममा एउटा प्रस्ताव छलफलमा ल्याइयो । त्यो संझौता पोहोर पास भएको भए विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूले सुरक्षाको क्षेत्र बाहेक सबै क्षेत्रमा विदेशी



अन्तर्क्रियामा भाग लिनुहुँदै डा. पुष्पराज राजकर्णिकार (बीचमा), दायाँ डा . चैतन्य मिश्र र बायाँ डा. युवराज खतिवडा

लगानीलाई निर्वाध रूपमा छोड्नु पर्थ्यो । आफ्नो देशको राष्ट्रिय पूँजीपतिलाई दिए बराबरको सारा सुविधा विदेशी लगानीकर्ताहरूलाई पनि दिनु पर्थ्यो ।

पूर्वी एशियाको घटनाक्रमले स्पष्ट रूपमा देखाइसक्यो- विदेशी लगानीकर्ता र स्वदेशी लगानीकर्ता भनेको कहिल्यै एउटै खालको हुँदोरहेनछ । विदेशी लगानीकर्ताहरू सानो संकट आइलाग्नासाथ लगानी फिर्ता लगीहाल्दा रहेछन् । स्वदेशी लगानीकर्ताले भने यस्तो गर्दैन । उसले लगानी फिर्ता लाने ठाउँ नै हुँदैन । यसरी हामीले देख्यौं- परिणाममा राष्ट्रिय पूँजीपति र विदेशी लानीकर्ता निकै फरक हुँदा रहेछन्, तर दुवैलाई राज्यले समान व्यवहार दिनु पर्ने कुरा आइरहेछ । यसमा नेपाल होशियार हुनुपर्छ ।



**डा. चैतन्य मिश्र**

म बीचैमा पुष्पजीलाई एउटा प्रश्न सोध्न चाहन्छु: परिणाममा राष्ट्रिय पूँजीपति र विदेशी लगानीकर्ता कसरी फरक हुन्छन् ? राष्ट्रिय पूँजीपति संगठित तवरले आउन नसकेकाले मात्र त्यस्तो फरक भएको हो कि राष्ट्रिय पूँजीपतिको राष्ट्रियताप्रतिको मायाले त्यस्तो भएको हो ? के पैसावालाहरूसित साँच्चि नै राष्ट्रियताप्रति माया हुन्छ ?

**डा. पुष्प राजकर्णिकार**

बाहिरका लगानीकर्ताहरू हाम्रो यहाँ नाफाको लागि लगानी गर्छन्......

**डा. चैतन्य मिश्र**

स्वदेशका लगानीकर्ताहरू पनि त यहाँ नाफाकै लागि लगानी गर्छन् !

**डा. पुष्प राजकर्णिकार :**

हो, सबैले नाफाकै लागि लगानी गर्छन् । तर संकट पऱ्यो भनेर राष्ट्रिय पूँजीपतिले छिट्टै आफ्नो संपत्ति बाहिर स्थानान्तरण गर्न सक्दैन, जुन विदेशी लगानीकर्ताले सक्छ । उदाहरणका लागि : एउटा विदेशी लगानीकर्ताले व्यापारिक ऋण (Trade credit) का रूपमा एउटा व्यापारीलाई पैसा दिएर नेपालमा लगानी गऱ्यो । उसले जब नेपालमा राम्रो स्थिति देख्दैन, म तिमीलाई ट्रेड क्रेडिट दिन्न भनेर रोकिदिइहाल्छ । तर यहीं नै उद्योग गर्ने मान्छेले त्यस्तो गर्दैन । उसले आज एउटा क्षेत्रमा लगानी डुबीहाले पनि भोलि अर्को क्षेत्रमा नाफा हुन सक्ने आशाले लगानी बाहिर लगिहाल्दैन ।

वास्तवमा राष्ट्रिय पूँजीपति त्यो हो, जो त्यहीं राष्ट्रमै केही तरक्की गरौंला र नाफा कमाउँला भनेर कुरेर बस्छ । कुनै पनि विदेशी लगानीकर्ता यसरी कुरेर बस्दैन । पूर्वी एशियाको संकटबाट यो स्पष्ट देखिएको छ ।

यसबाट पाठ सिक्ने हो भने, हामीले सकभर सहायता (Aid) नै लिने गर्नुपर्छ । ऋण लिंदा पनि दुई किसिमका ऋण हुन्छन् : एउटा अफिसियल अर्थात् सरकारी ऋण, अर्को, निजी क्षेत्रको ऋण । अफिसियल ऋणको व्याज पनि थोरै हुन्छ, भाका पनि लामो हुन्छ । तर छोटो अवधिको निजी क्षेत्रको ऋण चाहिं निकै घातक हुँदो रहेछ । त्यसैले, हामीले सकभर निजी क्षेत्रमा ऋणै नलिने, त्यसमा पनि छोटो अवधिको ऋणै नलिने नीति अपनाउनु पर्दछ । यस्तो ऋण ल्याउँदाखेरी लगानीकर्ताले कुनै जोखिम नै ब्यहोर्दैन । नाफा हुन्जेल

**अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंकसित अफिसियल ऋण लिंदा निजीकरण, उदारीकरण र विश्वव्यापीकरण उसैको ऋणको शर्तकै रुपमा आउँछ ।**

लगानी गर्‍यो, खतरा देख्यो, लगानीबाट भाग्यो- यस्तो स्थिति हुन्छ । लगानी भित्र्याउँदा त्यसैले, प्रत्यक्ष विदेशी लगानीका रूपमा भित्र्याउनु राम्रो हुँदो रहेछ । किनभने, यसमा लगानीकर्तले जोखिम पनि व्यहोर्नुपर्ने हुन्छ । छिट्टै लगानी भाग्न पनि पाउँदैन । शेयर उसले तुरुन्तै बिक्री पनि गर्न सक्दैन । संकट भई हाल्यो भने पनि ऊ पर्खन्छ, कमजोरी सुधार्ने प्रयत्न गर्छ ।

अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंकसित अफिसियल ऋण लिंदा उसले निजीकरण गर भन्छ, उदारीकरण र विश्वव्यापीकरण गर भन्छ । त्यो उसैको ऋणको शर्तकै रूपमा आउँछ । उदारीकरण र निजीकरण अन्धाधुन्ध गर्दा पूर्वी एशियामा जस्तो संकट यहाँ पनि आउँछ । त्यसैले, हामी निजीकरण र उदारीकरणमा छनौटपूर्ण हुनैपर्छ । कुन क्षेत्रमा कसरी लगानी गर्ने, त्यो छान्ने स्वतन्त्रता हाम्रो हातमा रहनै पर्छ ।

### श्याम श्रेष्ठ :

पूर्वी एशियाको आर्थिक संकट उदारीकरण र निजीकरणकै विफलताको ज्वलन्त उदाहरण हो भनिन्छ नि ? सरकार उदार भएर निजी क्षेत्रका बैंक र वित्त कम्पनीहरूलाई बाहिरबाट बेरोकटोक जस्तो पनि र जति पनि लगानी भित्र्याउन दिंदा छोटो अवधिको लगानीलाई बिना नियन्त्रण र निगरानी जथाभावी ठाउँमा लगानी गर्न दिंदा नै लगानी डुबेको र वित्तीय संकट खडा भएको हो भनिन्छ नि ? सत्य के हो ?

### डा. पुष्प राजकर्णिकार

निश्चितै रूपमा पूर्वी एशियाको मुद्रा संकट आउनुको पछाडि निजी क्षेत्रको ठूलो हात छ । निजी क्षेत्रलाई बढी बढावा दिएको, बजारका शक्तिहरूलाई बढी बढावा दिएको, उदारीकरणलाई बढी बढावा दिएको कारणले पूर्वी एशियामा आर्थिक संकट आएको भन्ने कुरा सत्य हो ।

जस्तो, निजी क्षेत्रका बैंकहरूमा उदारीकरण गर्ने हो भने, उनीहरूले कहाँबाट पैसा ल्याउने, कहाँ लगानी गर्ने, हाउसिङमा लगानी गर्ने कि, पुलमा लगानी गर्ने कि, उद्योगमा लगानी गर्ने, यी सबै निजी क्षेत्रका बैंक र वित्त कम्पनीहरूले नै निर्णय गर्छन् । पूर्ण उदारीकरण भनेकै सारा आर्थिक नीति-निर्णयहरू निजी क्षेत्रले गर्ने, सरकारले नियन्त्रण र निगरानी नगर्ने भन्ने कुरा हो । निजी क्षेत्रको स्वभाव कस्तो हुँदो रहेछ भने, खालि नाफा मात्र हेर्ने, त्यो पनि तत्कालको नाफा मात्र हेर्ने, दीर्घकालीन फाइदा-बेफाइदा नहेर्ने । पूर्वी एशियामा त्यही भएको हो ।

सरकारले उदारीकरण र निजी क्षेत्रलाई बढी बढावा दियो । भरेको परिणाम विचारै नगरिकन सरकारले अहिले देशको पूँजी खाता खुला गरीदियो । निजी क्षेत्रका बैंक र वित्त कम्पनीहरूले बाहिरका बैंक र वित्त कम्पनीहरूबाट जति पनि र जस्तो पनि ऋण लगानी धमाधम भित्र्याए । छोटो अवधिको ऋण ल्याएर लामो अवधिको क्षेत्रमा जथाभावी लगानी गरे । ऋण तिर्ने भाका आइपुग्यो, तर ऋण फिर्ता गर्न सकिएन । त्यसैले मुद्रा संकट र आर्थिक संकट पैदा भयो ।

त्यसैले, सरकारले बजार संयन्त्रलाई खुला छोडेको, उदारीकरण र निजीकरणलाई बढी बढावा दिएको कारणले पनि पूर्वी एशियाको संकटमा ठूलो भूमिका खेलेको छ । यो सही कुरा हो ।

### डा. चैतन्य मिश्र

सरकारका उच्च पदस्थ मान्छेहरूले बैंकहरूलाई दवाब दिएर बेठीक ठाउँमा जबर्जस्ती लगानी गर्न लगाएको, आफन्तहरूका व्यवसायमा जथाभावी लगानी गर्न लगाएको, त्यसैले, खराब ऋण ज्यादा हुन गएर लगानी डुबेको र पूर्वी एशियाली मुलुकमा मुद्रा संकट आएको भनिन्छ नि ? के यस्तो भएको होइन ? दक्षिण कोरियामा त यस्तै भएको भनिन्छ नि ? त्यसैले, उदार हुनाले होइन, उदार नहुनाले समस्या आएको होइन ?

### डा. पुष्प राजकर्णिकार

मैले चाहिं के पढेको छु भने, दक्षिण कोरियामा खराब ऋण ज्यादा भयो भनेर केन्द्रीय बैंकले दुई वर्ष अगाडि नै थाहा पाएको र केन्द्रीय बैंकले स्पष्ट निर्देशन दिंदादिंदै पनि बैंकहरूले खराब ऋणको समस्या हल नगरेको र दुर्घटना घटेको हो ।

यो समस्या चाहिं सरकार उदार हुनाले वा नहुनाले पैदा भएको भन्न मिल्दैन । यो अर्कै समस्या हो । यो सरकारले बैंकहरूमाथि नाजायज ढंगले आफ्नो प्रभाव प्रयोग गर्ने गरेकाले पैदा भएको समस्या हो । ती मुलुकहरूमा यस्तो पनि भएको हो र संकटमा यसको पनि भूमिका छ ।

सरकारले निजी क्षेत्रका बैंकहरूलाई कम प्रभाव लाउन सक्छ र सरकारी क्षेत्रका बैंकहरूलाई ज्यादा ।

नेपालमा सरकारी प्रभाव बैंकहरूमा ज्यादा पर्ने संभावना छ, किनभने यहाँ सरकारी बैंकहरू ज्यादा छन् । त्यसैले, यहाँ खराब ऋण ज्यादा हुने संभावना छ ।

नेपालमा विदेशी पूँजी कसरी भित्रिरहेको छ त ? प्रत्यक्ष विदेशी लगानी कति छ ? त्यसको विस्तृत तथ्यांक मैले पाउन सकेको छैन । नेपालको कानूनले प्रत्यक्ष विदेशी लगानीलाई बाटो खुला गरेको छ । खिम्ती जलविद्युत आयोजना, भोटेकोशी जलविद्युत आयोजनामा म यति लगानी गर्छु भनेर विदेशी लगानीकर्ताले यहाँ सिधै लगानी गर्न सक्छ । पोर्टफोलिओ लगानी गर्ने अर्थात् स्टक एक्सचेञ्जमा गएर नेपालको कुनै कम्पनीको शेयर किन्ने स्वतन्त्रता चाहिं यहाँ २० प्रतिशतसम्म मात्र सीमित गरिएको छ क्या र ! तर त्यस्तो लगानी अहिलेसम्म नेपालमा भित्रिएको छैन । स्टक एक्सचेञ्जमा गएर 'म नेपाल बैंकको यति प्रतिशत शेयर किन्छु" भन्न चाहिं विदेशीले यहाँ पाउँदैन ।

नेपालमा आउन सक्ने अर्को लगानी चाहिं व्यापारिक ऋणका रूपमा हो । विदेशी व्यापारीले नेपाली व्यापारीलाई उधारो दियो भने, त्यो व्यापारिक ऋण हुन जान्छ । त्यस्तो ऋण लगानी नेपालमा कति छ, हामीलाई थाहा छैन ।

**खराब ऋण ज्यादा हुन गएर लगानी डुबेको र पूर्वी एशियाली मुलुकमा मुद्रा संकट आएको भनिन्छ नि ? के यस्तो भएको होइन ?**

नेपालमा विदेशी ऋण भित्रिरहेको छ । तर छोटो अवधिको कति ? लामो अवधिको कति ? वर्गीकृत तथ्यांक हामीकहाँ उपलब्ध छैन ।

नेपालको शोधनान्तरस्थिति सम्बन्धी खाता-ब्यालेन्स अफ पेमेण्टमा एउटा "अवर्गीकृत पूँजी" भन्ने शीर्षक छ । यो अवर्गीकृत पूँजीअन्तर्गत ठूलो रकम छ ।

यो वर्गीकृत गरिएको भए- छोटो अवधिको ऋण कति, लामो अवधिको कति, व्यापारिक ऋण कति, निजी क्षेत्रको ऋण कति, सरकारी क्षेत्रको कति, शेयर खरीदमा लगानी कति- सबै स्पष्ट हुन्थ्यो । तर हामीकहाँ त्यस्तो वर्गीकृत तथ्यांक उपलब्ध छैन । अवर्गीकृत पूँजीको रकम चाहिं निकै ठूलो छ ।

मैले १९९०/९१ को तथ्यांक हेरेको थिएँ । त्यसमा हाम्रो चालु खाता (वस्तु र सेवाको आयात निर्यात, हामीले पाउने सरकारी सहायताको जम्माजम्मी रकम) भन्दा पनि अवर्गीकृत पूँजीको मात्रा ठूलो थियो । ९ अरबको चालु खाता घाटा हुँदा ११ अरबको अवर्गीकृत पुँजी थियो ।

### दीपेन्द्र क्षेत्री :

अहिले अवर्गीकृत पूँजीको खाताबाट प्रत्यक्ष विदेशी लगानीलाई झिकिएको छ । र, अहिले प्रत्यक्ष विदेशी लगानीको अलग्गै खाता छ । यसो गरेपछि अवर्गीकृत पूँजीको खाता घट्दै गएको छ ।

### डा. पुष्प राजकर्णिकार

सन् १९९६ मा चालु खाता घाटा २४ अरबको छ, त्यसमा अवर्गीकृत पूँजी १५ अरब रूपैयाँ देखिएको छ ।

अवर्गीकृत पुँजी ज्यादा भएकाले नेपालमा पूर्वी एशियामा जस्तै आर्थिक संकट आउला कि नआउला, निश्चितताका साथ भन्न सकिन्न । प्राप्त तथ्यांकहरूका आधारमा सहज अनुमान के गर्न सकिन्छ भने, नेपालमा निकट भविष्यमै कुनै गंभीर आर्थिक संकट आउँदै छैन । किनभने, नेपालको धेरैजस्तो ऋण सरकारी छ र त्यो थोरै ब्याजदर र लामो अवधिको (३०-४० वर्षको) छ, र, नेपालले अहिलेसम्म पूँजीखाता पनि खुला गरेको छैन, थाइल्याण्ड, इण्डोनेशिया र दक्षिण कोरियामा जस्तो । नेपालमा विदेशी लगानीकर्ताको शेयर लगानी पनि छैन । नेपाली बैंकहरूमा पनि शायद विदेशीहरूको पैसा छैन । त्यसैले, यहाँबाट विदेशीले लगानी फिर्ता गर्ने कुरा छैन । अर्को महत्वपूर्ण पक्ष के हो भने, नेपालका सरकारी र निजी क्षेत्रका बैंकहरूको लगानीलाई नियन्त्रण गर्ने केन्द्रीय



बैंकको प्रणाली नराम्रो छैन । केमा लगानी गर्ने, केमा नगर्ने भन्ने सम्बन्धमा हामीसित एउटा राम्रो प्रणाली छ । हामीकहाँ निजी क्षेत्रका वित्त कम्पनीहरूले समेत यो यो क्षेत्रमा यति यति मात्र लगानी गर्न पाउँछ भनेर राष्ट्र बैंकले तोकिदिएको छ । हाउसिंगमा यति मात्र लगानी गर्न पाइने, हायर पर्चेजमा यति मात्र लगानी गर्न पाइने भनेर राष्ट्र बैंकले तोकिदिएको छ । यसरी लगानीका जोखिमहरू छरिएका छन् ।

फेरि लगानी गरिएको रकम पनि वर्गीकृत गर्नुपर्ने प्रणाली पनि यहाँ लागू गरिएको छ । खराब ऋण, खराब हुन लागेको ऋण, शंका लागेको ऋण, राम्रो ऋण यति यति भनेर हरेक बैंक र वित्त कम्पनीले नियमित रूपमा वर्गीकृत गरिरहनु पर्ने बनाइएको छ । जोखिम व्यहोर्न हरेक बैंकले कोष पनि खडा गर्नु पर्ने प्रणाली बसाइएको

छ । जोखिमपूर्ण सम्पत्तिको यति प्रतिशत पूँजी बैंकसित जगेडा हुनुपर्छ भन्ने व्यवस्था गरिएको छ ।

त्यसैले, नेपालमा पूँजी लगानी सम्बन्धमा राम्रो नियन्त्रणकारी प्रणालीकै अभाव छैन । प्रश्न के मात्र छ भने, त्यो प्रणालीलाई बैंक र वित्त कम्पनीहरूले राम्ररी अप्नाएका छन् कि छैनन् ? राष्ट्र बैंकले त्यो प्रणालीबारे राम्रो निरीक्षण र सुपरीवेक्षणको व्यवस्था गरेको छ कि छैन ? राष्ट्र बैंकले विश्वासका साथ यी नियमहरू अलवम्बन गरिएका छन् भनेर भन्न सक्छ भने- थाइल्याण्ड, दक्षिण कोरिया र इण्डोनेशियामा जस्तो आर्थिक दुर्घटना नेपालमा तुरून्तै हुनेवाला छैन ।

नेपालमा दायाँ, बायाँ, गहिराई बुझ्दै नबुझीकन निजीकरण, उदारवाद अप्नाउने भन्ने जुन प्रवृत्ति देखिएको छ, त्यो प्रवृत्तिले चाहिं बरू संकट जन्माउन संभव छ । यो प्रवृत्ति मौलायो भने भरे सरकार आफैंले यी नियन्त्रणकारी व्यवस्थाहरू खारेज गर भनेर भन्न सक्छ । नत्र अहिलेसम्म त नेपालमा व्यापारिक ऋण (Trade credit) समेत ल्याउन नपाउने नियम छ । गार्मेण्ट एउटामा मात्र ट्रेड क्रेडिट ल्याउन पाइन्छ, अरूमा पाइन्न ।




## युवराज खतिवडा

दक्षिण पूर्वी एशियाली मुलुकको संकटलाई मुद्रा संकट भन्ने कि, बैंकिङ्ग संकट भन्ने कि अर्थतन्त्रकै संकट भन्ने ? पूँजीवादी संचार माध्यम स्वयंले यसलाई बजार पूँजीवादको विफलता, विश्व पूँजीवादको विफलता भन्न थालेको छ । यसलाई कसै कसैले त पूँजीवाद स्वयंकै विफलता पनि भनिसकेका छन् ।

योबारे विश्लेषण गर्दा मलाई धेरै पहिले पढेको सुम्पीटरको सिद्धान्त याद आउँछ, जसलाई अर्थशास्त्रमा innovation theory भनिन्छ । त्यो सिद्धान्तमा के भनिएको छ भने- पूँजीवादी व्यवस्था चाहिं कुनै न कुनै दिन विफल हुन्छ । विफल हुने संयन्त्र पुँजीवादभित्रै अन्तर्निहित छ । आविष्कार र परिमार्जनको प्रक्रियाले पूँजीवादी अर्थतन्त्रलाई माथि माथि लैजान्छ । जब यो प्रक्रिया रोकिन्छ, त्यसपछि गतिरोध आउँछ र पूँजीवाद धराशायी हुन शुरू गर्छ ।

सुम्पीटरको त्यो कुरालाई अहिले अरूले पनि उद्धृत गर्न थालेका छन् । ट्रेड साइकल भनेको पूँजीवादको आफैंभित्र अन्तर्निहित संयन्त्र हो । बजारमा अति उत्पादनको समस्या हुन्छ, बजार ट्राफिक जाम भए जस्तै ठप्प हुन्छ, बजारले उत्पादन भए जति सामान खपत गर्ने काम गर्दैन, अनि संकट शुरू हुन्छ । अर्थशास्त्रमा यसलाई depression मन्दी भनिन्छ । नेपालीमा यसलाई मन्दी भनिन्छ ।

विश्वको दुई तीन सय वर्षको इतिहास हेर्ने हो भने, हरेक ३० वा ६० वर्षको अन्तरालमा यस्तो ट्रेड साइकल आइरहेको देखिन्छ । शुरू शुरूमा हरेक ३०-३० वर्षमा आयो, पछि हरेक ६०-६० वर्षमा यस्तो संकट आइरहेछ । १९३० को महामन्दीपछि १९९० मा अर्को मन्दी आउँछ भन्ने पूर्वानुमान थियो । तर त्यो मन्दीलाई छल्ने केही सुधारका कदमहरू चाल्यो रेगन प्रशासनले, त्यसैले त्यो मन्दी १९९० मा आएन । निजी क्षेत्रलाई प्रोत्साहित



डा. युवराज खतिवडा

गर्ने र बजार व्यवस्थामा सुधार ल्याउने केही कदम गरिएकाले शायद त्यो मन्दी १९९० मा टऱ्यो । तर ८/९ वर्षपछि पुनः आईहाल्यो ।

त्यसैले पूर्वी एशियाली आर्थिक संकटलाई मैले ट्रेड साइकलसंग जोडेर हेर्ने गरेको छु ।

यस्तो भन्नुको पछाडि आधारहरू के के छन् त ? अति उत्पादन कहाँनेर भयो त ? उत्पादित बस्तुहरूको लागि बजार कहाँ जाम भयो त ? कहाँनेर बजारले काम गरेन त ?

अघि पुष्पजीले भन्नुभयो कि, निर्यात घटेकाले मुद्रा अवमूल्यन गरियो, अवमूल्यन गरिएकाले लगानी भाग्यो । मेरो प्रश्न के छ भने- निर्यात घट्यो किन ? के कुराको निर्यात घट्यो ?

पूर्वी एशियाली मुलुकहरू इलेक्ट्रोनिक सामानका मुख्य निर्यातकर्ता हुन् । निशर्त घटेको यिनै इलेक्ट्रोनिक सामानहरूको हो । इलेक्ट्रोनिक सामानको यति ज्यादा बजारमा सप्लाई भयो कि, एक डलरको कम्प्युटर चिप्स ७ सेन्टमा बिक्री हुने भयो । यस्तो भएपछि तपाई जतिसुकै ज्यादा उत्पादन गर्नुहोस् त, व्यापारबाट नोक्सानीसिवाय केही हुँदैन । किनभने, उत्पादित बस्तुको मूल्य नै घटिरहेको छ । भएको त्यसैले के हो भने, तपाईंले उत्पादन क्षमता निकै बढाउनुभयो, इलेक्ट्रोनिक सामानको बजारमा अति ज्यादा आपूर्ति भयो । अतः बजारमा सामान खपत नहुने समस्या देखापऱ्यो । अनि निर्यात घट्यो ।

**पूर्वी एशियाली आर्थिक संकटलाई मैले ट्रेड साइकलसंग जोडेर हेर्ने गरेको छु ।**

यसप्रकार, अति उत्पादन पूँजीवादी अर्थतन्त्रको अन्तर्निहित कमजोरी हो । त्यो कमजोरी इलेक्ट्रोनिक सामानको बजारमा देखापऱ्यो र निर्यात घटेको हो । ताइवान, सिंगापुर, मलेशिया, कोरिया र थाइल्याण्ड- यी पाँचवटै देशको अर्थतन्त्रमा देखापरेको संकटका पछाडि ती देशमा इलेक्ट्रोनिक सामानको अति उत्पादन हुनु र निर्यात घट्नु प्राथमिक कारणका रूपमा रहेका छन् ।

संकटको अर्को कारण- अर्थतन्त्रको विश्वव्यापीकरण (Globalization) हो । कुनै पनि मुलुकको संस्थागत क्षमताले नधान्ने गरी आवश्यकताभन्दा ज्यादै छिटो हामी हाम्रो अर्थतन्त्रलाई उदारीकरण र विश्वव्यापीकरण गर्‍यौं भने अर्थतन्त्रले त्यो थेग्न सक्दैन र अर्थतन्त्र दुर्घटनामा पर्छ, पर्छ । पूर्वी एशियाको आर्थिक संकटले यही पाठ सिकाएको छ, यही देखाएको छ । पूर्वी एशियाको मुद्रा संकट वा बैंकिङ्ग संकट त मेरो ठम्याइमा, रोगका लक्षणहरू मात्र हुन्, ज्वर आए जस्तो । ती आफैं रोगका कारण होइनन् । मुख्य हामीले हेर्नुपर्ने त ती संकटहरू, ती रोगका लक्षणहरू किन देखापरे त ? भनेर हो । पूँजीवादको अन्तर्निहित कमजोरी किन र कसरी देखापऱ्यो त मुद्रा र बैंकिङ्ग क्षेत्रमा ? यो सवाल हामीले पत्ता लाउनुपर्छ ।

उदार अर्थतन्त्रका हिमायतीहरूले अहिले अरू कमजोरी देख्दैनन् त्यहाँ, उनीहरू त्यहाँ दुइटा कुरा उठाउँछन् । एउटा कुरा उनीहरू के उठाउँछन् भने, यो पूर्वी एशियाको वित्तीय प्रणालीको कमजोरी हो । त्यहाँ खराब ऋण ज्यादा भयो, त्यहाँको बैंकिङ्ग प्रणालीमा बाहिरका पूँजीपतिहरूले विश्वास गरेनन्, त्यसैले उनीहरूले आफ्नो पूँजी फिर्ता गरे । अर्को, उनीहरू के कुरा उठाउँछन् भने, अघि चैतन्यजीले भन्नु भएजस्तो, त्यहाँ बजारलाई निर्बाध रूपमा कामै गर्न दिइएन, सरकारबाट बैंकिङ्ग क्षेत्रमा दवाब ज्यादा भयो, त्यसैले बैंकिङ्ग क्षेत्र खराब लगानीमा डुब्यो र फेल खायो ।

उदार अर्थतन्त्रका पक्षधरहरू जापानलाई देखाएर भन्छन्- जापानले संरक्षित अर्थतन्त्र अप्नायो, उसले आफ्नो पूँजी बजार बाहिरको लागि खुल्ला गरेन । त्यसैले, थाइल्याण्डभन्दा पहिले वित्तीय संकट जापानमा देखापरेको हो । तर थाइल्याण्डको अर्थतन्त्रको तुलनामा जापानको अर्थतन्त्र यति ठूलो थियो कि ठूलो हुनुकै कारणले यो फेल भएन । विश्वको कुल बचतको ५० प्रतिशत जापानले सप्लाई गर्छ । विश्वका सबैभन्दा कमजोर वित्तीय प्रणाली जापानसितै छ । तथापि, जापानी अर्थतन्त्र विफल भएन । यस्तो किन भयो त ? किनकि, जापानको कुनै एउटा बैंक थाइल्याण्ड वा कोरियाको कुल गार्हस्थ्य उत्पादन जति छ, त्यस बराबरको सम्पत्ति लिएर बसेको छ । अनि कसरी उसको अर्थतन्त्र विफल हुन्छ ? निकै धेरै समय लाग्छ, त्यत्रो अर्थतन्त्र विफल हुन ।

वास्तवमा, थाइल्याण्डभन्दा पहिले वित्तीय प्रणालीमा संकट आएको जापानमा हो । जापानको त्यो संकटको शिकार चाहिं थाइल्याण्ड, कोरिया, इण्डोनेशिया, मलेशिया, सिंगापुर भएका हुन् । समस्या चाहिं वास्तवमा ती मुलुकमा नभएर जापानमा खडा भएको हो । यसरी, पूर्वी एशियाली आर्थिक संकटको उत्पत्ति चाहिं जापानमा भएको हो भनेर हेरिनु पर्छ ।

पश्चिमेलीहरूको मात्र होइन, जापानको निकै ठूलो लगानी थियो- पूर्वी एशियाली मुलुकहरूमा । जापानले आफ्नै वित्तीय प्रणालीको संकटका कारणले लगानी फिर्ता लिईदियो । भयो के भने- सन् १९८९ देखि ९१ सम्ममा जापानमा स्टक र रियल स्टेटमा मूल्य एक्कासी पानीको फोका झैं फुल्ने र फुट्ने घटना घट्यो । यसलाई तथाकथित bubble economy भन्छन् उनीहरू । रियल स्टेट र स्टक एक्सचेन्ज- दुवै क्षेत्रमा जग्गाको मूल्य र शेयरको मूल्य एक्कासी बढ्ने र स्वाट्ट घट्ने दुर्घटना घट्यो । यो कारणले उनीहरूको अर्थतन्त्रमा ठहराव आयो १९९० को दशकमा । १९९० को दशकलाई उनीहरू १ प्रतिशत आर्थिक बृद्धिको दशक भन्दैछन् रे ! जापानी अर्थतन्त्रमा आएको यो मन्दीले गर्दा पूर्वी

**थाइल्याण्डमा र पूर्वी एशियामा यूरोप र अमेरिकाको मिलिटरी स्वार्थ ज्यादा भएको भए, राजनैतिक स्वार्थ ज्यादा भएको भए, उनीहरुले यति हत्त न पत्त पूँजी फिर्ता गर्ने थिएनन् होला ।**

एशियाली क्षेत्रमा प्रभाव पारेको हो ।

थाइल्याण्डको समस्या के हो भने, त्यहाँ राजनैतिक रूपले विश्वसनीय सरकार भएन केही समय । उसले स्थिर मुद्रा विनिमय दरलाई प्रतिष्ठाको विषय बनायो । करिब एक दशकसम्म उसले आफ्नो मुद्राको विनिमय दरलाई स्थिर राखिदियो । यसले गर्दा वास्तवमा थाई मुद्रा १५-२० प्रतिशतका दरले अवमूल्यन भयो ।

यही बेला चीनले के गऱ्यो ? जब चीनले आफ्नो निर्यातमा समस्या आउने देख्यो सन् १९९४ मै, उसले त्यति नै बेला आफ्नो मुद्राको १२/१५ प्रतिशत अधिमूल्यन गऱ्यो । संकट चीनमा पनि आउन लागेको थियो । तर चीनले बेलैमा होशियार हुनाले संभावित संकट टाऱ्यो । यसरी उसले विश्वको निर्यात व्यापारको व्यापक हिस्सा आफ्नो हातमा पाऱ्यो । यो हिस्सा उसले वास्तवमा पूर्वी एशियाली मुलुकहरूबाटै खोसेर लिएको थियो । थाइल्याण्डले चीनले जस्तो गरेन । त्यसैले ऊ ढल्यो । मलेशियाले र सिंगापुरले मुद्रा अवमूल्यनभन्दा उत्पादनशीलता बढाउने उपायद्वारा निर्यात व्यापारमा आउन लागेको संभावित संकट टाऱ्यो । त्यसैले थाइल्याण्ड र कोरियाको जस्तो दुर्घटना त्यहाँ घटेन । तर थाइल्याण्डले न मुद्रा अवमूल्यन गऱ्यो, न उत्पादनशीलता नै बढाउन सक्यो । त्यसैले निर्यात व्यापारमा उसका सामानहरू प्रतिस्पर्धात्मक हुन सकेनन् । फलतः निर्यात बजारमा उसको हिस्सा घट्यो । खासगरी, १९९६ उता उसको निर्यात यसरी घट्न थालेको हो । १९९७ जुलाइमा गएर थाइल्याण्डले आफ्नो निर्यात बढाउन मुद्राको अवमूल्यन गर्न बाध्य भयो । यही कुरा एक वर्षअघि १९९६ जुलाईमा उसले गर्न सकेको भए, संभवतः सिंगापुर, मलेशिया र चीनले जस्तो उसले पनि आफ्नो संकट टार्न सक्थ्यो । तर त्यहाँका शासकहरूले यो जोखिम मोल्न चाहेनन् ।

यसले सिकाएको पाठ के हो भने, संकटको लक्षण शुरू हुनासाथ रोगको उपचार शुरू गर्ने हो भने तपाई संकट टार्न सक्नुहुन्छ ।

संकटका पछाडि अर्को तत्व पनि जिम्मेवार छ । त्यो के भने, यो पूर्वी एशियाली क्षेत्र सामान्यतया उच्च व्याजदर भएको क्षेत्र हो । उता यूरोप, अमेरिका र जापानमा चाहिं व्याजदर निकै कम थियो । एकातिर, यी एशियाली मुलुकहरूको उच्च व्याजदर, अर्कोतिर यिनीहरूको मुद्रा विनीय दर एकदमै स्थिर । यो देखेर यी पश्चिमेली मुलुकहरूको लगानीको स्वार्थ निकै क्रियाशील भयो । उनीहरूले ढोका ढकढक्याएर यी मुलुकहरूमा आएर भन्न थाले- हामीसित जति पनि पैसा छ, तिमीहरू ६ प्रतिशतमा कर्जा लिऊ, १६/१७ प्रतिशतमा लगानी गर, बस् मालामाल फाइदा हुन्छ । यस्तो भन्न आएपछि यिनीहरूले पनि बिना स्वविवेक ऋण लिए । ठूलो मात्रामा ऋण लिएर यिनीहरूले जथाभावी लगानी गरे ।

अघि दीपेन्द्रजीले र पुष्पजीले भन्नु भएजस्तो-छोटो अवधिको ऋण लिए, लामो अवधिको लागि लगानी गरे । विदेशी मुद्रामा ऋण लिए, स्वदेशी मुद्रा आर्जन हुने क्षेत्रमा लगानी गरे, ऋण लिएर उपभोगमा खर्च गरे । यसैबीच, गएको जुलाई २ मा थाइल्याण्डले मुद्रालाई बजारमा खुला छोडिदियो । यो घट्ना घटेपछि विदेशी लगानीकर्ताले के सोचे भने, थाइल्याण्डको निर्यात पनि घट्न थालेको छ, मुद्रा पनि अब स्थिर छैन । १० वर्षपछि थाइल्याण्डको वित्तीय स्थिति खराब भएको छ, बजेट नाफामा भएको देश बजेट घाटामा गएको छ । यी सब खतराको संकेत देखेर उनीहरूले आफ्नो लगानी फिर्ता लान लागे ।

थाइल्याण्डको जति विदेशी ऋण थियो, त्यसमध्ये ८० प्रतिशत निजी क्षेत्रको ऋण थियो । त्यो निजी क्षेत्रको ऋणमध्ये पनि ८० प्रतिशत चाहिं निकै अल्पकालीन अवधिका थियो । १२ महिनाभित्रमा भुक्तानी लिएर जाने खालका ऋण थिए ती । जब थाइल्याण्डको निर्यात स्थिति पनि खराब देखियो, वित्तीय स्थिति पनि खराब देखियो, यूरोप, अमेरिकाका १०/१२ वटा ठूला कम्पनीहरूले अति प्रतिक्रिया जनाएर थाइल्याण्डबाट भटाभट लगानी फिर्ता लान लागे । तुरून्तै फिर्ता गरिएन भने लगानी डुब्न सक्छ भन्ने उनीहरूको भय रहयो । यसरी थाइल्याण्डमा वित्तीय संकट देखापरेको हो ।

थाइल्याण्डमा र पूर्वी एशियामा यूरोप र अमेरिकाको मिलिटरी स्वार्थ ज्यादा भएको भए, राजनैतिक स्वार्थ ज्यादा भएको भए, उनीहरूले यति हत्त न पत्त पूँजी फिर्ता गर्ने थिएनन् होला । तर यस्तो स्वार्थ पनि त्यहाँ कम रहयो । त्यसैले, यिनीहरूले निकै ढिलो र आधा मनले मात्र मुद्रा कोषलाई लगाएर 'बचाऊ धनराशी" दिए । तर कुरा धेरै ढिलो भइसकेको थियो । पूर्वी एशियाली संकटका पछाडि पश्चिमेली लगानीकर्ताको यो व्यवहार र यो स्वार्थ पनि जिम्मेवार देखिन्छ ।

अर्को कुरा, पूर्वी एशिया आर्थिक हिसाबले निकै शक्तिशाली हुँदै गएको थियो । जापान विश्वकै नं. २ आर्थिक शक्ति भएको थियो । दक्षिण कोरिया एघारौं, चीन तेस्रो । यसरी एशियाली देशहरू नै आर्थिक हिसाबले विश्वमा छाउने त होइनन् ? पश्चिमेली मुलुकहरू भन्दा पनि एशियाली मुलुकहरू आर्थिक हिसाबले शक्तिशाली भएर आउने त होइनन् ? यो हिसाबले पनि हेरे कि पश्चिमेली मुलुकहरूले ? एशियाली मुलुकहरूलाई सहायता गरी राख्दाखेरी आफ्नो अस्तित्वमा संकट आउने उनीहरूले देखे कि ? यो कोणबाट पनि एशियाली संकटलाई हामीले छलफल गर्नु जरूरी छ ।

हुन त, एशियाली आर्थिक संकटले यूरोप र अमेरिका दुवैलाई प्रभाव पार्दै छ । अमेरिकाको एक तिहाई निर्यात एशियाली मुलुकमै हुने गरेको छ । ती मुलुकहरूमा मन्दी आएपछि अमेरिकाको निर्यातमा पनि असर त पर्ने नै भयो । तर पनि उनीहरूले बेलैमा एशियाली आर्थिक संकट टार्न किन पहल गरेनन् त ?

मेरो ठम्याइमा, पूर्वी एशियाबाट आफ्नो हैकम र अस्तित्वमाथि चुनौती आउने भयले नै यसमा काम गऱ्यो

कि ? आफ्नै विकासको रणनीतिक दर्शन लिएर चल्ने मलेशिया र सिंगापुर जस्ता पूर्वी एशियाली मुलुकहरू, उनीहरूले तोकेको प्याकेजअनुसार चल्नुपर्छ भन्ने पश्चिमेली मुलुकहरू, यसमा पनि केही अन्तरविरोध देखिएकै हो । यही अन्तरविरोधले पनि थोरै काम गऱ्यो कि बेलैमा सहायता नगर्नुमा ?

निजी क्षेत्रमाथि अति ज्यादा विश्वास पनि एशियाली संकटको एउटा प्रमुख कारण देखिन्छ । निजी क्षेत्र भनेको सक्षम र दक्ष नै हुन्छ, निजी क्षेत्रमा भएको लगानी उत्पादनशील नै हुन्छ, त्यहाँ पूँजीको दुरूपयोग हुँदैन, सरकारी क्षेत्रले यो दुरुपयोग गर्छ भनेर यी मुलुकहरूमा, खास गरी थाइल्याण्डमा, निजी क्षेत्रमाथि अति ज्यादा विश्वास गरियो । तर जति पनि पूर्वी एशियाली मुलुकहरूमा आर्थिक संकट आएको छ, त्यो निजी क्षेत्रकै कारणले आएको छ । निजी क्षेत्रले जथाभावी पूँजी लगानी गर्नाले र त्यो पूँजी डुब्नाले नै समस्या आएको छ । सरकारी क्षेत्रबाट कुनै समस्या नै सिर्जना भएको होइन त्यहाँ । सिंगापुर, मलेशिया, इण्डोनेशिया सबै ठाउँमा बजेट घाटा छैन । वित्तीय नीति पनि मोटामोटी ठीकै छ । निजी क्षेत्रले लगानीमा गल्ती नै गर्दैन, निजी क्षेत्रले पूँजीको उपयोग सबैभन्दा ठीक तरिकाले गर्छ भन्ने कुरामा अति विश्वास गर्नाले नै सबैजसो पूर्वी एशियाली मुलुकमा आर्थिक संकट सिर्जना भएको छ ।

निजी क्षेत्रबाट पनि गंभीर वित्तीय समस्या आउन सक्छ भनेर बोध नै नगर्नु सबैभन्दा ठूलो गल्ती भयो- यी मुलुकमा । थाइल्याण्डले २२/२३ अरब डलरको विदेशी मुद्राको संचिति बोकेर यति महिनाको आयात धान्न सक्छु भनेर बसेको रहेछ, जबकि ८०/८२ अरब डलरको तुरून्तै तिर्नुपर्ने ऋण रहेछ निजी क्षेत्रको । आफ्नो तिर्ने क्षमताभन्दा चार गुणा बेसी निजी क्षेत्रको ऋण भएको कुरा केन्द्रीय बैंकले यादै राख्दैन भने त्योभन्दा निजी क्षेत्रमाथि निर्धक्क विश्वास, र हुस्सूपना अरू के होला ?

त्यसैले, निजीकरणको विफलता हो पूर्वी एशियाको संकट भनेको । निजी क्षेत्र हमेशा सक्षम हुन्छ, त्यसले कहिल्यै लगानी डुबाउँदैन र गल्ती गर्दैन भन्नेहरूलाई एशियाली संकट गालामा झापडसरह हो । केन्द्रीय बैंकको निगरानी, निरीक्षण र नियन्त्रण कति आवश्यक रहेछ, निजी क्षेत्रका बैंक र वित्त कम्पनीमाथि, त्यो यो घटनाले प्रष्टै पारेको छ ।

## डा. चैतन्य मिश्र

म CNN टेलिभिजन हेर्दै थिएँ कोरियाली संकटको तेस्रो दिन । CNN ले के समाचार प्रसारित गऱ्यो भने, दक्षिण कोरियामा सरकारले जति सोचेको थियो, त्योभन्दा तीन गुणा ज्यादा निजी क्षेत्र समेतको विदेशी ऋण



**अन्तर्क्रियामा भाग लिनुहुँदै डा. गुणनिधि शर्मा । दायाँबाटः दीपेन्द्र क्षेत्री, गुणनिधि शर्मा, महेश्वरमान श्रेष्ठ, फणिन्द्र न्यौपाने र चन्द्रराज ढुंगेल**

**सरकारी ऋणले मात्रै समस्या निम्त्याउँछ भन्ने कुरा होइन रहेछ, निजी क्षेत्रको ऋणले पनि उत्तिकै समस्या सिर्जना गर्दो रहेछ ।**



**दक्षिण कोरियामा बिक्री नभएर लस्करै थन्क्याइएका कारहरु**

रहेछ । हामी यहाँ निरीक्षणको हालत कमजोर छ भन्दैछौं, दक्षिण कोरियाली सरकारको त झनै निरीक्षणको हालत त्यस्तो रहेछ ।

## युवराज खतिवडा

बैंक अफ थाइल्याण्डको लापर्वाहीको एउटा घटना म तपाईहरूलाई सुनाउँछु ।

थाइल्याण्डमा १९९३ देखि ९५ सम्ममा घर जग्गामा यति धेरै लगानी भएको थियो, जताततै बैंककमा क्रेनै क्रेन देखिन्थ्यो । जताततै ठूला ठूला भवन, डिपार्टमेण्टल स्टोर बने । अमेरिकाको मिलीटरी बेस पनि त्यहीं थियो, त्यसको लगानी पनि निकै ज्यादा थियो । जब मिलिटरी बेस त्यहाँबाट हट्यो, रियल स्टेट बिजिनेस त्यतिखेरै ढल्न ढल्न लागिसकेको थियो । निजी फाइनान्स कम्पनीहरूले पैसा दिएर बनाएका ठूला ठूला घरहरू उत्तिकै खाली हुन थाले । तिनीहरू बिक्री हुन छाडे । त्यसपछि बैंक अफ थाइल्याण्डले के भन्यो भने, हामी ९ प्रतिशत व्याजदरमा ऋण दिन्छौं, जो जो किन्न चाहन्छन्, ऋण लिएर किनून् । यस्तो घोषणा गरेपछि अरू महँगा व्याजदरका फाइनान्स कम्पनीहरूले घर किन्न पैसा नदिने भए । तर पछि गएर बैंक अफ थाइल्याण्डले पनि कर्जा दिएन । बनाएका विल्डिङहरू उत्तिकै खाली रहे । त्यसको ऋण तिर्न नसकेर बैंकहरूको खराब ऋण निकै बढ्यो । कैयन बैंकहरू टाट पल्टिए । यसबाट वित्तीय संकट पैदा भयो ।

संकटको पछाडि अर्को कारण रहेको छ- आफ्नो संस्थागत क्षमताभन्दा ज्यादा, आफ्नो बचतभन्दा ज्यादा लगानी गर्नु । जुन देशले आफ्नो कुल गार्हस्थ्य उत्पादनको ४०-४० प्रतिशत लगानी गर्छ त्यो देशको अर्थतन्त्र थेग्नै नसक्ने गरी तात्नु स्वाभाविक हुन्छ । देशको रष्ट्रिय बचत छ- ३०-४० प्रतिशत, लगानी पनि छ- ३०-४० प्रतिशत नै । यस्तो लगानी कहिलेसम्म संभव हुन्छ ?

चीनको लगानी पनि बढी तात्ने नगरेको होइन । कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशत लगानी र १० प्रतिशतको आर्थिक बृद्धिदर हुँदा चीनले यो आर्थिक बृद्धि दर धेरै भयो भनेर त्यसमा कमी ल्यायो । कम आर्थिक बृद्धि दर र कम लगानीको योजना गरियो । यी पूर्वी एशियाली मुलुकहरूले पनि धेरै पहिले नै चीनले जस्तो गर्नु पर्थ्यो । तर उनीहरूले गरेनन् । पूर्वी एशिया आफैंमा निकै ज्यादा बचत भएको क्षेत्र हो । तर यी क्षेत्रका मुलुकहरूले आफ्नो बचतभन्दा ज्यादा लगानी गर्न खोजे । अर्थतन्त्रलाई यिनीहरूले आफ्नो संस्थागत क्षमताभन्दा ज्यादा चलायमान गर्न खोजे । १९९० को दशकमा आएर उनीहरूले अर्थतन्त्रको गतिलाई धीमा पार्नु पर्थ्यो, चीनले जस्तो । किनकि, यी पूर्वी एशियाली मुलुकहरूमा गते तीन दशकदेखि आर्थिक बृद्धिदर सरदर ८ प्रतिशत रहीआएको थियो । तर गरेनन् उनीहरूले यस्तो । उनीहरूले अर्थतन्त्रलाई आफ्नो संस्थागत क्षमताले धान्ने गरी धीमा पार्नुभन्दा लगानीमाथि लगानी गर्दै लगे । फलस्वरूप; १९९७ मा आएर अर्थतन्त्र दुर्घटनाग्रस्त भयो, नियन्त्रणभन्दा बाहिरको गतिमा चलाएको गाडी जस्तो ।

अर्को एउटा पक्ष पनि छ, जसलाई हामीले संकटको अर्को कारक तत्व मान्न सक्छौं । त्यो हो- आफ्नो देशको अर्थतन्त्रको क्रय क्षमताले धान्नै नसक्ने उच्च उन्नत प्रविधि प्रयोग गर्नु । पूर्वी एशियाली मुलुकमा त्यस्तै गरियो । निजी क्षेत्रले लगानी गर्ने, बनाउने र सुम्पने गरी ठूला ठूला भवन बने, बाटो बने, पूल बने, निकै ज्यादा पूँजी लाग्ने अत्याधुनिक प्रविधि प्रयोग गरेर । जब ती बनी सिध्याए, त्यसको मूल्य यति ज्यादा भयो कि, संबन्धित देशको जनतासित त्यसको प्रयोग गर्ने क्रय क्षमता नै रहेन । ती सबै लगानीहरू घाटामा गए । यसले के कुरा सिकाएको छ भने, आफ्नो मुलुकको अर्थतन्त्रले नधान्ने पूँजी-सघन उच्च प्रविधि पनि प्रत्युत्पादक हुँदो रहेछ । त्यसको प्रयोग दीगो हुँदो रहेनछ ।

विश्वव्यापीकरणको प्रक्रिया चलिरहेको अहिलेको विश्वमा इलेक्ट्रोनिक संचार प्रविधि ज्यादै द्रुत र प्रभावकारी भएको छ । थाइल्याण्डमा शेयरको मूल्यं घट्यो कि त्यसको प्रभाव तुरून्तै मलेशियामा पर्छ, कोरियामा बैंक डुब्यो कि हंगकंगको शेयर मूल्य तुरून्तै प्रभावित हुन्छ । कहिलेकाहीं त कस्तो हुन्छ भने, अर्थतन्त्र तगडै हुन्छ, तर बाहिरको समाचारले त्यहाँ नराम्रो प्रभाव पार्छ । हंगकंगमा यस्तै भयो यसपालि । सबैतिर स्टक मार्केटमा ओरालो लाग्ने प्रवृत्ति देखा पर्दा हंगकंगमा पनि ओरालो लाग्यो, जबकि हंगकंगमा कुनै मुद्रा संकट थिएन, कुनै आर्थिक संकट थिएन । बथान-मनोविज्ञान हुन्छ नि जन्तुहरूमा, एउटा भैंडा उफ्रँदा अर्को पनि उत्तिकै उफ्रे जस्तो, त्यस्तै मनोविज्ञानले काम गऱ्यो, खासगरी स्टक मार्केटको सवालमा । यसरी पूर्वी एशियाली मुलुकमा उत्तिकै उत्तिकै संकट चर्काउनमा द्रुत संचार प्रविधिले पनि काम गऱ्यो ।

### पाठ के सिक्ने ?

पूर्वी एशियाको संकटबाट के पाठ सिक्ने भन्ने सवालमा पहिलो पाठ त यही सिक्नु पर्छ कि, हामीले हाम्रो संस्थागत क्षमताले नधान्ने गरी आफ्नो अर्थतन्त्रलाई उदार र खुला गर्ने काम गर्नु हुँदो रहेनछ । उदारवाद भनेको छनौटपूर्ण हुनुपर्दो रहेछ । आफ्नो देशको संस्थागत क्षमताले नधान्ने गरी विदेशी पूँजी र उच्च प्रवधि भित्र्याउनु सारै प्रत्युत्पादक हुँदोरहेछ ।

**विदेशी पूँजी भित्रिनको लागि ढोका खोल्ने, तर देशको बैंकिङ्ग प्रणालीले त्यसलाई धान्न सक्दैन भने, बैंकिङ्ग प्रणाली कमजोर भयो भने, संकट सिर्जना हुँदो रहेछ ।**

दीपेन्द्रजीले अघि यहाँको पुँजीबजारमा बाहिरी लगानी भित्रिन थालेको चर्चा गर्नु भयो । बाहिरको प्रत्यक्ष विदेशी लगानीका लागि त हाम्रो देशको अर्थतन्त्रलाई खुला गरिसकिएको छ । तर हाम्रो लगानी बाहिर निर्यात गर्ने हालतमा चाहिं हामी पुगिसकेका छैनौं । त्यसको लागि ढोका खोल्ने बेला भएको छैन । यो पाठ पनि हामीले सिक्नु जरूरी छ ।

विदेशी पूँजी भित्रिनको लागि ढोका खोल्ने, तर देशको बैंकिङ्ग प्रणालीले त्यसलाई धान्न सक्दैन भने, बैंकिङ्ग प्रणाली कमजोर भयो भने, संकट सिर्जना हुँदो रहेछ । त्यसैले, हामीले हाम्रो पूँजी खाता खोल्ने हो भने ( जुन अहिलेसम्म खोली सकिएको छैन) सर्वप्रथम बैंकिङ्ग प्रणाली सारै मजबूत बनाउनु पर्दोरहेछ । त्यो नगर्ने हो भने, आर्थिक दुर्घटना अवश्यंभावी हुँदो रहेछ ।

अघि हाम्रो खराब ऋण कति छ भन्ने कुरा उठ्यो । हाम्रो लेखा प्रणाली त्यति गतिलो र विश्वसनीय छैन । तर हाम्रा ठूलठूला बैंकहरूको खराब ऋण उनीहरूको कुल संपत्तिको लगभग २० प्रतिशत छ । अर्थतन्त्रमा ५ प्रतिशतभन्दा ज्यादा खराब ऋण हुनु जोखिमको संकेत हो ।

सिक्नु पर्ने अर्को महत्वपूर्ण पाठ के हो भने, वित्तीय प्रणालीमा सरकारी पक्ष मात्र सन्तुलित र नियन्त्रित भएर पुग्दो रहेनछ । संकट निजी क्षेत्रबाट पनि आउँदो रहेछ । निजी क्षेत्र एकदमै सक्षम र प्रभावकारी हुन्छ भन्ने कुरा होइन रहेछ । त्यसमाथि निरन्तर निरीक्षण र नियन्त्रण जरूरी हुँदो रहेछ । सरकारी ऋणले मात्रै समस्या निम्त्याउँछ भन्ने कुरा होइन रहेछ, निजी क्षेत्रको ऋणले पनि उत्तिकै समस्या सिर्जना गर्दो रहेछ ।

निकै ठूलो विदेशी मुद्राको संचिति छ, रू. ४९ अरबको संचिति छ भनेर ढुक्क हुनु सारै खराब हुँदो रहेछ । सबै पूर्वी एशियाली मुलुकको विदेशी मुद्राको संचिति भण्डार राम्रो थियो र त्यो बढ्दै पनि थियो । तर पनि दुर्घटना त भयो ।

दीपेन्द्रजीले पनि भन्नु भएको छ, चालु खाता घाटा ८ प्रतिशतभन्दा माथि भएपछि संकटको जोखिम निकै चर्को हुँदो रहेछ । मेक्सिको, थाइल्याण्ड, सबैको ८ प्रतिशतभन्दा माथि चालु खाता घाटा भएपछि उनीहरूको अर्थतन्त्र ढल्यो । नेपालको चालु खाता घाटा पनि ८ प्रतिशतभन्दा माथि छ । त्यसैले हामी पनि संकटग्रस्त हुन सक्छौं । हाम्रो संकट अहिले टरिरहेछ, किनभने हाम्रो पूँजी खाताको जुन रकम छ, त्यो शेयरबाट आएको होइन । त्यो सरकारी ऋणबाट आएको हो । अघि पुष्पजीले अवर्गीकृत पूँजी भनेर जुन भन्नुभएको छ, त्यो केही हाम्रो पुनर्निर्यातबाट जम्मा भएको रकम हो, केही हाम्रो रेकर्ड नगरिएको तर भारतबाट भएको लगानी हो, केही ट्रेड क्रेडिट हो । १४/१५ अरबको अवर्गीकृत पूँजीमा तीन चार अरब जति छ, ट्रेड क्रेडिट हाम्रो ।

अन्तमा, अर्थतन्त्रमा राज्यको भूमिका, निरीक्षण र नियन्त्रण हुनु पर्दो रहेछ । राज्यको निरीक्षण र नियन्त्रण बिनाको निजी क्षेत्र सक्षम नहुँदो रहेछ भन्ने पाठ हामीले पूर्वी एशियाको आर्थिक संकटबाट राम्ररी सिक्नु पर्छ ।

## के विदेशी ऋणको कारणले नेपालमा तत्काल संकट आउँला ?

श्याम श्रेष्ठ : नेपालको विदेशी मुद्राको संचिति ४९ अरब रूपैयाँ बराबरको छ । नेपालले तिर्नुपर्ने कुल विदेशी ऋण चाहिं १५५ अरब नाघेको छ । यस हिसाबले हाम्रो भण्डारमा भएको सम्पत्तिभन्दा हामीले तिर्नुपर्ने ऋण तीन दोब्बरभन्दा पनि बेसी भयो । यसले निकट भविष्यमै आर्थिक संकट ल्याउन कस्तो भूमिका खेल्न सक्छ ?

### युवराज खतिवडा

हाम्रो विदेशी ऋण डेढ खरब रूपैयाँभन्दा माथि भए पनि त्यसको भुक्तानी भाका ३० देखि ४० वर्षसम्मको भएकोले तत्काल त्यसले ठूलो आर्थिक संकट ल्याइहाल्ला भन्ने लाग्दैन । फेरि ती सबै ऋण एकै वर्षमा तिरीभ्याउनु पर्ने पनि होइन । किस्ता किस्ता गरी तिर्दै लाने कुरा हो त्यो । अहिले हामी वर्षेनी चार-साँढे चार अरब रूपैयाँ विदेशी ऋणको साँवा ब्याज भुक्तानी गरिरहेछौं । दुई चार वर्ष उता यो थैली बढ्ला तर पनि त्यो ६/७ अरबभन्दा माथि जाँदैन ।

यी सब कोणबाट हेर्दा तत्काल वैदेशिक ऋणको भुक्तानीको समस्याले पूर्वी एशियाको जस्तो संकट ल्याउला भन्ने देखिन्न ।

तर समस्या चाहिं मुद्रा अवमूल्यनले ल्याउन सक्छ । २५ रूपैयाँ प्रति डलर हुँदा लिएको विदेशी ऋण तपाईंले ६५ रूपैयाँप्रति डलरको भाउमा तिर्नुपर्दा तपाईंको ऋण स्वतः कति गुना बेसी हुन जान्छ, त्यो चाहिं बरू बढी गंभीर कुरा हो ।

## नेपालमा रियल स्टेटमा लगानीको समस्या

### श्याम श्रेष्ठ

नेपालमा रियल स्टेट अर्थात् घर जग्गा खरीदमा हाम्रा बैंकहरूले कत्तिको लगानी गर्छन् ? र, लगानी छ भने त्यो डुब्ने स्थिति छ कि छैन ?

### युवराज खतिवडा

नेपालमा रियल स्टेटमा नेपालका बैंकहरू लगानी नै गर्दैनन् । त्यसमा लगानी गर्ने हाम्रा फाइनान्स कम्पनीहरूले हो । तर हाम्रा भए जति सबै फाइनान्स कम्पनीको लगानी नै जम्मा चार अरब रूपैयाँको छ । त्यस लगानीमध्ये पनि झण्डै एक तिहाई लगानी त औद्योगिक क्षेत्रमा छ ।

त्यसैले, रियल स्टेटमा हाम्रा वित्त कम्पनीहरूको लगानी २/३ अरब पनि छैन र त्यो लगानीले नेपालको अर्थतन्त्रमा संकट ल्याउने संभावना हाललाई छैन ।

### गुणनिधि शर्मा

**अर्थविद्, मुद्रा अर्थनीति सम्बन्धी ज्ञाता**

दीपेन्द्रजीको कार्यपत्र निकै मिहेनतसाथ तयार भएको छ र यो सर्वाङ्गीण पनि छ ।

पूर्वी एशियाको आर्थिक संकटलाई यहाँ साथीहरूले



विभिन्न कोणबाट पेश गरिसक्नु भएको छ । म यसलाई ऐतिहासिक कोणबाट हेर्ने प्रयत्न गर्छु ।

ऐतिहासिक कोणबाट हेर्दा पूर्वी एशियाको आर्थिक संकट 'ब्रेटन उड प्याकेज' संग संबन्धित देखिन्छ । सन् १९४५ मा 'ब्रेटन उड प्याकेज' अन्तर्गत तीनवटा विश्व संस्थाहरू अस्तित्वमा आए : एउटा, विश्व बैंक, अर्को, अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) र तेस्रो, GATT अर्थात् वर्तमान विश्व व्यापार संगठन । यिनीहरूले के सोच अगाडि सारे भने, राज्य उत्प्रेरित आर्थिक बृद्धि दीगो हुँदैन, यसले राष्ट्रिय समस्या सुल्झाउँछ होइन उल्झाउँछ, अर्थतन्त्रमा सरकारको भूमिका जतिसक्यो उति कम गर्नुपर्छ, हरेक मुलुकले खुला बजार अर्थतन्त्र अप्नाउनु पर्छ, सरकार बजारप्रति सहिष्णु हुनुपर्छ, र खुला र स्वच्छ व्यापार हुनुपर्छ । यसले नयाँ विश्व व्यवस्था सिर्जना गर्ने जमर्को गऱ्यो ।

यही सोचलाई दक्षिण-पूर्वी एशियाली मुलुकहरूले पनि पछ्याए । अहिलेको संकट त्यसैको परिणाम हो ।

अहिले विश्वव्यापीकरण, उदारीकरण र निजीकरणको लर्को चलेको छ विश्वमा । यो वास्तवमा 'ब्रेटन उड प्याकेज' कै व्यवहारिक कार्यान्वयन हो । विश्वव्यापीकरण, उदारीकरण र निजीकरण अन्तर्गत अहिले के भनिँदैछ भने, विदेशी पूँजीलाई देशमा निर्वाध रूपमा आउन दिनुपर्छ र मन परेको बेलामा जाने वातावरण पनि दिनुपर्छ । आन्तरिक रूपमा सरकारी हस्तक्षेपबिनाको अर्थतन्त्र हुनुपर्छ र बाह्य रूपमा यो सीमाना बिनाको अर्थतन्त्र हुनुपर्छ । दक्षिणपूर्वी एशियाका मुलुकहरूले यही सोचलाई अप्नाए । उनीहरूले त्यसलाई थेग्ने आफ्नो संस्थागत क्षमता, आफ्नो हैसियत, देशको वस्तुस्थिति र परम्परालाई एकातिर राखेर विदेशी पूँजीलाई निर्वाध रूपमा देशभित्र भित्रिन दिए । जसरी हुन्छ, आर्थिक बृद्धि मात्र गर्ने काम उनीहरूले गरे । आर्थिक बृद्धिका लागि असमानता सिर्जना गर्ने काम उनीहरूले गरे । किनकि, असमानता नभई बचत हुँदैन, बचत हुनेखानेले मात्र गर्छ भन्ने उनीहरूको सोच भयो ।


दक्षिण पूर्वी एशियाका मुलुकहरूलाई के पनि प्रलोभन देखाइयो भने, सारा संसार नै तिम्रो बजार हुन्छ यदि तिमी खुला बजार अर्थतन्त्र अप्नाउँछौं भने, सारा संसारको लगानी तिमीकहाँ आउँछ । यी मुलुकका शासकहरू यिनै प्रलोभनका शिकार भए । नभन्दै पूँजी ओइरियो पनि । यी मुलुकहरूको आर्थिक बृद्धि पनि चर्को गतिमा भयो । अब भन्नुहोस् न, तीन तीन दशकसम्म सरदर ८ प्रतिशतको आर्थिक बृद्धि भनेको कम हो ?

तर यिनीहरूले एउटा कुरा भुसुक्कै बिर्सिए । विदेशी पूँजी अन्तर्राष्ट्रिय परिस्थितिप्रति निकै संवेदनशील हुन्छ । जहाँ नाफा ज्यादा हुन्छ, त्यो त्यहीं कुद्छ, कहीं नाफा देखेर विदेशी लगानी जसरी ओइरिन्छ, मौका पर्नासाथ र नाफा नदेखेपछि त्यो जहाँ पनि जान सक्छ, जहिले पनि जान सक्छ भन्ने कुरा उनीहरूले भुले । ढाँचागत समायोजन कार्यक्रम (structural adjustment program) ले त्यही मन लागेको बेलामा पूँजी भित्रिने, मन लागेको बेलामा भाग्ने बाटो खुला गर्ने गरी अर्थतन्त्रलाई समायोजन गर्ने काम गर्छ भन्ने कुरा उनीहरूले भुले ।

पूर्वीय मूल्य भनेको त्यति ज्यादा नाफामुखी मूल्य होइन । यसमा मानवीय पक्ष पनि हुन्छ । तर पश्चिमी मूल्य भनेको निकै ज्यादा नाफामुखी मूल्य हो । यिनीहरू कतै पनि नाफा नहुने बित्तिकै टाप ठोकीहाल्छन् । पूर्वी एशियाली मुलुकहरूमा पनि त्यस्तै भयो । जबसम्म निर्यात बढिरह्यो, आर्थिक बृद्धि दर उच्च भइरह्यो, उनीहरूलाई मालामाल नाफा भइरह्यो, उनीहरू हामीसित जत्ति पनि पूँजी छ, तिमीहरू त्यसलाई लेऊ र आफ्नो देशमा लगानी गर भनेर ढोका ढक्ढक्याउन आए । जब थाइल्याण्ड, दक्षिण कोरिया, इण्डोनेशियामा अर्थतन्त्रमा कालो बादल देखापऱ्यो, यिनीहरूले आफ्नो पूँजीलाई हत्त न पत्त सोहोरे र टाप कसीहाले । उनीहरूले स्थानीय सम्पत्तिलाई अन्तर्राष्ट्रिय सम्पत्तिमा बदले । अहिलेको अन्तर्राष्ट्रिय मुद्रा भनेको डलर हो । उनीहरूले स्थानीय मुद्रालाई डलरमा बदले र डलरलाई ती मुलुकबाट बाहिर लगे । डलरमा बदल्ने दौरानमा डलरको माग सारै ज्यादा भयो, स्थानीय मुद्राको माग ज्यादै थोरै भयो । त्यसैले, स्थानीय मुद्राको ठूलो अवमूल्यन भयो । गएको जुलाईमा एक डलरको २४०० भएको इण्डोनेशियाको मुद्रा अहिले आएर १५००० हुन पुग्यो । दीपेन्द्रजीले त्यो भनिसक्नु भएको छ । यसरी पूर्वी एशियामा संकट देखापरेको हो ।

त्यसैले, पूर्वी एशियाको संकट भनेको मेरो विचारमा 'ब्रेट्न उड्स प्याकेज' ले अघि सारेका सोचहरूको विफलता हो । खुला बजार अर्थतन्त्र अप्नाएपछि अर्थतन्त्रलाई उदारीकरण गरेपछि, निजीकरण गरेपछि विदेशी पूँजीलाई निर्वाध भित्रिन र जान दिएपछि जहिले पनि आर्थिक समृद्धि मात्र हुन्छ, मालामाल विकास हुन्छ भन्ने सोचको विफलता हो यो । आफ्नो हैसियत र थेग्ने क्षमता विचार नगरी विदेशी पूँजीलाई भित्रिन र

**आफ्नै देशका नागरिकहरुले रोजगारी पाउन छोडेकाले मलेशियाले छिमेकी देश इण्डोनेशियाका कामदारहरुलाई आफ्नो देशबाट धपाउँदैछ**



फोटोः *The Economist*

जान स्वतन्त्रता दिंदा निक्लेको परिणाम हो यो ।

"ब्रेटन उड प्याकेज" को एक जन्मदाता स्वयं अमेरिकाको अर्थतन्त्र १९८० को दशकमा संकटग्रस्त भएको थियो । एकदमै धर्मराएको थियो त्यहाँको अर्थतन्त्र । अहिले विश्वका अरू भागमा पनि त्यस्तै हुँदैछ, जस्तो जापानमा । त्यस्तै संकट पूर्वी एशियामा पनि भएको हो ।

अब नेपालमा त्यसले के असर पार्ला भन्ने बारेमा जाऔं । साथीहरूले यसमा धेरै कुरा बोलिसक्नु भएको छ । पूँजी खाता खुला नभएकोले हाम्रो यहाँ कम छोला भन्ने कुरा आइसकेको छ । छोटो अवधिको ऋण ज्यादा नभएकोले तत्काल ठूलो संकट नआउँला भन्ने कुरा पनि आइसकेको छ ।



**अहिलेसम्म के देखियो भने, हामी जतिसुकै राम्रो मौद्रिक नीति बनाऔं, भारतीय प्रणालीको एउटा अंग भएर बसुन्जेल त्यसको कुनै अर्थ छैन ।**

पूर्वी एशिया हाम्रो पनि बजार हो । त्यहाँ अर्थतन्त्र ओरालो लागेपछि त्यसको प्रभाव यहाँ पनि आउँछ । जब हाम्रो बस्तु त्यहाँ बिक्दैन, हाम्रो रोजगारीमा त्यसको असर परिहाल्छ । ती मुलुकहरूबाट यहाँ आउने पर्यटक घट्लान् । हाम्रा मान्छेहरू जुन त्यहाँ काम गर्न गएका छन्, उनीहरूले यहाँ पठाउने पारिश्रमिक नै घट्ला ।

तर हाम्रो अर्थतन्त्र दक्षिण पूर्वी एशियाभन्दा भारतीय अर्थतन्त्रसित ज्यादा गाँसिएको छ । खुला सीमाना, भूमिगत व्यापार, १९५० को सम्झौता, यी सबै कुराले हाम्रो अर्थतन्त्र भारतीय अर्थतन्त्रसित ज्यादा जोडिएको छ । अघि नै पुष्पजीले भन्नुभयो, हाम्रो अवर्गीकृत खाता कसरी धेरै भयो भन्दा, त्यसमा भारतीय लगानी पनि अन्तर्निहित छ भनेर । त्यो लगानी फर्किने संभावना कत्तिको छ, त्यसले संकट पार्ने संभावना कत्तिको छ, त्यो हामीले विचार गर्नुपर्छ ।

सबभन्दा खतरनाक कुरा त के छ भने, हाम्रो मुद्राको विनिमय दर भारतीय मुद्राको विनिमय दरसित जोडिएको छ । भारतीय मुद्रासितको हाम्रो विनिमय दर एकदमै स्थिर छ, थाइल्याण्डको भाटको विनिमय दर स्थिर भए जस्तो । अहिले भर्खरै ५६ रू. प्रति डलरबाट हाम्रो मुद्राको विनिमय दर ६३ रू. प्रति डलर पुग्यो । त्यो हाम्रो कारणले होइन, भारतीय मुद्राको अवमूल्यनको कारणले भएको हो भनी राष्ट्र बैंकले भनेको छ ।

अब प्रश्न के छ भने, भारतीय अर्थतन्त्र दुर्घटनाग्रस्त भयो भने हाम्रो अर्थतन्त्रमा त्यसले के प्रभाव पार्छ ? हामी भारतीय अर्थतन्त्रको एउटा अंग भएर कति दिन बस्ने ? हामी भारतको नक्कली बजार भएर कति दिन बस्ने ? हामी हाम्रो नियन्त्रणभन्दा बाहिरको कारणलाई समातेर कति दिन हाम्रो अर्थतन्त्रलाई संकटमा पर्नबाट जोगाई राख्न सक्छौं ?

अहिलेसम्म के देखियो भने, हामी जतिसुकै राम्रो मौद्रिक नीति बनाऔं, भारतीय प्रणालीको एउटा अंग भएर बसुन्जेल त्यसको कुनै अर्थ छैन । त्यहाँ केही गडबड हुनासाथ यहाँ संकट आइहाल्छ । भारतले एउटा बजेट ल्याउनासाथ भोलिपल्टै त्यसको असर यहाँ परिसकेको हुन्छ । हाम्रो स्वतन्त्र र राम्रो मौद्रिक नीतिको कुनै अर्थ नै छैन । भारतीय मुद्रा यहाँ जति पनि भित्रिन सक्छ, जति पनि जान सक्छ ! हाम्रो मौद्रिक नीति बम्बईमा सट्टेबाजहरूद्वारा राखिने भारतीय मुद्राको विनीमय दरसित जोडिएको छ । त्यसले कति दर राख्यो भनेर हामीले हेरिराखेका हुन्छौं । त्यहीं बमोजिम हाम्रो रेट तोकेका हुन्छौं । यस्तो किसिमको बम्बईको सट्टेबाजीमा निर्भर मौद्रिक नीति हुँदासम्म हाम्रो स्वतन्त्र अर्थतन्त्र र मौद्रिक नीति हुनै सक्दैन । हामी हमेशा संकटको खाडलको डीलमा हुन्छौं । सट्टेबाजीमा आधारित नीति कहिल्यै दीगो हुँदैन । दिगो नभएको नीतिले तपाईंलाई कहिल्यै उँभो लाँदैन ।

**दक्षिण पूर्व एशियाको जो संकट हो, त्यसको असरलाई हामीले अल्पकालीन र दीर्घकालीन दुवै रूपमा सोच्नु पर्दछ ।**

यसरी, पूर्वी एशियाको संकटलाई पाठको रूपमा हेर्दा हामीले हाम्रो अर्थतन्त्रलाई भारतीय अर्थतन्त्रसित जोडेर हेर्नुपर्छ । किनभने, १९५० को सन्धिअनुसार यहाँ कसैलाई बाह्य लगानी गर्न दिंदा तपाईंले पहिलो प्राथमिकता भारतलाई दिनुपर्छ भनिएको छ । भारतीय पुँजीलाई हामीले 'राष्ट्रिय व्यवहार' दिनुपर्छ भनिएको छ त्यसमा । त्यसैले, यहाँ लगानीको संकट आयो भने भारतीय पुँजीको तर्फबाट आउनेवाला देखिन्छ । गिरिजाले हाम्रो मुलुकमा प्रत्यक्ष विदेशी लगानी खुला गर्दा पनि बाह्य पूँजी आएन, भारतीय पुँजी मात्र ज्यादा आयो । नेपालमा अहिलेसम्ममा कुल विदेशी लगानी जति छ, त्यसको ५० प्रतिशत भारतीय लगानी छ ।

नेपालमा जति भारतीय लगानी छ, त्यो पनि कोर उद्योगको क्षेत्रमा भएको पाइन्न । त्यो प्याकिङ्ग र एसेम्बलीङ्ग टाइपको उद्योगमै भएको देखिन्छ । जसको उद्देश्य हो- भन्सार छल्नु, अन्तःशुल्क छल्नु र भारतीय सामान "नेपालमा बनेको' भनेर बेच्नु ।

दक्षिण पूर्व एशियाको जो संकट हो, त्यसको असरलाई हामीले अल्पकालीन र दीर्घकालीन दुवै रूपमा सोच्नु पर्दछ । अल्पकालीन असरलाई प्याचवर्कका हिसाबले पनि हल गर्न सकिएला । तर दीर्घकालीन असर, चाहे त्यो सिधै आओस् वा भारत भएर, हामी त्यसमाथि गंभीर हुनैपर्छ । त्यसबाट हुने नोक्सानीलाई न्यूनतम पार्ने अभ्यास हामीकहाँ हुनुपर्छ । त्यसको एउटा तत्व हो- भारतसितको हाम्रो परराष्ट्र नीतिबारे पुनर्विचार गर्नु । हाम्रो अर्थतन्त्रलाई भारतीय अर्थतन्त्रबाट स्वतन्त्र पार्नु । नेपाललाई भारतीय प्रणालीको एउटा अंग हुनबाट मुक्त पार्नु ।

## डा. चैतन्य मिश्र

यहाँ जे कुरा आए, त्यसमा मेरा भनाइभन्दा ज्यादा मसित केही प्रश्नहरू छन् ।

युवराजजीले यसलाई ट्रेड साइकलसित जोडेर हेर्नु भो । यो वास्तवमा समग्र पूँजीवादको संकट हो कि होइन ? यो पूँजीवादी बजारको संकट हो कि होइन ? वा यो २-४ वटा देश र एउटा क्षेत्रको मात्र संकट हो कि ? उहाँले एकातिर यो पूँजीवादको संकट हो पनि भन्नुभयो, अर्कोतिर उहाँले यो खास क्षेत्रको अति उत्पादनबाट पैदा भएको संकट पनि भन्नुभयो, जस्तो इलेक्ट्रोनिक क्षेत्रको । अब प्रश्न के पैदा भयो भने, यो एउटा क्षेत्रको मात्र संकट हो कि, इलेक्ट्रोनिक उद्योगको मात्र संकट हो कि, २-४ वटा देशको मात्र संकट हो कि पूरै विश्व बजार व्यवस्थाको संकट हो ? त्यो कसरी चिन्ने हामीले ?

यदि इलेक्ट्रोनिक क्षेत्रको मात्र समस्या हो भने गएको १०/२० वर्षमा लगानी इलेक्ट्रोनिक क्षेत्र बाहेक अन्यत्र किन स्थानान्तरण भएन ? सरकारले त्यतैतिर मात्र निर्देशित गरेर हो कि अन्यत्र नाफा नभएर हो कि, किन ? वा, यो क्षेत्रगत समस्या नभएर बैंकिङ्ग, लगायत अर्थतन्त्रको सबै क्षेत्रमा असर गरेको समस्या हो ? यो ट्रेड साइकलसित जोडिएको समस्या हो भने अमेरिका र यूरोपमा यसले किन त्यति सारो असर गरेको छैन ? अहिलेको विश्वमा ट्रेड साइकलले खालि एउटा क्षेत्रलाई मात्र छुने नहुनु पर्ने ? १९३० को मन्दीले सारा विश्वलाई प्रभावित गरेको थियो भने अहिलेको मन्दी पूर्वी एशियामा मात्र किन ?

## युवराज खतिवडा

अहिलेको विश्वमा बस्तु निर्माणको क्षेत्रमा विश्वको उत्पादन क्षमता यहाँको मागको तीन गुना ज्यादा छ भनिन्छ । यसैलाई मैले अति क्षमता विस्तार भनेको हुँ । अरू क्षेत्रमा त्यो अभिव्यक्त भएको छैन, तर इलेक्ट्रोनिक क्षेत्रमा त्यो अभिव्यक्त भइसकेको छ । मैले त समस्या त्यहाँबाट शुरू भएको मात्र भनेको हुँ ।

तर अहिलेको संकट इलेक्ट्रोनिक क्षेत्रमा र पूर्वी एशियामा मात्र सीमित हुनेवाला छैन, यो विश्वव्यापी हुन्छ भन्ने मलाई लाग्छ । केही देशबाट शुरू भयो यो संकट पहिले, पछि पूरै पूर्वी एशियामा फैलियो, अब भारत चीन बाहेक एशिया सिंगैलाई यसले असर पार्दैछ । अब यसको असर अमेरिकामा सर्छ, किनकि एशिया चाहिं अमेरिकाको लागि एक तिहाई विश्व बजार हो । एशियाका मुद्राहरूमा २० देखि ५०-६० प्रतिशतसम्म अवमूल्यन भएपछि यो क्षेत्रमा अमेरिकी निर्यात घट्छ । यही सोचेर अमेरिकाले आफ्नो आर्थिक बृद्धिदर ओराल्न थालेको छ । यूरोपमा अहिले नै बेरोजगारी बढ्न थालेको छ । अब मलाई लाग्छ, यसबाट यूरोपेली बजार पनि प्रभावित हुनेछ । जापानमा मन्दी छाएपछि, अमेरिकामा मन्दी छाएपछि पश्चिमी यूरोप त्यसबाट प्रभावित हुन्छ नै । त्यसैले, समय लाग्छ होला पाँच सात महिना अर्को, तर १९९८ पूरै सारा विश्वको अर्थतन्त्र ओरालो लाग्ने वर्ष हुनेछ । १९९९ मा पनि यो प्रक्रिया विस्तार हुन संभव छ ।

यस हिसाबबाट पूर्वी एशियाको मन्दी सिंगै विश्वको मन्दीको शुरूआत मात्र हो भन्ने मेरो ठम्याइ छ । ❑

◆ समाप्त ◆

# धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?

## आत्मसमर्पण, विद्रोह र संगठित आन्दोलनका पक्षहरू !

चन्द्रदेव नेपाली

मूल्यांकनमा गत कार्तिक अंक, मंसीर अंक, पुस अंक र माघ अंकमा यसै स्तम्भअन्तरगत हाम्रो समाजमा चलेका धार्मिक कर्मकाण्डहरूबारे एउटा जीवन्त बहस चल्यो । साहित्यकार खगेन्द्र संग्रौलाले आमाको मृत्युमा परम्परागत किरिया कर्मकाण्ड नगरेको र त्यसबारे एउटा लेख लेखेको प्रसंगबाट उठेको यो बहस उत्साहजनक रह्यो ।

यसरी बहस उत्साहजनक हुनुमा दुई कारणहरू थिए ।

पहिलो कारण थियो- नेपाली समाजमा व्याप्त धार्मिक कर्मकाण्डहरूलाई कसरी लिने, तिनमा सुधार वा परिवर्तन कसरी गर्ने ? भन्ने व्यवहारिक महत्वपूर्ण समस्याका बारे गम्भीर विचार-आदानप्रदान नभइरहेको सन्दर्भमा यो विषय उठ्नु । खड्किएको प्रसंगमा यसरी कुरा उठेपछि धेरैको ध्यान त्यस प्रसंगतिर तानिनु र त्यसले व्यक्ति व्यक्तिलाई प्रभावकारी ढंगले छुनु स्वभाविक कुरा नै हो ।

दोस्रो कारण हो- यो विषय मूर्त घटनामा आधारित भएर चर्चामा आउनु । खगेन्द्र संग्रौलाले व्यवहारमा नै गरी देखाउनु भएको एउटा मूर्त घटनाको प्रसंग भएर कुरा निस्किएकोले पनि यस छलफलमा धेरैको चासो बढ्न सफल भएको देखिन्छ । कारण, बहस-छलफलको एउटा विशेषता नै के हो भने, यो ठोसबाट सामान्यतिर अघि बढ्यो भने, त्यसमा धेरैको चासो तीव्र हुने हुन्छ । सिद्धान्तका कुराबाट शुरू भएर घटनातिर अघि बढ्ने छलफलभन्दा घटनाबाट अघि बढ्ेर सिद्धान्ततिर जाने छलफलमा जनचासो ज्यादा रहन्छ ।

**कर्मकाण्डहरुमध्ये पनि न्वरान, पास्नी, व्रतबन्ध, विहे आदिमा बरु केही लचकतापूर्ण व्यवहार हुन सकेका देखिन्छन् । तर मृत्यु-संस्कारको कर्मकाण्ड भने...**

खगेन्द्र संग्रौलाबाट उठेको यो प्रसंग पुण्यप्रसाद खरेल, जगन्नाथ खतिवडा, हरि ए.सी., डमरू पौडेल, शशिधर भण्डारी र रविकिरण नीर्जिव आदिसम्म मात्र फैलिएको नभई अन्य प्रकाशनहरू र थुप्रै अरू व्यक्तिहरूसम्म पनि पुगेको छ । मूल्यांकनमा प्राप्त थुप्रै महानुभावहरूका विचारहरू यसका थप प्रमाणहरू हुन्, जो पछि प्राप्त हुन पुगेकाले प्रकाशित हुन सकेनन् ।

बहसको वर्तमान चरणमा एउटा उल्लेखनीय पक्ष के देखिएको छ भने, मोटामोटी रूपमा कुराहरू मुख्य गरी तिनै



पक्षहरूमा केन्द्रित हुन पुगेका छन्, जसलाई खगेन्द्र संग्रौला र पुण्यप्रसाद खरेलले शुरूमै चर्चामा ल्याउनु भएको थियो ।

त्यसैले यो बहसलाई अब सामान्यीकृत गरी एक तहमाथि उठाई अरू ठोस र मूर्त बनाउनु जरूरी भएको छ ।

० हाम्रो समाजमा प्रचलित थुप्रै रीतिरिवाज, चाड, पर्व र कर्मकाण्डहरू धर्म र रूढीवादमाथि उभिएर टिकिरहेका छन् । जानी वा नजानी तिनबाट जनताहरू सताइएका छन् । यी रूढीवादी कर्मकाण्डहरूबाट समाजलाई मुक्त गर्नु जरूरी छ ।

० यी कर्मकाण्डहरूमध्ये ठाडै निरर्थक देखिने कर्मकाण्डहरूका विरूद्ध यदाकदा अवाज्ञा वा विद्रोह गर्ने काम कतिपय सचेत व्यक्तिहरूले गर्दै आएका छन् ।

० तर यो विरोध कुनै अभियान वा प्रणाली बन्न भने सकिरहेको छैन । त्यस्ता अवाज्ञाकारीहरू वा विद्रोहीहरूलाई पुरातनपन्थी समाजले वैचारिक-मानसिक रूपले ठूलो प्रहार गर्ने पनि गरिरहेको छ । लेखाइहरूमा वा गोष्ठी-भेलाहरूमा यी विद्रोहीहरूले प्रगतिशील सोच राख्ने व्यक्तिहरूको समर्थन र प्रसंशा पाउने गरेका छन्, तर अवज्ञा वा विद्रोहकै समयमा व्यवहारमै उनीहरूलाई साथ दिने र पुरातनपन्थी रूढीवादीहरूसंग वैचारिक रूपले जुध्ने काममा सघाउने साथी भने बिरलै मिल्ने गरेका देखिन्छन् ।

० त्यसैले, वैज्ञानिक धारणा राख्ने व्यक्तिहरू पनि यसरी एक्लै परिने डरले कर्मकाण्डहरूका सामु चुपचाप नतमस्तक हुने गरेका छन् । उनीहरू खुरूखुरू मानिदिने गर्छन्, यस्ता परम्पराहरूलाई ।

० कर्मकाण्डहरूमध्ये पनि न्वरान, पास्नी, व्रतबन्ध, विहे आदिमा बरू केही लचकतापूर्ण व्यवहार हुन सकेका देखिंन्छन् । तर मृत्यु-संस्कारको कर्मकाण्ड भने निकै कठोर रूपमा रहेको पाइन्छ । मृत्यु आफैं गंभीर विषय भएकोले, मृत्युको समयमा परिवारका जीवित शोकसन्तप्त सदस्यहरू मानसिक पीडाका कारण अत्यन्त दुर्वल हुने हुनाले र अरू अवाज्ञाभन्दा मृत्यु संस्कारका बेलामा गरिने अवज्ञाले आम जनतालाई ज्यादै चिढ्याउने हुनाले पनि मृत्यु संस्कारसंग जोडिएका कर्मकाण्डहरूमा उन्नत विचारका मान्छेहरू पनि ज्यादा कठोर हुन नसक्ने गरेका पाइन्छन् । झन्, त्यसमाथि पनि बाबुको मृत्यु भएको छ, आमा जीवितै छिन् भने वा आमाको मृत्यु भएको छ, बाबु जीवितै छन् भने ती जीवित रूढीवादी पुरातन सोचमा डुबेका बाबु वा आमाको 'मन राखिदिन' पनि छोरा वा छोरीहरूले परम्परासंग संझौता गर्ने गरेका पाइएका छन् ।

० हाम्रो समाजमा प्रगतिशीलहरूका बीचमा यदाकदा कतिपय व्यक्तिहरूले जनताको भोट नभड्काउनका निम्ति पनि पुराना र थाङ्ने कर्मकाण्डलाई पछ्याएको पाइएको छ ।

० कतिपय प्रजातान्त्रिक र प्रगतिशील भनिनेहरूमा चाहिं धर्म र कर्मकाण्डहरूका बारेमा वैज्ञानिक दृष्टिकोणकै अभावका कारण उनीहरू झनै रनभुलमा छन् । कम्युनिष्ट पार्टीको वैठक सकेर गाउँको भैरबथानमा पसी पूजाआजा गरी घर फर्कने 'नव कम्युनिष्टहरू' ज्यादा संख्यामा रहेको हाम्रो नेपालको वर्तमान स्थिति हो । यहाँ ललितपुरको लगनखेलमा हालै देखापरेकी 'माताजी'को दर्शन गर्न र हालै सम्पन्न पनौतीको बाह्र वर्षे मेलामा ३० लाखभन्दा बढीको संख्यामा पुगी पनौती स्नान गर्न तिनै मान्छेहरू पनि जाने गरेका छन्, जो गाविस र नगरहरूमा कुनै कम्युनिष्ट पार्टीको सदस्य वा प्रतिनिधिको रूपमा काम गर्ने गर्छन् ।

यो विचित्रको विरोधाभास समेत विद्यमान हाम्रो समाजमा धार्मिक कर्मकाण्डलाई कसरी बुझ्ने र तिनमा आवश्यक परिवर्तन कसरी गर्ने भन्ने सवाल निकै गम्भीर र जटील सवाल हो भन्ने कुरा प्रष्ट नै छ ।

### कर्मकाण्डका स्वरुपहरु

० हाम्रो समाजमा प्रचलित कर्मकाण्डहरूका शास्त्रीय परिभाषाहरूतिर नगई व्यवहारिक भाषामा भन्ने हो भने, यहाँ मूलतः हिन्दू र बौद्ध धर्ममा (र, अहिले केही ईशाई धर्ममा समेत) आधारित पुरोहितवादी परम्पराभित्रका कर्मकाण्डहरू प्रचलनमा छन् । यसबाहेक, प्रकृति पूजामा वा तान्त्रिकवाद वा टोटेमवादमा आधारित कर्मकाण्डहरू पनि यहाँ प्रचलित छन् । यी दुवै मिसिएका कर्मकाण्डहरू पनि यहाँ विद्यमान छन् ।

० यिनमा केही विकल्प खोज्नु पर्ने परम्पराका रूपमा रहेका छन् भने केही ठाडै त्याग्नु पर्ने खालका छन् । जस्तो विवाह सम्बन्धी रूढीवादी कर्मकाण्डमा पुरातन प्रकारका विधिहरू त्याग्नु जरूरी

छ र नयाँ प्रकारको वैज्ञानिक वैकल्पिक विधि निर्माण गर्नु जरूरी छ। तर व्रतबन्धको विधि पूरै त्यागेमा पनि र विकल्प नै नखोजे पनि हुने कुरा हो। कारण, विवाह मानव समाजको लागि नभई नहुने कुरा हो भने व्रतबन्ध नभए पनि चल्छ। (यो उदाहरण मात्र हो, यसमा विवाद जरूरी छैन। कारण, उदाहरण अर्को दिन पनि सकिन्छ।)

० हाम्रो समाजमा प्रचलित कर्मकाण्डहरूको एउटा उल्लेखनीय विशेषता के छ भने, यी कर्मकाण्डहरू विश्वास र रूढीका रूपमा चलेका छन्। एक हूल मानिसहरूले जे मान्दै आएका हुन्, तिनका सन्तानहरूले पनि त्यही मान्ने गरेका छन्। तर एउटै गाउँका, एउटै धर्मका पनि अन्य व्यक्तिहरूले 'हाम्रो त चलन नै यस्तो छ' भनी अर्कै तरीकाको कर्मकाण्ड गर्न पाउँछन्, गरेका छन्।

विहेको जगेको विधि एउटै जातमा, एउटै धर्ममा पनि 'हाम्रो त यस्तो चलन छ' भन्ने नाममा फरक फरक हुने गरेका हामीले देखेका छौं। एउटै जातमा एक जिल्लामा मलामीहरूले मुखमा पानी पनि हाल्नु हुन्न तर त्यही जातमा अर्को जिल्लामा सबै मलामीहरूले दही चिउरा खानै पर्ने चलन छ। लासलाई मलामी बाहेक अरूले छुनै हुन्न भन्ने चलन काठमाडौंमा छ तर चितवनमा त्यस्तो छैन, सडकमा लाश बोकेर लगिरहेको देखेपछि कतिपय मानिसहरूले एकै छिन लासलाई छोएर काँध थाप्ने पनि गर्छन्।

यसको अर्थ हो- कर्मकाण्ड, चलन चाँजहरू धेरैले जे चलन चलायो, त्यही चलेका पनि छन्। सामान्य व्यक्ति एक्लैले विद्रोह गर्न सक्दैन, तर कुनै गुठी वा समूहले नै कुनै फरक बाटोमा अघि बढ्ने चलन चलाएमा व्यक्तिले त्यसैलाई पछ्याउने स्थिति पनि यहाँ रहेको छ।

## बाटो के हुनु जरूरी त ?

यस्तो स्थितिमा, समाजलाई अग्रगति दिन चाहनेहरूको बाटो कस्तो हुनु जरूरी त छ ?

० व्यक्तिले कर्मकाण्डहरूको व्यर्थताहरू बुझ्यो, त्यसभित्रका धार्मिक अन्धविश्वास र पुरोहित एवं शासक वर्गको जालझेल बुझ्यो। व्यक्ति आँटिलो पनि छ।

यो स्थितिमा उसले विद्रोह वा अवज्ञा गर्नु जरूरी छ कि छैन ? ठीक हो कि हैन ?

० सचेत र आँटिलो व्यक्तिको लागि त विद्रोहको बाटो ठीक होला तर असचेत र कमजोर मनस्थितिका व्यक्तिहरूको लागि बाटो के ?

० यो बाटो कसले बनाइदिने ? विद्रोही व्यक्तिले नै अरूको लागि पनि

**एउटै जातमा एक जिल्लामा मलामीहरुले मुखमा पानी पनि हाल्नु हुन्न तर त्यही जातमा अर्को जिल्लामा सबै मलामीहरुले दही चिउरा खानै पर्ने चलन छ।**



बाटो बनाइदिने दायित्व लिनुपर्ने कि अरू कसैले त्यो दायित्व पूरा गर्ने ?

वास्तवमा, आजको हाम्रो समाजमा विद्यमान धार्मिक कर्मकाण्डहरू बारेका विवादहरू यिनै प्रश्नहरूमा केन्द्रित छन्।

सचेत र आँटिलो व्यक्तिले विद्रोह गर्नु जरूरी छ र त्यो राम्रो कुरा हो।

व्यर्थका थोत्रा मान्यताहरूलाई ढाल्न र समाजलाई बदल्न अगुवाहरूको ठूलो भूमिका हुन्छ। आफूले देखेको सत्यलाई स्थापित गर्न हामी जो कोहीले पनि लाग्नु जरूरी छ। तर समस्याको जरो भैदिन्छ हाम्रो आँट। आँट नपुगेर नै हामी कतिपय प्रगतिशील व्यक्तिहरू विद्रोहलाई सुधारको हदमा झार्ने गर्छौं वा त्यति पनि गर्न नसकेर यथास्थितिलाई नै पछ्याउने गर्छौं।

गरिएका विद्रोहहरूमध्ये सामाजिक रूपले व्यक्तित्व बनिसकेका व्यक्तिहरूको विद्रोहलाई थोत्रो समाजले पनि बाध्य भएरै पनि स्वीकार्ने गर्दोरहेछ। सामाजिक व्यक्तित्व नबनिसकेका व्यक्तिहरूको विद्रोहले भने रूढीवादीहरूको झन् बढी प्रहार खप्नु पर्ने हुँदोरहेछ। समाजका अगुवाहरूको विद्रोह आफैं अरूहरूका निम्ति प्रेरणाका स्रोत हुँदारहेछन्। त्यसैले आफ्नो सचेतनता र आँटको आधारमा विद्रोही बन्नु स्वागतयोग्य कुरा हो। प्रसंशनीय कुरा हो।

-कुरा बुझेका, तर त्यसलाई आत्मसात गरी आँटमा बदल्न नसकेकाहरूले पनि जति सकिन्छ, त्यति विद्रोह गर्नु जरूरी छ। त्यस आंशिक विद्रोहलाई पनि हामीले स्वागत गर्नु जरूरी हुन्छ। अप्नाउनु जरूरी हुन्छ। फजूलको किरिया कर्म पूरै त्याग्न नसक्नेले त्यसका अत्यन्त खराब तीनवटा पक्षलाई वा पाँच पक्षलाई त्याग्छ भने पनि त्यो प्रशंसनीय कुरा हो। कतिपय गलत कुरालाई पूरै त्याग्न नसक्दा त्यसमा सुधार गरिन्छ भने पनि त्यो राम्रै कुरा हो।

यसमा, आंशिक विद्रोह गर्नेले वा सुधार गर्नेले आफू पूरै विद्रोहको पक्षमा र पूरै परिवर्तनको पक्षमा रहेको तर हाल त्यति गर्ने आँट गर्न नसकेको कुरामा आत्मालोचना अनुभव गर्नु जरूरी छ र त्यो कुरा समाजलाई जाहेर गर्नु पनि जरूरी छ। 'इमान्दार कमजोरहरू'ले यसो गर्ने गरेका पनि पाइन्छन्।

सांस्कृतिक परिवर्तन भनेको राजनीतिक वा आर्थिक फाँटमा हुने जस्तो परिवर्तन नभएकोले र सांस्कृतिक परिवर्तनसंग व्यक्ति र समाजको रूचि, बानी, आँट र मनोविज्ञान समेतको गहिरो नाता हुने भएकोले यसको गति केही धिमा हुने स्वाभाविकतालाई हामीले स्वीकार्नु पर्छ।

यसको अर्थ, आफू तयार भएको स्थितिमा पनि आफूलाई 'धिमा' गराउनु भने जरूरी हुन्न। सत्यलाई आत्मसात गर्न आजै सकिन्छ भने आजै आत्मसात गर्ने हो, किन भोलिसम्म पर्खीरहने ?

-विद्रोही व्यक्ति साँच्चै समाजको निम्ति विद्रोही बनेको हो भने निम्न दायित्वहरू भने उसका सामु 'नैतिक दायित्व'को रूपमा खडा हुने हुन्छन्:

-आफ्नो विद्रोहको वैचारिक, दार्शनिक कारण सकेसम्म धेरै मान्छेलाई बुझाउने कोशिस गर्नु।

-उन्नत विकल्प चाहिने कुराहरूमा त्यस्तो उन्नत विकल्पको खोजीमा लागीपर्नु।

-समाजसंग कर्मकाण्डको खास विषयमा मात्र आफ्नो मतभेद भएकोले त्यसको अवज्ञा गरिएको कुरा बुझाउँदै समाजका बाँकी सबै दुःखसुखका कुराहरूमा र संघर्षका बाटाहरूमा आफ्नो ऐक्यवद्धतालाई झन् झन् दीगो र दृढ गर्नु।

-विद्रोही व्यवहारलाई निरन्तरता दिने कोशिस गर्नु। छोराको विहेमा दाइजो लिनमा विद्रोह नगर्ने, तर छोरीलाई दाइजो दिनमा मात्रै विद्रोह गर्ने 'प्रगतिशील' पितामाताहरू पनि हाम्रो समाजमा रहेका छन्। छोराको जन्म दिनमा भने क्रिश्चियन परम्पराअनुसार केक काटेर ठूलो र अनावश्यक भोज-भतेर गर्ने तर बाबुको किरिया गर्ने कुरामा मात्र 'वैज्ञानिक' हुन खोज्नेहरू पनि हाम्रा समाजमा केही भेटिन्छन्। यस्तो खाले पक्षपातपूर्ण विद्रोह वा अवज्ञाको चाहिं कुनै अर्थ देखिन्न। त्यो त विद्रोह हैन, सनक मात्र हो। सनकले समाज बन्दैन।

## बाटो कसले बनाइदिने ?

अब माथि उल्लेख गरिएको तेस्रो प्रश्नतिर जाऔं। समाजको निम्ति धार्मिक कर्मकाण्डहरूमा परिवर्तन, सुधार वा विद्रोहको बाटो बनाइदिने कसले ? खोजीदिने कसले ?

वास्तवमा, व्यक्तिको मात्र अर्थमा कुरा गर्ने हो भने त्यो बाटो व्यक्ति आफैंले खोज्ने हो, बनाउने हो। सत्यको बाटोमा हिंड्न अरू कसैलाई कुरिरहनु जरूरी छैन। तर यो त समग्र समाजको समस्या भएकोले समाजको निम्ति बाटोको खोजी गर्ने यो महत्वपूर्ण मूल दायित्व समाज परिवर्तनको उद्देश्य बोकेका संगठनहरूको हो।

हाम्रो देशमा प्रगतिशील परिवर्तनका बाहक शक्तिहरूका आ-आफ्ना सांस्कृतिक मोर्चाहरू छन्। ती सांस्कृतिक मोर्चाहरूले यस दिशामा ठोस रूपमा लागीपर्नु पर्ने जरूरी छ। व्यक्तिहरूले पनि यो संगठनहरूसंग जोडिएर वा नजोडिएरै पनि यिनका काममा ऐक्यबद्ध हुनु जरूरी हुन्छ।

## संगठित रुपले गर्नु जरुरी कुराहरु हुनः

-कर्मकाण्ड, रीतिथितिका शुरूवात, स्वरूप र प्रचलनका कारणहरू निरूपण गर्ने काम। यस निम्ति जरूरी खोज अनुसन्धान र बहस-छलफल गर्ने काम।

-फाल्नु पर्ने के, परिवर्तन गर्नुपर्ने के र जोगाउनु पर्ने के ? भन्ने विषयमा गहन खोज, अध्ययन र निष्कर्ष निकाल्ने काम।

-सामुहिक रूपले त्यसलाई लागू गर्ने कार्यक्रम र पहल। यस निम्ति, सरल सुधारबाट जटील सुधारतिर जाने क्रमिक बाटो खोजी त्यस बाटोमा समूह नै हिंड्ने गरी 'नयाँ विचारका सामाजिक गुठी'हरू निर्माण गरिनु जरूरी छ। कम्युनिष्टहरू एक आपसमा जुलुस र आमसभा जनसंघर्षका कामका निम्ति मात्र पार्टीमा एक हुने, तर आ-आफ्ना घरघरका समस्याहरू हल गर्न भने उनीहरूले 'प्रतिक्रियावादी विचार बोक्ने नातेदार'हरूको सहयोग लिनुपर्ने अवस्थाको अन्त नहुन्जेलसम्म सांस्कृतिक पक्षमा विद्रोह हुन गाह्रो हुन्छ। आत्मसमर्पणको अवस्था आइरहन सक्छ।

माथि नै उल्लेख गरियोः

० हामी धेरै मान्छेहरूको यही हो

**छोराको विहेमा दाइजो लिनमा विद्रोह नगर्ने, तर छोरीलाई दाइजो दिनमा मात्रै विद्रोह गर्ने 'प्रगतिशील' पितामाताहरु पनि हाम्रो समाजमा रहेका छन्।**



**-यसरी जाँदा आफू जनताबाट नअलग्गिने उपाय के ? -जनता स्वयंलाई प्रगतिको बाटोमा अगाडि बढाउने कसरी ?**

चलन' भनेपछि हाम्रो रूढीवादी समाजले त्यस चलनको ठूलो प्रतिरोध नगर्ने गरेको देखिन्छ ।

० आजसम्म हाम्रो वाम आन्दोलनले नेपाली समाजमा सांस्कृतिक परिवर्तनको विज्ञानको खोजी गर्नमा ठोस पहल गरेको छैन । चर्को र उग्र विरोध केही भएका छन् ।

मिहिन अध्ययनका आधारमा:

-आफू कसरी प्रगतिको दिशामा जाने ?

-यसरी जाँदा आफू जनताबाट नअलग्गिने उपाय के ?

-जनता स्वयंलाई प्रगतिको बाटोमा अगाडि बढाउने कसरी ?

यी प्रश्नहरूका व्यवस्थित जवाफहरू खोज्न अत्यन्त जरूरी छ ।

माथि एक ठाउँमा 'भोटरहरू भड्केलान भनी' वामपन्थीहरूद्वारा सांस्कृतिक गलत संभौताहरू गर्ने गरिएको कुरा उल्लेख गरिएको छ । वास्तवमा, यो अवसरवादको त विरोध गर्नैपर्छ । तर यहींनेर गम्भीर र सोचनीय समस्या पनि रहेको छ । त्यो हो- जनतालाई संगठित गर्ने र उनीहरूलाई साथ लिएर अघि बढ्ने दायित्व बोकेका अगुवाहरूले कर्मकाण्डको मामलामा हठात् विद्रोह गर्दा आम जनता त्यस अगुवाबाट यसै विद्रोहका कारण टाढा हुने, आतंकित हुने र शत्रु पंक्तिमा मिसिन जाने संभावना ।

खगेन्द्र संग्रौला र अन्य महानुभावहरू-बीचको विवादको मुख्य बिन्दु पनि यही नै रहेको छ । उहाँहरू सबै परिवर्तन र सुधारका पक्षपाती हुनुहुन्छ तर एकथरि विद्रोह गर्दा जनता भड्किने र त्यसकारण त्यो विद्रोहले सामाजिक आन्दोलनको बाटोको रूप नलिने कारण देखाई नरम र कुटनीतिक विद्रोह हुनुपर्ने रायमा हुनुहुन्छ ।

वास्तवमा, यो कुरा व्यक्ति व्यक्तिको स्थितिअनुसार हुने हुन्छ । समाजका अन्य सदस्यहरूसंगको आफ्नो सम्बन्धको स्वरूप, आफ्नो व्यक्तित्व र मनोबलको स्तरमा भरपर्ने कुरा हो यो ।

-तर, आमूल परिवर्तनकर्ता कोही निस्कन्छ भने ऊ प्रशंसाको पात्र नै हो । यसलाई अन्यथा लिनु राम्रो हुन्न ।

-जो आमूल परिवर्तन गर्न सक्दैन, उसले आफ्नो आंशिक विद्रोहलाई नै पूर्ण हो भन्ने दावी गर्नु हुँदैन ।

-हरेक व्यक्तिले आफू र आफ्ना सचेत सहकर्मीबीच र पार्टीभित्र सांस्कृतिक मामलामा आमूल परिवर्तन नै गर्नु जरूरी छ । भिन्नमत राख्ने आम जनताबीच भने, स्थितिअनुसार आंशिक विद्रोह वा सुधारको बाटो लिन सकिन्छ । यस्तोमा आफ्नो मत नै जाहेर नगरी खुरूखुरू आत्मसमर्पण गर्ने बाटोलाई चाहिं गलत र पलायनवादी नै मान्नुपर्ने हुन्छ ।

-व्यक्तिले हरेक अवसरमा केही न केही सुधारको बाटो लिनै पर्छ । संगठनले यसको अगुवाई गर्नुपर्छ ।

प्रधानमन्त्री हुँदा क. मनमोहन अधिकारीले प्रधानमन्त्री निवासमा प्रवेश गर्दा बोको काट्ने चलन पूरै हटाउन सक्नुपर्थ्यो । नसकेमा बोको काट्ने चलन हटाएर बालकहरूद्वारा फूलको गुच्छा अर्पण गर्ने कार्यक्रम गरी 'सुधारको विकल्प'सम्म दिएको भए पनि जाती नै हुन्थ्यो । मन परेका जोई पोई रोज्न परम्परागत जातभातलाई तोड्ने मामलामा चाहिं विद्रोही नेताहरू धेरै भएको नेकपा एमालेले पनि क. मदन भण्डारीको मृत्युमा उहाँकी पत्नी क. विद्या भण्डारीलाई काज किरिया नै नगराउन त सकेन सकेन, ४५ दिनपछि सेतो लुगा त्याग्ने आम आधुनिक समाजको सुधारिएको प्रचलनलाई पनि आत्मसात गराउन सकेन । यो चाहिँ जनता नभड्कयोस् भनेर मात्र हैन, जनता भ्रमित नै होस् भनेरै गरिएको ठाडो 'चुनाववादी' अवसरवादी कदम हो ।

इमान्दार आंशिक विद्रोह वा सुधार र अवसरवाद दुवै एउटै कुरा होइनन् ।

◆

# दुई छोटा कथा

**◆ हरिगोविन्द लुइँटेल**

## पहिरन

आँखाहरू अत्यन्त महत्वपूर्ण अंगहरू हुन् । तर जहिले पनि हिँडडुल गर्दा ती आँखाहरू पूरै चिम्लने बानी कसैको रहेछ भने, उसका आँखाहरू हुनु र नहुनुमा के फरक ? हुनुको के माने ? के महत्व ?

यो प्रश्न टोलमा त्यतिखेर उब्जिएको थियो, जतिखेर घनश्याम भन्ने एकजना भलाद्मी निकै सक्रिय थिए । उनलाई हामी 'घनश्याम दाइ' भनेर सम्बोधन गर्ने गर्थ्यौं । उनी पढेलेखेका मान्छे थिए भन्नेसम्म सुनिन्थ्यो । तर उनको पढाइ के, कस्तो र कतिसम्म थियो भन्ने कुरा हामीलाई थाहा थिएन ।

घनश्याम दाइ आफूलाई एउटा 'असाधारण प्राणी'को रूपमा प्रस्तुत गर्न सधैं तत्पर हुन्थे । त्यसैले उनी आफ्नो व्यवहारलाई समाजमा अरूको भन्दा केही न केही फरक अथवा भिन्नै पाराको बनाउने प्रयासमा दत्तचित्त भइरहेका हुन्थे ।

यसरी अरूभन्दा फरक हुने क्रममा केही वर्ष यतादेखि उनी चलन-चल्तीबाट हराउँदै-हराउँदै जान लागेका केही पुराना परम्पराहरूलाई पुनर्जीवित गराउनेतर्फ आँखा चिम्लेर अघि बढ्न थालेका थिए । खराब र असल भनी छुट्याइरहने उनको बानी थिएन ।

एक दिन कुनै एक छिमेकी बेखालालले उनबाट केही रूपियाँ सापटीको रूपमा फुत्काउने सुरले उनलाई खुशी पार्न कुरैकुरामा प्रसंग मिलाएर, भूमिका बाँधेर भनिदिएछ, "तपाईं जस्तो मौलिकताप्रेमी र परम्पराको संरक्षणमा लागीपर्ने व्यक्ति अहिलेको जमानामा पाउनै पो मुश्किल छ त !"

धूलोमा खेलिरहेको बच्चालाई फुक्याई दिनुस्, ऊ हिलोमा लडीबुडी गर्न थाल्छ । करीब-करीब यस्तै भयो । घनश्याम दाइको सनकको पारा चढिहाल्यो । मख्ख पर्दै भने- "हेर्दै जाऊ न बेखालाल, मैले अरू केही कुराहरू पनि सोचिरहेको छु !"

घनश्याम दाइले के सोचेका रहेछन् त भन्ने कुरा हामी छिमेकीहरूले त्यस दिन थाहा पायौं, जुन दिन उनको घरमा श्राद्ध थियो र घरको छिंडीको मूल थाममा एउटा ढाडे बिरालो बाँधिएको थियो । "बिरालो बाँधेर श्राद्ध गर्ने" भन्ने जुन नेपाली उखान छ, त्यसलाई नै व्यवहारमा किन नउतार्ने ? भन्ने सुर चलेको रहेछ उनलाई ।

हामीले घनश्याम दाइलाई यो उखान त बिरालो बाँधेर श्राद्ध गर्नेहरूको विरोधमा बनेको हो, त्यस्तो चलनको हँस्सी उडाउन पो यो बनेको हो भन्ने कुरा संझाउने कोशिश गर्‍यौं र भन्यौं- "उल्टो, तपाईं त झन् त्यो चलन चलाउन खोज्दै हुनुहुन्छ !"

यहींनेर हामीले थप एक कुरा के थाहा पायौं भने, घनश्याम दाइ रिसाउँदा पनि रहेछन् । उनी हामीसंग एक्कासी कड्के- "मेरो मामिलामा तिमीहरूलाई के चासो ? किन चासो ? के मतलब ?"

प्रशंसा पाए जति पनि हसुर्न सक्दा रहेछन् उनी, खसोखास कुरा चाहिं उनलाई पटक्कै रूच्तोरहेनछ । त्यसैले; उनको कँड्काई यस्तो थियो, मानौं- उम्लिरहेको तेलको कराहीमा एक चम्चा जति पानी अचानक खन्याइएको होस् !

टोलमा दुई चारजना लुच्चा बेखालालहरू जो थिए, उनीहरू कुनै बौलाहा कुकुरलाई समेत "आहा, कति राम्रो मृगको सुकुमार पाठो !" भनेर प्रशंसा गरिदिन पनि पछि पर्दैन थिए । तिनै बेखालालहरूले घनश्याम दाइको यो कदमको ठूलो इज्जत गरिदिए । त्यत्ति इज्जत गरिदिएवापत घनश्याम दाइले उनीहरूलाई श्राद्धको भोज खान दिए ।

घनश्याम दाइ जे-जस्तै भए पनि उनको छोरो बच्चु भने आफूलाई निक्कै नै आधुनिक व्यक्ति मान्ने गर्थ्यो । अत्याधुनिक पोशाकहरूमा सजिएर ठाँटिएर, हिँड्ने गर्थ्यो ऊ । हप्ताको दुई पटकदेखि लिएर सात पटकसम्म ऊ जुत्तादेखि लिएर टाइसम्म बदल्ने गर्थ्यो । कुरा गर्दा कुराको शुरूवात नेपाली भाषामा गर्ने गर्थ्यो, बीचमा सयकडा पचहत्तर अंग्रेजी प्रयोग गर्थ्यो र अन्त्य यसरी गर्ने गर्थ्यो- "बात ऐसा है भाइ ! संसार कहाँबाट कहाँ पुगिसक्यो, तिमीहरूलाई यसको के पत्ता !"

यी सब कुराहरू देखे-सुनेपछि हामीहरूले पनि बच्चुलाई साँच्चै आधुनिक

**"बाउबाजेले सिंगाने बिरालो थाममा बाँधेर श्राद्ध गरे भन्दैमा मैले पनि बिरालै बाँध्नुपर्छ भन्ने के छ ? जाबो बिरालो के बाँध्नु भनेर मैले त यी यो 'टाइगर'लाई ल्याएर बाँधें ।"**

व्यक्ति मान्नमा कुनै कंजूसी गरेका थिएनौं । यसर्थ, हामीले के सोचेका थियौं भने, घनश्याम दाइको शेषपछि उसको यो छोराले चाहिं यो बिरालो बाँधेर श्राद्ध गर्ने परपरा अवश्यै त्याग्नेछ ।

तर घनश्याम दाइ बितेको दुई वर्षपछि, अस्तिको कुरा हो, बच्चुले बाबुको श्राद्धको दिनमा के गरेछ भने, छिंडीको मूल थाममा बिरालोको सट्टा एउटा मोटो, कालो अजंगको झ्याप्ले कुकुर बाँधेछ ।

यो देखेर हामीहरू एकदमै छक्क पऱ्यौं । तुरुन्तै टोलका सबै बूढाबूढीहरूले 'के चालामाला देख्नुपऱ्यो नि यस्तो !' भनेर उदेक माने, तन्नेरीहरूले बच्चुको हावा खुस्केको घोषणा गरे । केटाकेटीहरूलाई भने खूब रमाइलो लागेछ, उनीहरू गएर कुकुरको वरिपरि झुम्मिए । कुकुर भने उनीहरूतिर फर्केर जोडले भुक्दै थियो ।

सकसक लागेर आएकोले मन थाम्न नसकेर मैले त्यतिखेर नै सोधें, "ए ! बच्चू ! के गरेको यो ?"

उसले बडो व्याख्यात्मक पारामा उत्तर दियो, "हेर्नुस् काका ! बाउबाजेले सिंगाने बिरालो थाममा बाँधेर श्राद्ध गरे भन्दैमा मैले पनि बिरालै बाँध्नुपर्छ भन्ने के छ ? जाबो बिरालो के बाँध्नु भनेर मैले त यी यो 'टाइगर'लाई ल्याएर बाँधें । श्राद्धको दिनमा छिंडीमा बिरालो नै बाँध्नुपर्छ भन्ने यो जुन पुरानो अन्धविश्वास छ, म त्यसलाई हटाउन चाहन्छु, बुझ्नुभो ?"

यसपछि "लरतरो कुकुर हैन, अमेरिकाबाट झिकाएको कुकुर हो काका, के भन्ठान्नु भा'छ !" भन्दै ऊ कुकुरको गर्धन सुम्सुम्याउनपट्टि लाग्यो ।

करिब-करिब भाषण गरे जस्तै छनक ल्याएर उसले अरू थप्यो, 'बुझ्नुभो काका ! म जिन्दगीलाई गतिशील पार्न चाहन्छु, म यो देखाउन चाहन्छु कि, घनश्यामको छोरो बच्चुराम एउटा परिवर्तन-प्रेमी प्राणी हो !"

यसबाट हामीले के बुझ्यौं भने, बच्चु अँध्यारो नै हटाउन भने चाहँदैन, तर पुरानो अँध्यारो हटाएर त्यसको ठाउँमा नयाँ अँध्यारोको स्थापना गरेर आफूलाई गतिशील देखाउन चाहन्छ । यत्ति कुरा बुझिसकेपछि हामी बच्चुको घरबाट बाहिर आयौं । बाहिर आएपछि छिमेकी गोपलले भन्यो- "के चाला हो यसको यो ?"

यसको उत्तरको रूपमा गणपतिले भन्यो- "बुझ्यौं, पहिरन आधुनिक हुँदैमा मात्र मान्छे आधुनिक हुन्छ भन्ने ठान्नु ठाडो मूर्खता रहेछ !" ❑

# देश-प्रेम



**केटोले नोट लिन बिल्कुल इन्कार गरिदियो र भन्यो, "तपाईंको पैसा तपाईं नै राख्नुस्, तपाईंको बाको दुई दिनको तमाखु-खर्च टर्छ ।"**

भारतको बम्बै शहरको दक्षिणी भेक कोलाबाको गेट वे अफ इण्डिया नजिकैको समुद्री तटसंग जोडिएको फराकिलो सडकको ठीक विपरीत दिशामा रहेको एक आठतले भवन । यस भवनको दोस्रो तलाको एक मझौला स्तरको रेष्टुराँमा काम गर्ने केटाहरूमध्ये एक नेपाली केटो थियो, जसलाई 'बहादुर' भनेर बोलाइन्थ्यो ।

त्यही रेष्टुराँको एक कुनामा पहिले सधैं झैं यसपालि पनि जाडो छल्न भनेर बम्बै आएको एक नेपाली भलाद्मी वंशकिशोर आफ्नो एक पाकिस्तानी साथी मिष्टर सैयदसंगै बसेर केही चिजहरू मगाइरहेको थियो । यसरी 'बहादुर' भनेर त्यस केटोलाई बोलाएको वंशकिशोरले पनि सुनिरहेको थियो । मिष्टर सैयदलाई पनि के थाहा थियो भने, यसरी 'बहादुर' भनिनेहरू प्राय: नेपाली कामदारहरू हुने गर्छन् । त्यसै कारणले होला शायद, वंशकिशोरको अनुहारमा सैयदले पुलुक्क हेऱ्यो । उसको यो हेराइमा कुन्नि के लुकेको थियो, तर वंशकिशोरले देख्यो, मानौं, त्यसले भनिरहेको, "क्या हो, केटो त तिम्रै देशको रहेछ नि !"

यो अव्यक्त आवाजले वंशकिशोरलाई एक किसिमको असजिलो लागेर आयो । त्यसैले यो असजिलो मेट्न उसले भन्यो- 'हेर्नुस त, ऊ त्यो केटो मेरै देशको मान्छे रहेछ । आफ्ना देशका मान्छेहरूले यसरी 'बहादुर' को पगरी गुथेर दु:ख पाएको देख्दा मेरो चित्त बडो नराम्ररी दु:ख्ने गर्छ !"

उसको यो भनाइमा सहानुभूति जनाउँदै सैयदले आफ्नो टाउको हल्लाइरह्यो । वंशकिशोरले अरू थप्यो, "हेर्नुस् न, मलाई आफ्नो देश र आफ्ना देशवासीहरूप्रति किन किन अति नै मायालाग्ने गर्छ ।"

सैयदले सहृदयता जनायो, "यो तपाईंको महानता हो, म यसको लागि तपाईंको प्रशंसा गर्छु ।"

सैयदको यो प्रशंसालाई वंशकिशोरले 'धन्यवाद' ले पैंचो तिऱ्यो । 'बहादुर' केटो पर कुनाबाट उनीहरूलाई एकतमासले हेरिरहेको थियो ।

यसपछि एकछिनसम्म यताउताका कुराहरू भए, चियानास्ताको काम सकियो ।

कुर्सीबाट उठ्ने बेलामा वंशकिशोरले आफूतिर हेरिरहेको उक्त नेपाली केटोलाई आफू छेउ बोलायो र खल्तीबाट दुई रूपियाँको एउटा नोट झिकेर दिन खोज्यो, "ए केटा, ला !"

तर सोचिएको कुराभन्दा धेरै फरक हुने गरी भैदियो के भने, केटोले नोट लिन बिल्कुल इन्कार गरिदियो र भन्यो, "तपाईंको पैसा तपाई नै राख्नुस्, तपाईंको बाको दुई दिनको तमाखु-खर्च टर्छ ।"

वंशकिशोर केटाको यस्तो उत्तर र इन्कारी सुनेर छानाबाट खसेजस्तै भयो । दयाको बदलामा यत्रो अपमान ! उसको अनुहार लाल-लाल भएर आयो । उसले रिसाएर केटाको अनुहारमा आँखा तरेर हेऱ्यो । तर ठीक त्यसै बेला वंशकिशोरले यस्तो एक झट्का अनुभव गऱ्यो, मानौं, उसको थाप्लोमा कसैले हिउँको ढिका बजारिदिएको होस् । कुरा यत्ति थियो, वंशकिशोरले त्यस केटोलाई चिन्यो ।

केटो वंशकिशोरको गाउँले छिमेकी सिद्धिश्वरको छोरो नन्दराम थियो । दुई वर्षअघि यही वंशकिशोरले सिद्धिश्वरको घरखेत आफ्नो नाममा गरेर उसको परिवारैलाई गाउँबाट निकालेको थियो । वंशकिशोरका बाबु गाउँका ठालू थिए । उनीहरू बाबु छोरा मिलेर अनेक जाल रचेर सोझासाझा गाउँलेहरूलाई आफ्नो सेवा-सुश्रुषामा जोताउनुसम्म जोताएर आखिरमा, उल्टो, तिनकै घरबास उठाएर धपाउने गर्थे । असंख्य कथा, उपन्यास, नाटकहरूमा समेत चित्रित भइसकेका जो गाउँका 'मुखिया, जिम्दार र द्वारेबा' हरू थिए, तिनीहरू समयअनुसारको जामा या मौसमअनुसारको काँचुली फेरेर अझै वंशकिशोर र उसका बाबुको रूपमा गाउँमा हैकम चलाइरहेका थिए । निर्दोष प्राणीहरू र तिनका कलिला लालाबालाहरूको शिकार गरिरहेका थिए ।

यसरी गाउँबाट परिवारसहित लखेटिएको सिद्धिश्वर कतै आड-भरोसा नपाएर मुग्लान पसेको थियो । यताबाट उता, उताबाट यता भौंतारिंदा-भौंतरिंदै पीर, चिन्ता र थकाइले पुरिएर पोहर साल नै ऊ मरेको थियो । उसको टुहुरो छोरो नन्दराम त्यहाँ आइपुगेर त्यसरी त्यस रेष्टुराँमा बल्ल बल्ल काम पाएर जोत्तिँदै थियो । शायद उसका दुई टुहुरा दिदीहरू भने त्यहाँबाट केही किलोमिटर पर 'फकल्याण्ड रोड' तिर बेचिन विवश थुप्रै नेपाली चेली 'तुलसादेवी'हरूसंग मिसिएर शरीर बेचेर नरकको यातना भोग्दै थिए होलान् ।

घरबास, गाउँ छोडेर हिँड्न लाग्दा आमाबिनाका आफ्ना ती दुई छोरीहरू र एक छोरो- यो नन्दरामलाई अँगालो हालेर सिद्धिश्वर धुरूधुरू रोएको थियो । 'दुई-चार रूपियाँ बाटोखर्च त पाऊँ" भनेर सिद्धिश्वरले त्यतिखेर माग्दा वंशकिशोरका बाबुले हुक्का गुड्गुडाउँदै भनेका थिए- "दुई चार रूपियाँ त के, एक रूपियाँ पनि मबाट झर्दैन ! एक रूपियाँले पनि आफ्नो याँ पूरै एक दिनको तमाखु- खर्च टर्छ, बुझिस् बाबु सिद्धिश्वर ?"

अहिले ठीक त्यही 'तमाखु- खर्च टर्ने' कुरा गरेर 'बहादुर' केटो नन्दरामले वंशकिशोरको दुई रूपियाँलाई ठाडै इन्कार गरिदिएको थियो ।

देशमा छँदा निमुखा दाजुभाइ-दिदी-बहिनीहरूको गला अँठ्याउनेले विदेशमा पुगेर अलापेको देश-प्रेम र स्वजाति-प्रेमको स्वाँगले त्यहाँ त्यतिखेर यसरी जुन घृणाको झटारो पायो, त्यो कुरा पाकिस्तानी मित्र सैयदले बुझ्यो या बुझेन, केही थाहा भएन । तुरुन्तै उनीहरू चुपचाप त्यहाँबाट तल ओर्ले, तल बाहिर सडकमा काला कारहरूको विशाल नदी सललल बगिरहेको थियो । कारहरूको त्यो नदीबाट कुनै एउटा कार उनीहरूको इशाराअनुसार नजिकै आएर रोकियो, जो ट्याक्सी थियो । तिनीहरू त्यसमा बसे । गाडी मेर वेदर रोड हुँदै चर्च गेटतिर लाग्यो, जो बम्बैको स्थानीय ट्रेनहरूको एक प्रसिद्ध र ठूलो स्टेशन हो ।

❑ 'गरिमा' चैत्र २०४२, पूर्णाङ्क ४० बाट साभार

# "संस्कृतिविहीन सेना मन्दबुद्धि सेना हुन जान्छ"

"आफ्नै पहलमा कलाकारहरू संगठित हुन सक्छन् कि सक्दैनन् ? नेपालमा कलाकारहरूको स्वतन्त्र पहलमा प्रगतिशील विचार बोकेका कलाकारहरू सबैलाई समेट्न मिल्ने एउटा साझा सांस्कृतिक संस्था निर्माण हुन सक्छ कि सक्दैन ?"

"कलाकारहरू नाम, प्रतिष्ठा र प्रशंसाका भोका हुन्छन् । उनीहरूमा ईर्ष्या, डाहा र जलनको मात्रा अत्यधिक हुन्छ । एकभन्दा बढी विशिष्ट प्रतिभाहरू एउटै थलोमा बस्न सक्दैनन ।"

यस्ता धारणाहरूभित्र सत्यताको अंश कति छ ? यस्ता लाञ्छनाहरूबाट कलाकारहरू मुक्त हुन सक्छन् कि सक्दैनन् ?

"जसको सीता खाई, उसैको गीता गाई" भन्ने जस्तै जुन पार्टीले हुर्कायो, त्यसैको मात्र भजन गाउने भजन मण्डलीका सदस्यहरू या भनौं पार्टी प्रोपोगण्डाको लागि कुनै पार्टी-विशेषले तयार गरेका 'गन्धर्भ, किन्नर'हरू मात्र हुन् कि प्रगतिशील कलाकारहरू त्यो भन्दा अरू पनि केही हुन् ?"



## प्रगतिशील कलाकार संघ बन्नु जरूरी छ

जीवन शर्मा

नेपालका प्रगतिशील कलाकारहरूका सामु यी प्रश्नहरू लामो समयदेखि उठ्दै आएका प्रश्नहरू हुन् । यिनको मूर्त हल खोज्ने काम अझै हुन सकेको छैन ।

नेपालमा २००७ सालदेखि नै प्रगतिशील सांस्कृतिक आन्दोलनले राजनीतिक आन्दोलनलाई उर्जा दिने महत्वपूर्ण जिम्मेवारी लगातार बहन गर्दै आएको छ । कार्ल मार्क्सदेखि माओत्सेतुङ्गसम्म सबै राजनीतिक विचारकहरूले सांस्कृतिक आन्दोलनलाई सर्वहारा वर्गीय राजनीतिक आन्दोलनको सेवा गर्ने अभिन्न अंग र शक्तिशाली हतियारको रूपमा व्याख्या गर्नुभएको छ ।

क्रान्तिमा सरिक सेनाहरूमा सांस्कृतिक पक्षमाथि विशेष महत्व दिँदै माओले भन्नु भएको छ- "सर्वहारा संस्कृतिविहीन सेना 'मन्द बुद्धि' सेना हुन जान्छ ।"

नेपालको वामपन्थी राजनीतिक सन्दर्भमा माओका यी विचारहरू नेतृत्व तहबाटै लागू हुनु पर्ने देखिन्छ । सर्वहारा संस्कृतिले सुसज्जित हुन नसक्दा वामपन्थी पार्टी नेतृत्व नै 'मन्द बुद्धि नेतृत्व' हुन जान्छ । नेपालको समग्र वामपन्थी आन्दोलनमा वास्तवमा यही भइरहेको छ ।

सांस्कृतिक आन्दोलनलाई 'राजनीतिक सेवा गर्ने' अभिन्न अंगको रूपमा व्याख्या गर्ने बेलामा मार्क्स, लेनिन र माओले कुनै पनि हालतमा राजनीतिक आन्दोलनभन्दा सांस्कृतिक आन्दोलन कम महत्वको हो भन्ने अर्थमा लिनु भएको होइन । त्यो त एउटा गह्रुंगो भारी उठाउने बेलामा दाहिने हातलाई देब्रे हातले पनि उत्तिकै बल दिएर सहयोग गर्नुपर्छ भने जस्तै कुरा थियो । तर नेपालका वामपन्थी पार्टीहरूका नेताहरूको सोचमा भने, सांस्कृतिक आन्दोलन र त्यसमा समर्पित कलाकर्मीहरूलाई हेर्ने र बुझ्ने तरीका सामन्तवादी प्रकृतिको छ । 'सांस्कृतिक आन्दोलन भनेको 'सेवक' हो, त्यसैले, राजनीति बढी महत्वपूर्ण हो' भन्ने विभ्रमले गर्दा वामपन्थी नेताहरूमा सांस्कृतिककर्मीहरू तथा कवि-कलाकारहरू 'सेवक हुन्' र हामी 'मालिक हौं' भन्ने गलत धारणा विकसित भएको छ । अतः हरेक अवस्थामा सांस्कृतिककर्मीहरूले हाम्रो निर्देशन बमोजिम मात्र चल्नु पर्छ र अन्यथा सोचेको खण्डमा उनीहरूलाई पार्टीबाट दण्डित गरिनु पर्छ भन्ने घोर सामन्तवादी अधिनायकवादी प्रवृत्ति यहाँ विद्यमान छ । यो प्रवृत्तिको कारणले राजनीतिक आन्दोलन र सांस्कृतिक आन्दोलन जुन रूपमा काँधमा काँध मिलाउँदै सामाजिक क्रान्तिको दिशामा अघि बढ्नु पर्ने हो, त्यो सम्भव भइरहेको छैन । यहाँ आफ्नो पार्टीको घेरा बाहिरबाट पनि देश, जनता र परिवर्तनको निम्ति काम गरिरहेका कलाकारहरूलाई एउटा एउटा क्षुद्र बिल्ला भिराइदिएर जनतामा निष्प्रभावी बनाउने प्रयत्न राजनीतिक वृत्तबाट भइरहेको देखिन्छ । "कवि, कलाकार, साहित्यकार भनेका त्यस्तै हुन्......" भनेर उनीहरूभित्रको देश र जनताप्रतिको तीव्र संवेदनशीलतालाई महत्वहीन बनाउने प्रवृत्ति आम राजनीतिक पार्टीभित्र विषाक्त हावाको रूपमा फैलाइएको पाइन्छ ।

**वामपन्थी नेताहरुमा सांस्कृतिककर्मीहरु तथा कवि-कलाकारहरु 'सेवक हुन्' र हामी 'मालिक हौं' भन्ने गलत धारणा विकसित भएको छ ।**

काउत्सकीलाई सान्दर्भिक गर्दै लेनिनले लेख्नु भएको छ- "समाजवादी आन्दोलनको ज्वार उठिरहेको बेला प्रत्येक समाजवादी व्यक्ति कवि हुन्छ र प्रत्येक कवि समाजवादी व्यक्ति हुन्छ ।"




क्रान्ति सम्पन्न गर्न अहिले नेपालमा पनि 'प्रत्येक' क्रान्तिकारीले आफू 'कवि' बन्नु जरूरी छ र 'प्रत्येक कवि' ले आफू क्रान्तिकारी बन्नु जरूरी छ ।

राजनीतिक नेता तथा कार्यकर्ताहरू कतिसम्म सांस्कृतिक तवरले समृद्ध हुनु अनिवार्य हुँदोरहेछ भन्ने कुरा लेनिनको उपरोक्त सन्दर्भबाट प्रष्ट हुन्छ । तर नेपालमा सर्वहारा वर्गको झण्डा उचालेर हिँड्ने नेताहरूको संस्कारलाई गहिरिएर हेर्ने हो भने, आश्चर्यजनक स्थिति देखिन्छ । उनीहरूमा कला-संस्कृतिप्रति महत्व दिने संस्कार देखिँदैन । कतिपयमा त देशको पीडा, जनजीवनका सूक्ष्मातिसूक्ष्म वेदनाप्रति संवेदनशील हुने नरम हृदय समेत पाइँदैन । यस्तो सांस्कृतिक दरिद्रताले त केवल राजनीतिक आन्दोलनको शिखरमा चढेर पद, प्रतिष्ठा, सत्तास्वाद र व्यक्तिगत समृद्धिको तीव्र आकांक्षाबाट प्रेरित अत्यन्तै निकृष्ट राजनीतिक वा गैर राजनीतिक खेल खेल्ने 'दुष्ट खेलाडी' मात्र जन्माउँछ । सांस्कृतिक दरिद्रताले राजनीतिक आन्दोलनलाई खोक्रो बनाउँछ र त्यो अन्ततः धर्मराएर ढल्न जान्छ । सर्वहारा संस्कृतिविहीन कम्युनिष्ट पार्टीका नेताहरू पनि बुर्जुवा नेतामा पतित हुन्छन् र उनीहरूप्रतिको जनताको विश्वास पनि समाप्त हुन्छ । यसले गर्दा लामो र अथक प्रयत्नबाट विकसित जनवादी आन्दोलन समेत दिशाविहीन भएर सयौं शहीदहरूको रगत र हजारौं कार्यकर्ताहरूको पसीना खेर जान्छ र क्रान्ति वर्षौं-वर्ष पछाडि धकेलिन्छ ।

समग्र जनवादी आन्दोलनलाई यो भयावह स्थितिबाट बचाएर अगाडि बढाउन समुन्नत सांस्कृतिक आन्दोलन अनिवार्य भएको छ । यो कठिन स्थितिमा जनताको पंक्तिलाई एकत्रित गर्न र उनीहरूलाई क्रान्तिको बाटोमा विश्वास-पूर्वक सक्रिय बनाइराख्न दलगत राजनीतिबाट माथि उठेको र बृहद सहकार्य गर्न तत्पर प्रगतिशील सांस्कृतिक आन्दोलन अपरिहार्य भएको छ । राजनीतिक दलहरूमा फूट, जुट र ध्रुवीकरणको प्रकृया चलिरहन्छ । तर सांस्कृतिक आन्दोलनले समग्र जनवादी शक्तिहरूलाई एकजूट पार्दै प्रतिकृयावादी शक्तिहरूका विरूद्ध लडाइँ लड्न प्रेरित गर्छ ।

नेपालमा दलगत राजनीतिबाट माथि उठेको सशक्त सांस्कृतिक मोर्चाको टड्कारो आवश्यकता खट्किरहेको वर्तमान सन्दर्भमा केही हप्ता अघिदेखि प्रगतिशील कलाकारहरू एउटा साझा सांस्कृतिक संस्था निर्माण गर्ने उद्देयले जुट्न थालेका छन् । हाल रायन, जीवन शर्मा, हरिदर्शनधारी,

जीवन शर्मा



**रामेश, रायन, मञ्जुल र खुसीराम पाखिन जस्ता दीर्घसेवी कलाकारहरुले यस्तो संस्थाको निर्माण र विकासको निम्ति सकृय अगुवाको भूमिका निर्वाह गर्नु जरुरी देखिन्छ ।**

माधव प्रधान, वीरप्रसाद भन्सारी, उदय श्रेष्ठ, धनराज सुब्बा, रामकृष्ण दुवाल आदि कलाकारहरूका बीच संघको निर्माणका निम्ति आधारभूमि खोज्नको लागि तीन पटक भेटघाट र अन्तर्क्रिया भइसकेको छ । यसमा विजय सुब्बाले पनि निकै पहिलेदेखि चासो देखाउँदै आउनुभएको हो । मणि थापा, ध्रुव ज्ञवाली आदि जनताका कलाकारहरूले पनि यसप्रति अत्यन्तै सकारात्मक भूमिका खेल्नु पर्ने आवश्यकता रहेको छ ।

यस संघलाई कुनै पार्टी विशेषको प्रभावबाट माथि उठाएर सामन्तवाद-साम्राज्यवादविरोधी साझा सांस्कृतिक मोर्चाको रूपमा विकसित गर्नु जरूरी छ । रामेश, रायन, मञ्जुल र खुसीराम पाखिन जस्ता दीर्घसेवी कलाकारहरूले यस्तो संस्थाको निर्माण र विकासको निम्ति सकृय अगुवाको भूमिका निर्वाह गर्नु जरूरी देखिन्छ । अघिल्लो पुस्ताका कलाकारहरूले यसरी सक्रियता देखाएमा हामी पछिल्लो पुस्ताका कलाकारहरू थुप्रै पांग्रा बनेर गुड्न तयार छौं । रथको लगाम उहाँहरूले सम्हाल्नु पर्छ । आ-आफ्ना मतभेदहरूलाई आफ्नै ठाउँमा थन्काएर यस्तो साझा संस्था हुर्काउन पूर्वाग्रह र दुराग्रह त्यागेर जुट्नु पर्ने आवश्यकता रहेको छ ।

नेपालको आम जनवादी आन्दोलनलाई सर्वहारा वर्गीय संस्कृतिले सुसज्जित गर्न र नयाँ उँचाइमा उठाउन 'प्रत्येक समाजवादी व्यक्ति, कवि र प्रत्येक कवि समाजवादी व्यक्ति' बन्नु अनिवार्य भएको छ । त्यसको निमित्त गहन भूमिका निर्वाह गर्न सक्ने खालको सांस्कृतिक संस्था जरूरी भएको छ । यस दिशामा थोरै भए पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने खालको 'प्रगतिशील कलाकार संघ' निर्माण गर्न सबै तह र तप्काका जनसमूदायले समेत गहिरो चासो देखाउनै पर्ने भएको मैले महसूस गरेको छु । ❑

# नेपालमा पनि तेलको खानी छ तर यो किन खनिन्न ?

◆ गणेश खत्री

हरेक वर्ष सालाखाला दश अर्ब रूपैयाँ नगद दिएर नेपालले ३८ सय किलोमिटर टाढा पर्ने अरबी मुलुकहरूबाट पेट्रोलियम कच्चा पदार्थ किन्छ । कलकत्ता बन्दरगाहमा चर्को मूल्य तिरेर प्रशोधन गर्छ । प्रशोधन गरेपछि पेट्रोल, डिजेल र मट्टितेल नेपाल भित्रन्छ । तर मोबिल, ग्रीज लगायतका अन्य तेलीय पदार्थहरू त्यहीं रहन्छन् । यसलाई भारतले बट्टामा भरेर नेपाललाई बिक्री गरिरहेको छ । यसको भेउ सम्बन्धित निकायले पहिल्यै होला ! तर नेपाली तथा विदेशी विशेषज्ञहरूले नेपालको कूल क्षेत्रफलको करिब ३५ प्रतिशत भू-भागमा पेट्रोलियम पदार्थ पाइन्छ भनेर श्री ५ को सरकारलाई जानकारी दिइरहेका छन् । यसको ज्वलन्त उदाहरण अमेरिकाको टेक्सास रिसोर्जेज नाउँको कम्पनीलाई लिन सकिन्छ । उक्त कम्पनीले पेट्रोलियम अन्वेषण परियोजनाले तेल उत्खनन् सम्बन्धी गत १९९७ जनवरी १० का दिन निकालेको बोलपत्र आव्हानमा प्रस्ताव पेश गरी नेपालमा पेट्रोलियम पदार्थको उत्खनन्मा उत्सुकता देखाई अन्वेषण तथा सर्भेक्षण कार्य गर्न थालेको छ ।

नेपालमा पेट्रोलियम पदार्थ सम्बन्धी अनुसन्धान २०३६ सालदेखि गर्न थालिएको हो । खानी तथा भूगर्भ विभागका अनुसार, अन्तरराष्ट्रिय विकास संस्था तथा विश्व बैंकको सहयोगमा सोही सालमा तराई प्रदेश, चुरेपर्वत र भित्री मधेशमा पर्ने ४८ हजार वर्ग किलोमिटर क्षेत्रको सर्भेक्षण गरिएको थियो । उक्त कार्यपश्चात जारी



Exploration blocks in Nepal.

पाए पनि उनीहरूको कमिशन मोहले गर्दा यो तथ्य नेपाली जनतासामु पुग्न नसकेको देखिन्छ । सम्बन्धित क्षेत्रका विज्ञहरूका अनुसार, श्री ५ को सरकारले तेल प्रशोधन गर्ने उपकरणहरूलाई मात्रै नेपालमा भिकाइदिएको भए जनताले हालको तेलको मूल्यमा न्यूनतम २५ प्रतिशत छुटसहित मट्टितेल, डिजेल जस्ता अन्य तेल पाउने थिए ।

## कसरी तेल भण्डार पत्ता लाग्यो ?

१,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफल भएको नेपालमा ४९,१४१ वर्ग किलोमिटर क्षेत्रमा पेट्रोलियम पदार्थ पाइन्छ भनेर सर्वसाधारण त के बौद्धिक वर्गको ठूलो हिस्सालाई पनि थाहा छैन । संभवत: अहिलेसम्म उद्योगमन्त्रीको हैसियतले सत्तामा रहिसकेकाहरूलाई पनि थाहा छैन


## दैलेखमा शुद्ध पेट्रोलियम फेला पर्‍यो !

*दैलेख जिल्लाको थारमारे गाउँ विकास समितिमा गत महिना शुद्ध पेट्रोलियम पदार्थ पाइएको छ । जमीनबाट पानीको मूल फुटेझैं बाक्लो लेदो बाहिर निस्किरहेको देखेपछि स्थानीय गाउँलेहरूबीच गाईगुई चल्यो । पछि खानी विभागले उक्त पदार्थलाई पेट्रोलियम अन्वेषण परियोजनामा परीक्षण गर्न पठायो । 'त्यो त शुद्ध पेट्रोलियम पदार्थ रहेछ', परीक्षणपश्चात परियोजना प्रमुख नरेन्द्रबहादुर कायस्थले बताउनु भयो ।*

*उक्त पेट्रोलियम पदार्थको अन्तिम प्रतिवेदन आइनसकेको र थप अनुसन्धान तथा परीक्षण भइरहेको परियोजनाले जनाएको छ ।* ◉

**तराई प्रदेश, चुरेपर्वत र भित्री मधेशमा पर्ने ४८ हजार वर्ग किलोमिटर क्षेत्रको सर्भेक्षण गरिएको थियो**

भएका अन्वेषणहरूले नेपालमा प्राकृतिक तेल रहेको पुष्टि गरे । र, श्री ५ को सरकारले २०३९ सालको जेठमा पेट्रोलियम अन्वेषण परियोजनाको स्थापना गरी यसलाई राष्ट्रिय योजनाको रूपमा अघि सार्‍यो । परियोजनाको प्रतिवेदनका अनुसार २०३९ सालदेखि २०४२ सम्ममा सरकारको माग बमोजिम विश्व बैंकको सहयोगमा फ्रान्सको 'कम्पाजीन जनरल दे जियो फिजिक', अमेरिकाको ट्राइटन कम्पनी र नेदरल्याण्डको तेल कम्पनीले अनुसन्धान गरे । ट्राइटन कम्पनीले चार



वर्ष लगाएर सर्भेक्षण गर्‍यो । र, करिब ६० करोड रूपैयाँ खर्च गर्‍यो ।

स्वदेशी तथा विदेशी विशेषज्ञहरूले हालसम्म धेरै चरणबाट भौगर्भिक सर्भेक्षण गरेका छन्, जसमा एरोम्याग्नेटिक, साइस्मिक, ग्राभिटी, स्याम्प्लिङ, ड्रिलिङ र सील पर्छन् । यिनमा साइस्मिक र ड्रिलिङलाई प्रमुख मानिन्छ ।

## साइस्मिक र ड्रिलिङ भनेको के हो ?

पेट्रोलियम अन्वेषण परियोजनाका अनुसन्धान अधिकृत राधाकृष्ण कार्कीका अनुसार साइस्मिक परीक्षणपछि मात्र ड्रिलिङ गरिन्छ । साइस्मिक सर्भेक्षण जमीनमुनी बम पड्काएर गरिन्छ । यसमा जमीनदेखि बम राखेको दूरी, विस्फोटक पदार्थको क्षमता, विस्फोट भएपछिको असर र विस्फोटको प्रतिध्वनि तरङ्गको हिसाब गरिन्छ । "मुख्य गरी पत्रे चट्टानमा पेट्रोलियम पदार्थ पाउने हुँदा उक्त चट्टानमा निश्चित क्षमताको विस्फोटक पदार्थ विस्फोटन गर्दा हुने असर बारेको सैद्धान्तिक तथ्य फेला परिसकेको छ," कार्की भन्नुहुन्छ, "बम विस्फोटपछि देखिने तथ्यले ड्रिलिङ (दूलो खन्ने कार्य) गर्ने कि नगर्ने बारेमा बताउँछ ।" उहाँका अनुसार, बेलायतको हण्टिङ जियोलोजी तथा जियोफिजिक्स कम्पनीद्वारा हालसम्म ६० हजार वर्ग किलोमिटर क्षेत्रको अध्ययन भएकोमा ९० प्रतिशतभन्दा बेसी क्षेत्रमा पेट्रोलियम पदार्थ पाइने जनाइएको छ ।

"साइस्मिक अध्ययनले पेट्रोलियम पदार्थ हुने संकेत देखाएपछि ड्रिलिङ गरिन्छ । नेपालमा पहिलो पल्ट मोरङ्को बाहुनी गाविसको राधानगर क्षेत्रमा ३५२० मीटर गहिरो दूलो खनियो ।" अनुसन्धान अधिकृत कार्की भन्नुहुन्छ । "त्यस कार्यले हामीलाई विश्वास दिलायो कि नेपालमा पनि पेट्रोल छ भनेर !" उहाँका अनुसार उक्त 'ड्रिलिङ' कार्य नेदरल्याण्डको शेल एक्स्प्लोरेशन वि.मि. र अमेरिकाको ट्राइटन कम्पनीले श्री ५ को सरकारसंग २०४३ साल वैशाख २१ गते संझौता भएबमोजिम गरेका थिए ।

परियोजनाको प्रतिवेदनका अनुसार अहिलेसम्म १७ सय प्रकारका भौगर्भिक नमूना जाँच्न विदेशी प्रयोगशालामा पठाइएकोमा शत प्रतिशत पेट्रोलियम पदार्थ पाउन सकिन्छ भनेर जानकारी आएको छ । तर बजेटको अभावमा ड्रिलिङ कार्य गर्न सकिएको छैन । एउटा ड्रिलिङको खर्च कम्तिमा ६० करोड नेपाली रूपैयाँ हुन्छ । तर पेट्रोलियम अन्वेषण परियोजनालाई श्री ५ को सरकारले यो साल ४० लाख रूपैया मात्र बजेट छुट्याएको देखिन्छ । पैसाकै अभावमा ड्रिलिङ्को काम अघि बढ्न सकेको छैन ।

साधारणतया ड्रिलिङ भनेको ट्यूबवेलको पाइप गाडे जस्तै हो । तर प्रविधिमा ठूलो फरक छ । ड्रिलिङ गरी जमीनमुनि शक्तिशाली उपकरण पठाएपछि पत्रे चट्टान फोर्ने गरिन्छ । र, पेट्रोलियम पदार्थयुक्त पत्रे चट्टानलाई बाहिर ल्याएर निचोरिन्छ ।

## तेलको ताल वा कुवा हुँदैन !

अनुसन्धान अधिकृत कार्कीका अनुसार जमीनमुनि पेट्रोलियम पदार्थको ताल वा कुवा हुँदैन । तेल पत्रे चट्टानको पत्रभित्र रहेको हुन्छ । त्यस्तै चट्टानको प्वालमा रहने हुँदा तेल एक ठाउँबाट अर्को ठाउँमा सर्दैन । नेपालमा तेल झिकियो भने भारतमा असर पर्छ भन्ने कुरा सत्य होइन ।

"तेल निकाल्नु कागती निचोरे झैं हो !" कार्कीले बताउनु भयो । "यसरी निचोर्दा बढीमा ६५ प्रतिशत मात्र तेल पाउन सकिन्छ । बाँकी तेल निकाल्ने प्रविधि अहिलेसम्म बनेको छैन ।"

पत्रे चट्टान फोर्न बाहिरबाट तातो वाफ तथा केही रसायनहरू पनि पठाइन्छ । बढीभन्दा बढी तेल निकाल्न यो प्रविधिलाई उपयोगी मानिन्छ ।

विशेषज्ञहरूले भौगोलिक बनावटका आधारमा तेल पाउन सकिने क्षेत्रको अध्ययन गरी छुट्टा छुट्टै प्रतिवेदन तयार पार्छन् । हालसम्म नेपाली विशेषज्ञहरूले २१ वटा प्रतिवेदन बनाएका छन् । तिनलाई 'ए' देखि 'यू' सम्म विभाजन गरिएको छ । परियोजनाका अनुसार केही प्रतिवेदनहरूलाई विदेशमा विक्री गरिएको छ । र, यसबाट ६ करोड आम्दानी भइसकेको छ । विदेशी तेल कम्पनीहरूले अहिले पनि नेपाली विशेषज्ञहरूले तयार पारेका प्रतिवेदन किन्ने क्रम जारी छ ।

## कहाँ छ तेल ?

अन्वेषण परियोजनाले सर्भेक्षण कार्य सकी पेट्रोलियम पदार्थ पाउन सकिने क्षेत्रलाई दश खण्डमा विभाजन गरेको छ । अन्य खानी जस्तो तेल खानीको परिमाण पत्ता लगाउन नसकिने हुँदा विभाजन गरिएका क्षेत्रहरूको क्षेत्रफल झण्डै समान छ ।

| खण्ड | क्षेत्र | क्षेत्रफल वर्ग कि.मी |
|---|---|---|
| १ नं. | धनगढी | ४९४१ |
| २ नं. | कर्णाली | ४८३८ |
| ३ नं. | नेपालगंज | ४९०८ |
| ४ नं. | चितवन | ४९४५ |
| ५ नं. | लुम्बिनी | ४९६५ |
| ६ नं. | वीरगंज | ४८८० |
| ७ नं. | मलङ्गवा | ४९२० |
| ८ नं. | राजविराज | ४८५४ |
| ९ नं. | जनकपुर | ४९४१ |
| १० नं. | विराटनगर | ४९६९ |

स्रोतः पेट्रोलियम अन्वेषण परियोजना

**"तेल निकाल्नु कागती निचोरे झैं हो !" कार्कीले बताउनु भयो । "यसरी निचोर्दा बढीमा ६५ प्रतिशत मात्र तेल पाउन सकिन्छ ।**

यसरी नेपालमा पर्याप्त पेट्रोलियम पदार्थ रहेको जानकारी सम्बन्धित विशेषज्ञहरूले श्री ५ को सरकारलाई दिए पनि सरकारी क्षेत्रमा कुनै पनि चासो नभएको पाइन्छ । एक विशेषज्ञका अनुसार एक-दुई महिनाको अन्तरालमा उद्योग मन्त्रालयका सचिव परियोजनामा गएर तुरुन्तै आवश्यक बजेट उपलब्ध गराउँछु भन्छन् । "तर तलबभन्दा बेसी पाइँदैन,' उनको दुःखेसो छ ।

सरकारले कुनै चासो नदेखाए पनि केही विशेषज्ञहरूको पहलमा अन्तर्राष्ट्रिय तेल कम्पनीहरूलाई भित्र्याइने योजना रहेको बुझिएको छ । अन्य खानी उत्खनन गर्दा लागेको कूल खर्च सम्बन्धित देशको सरकारले दिनुपर्ने अन्तर्राष्ट्रिय नियम छ । "तर पेट्रोलियम पदार्थको खानीमा त्यस्तो हुँदैन," राधाकृष्ण कर्की भन्नुहुन्छ- "खर्च सबै कम्पनीले बेहोर्नु पर्ने हुँदा उत्खनन गर्दा लागेको खर्च बढी देखाई ठग्न सक्दैन । तसर्थ, जुनसुकै राष्ट्रको तेल कम्पनी आए पनि खानीको स्वामित्व उसको हातमा जानै सक्दैन ।"

परियोजना प्रमुख नरेन्द्रबहादुर कायस्थ भन्नुहुन्छ, "हामीसंग धेरै तेल छ । यो निकाल्नासाथ नेपाली जनताको स्तर निकै उँचो हुने थियो ।"

पेट्रोलियम अन्वेषण परियोजनाका प्राविधिज्ञहरूले लिए जति चिन्ता सरकारले लिएको भए आज केही न केही राहत जनताले पाउने थिए । सरकारले ड्रिलिङ गर्न चाहिने उपकरण मात्रै किन्दा वा भाडामा लिंदा नेपाली प्रविधिज्ञहरूले तेल भण्डारको केन्द्र पत्ता लगाउन सक्ने थिए । केन्द्र पत्ता लगाएरपछि तेल निकाल्न सजिलो हुने बताइन्छ । परियोजनाले अहिले उपकरण र उपकरण प्रयोग गर्दा लाग्ने खर्च मात्र सरकारसंग माग गरेको छ ।

"बरू पंचायतकालमा यसलाई राष्ट्रिय योजनाभित्र पारिएको थियो । तर अहिले एक तेल कम्पनीको इन्जिनियरले एक महिनामा पाउने तलब जति हाम्रो वार्षिक बजेट छ", काम गर्न भनेर परियोजनामा पुगेका नेपाली इन्जिनियरहरूको पीडा आजसम्म सरकारले सुनेको छैन । भौतिक साधन र स्रोत भए काम गरेर देखाउन सक्ने अठोट नेपाली विशेषज्ञहरूको छ । ❑

**"बरू पंचायतकालमा यसलाई राष्ट्रिय योजनाभित्र पारिएको थियो तर अहिले एक तेल कम्पनीको इन्जिनियरले एक महिनामा पाउने तलब जति हाम्रो वार्षिक बजेट छ"**

विश्वका सबै मुलुकमा, यूनिसेफले गरेको अध्ययनले देखाएको छ- महिलाहरू संसारभरि पुरूषहरूभन्दा ज्यादा श्रम गर्छन्। उनीहरूले गरेको श्रमलाई पुरूष-प्रधान समाजले सम्पत्तिको स्रोतका रूपमा आवश्यक मान्यता दिएको छैन, कुरो यत्ति मात्र हो। तर यो जगजाहेर छ- वास्तवमा श्रम नै सारा सम्पत्तिको स्रोत हो। बसीखाने मान्छेले समाजमा एउटा सिन्को समेत यताको उता गर्दैन। संसारमा कुनै पनि वस्तुको मूल्य भनेकै त्यसमा लागेको सामाजिक श्रम हो। यदि श्रम नै मूल्यको मुहान हो भने, संसारमा सबैभन्दा ज्यादा मूल्य त महिलाहरू नै सिर्जना गर्छन्, किनकि; घर बाहिर र भित्र दुबै ठाउँको श्रमको हिसाब गर्दा महिलाहरूको श्रम पुरूषहरूको भन्दा हमेशा ज्यादा रहने गरेको छ।

अफ्रिका र एशिया महादेशमा



# महिलाहरु विश्वभरि पुरुषभन्दा ज्यादा श्रम गर्छन्

गरिएको एक अध्ययनअनुसार, यहाँका महिलाहरू पुरूषको तुलनामा संसारमा नै सबभन्दा ज्यादा श्रम गर्छन्। उनीहरूको श्रम पुरूषहरूको भन्दा हप्तामा १३ घण्टा बेसी रहने गरेको छ।

ल्याटिन अमेरिकामा महिलाहरू पुरूषहरूभन्दा हप्तामा लगभग ६ घण्टा बेसी श्रम गर्छन्। पश्चिम यूरोपमा पनि महिलाहरूको श्रम पुरूषभन्दा ५ देखि ६ घण्टा ज्यादा रहने गरेको छ। तर पूर्वी यूरोपमा भने महिलाहरूको श्रममा योगदान ७ घण्टा ज्यादा देखिएको छ।

देश देशकै कुरा गर्ने हो भने, भारतीय पुरूषहरूको श्रममा योगदान हप्तामा ५९ घण्टा रहेको छ। जबकि, भारतीय महिलाहरू चाहिं हप्तामा ६९ घण्टा श्रम गर्छन्। नेपाली पुरूषहरूको श्रम र महिलाहरूको श्रमको अन्तर अरू ज्यादा देखिएको छ। पुरूषहरू नेपालमा हप्तामा ५६ घण्टा मात्र पसिना बहाउँछन्, तर महिलाहरू ७७ घण्टा। यसको तात्पर्य के हो भने, पुरूषहरूको भन्दा नेपाली महिलाहरूको श्रममा योगदान हप्तामा २१ घण्टा बेसी देखिएको छ।

अध्ययनले के देखाएको छ भने, सम्पूर्ण विकासोन्मुख विश्वमा घरमा पानी ओसार्ने काम, खाना पकाउने काम, लुगा धुने र घर आँगन सफा गर्ने काम, दाउरा घाँस गर्ने काम, बच्चा बच्ची र बूढा बूढी स्याहार्ने काम र किनमेलको काम अधिकांशतः महिलाहरूले नै गर्छन्। पछिल्लो अनुसन्धानले के पनि छर्लंग पारेको छ भने, विकासोन्मुख विश्वको अधिकांश खाद्यान्न उत्पादन, त्यसको निफननाफन, रखन धरन र बजारमा बेच विखनका लागि महिलाहरू नै पसिना बहाउने गर्छन्। यी सबै जिम्मेवारी बहन गरी भ्याएर पनि घर बाहिर रोजगारी गरेर नगद आम्दानी गर्ने काममा समेत महिलाहरूको भूमिका बढ्दै गएको छ।

तर समस्या के छ भने, महिलाहरूको यो योगदान राष्ट्रिय तथ्यांकमा उल्लेख हुने गर्दैन। महिलारूले गर्ने यी अधिकांश कामलाई विकसित र विकासोन्मुख दुबै विश्वमा आर्थिक हिसाबले उत्पादनशील ठानिँदैन। त्यसैले, सरकारले अर्थतन्त्रको राष्ट्रिय तथ्यांक तयार पार्दा महिलाहरूका यी योगदानहरू कता हो कता ओझेलमा पर्छन्। UNDP को १९९६ को मानव विकास प्रतिवेदनका अनुसार, विकसित औद्योगिक राष्ट्रहरूमै महिलाहरूले गर्ने श्रमको दुईतिहाई भागको तथ्य तथ्यांकमा कुनै रेकर्ड नै रहने गर्दैन। जबकि, पुरूषहरूको रेकर्डमा नरहने श्रम चाहिं एक तिहाई मात्र हुने गर्छ। राष्ट्रिय तथ्यांकमा रेकर्ड नै नहुने पुरूषहरूको श्रम विकासोन्मुख मुलुकहरूमा त अझ एक चौथाई मात्र हुने गरेको छ, जबकि महिलाहरूको भने, विकसित मुलुकहरू सरह हुने गरेको पाइएको छ।

मानव विकास प्रतिवेदन १९९५ ले के अनुमान गरेको छ भने, सन् १९९३ मा विश्वमा रेकर्ड गरिएको आर्थिक उत्पादन २३० खरब अमेरिकी डलर बरोबरको रह्यो, त्यो बाहेक रेकर्ड नगरिएको घरेलु र सामुदायिक कामको उत्पादन मूल्य १६० खरब डलर बराबर रहेको हुनुपर्छ। त्यसमध्ये ११० खरब डलर उत्पादनमा महिलाहरूको योगदान छ।

**नेपाली पुरुषहरुको श्रम र महिलाहरुको श्रमको अन्तर अरु ज्यादा देखिएको छ। पुरुषहरु नेपालमा हप्तामा ५६ घण्टा मात्र पसिना बहाउँछन्, तर महिलाहरु ७७ घण्टा।**

यू.एन.डी.पी. कै मानव विकास प्रतिवेदन, १९९६ मुताबिक धेरैजसो मुलुकमा महिलाहरूको कार्यभार पुरूषहरूको भन्दा ज्यादा छ। जापानमा यो ७ प्रतिशतले ज्यादा छ, अष्ट्रियामा ११ प्रतिशतले र इटालीमा २८ प्रतिशतले। विकासोन्मुख मुलुकहरूमा महिलाहरूको कार्यभार पुरूषहरूको तुलनामा औसत १३ प्रतिशतले ज्यादा छ। अझ, गाउँले इलाकाहरूमा त २० प्रतिशतले ज्यादा। उदाहरणका लागि, केन्याका ग्रामीण महिलाहरूले पुरूषहरू भन्दा ३५ प्रतिशत ज्यादा काम गर्छन्।

यी सारा तथ्यहरूले प्रमाणित गरेको सत्य के हो भने, संसारभरि सबै अर्थतन्त्रमा महिलाहरू पुरूषहरूभन्दा ज्यादा श्रम गर्छन्, संपत्ति उत्पादनमा ज्यादा योगदान गर्छन्। तर आफैंले पैदा गरेको सम्पत्तिमा नै उनीहरूको न्यायपूर्ण हक स्थापित हुन सकेको छैन। सारा महिलाहरूले, सामाजिक न्यायका सारा पक्षधरले आवाज उठाउनु जरूरी छ :

◆ महिलाहरूको श्रमलाई सम्पत्तिको स्रोतका रूपमा मान्यता हुनुपर्छ।

◆ अर्थतन्त्रमा महिलाहरूको योगदानलाई सरकारी तथ्यांकले समेट्नु पर्छ!

◆ सम्पत्तिको सिर्जनामा ज्यादा योगदान भएका महिलाहरूलाई सम्पत्तिमा बराबर हिस्सा हुनु पर्दछ!

तथ्यांक स्रोत : UNDP, Human Development Report 1995/1996 र UNICEF, The Progress of Nations

❑ दीपक वैद्य

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका उपलक्ष्यमा विशेष सामग्री

आँखीझ्याल

# सुत्केरी विदाको प्रचलन संसारका विभिन्न मुलुकमा



बच्चाको जन्म आमाबाटै हुन्छ । तर के शिशुको जन्म र लालन-पालन नारी एक्लैको कर्तव्य हो ? यो सवालमा संसारका विकसितभन्दा विकसित भनिएका मुलुकहरूमा यस्तो व्यवहार भेटिन्छ, मानौं, शिशुहरूलाई जन्म दिने र हुर्काउने काम भनेको नारी एक्लैको दायित्व हो र यो नारीको कमजोरी हो । गर्भवती र सुत्केरी हुनुलाई नारीहरूको कमजोरी र एकल दायित्व ठानेर उनीहरूलाई कामबाटै विदा दिने ज्यानमारा चलन संसारका अति विकसित मुलुकहरूमा अझै भेटिन्छ । यसको ज्वलन्त उदाहरण अमेरिका स्वयं हो । अमेरिकामा ६० प्रतिशत महिलाहरू सुत्केरी अवस्थामा रोजगारीको सुरक्षा नहुने हुनाले कामबाट हात धुन्छन् ।

वास्तवमा बच्चाहरूलाई जन्माउने र हुर्काउने दायित्व नारीहरू एक्लैको होइन । यो सामाजिक दायित्व हो । हो, बच्चाको जन्म आमाबाटै हुन्छ । तर गर्भधारण एक्लो आमाको कारणले मात्र हुने गर्दैन । शिशु जन्मको प्रक्रियामा एउटी नारीको जति दायित्व हुन्छ, त्यति दायित्व पुरूषको पनि हुने गर्छ । शिशु जन्म र लालनपालनको प्रक्रिया रोकिने हो भने, यो मानव समाज पूरै स्वाहा हुन चार पाँच पुस्ता पनि लाग्दैन । यो प्रक्रिया रोकिने हो भने, न कारखाना मालिकले नयाँ ताकतदार तन्नेरी मजदूर भेट्टाउँछ, न अरू व्यवसायहरूले नयाँ शीपयुक्त मान्छे । संसारै पुरा ठप्प हुन्छ, यो प्रक्रिया रोकिंदा । अनि किन त सुत्केरी हुनुलाई नारीको एकल दायित्वको रूपमा लिने ? किन यसलाई नारीको कमजोरी ठान्ने ?

तर दुःखको कुरो, संसारमा अझै थुप्रै मुलुकमा बच्चा जन्माउने र हुर्काउने कार्यलाई सामाजिक दायित्व ठानिन्न । सबैभन्दा विकसित भनिएका पूँजीवादी मुलुकहरूमै सुत्केरी हुनुलाई सरकार र पूँजीपतिहरू अपराध ठान्छन् । पर्याप्त तलबी बिदासम्म दिइन्न- सुत्केरी भएको बेला । कैयनले त यही बेला रोजीरोटी नै गुमाउँछन् । विभिन्न मुलुकको सुत्केरी विदाको प्रचलन हेरे पुग्छ- कहाँ बच्चा जन्माउने र हुर्काउने कार्यलाई कसरी हेरिन्छ भन्ने थाहा पाउनलाई ।

संसारमा सबैभन्दा धनी र सबैभन्दा विकसित भनिएका दुई मुलुक हुन्- अमेरिका र जापान । त्यहीं हेरौं- सुत्केरी विदालाई त्यहाँ कसरी लिइन्छ ?

अमेरिकामा सन् १९९३ सम्म सुत्केरी विदाको कुनै प्रचलन नै थिएन । सुत्केरी विदा नहुनाको कारणले नै कैयन महिलाहरू यो अति संवेदनशील बेलामा रोजगारीको असुरक्षाबाट पीडित हुन्थे । १९९३ मा अमेरिकी संसदले कानून त बनायो १२ हप्ते सुत्केरी विदाको, तर त्यो अवधिमा एक पैसो पनि तलब नआउने गरी । केही राज्यमा तलबी सुत्केरी विदाका आफ्नै कानूनी प्रचलनहरू छन् । तर त्यो सारै थोरै ठाउँमा मात्र र अपवादको रूपमा मात्र । सिंगो अमेरिकामा चाहिं बेतलबी सुत्केरी विदाकै कानूनी प्रावधान लागू हुन्छ ।

जापानमा चाहिं १३ हप्ते सुत्केरी विदाको व्यवस्था छ । तर यो अवधिमा सुत्केरी कामदार महिलाहरू ६० प्रतिशत पारिश्रमिक मात्र पाउँछन् ।

यसैले देखाउँछ- अमेरिका र जापानका सरकारहरू बच्चा जन्माउने र हुर्काउने कामलाई कसरी हेर्छन् ? भनेर । यस्तो प्रतीत हुन्छ, उनीहरूको ठम्याइमा यो काम नारीहरूको व्यक्तिगत काम हो । त्यसैले, व्यक्तिगत कामको लागि सरकार र कारखानाहरूले किन सुत्केरीहरूलाई पुरा तलबसहितको विदा दिने ?

प्रजातन्त्रको जननी भनिएको बेलायतमै नारीहरूलाई पुरा तलबी सुत्केरी विदा दिइन्न । त्यहाँ १६ हप्ता लामो सुत्केरी विदा दिइने व्यवस्था त छ, तर शुरूको केही हप्तासम्म मात्र ९० प्रतिशत पारिश्रमिक दिइन्छ ।

सुत्केरी विदा सम्बन्धमा बढी न्यायपूर्ण व्यवहार समाजवादलाई कुनै न कुनै रूपमा अपनाएका मुलुकहरूले मात्र प्रदर्शित गरिरहेका देखिन्छन् ।

संसारमा सबैभन्दा लामो तलबी सुत्केरी विदा स्वेडनमा दिइन्छ । त्यहाँ बच्चा जन्मिएको घरका आमा (र बाबुले समेत) १५ महिना लामो तलबी सुत्केरी विदा पाउँछन् । पहिलो तीन महिना पूर्ण तलबी सुत्केरी विदा पाइन्छ र बाँकी समयमा पनि ७५ प्रतिशत तलब दिइन्छ ।

यस्तै सुविधा डेन्मार्कमा पनि छ । तर १५ महिना होइन, जम्मा २८ हप्ता पूर्ण तलब सहितको सुत्केरी विदा त्यहाँ महिलाहरूलाई प्रदान गरिन्छ । र, यो सुविधा त्यहाँ आमालाई मात्र होइन, बाबुलाई पनि उपलब्ध छ । त्यहाँ बाबुहरूले पनि बच्चा स्याहार्नका लागि घर बसिदिनुपर्ने चलन चलाइएको छ ।

फ्रान्सका महिलाहरूले २१ हप्ता लामो पुरा तलबी सुत्केरी विदा पाउँछन् । स्पेनका सुत्केरीहरूको लागि १६ हप्ताको शत प्रतिशत तलबी विदाको व्यवस्था छ । इटालीका आमाहरूले ८० प्रतिशत पारिश्रमिक सहितको २२ हप्ता लामो सुत्केरी विदा पाउँछन् । र, जर्मनीले आफ्ना देशका गर्भवती नारीहरूलाई १३ हप्ता लामो पुरा तलबी सुत्केरी विदाको प्रबन्ध गरेको छ ।

स्मरणीय छ, यी सबै मुलुकहरू समाजवादी जनवाद (Social Democracy) लाई सामाजिक व्यवस्थाको रूपमा अप्नाउने मुलुकहरू हुन् ।

रूसमा समाजवाद ढलिसकेको छ । तर समाजवादले दिई आएको सुत्केरी विदाको व्यवस्था त्यहाँ अझै हटाइएको छैन । त्यहाँ अझै पनि २० हप्ता लामो पूर्ण तलबी सुत्केरी विदाको व्यवस्था छ ।

चीनले अब समाजवादी बाटो धेरै हदसम्म छोडिसकेको छ । तथापि, त्यहाँ पनि १३ हप्ता लामो पूर्ण तलबी सुत्केरी विदा अझै पनि दिइन्छ । पहिले त्यहाँ यस्तो सुत्केरी विदाको अवधि १६ हप्ता थियो ।

यसरी हेर्दा के भेटिन्छ भने, पूँजीवादका सबैभन्दा विकसित भनिएका नमूना मुलुकहरूले समेत (जस्तो अमेरिका, जापान र बेलायतले समेत) बच्चा जन्माउने र हुर्काउने कुरालाई सामाजिक दायित्व भनेर स्वीकार गरेको छैन । उनीहरूले यसलाई महिलाहरूको व्यक्तिगत मामला बनाएका छन् । यो सरासर गलत र अन्यायपूर्ण कुरा हो । बरू, समाजवादलाई कुनै न कुनै रूपमा स्वीकारेका मुलुकहरूले र समाजवादको विगत पृष्ठभूमि भएका मुलुकहरूले मात्र बच्चा जन्माउने र हुर्काउने कामलाई सामाजिक दायित्वको रूपमा स्वीकार गरेका छन् ।

**पूँजीवादका सबैभन्दा विकसित भनिएका नमूना मुलुकहरूले समेत बच्चा जन्माउने र हुर्काउने कुरालाई सामाजिक दायित्व भनेर स्वीकार गरेको छैन**

❑ **दीपक वैद्य**

तथ्यांक स्रोत : ◆ अन्तर्राष्ट्रिय श्रम संगठन
◆ The Economist, फरवरी २८, १९९८

## (पृष्ठ १० को बाँकी)

संकल्प प्रस्तावलाई सन्धिको अन्तिम अनुमोदन पत्र आदान प्रदान गर्ने निर्णायक घडीमा लत्याई दिने काम त स्वयं वामदेव पक्षबाट भएको देखियो । जबकि यो जगजाहेर छ, क. वामदेव त्यतिखेर अत्यन्त शक्तिशाली उप-प्रधानमन्त्रीको पदमा हुनुहुन्थ्यो । र, मन्त्री मण्डलमा बहुमत पनि एमाले पक्षकै थियो ।

यी घटनाहरूले के देखाउँछन् भने, सत्ता स्वार्थका लागि निर्णायक घडीमा साम्राज्यवादी स्वार्थका सामुन्ने झुकीदिने र राष्ट्र हितको अडान बिर्सिदिने प्रवृत्ति त यता पनि छ ।

यी सबै कोणबाट हेर्दा एमालेमा द्वन्दरत पक्षहरूबीच कुनै तात्विक महत्वको सैद्धान्तिक र प्रवृत्तिगत मतभेद देखिन्न । दुईथरिबीच भिन्नता मात्राको मात्र देखिन्छ, गुणको देखिन्न । पार्टीहरूको भीडमा अर्को पार्टी खोलीहाल्नुपर्ने हदको सैद्धान्तिक औचित्य र गुणात्मक अन्तर वर्तमान परिस्थितिमा विद्यमान देखिन्न ।

तर पनि एमाले पार्टी एकताबद्ध भइरहन सकेन । यो फुट्यो र फुटिछाड्यो । किन ? के हो यसको जरो कारण ?

एमालेको फूट सैद्धान्तिक-राजनीतिक कारणले भन्दा चरम विश्वासको संकटले भएको देखिन्छ । एउटा पक्षले अर्कोको अस्तित्व नै नामेट पारिदिने भयले फूट चाँडो घटित गर्नुमा प्रमुख कारणको रूपमा भूमिका खेलेको देखिन्छ । यो भय र विश्वासको संकट हालै महाधिवेशनको मुखैमा मात्र सिर्जना भएको परिघटना होइन । कुनै एउटा घटनाले मात्र सिर्जना गरेको परिघटना पनि यो होइन । यसका पछाडि लामो सिलसिलेवार ऐतिहासिक घटना-क्रमहरूले भूमिका खेलेको देखिन्छ ।

ती सबै घटना-क्रमहरू यहाँ उतार्नु संभव पनि छैन र यो लेखको उद्देश्य पनि त्यो होइन । तर सारमा किन त्यति चर्को विश्वासको संकट पार्टी नेतृत्वमा पैदा भयो त ? किन आफ्नो अस्तित्व नै अर्कोले निषेध गरिदिने त होइन भन्ने हदको भय पैदा भयो त पार्टीमा ?

**एमालेको फूट सैद्धान्तिक-राजनीतिक कारणले भन्दा चरम विश्वासको संकटले भएको देखिन्छ ।**

पार्टीभित्र भिन्न विचारलाई हेर्ने, अन्तरविरोध संचालन गर्ने र केन्द्रियता पैदा गर्ने अजनवादी र अद्वन्दवादी पद्धति नैं विश्वासको संकट र अस्तित्वको भयको मूल कारणका रूपमा रहेको देखिन्छ ।

भिन्न विचारलाई सहिष्णुतापूर्वक सुन्ने, सहने र त्यसलाई चलखेल गर्न दिने, त्यसमा सत्यको अंश छ भने आग्रह-पूर्वाग्रह, जितहारको मानसिकताबाट माथि उठेर त्यसलाई सँगेट्न, संश्लेषण गर्न तयार हुने संस्कृति नै समाजवादी संस्कृति हो । सत्य चाहे जुनसुकै कुनाबाट आओस्, त्यसलाई स्वीकार्ने र सँगेट्ने संस्कृति नै मार्क्सवादले स्थापना गर्न खोजेको संस्कृति हो ।

मार्क्स, एंगेल्सले जिन्दगीभर त्यही संस्कृतिको अभ्यास गर्नु भयो । उहाँहरूले निरंकुश राजतन्त्रका पक्षधर हेगेलको द्वन्दवादलाई पनि बिना पूर्वाग्रह सँगेट्नु भो । उहाँहरूले अधिभूतवादी फायरवाखको भौतिकवादलाई पनि निस्फीक्री संश्लेषण गर्नुभो । एडम स्मिथ र रिकार्डो जस्ता पुँजीवादी अर्थशास्त्रीहरूको आर्थिक सिद्धान्तलाई पनि बिना हिच्किचाहट समेट्ने संस्कृति उहाँहरूले प्रदर्शित गर्नु भयो । असत्यसित जुध्ने, सत्यलाई जुनसुकै कुनाबाट आए पनि हाँसले दूधबाट पानी छुट्याएर दूध मात्र लिए झैं लिने- यो संस्कृति नै मार्क्स-एंगेल्सले स्थापना गर्न खोजेको वैज्ञानिक समाजवादको संस्कृति हो ।


भिन्न विचारलाई पार्टीभित्र र बाहिर निष्फिक्री चलखेल गर्न दिने, कुनै पनि महत्वपूर्ण सैद्धान्तिक-राजनीतिक मुद्दामा सार्वजनिक बहस र विचार-द्वन्द गर्ने, र विचार द्वन्दमा उठेका सत्यहरूलाई जनवादी ढंगले केन्द्रीकरण गर्ने- यो संस्कृति लेनिनले मार्क्सवादी पार्टीको संस्कृतिको रूपमा विकास गर्नुभयो । यसैलाई उहाँले जनवादी केन्द्रीकरण भन्नुभयो ।

तर एमाले नेतृत्वले समाजवादी संस्कृतिको यो सारलाई सही तवरले ग्रहण नै गरेन । पार्टी नेतृत्वको भिन्न वा आलोचनात्मक विचारप्रतिको रवैया त्यस्तै रहने गऱ्यो, जस्तो एउटा सामन्तको रहने गर्छ । आलोचनात्मक विचारलाई र त्यसका संवाहकलाई चार पाटा मुडेर, सुँगुरको पाठो च्याप्न लगाएर डाँडा कटाउने चलन हामीले नेपालका सामन्तहरूले अप्नाएको सुनेका छौं । यो सारमा, निषेधकारी संस्कृतिको उदाहरण हो । बस्, एमालेमा पनि यस्तै सामन्ती संस्कृतिको बाहुल्य रह्यो । आलोचनात्मक विचारप्रति शत्रुतापूर्ण र निषेधकारी रवैया रह्यो- पार्टी नेतृत्वको ।

नेतृत्वमा नै विद्यमान सामन्ती संस्कृतिले गर्दा पार्टीभित्रका अन्तरविरोधहरू सही तवरले संचालित भएनन् । मित्रतापूर्ण अन्तरविरोधहरू पनि शत्रुतापूर्ण ढंगले संचालित भए । सिर्फ भिन्न विचारहरू राखेवापत पदबाटै हात धुनुपर्ने । कुनै जिम्मेवारी नै नपाउने, पेशेवर कार्यकर्ताले पार्टीको तर्फबाट कुनै भरणपोषण नै नपाउने, पार्टीले दिने न्यायमै भेदभाव हुने, आफू कुन रद्दी टोकरीमा गएर मिल्किने हो केही ठेगान नहुने, तर समान मत राखेपछि पंचखत माफ हुने गरेका उदाहरण एमालेको इतिहासमा बग्रेल्ती भेटिन्छन् ।

एमाले नेतृत्वको केन्द्रियता सम्बन्धी समझदारी बिल्कुलै यान्त्रिक रह्यो । नोकरशाही केन्द्रियतालाई नै उसले जनवादी केन्द्रियताको रूपमा बुझ्यो ।

एमाले नेतृत्वको समझदारीमा जनवादी केन्द्रियता भनेको बहुमतको राय अल्पमतले आँखा चिम्लेर




## दर्शन

मान्नु, माथिको निर्णय तलले आँखा चिम्लेर मान्नु, पार्टी केन्द्रको निर्णय सबैले आँखा चिम्लेर मान्नु हो । हो, केन्द्रियता सम्बन्धी नियम त यही हो । तर यसमा जनवादको लागि स्थान खै त ? यसमा द्वन्दको लागि ठाउँ खै त ?

जसरी हुन्छ त्यसरी बहुमत सिर्जना गर्न खोज्ने, बहुमत जबर्दस्ती सिर्जना गरे पनि त्यो पार्टीमा लागू भइहाल्छ र लागू हुनैपर्छ भनेर सोच्ने, जालझेल, तिगडम, षड्यन्त्र गरेर पनि बैठक, सभा, सम्मेलनमा बहुमत सिर्जना गर्ने, त्यही बहुमतको निर्णयलाई केन्द्रियता भनेर बुझ्ने- यो केन्द्रियता सम्बन्धी यान्त्रिक बुझाइ हो । यो बुझाइले के कुरा बिल्कुलै भुल्छ भने, दिगो र सहज स्वीकार्य अनुशासन र केन्द्रियता भन्ने कुरा मूलतः व्यक्तिको मानसिक तत्परता र खुशहालबाट पैदा हुन्छ र मानसिक तत्परता र खुशहाल भनेको निर्णय प्रक्रियामा द्वन्दात्मक सहभागिता र जनवादको अभ्यासबाट पैदा हुन्छ । यो नेतृत्वको असल उद्देश्यप्रतिको विश्वासबाट पैदा हुन्छ ।

एकतर्फी रूपमा निर्णय पालनाको मात्र माग गर्नु, अनुशासन र केन्द्रियताको अनुशरण गर्ने मात्र माग गर्नु- केन्द्रियताको बारेमा नोकरशाही वा यान्त्रिक बुझाइ हो । हो, पार्टीभित्र अनुशासन र केन्द्रियता त हुनैपर्छ । नत्र पार्टी कसरी एक ढिका भई रहन्छ ? तर एकोहोरो अनुशासन र केन्द्रियताको मात्र पालनाको मागले पार्टी एकताबद्ध भई रहनै सक्दैन । यसले छिटै पार्टीभित्र टप्पूमा कार्यकर्ता र जनताबाट कटेको एउटा निरंकुश नोकरशाही डफ्फा खडा गर्छ र तल निसहाय वा अराजक कार्यकर्ताहरू ।

एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीभित्र केन्द्रियता त हुनैपर्छ, तर त्यो जनवादको अभ्यासको जगमा खडा भएको हुनुपर्छ । त्यहाँ अनुशासन पनि अनिवार्य छ, तर अनुशासन स्वतन्त्रता र विवेकको अभ्यासबाट पैदा भएको हुनुपर्छ । त्यहाँ निर्णय पालना पनि हुनैपर्छ तर निर्णय द्वन्दात्मक सहभागिता र सत्यको संश्लेषणमा आधारित हुनुपर्छ ।

केन्द्रियतासम्बन्धी यान्त्रिक चिन्तनले अनुशासन र केन्द्रियता भनेको कुरा बाहिरबाट वा माथिबाट निर्णय र नियमहरू थोपरेर पैदा गर्न सकिने कुराको बुझ्दछ । जसरी यन्त्र संचालित हुन बाह्य उत्प्रेरक शक्तिको जरूरत पर्दछ, त्यसरी नै पार्टी संचालित हुन पनि बाहिरबाट असल असल निर्णयहरू संचार गर्नु जरूरी हुन्छ । यान्त्रिक चिन्तन प्रक्रियाको दोष नै के हो भने, त्यसले गतिको मुहान वस्तुको बाहिर मात्र देख्छ, वस्तु भित्रको अन्तरतत्व र अन्तरद्वन्दमा देख्दैन ।

जसरी कुनै पनि यन्त्र चलाउन बाहिरी शक्तिको जरूरत पर्छ, त्यसरी नै संसारका हरेक कुरा गतिशील हुन ऊ

> **गतः पन्ध्र वर्षको इतिहास हेर्ने हो भने- यस्ता तीनवटा ठूला ठूला फूट नेपालका वामपन्थी पार्टीहरुमा भएका छन् ।**

बाहिरी शक्तिको जरूरत देख्छ र त्यसैले, यसले पार्टीभित्र सही र राम्रा अनुशासन, विचार पनि पार्टी भित्रकै द्वन्दबाट सिर्जना हुन सक्ने कुरामा विश्वास गर्दैन । त्यसले केही बुद्धिमान मान्छेको डफ्फाले "माथिबाट" वा "बाहिरबाट" राम्रा राम्रा, सही सही निर्णयहरू ठेल्नु पर्ने आवश्यकता देख्छ । अनुशासन र केन्द्रियता पनि बाहिरबाट वा माथिबाट थोपर्नु पर्ने जरूरी देख्छ ।

तर द्वन्द्वात्मक भौतिकवादले बाहिरबाट केही बुद्धिमान मान्छेले जबर्दस्ती थोपर्ने अनुशासन र केन्द्रियतामा विश्वास गर्दैन । द्वन्द्वात्मक भौतिकवादका अनुसार अनुशासन र केन्द्रियता व्यक्ति स्वयंको विवेक र खुशहालबाट पैदा भएको हुनुपर्छ । यस्तो विवेक र खुशहाल निर्णय प्रक्रियामा आफ्नो द्वन्द्वात्मक सहागिताबाट पैदा हुन्छ । अथवा यो स्वतन्त्रता जनवादको अभ्यासबाट पैदा हुन्छ । जहाँ जनवाद हुँदैन, त्यहाँ केन्द्रियता नोकरशाही बन्दछ, जहाँ केन्द्रियता हुँदैन, त्यहाँ जनवाद अराजक बन्दछ । त्यसैले, द्वन्द्वात्मक भौतिकवादले अलग थलग रूपमा केन्द्रियता र अनुशासनको एकतर्फी पालनाको माग गर्ने कुराको पनि त्यत्तिकै विरोध गर्छ, जति एकतर्फी रूपमा जनवाद र स्वतन्त्रताको माग गर्ने कुराको । पार्टीमा केन्द्रियताको पनि जरूरत हुन्छ, जनवादको पनि, अनुशासनको पनि आवश्यकता हुन्छ, स्वतन्त्रताको पनि, निर्णय पालनाको पनि जरूरी हुन्छ, निर्णय प्रक्रियामा द्वन्द्वात्मक सहागिता र संश्लेषणको पनि, दण्ड विधानको पनि जरूरत हुन्छ, व्यक्तिगत खुसहाल र विवेक प्रयोगको पनि ।

एमाले नेतृत्वमा एकातिर सामन्ती सांस्कृतिक मूल्य हावी रह्यो, जसले गर्दा उसले भिन्न विचारप्रति निषेधकारी व्यवहार अप्नायो । अर्कोतिर, उसमा अद्वन्दवादी यान्त्रिक चिन्तन प्रणाली हावी रह्यो, जसले गर्दा उसले नोकरशाही केन्द्रियता अभ्यास गर्‍यो र "जसरी पनि" बहुमत जुटाउने र जबर्दस्ती निर्णय थोपर्ने प्रक्रिया अप्नायो ।

एमालेभित्रको सुल्फाईनसक्नुको विश्वासको संकट र अस्तित्व नै नामेट हुने भय वास्तवमा निषेधकारी सामन्ती संस्कृति र जबर्दस्ती निर्णय थोपर्ने नोकरशाही केन्द्रियताको संयुक्त उपज हो । गुटबन्दी चाहिं असुरक्षा र भयभीत चित्तको उपज हो । र, फूट यी सबैको उत्कर्ष हो ।

वास्तवमा एमालेको यो फूट सक्षम नेतृत्वको खडेरीको अभिव्यक्ति हो । एमाले नेतृत्वले भिन्न विचारप्रति दार्शनिक सहिष्णुता मात्र राख्न सकेको भए पनि यो फूट यति छिटो यसरी हुने थिएन । समाजवादी मूल्यको त कुरै छोडी दिऊँ, एमालेद्वारा बहुप्रचारित बहुदलीय जनवाद मात्र पार्टीभित्र लागू गर्न सकिएको भए पनि सैद्धान्तिक मतभेदबिना नै पार्टी यसरी फुट्ने थिएन । किनकि, बुदलीय जनवादले पनि त बहुविचारको अस्तित्वलाई सहजतापूर्वक स्वीकार्ने कुरा गर्छ । तर एमालेको विडम्बना के हो भने, एमाले नेतृत्वले सम्पूर्ण समाजको निम्ति उन्नत प्रणाली भनेर अघि सारेको बहुदलीय जनवाद आफ्नै पार्टीभित्र लागू गरेर देखाउन सक्षम भएन ।

उदाहरणको निम्ति, पाँचौं महाधिवेशन, २०४९ ताक एमालेभित्र जुन विचारद्वन्द छेडिएको थियो, त्यतिखेर पार्टीभित्र सैद्धान्तिक तहमै गम्भीर मतभेदहरू देखापरेका थिए । बहुदलीय जनवाद, नयाँ जनवाद, सामाजिक जनवाद, परिमार्जित नौलो जनवाद-बारे भएका मतान्तरहरू सैद्धान्तिक चरित्रका मतान्तरहरू थिए । तर यो सैद्धान्तिक मतान्तरले समेत पार्टी फुटेन । किन ? अहिले कुनै सैद्धान्तिक मतान्तर थिएन, तर पनि पार्टी फुट्यो, किन ?

यो गजबको विरोधाभाष हो- पहिले सिद्धान्तकै तहमा मतभेद हुनु, तर पार्टी नफुट्नु, अहिले सिद्धान्तको तहमा मतभेदै नहुनु, तर पार्टी फुट्नु ? यो विरोधाभाषको कारण के ?

किनकि, त्यतिखेरको नेतृत्वले कम से कम पार्टीभित्र बहुदलीय जनवाद अभ्यास गर्ने प्रयत्न गर्‍यो । भिन्न विचार र तिनका संवाहकहरूलाई यत्रतत्र निषेध नै गर्ने कार्य त्यतिखेर भएन । उनीहरूलाई समेटेर लाने प्रयत्न गरियो । अस्तित्वकै भय त्यतिखेर खडा भएन ।

त्यसैले, वर्तमान पार्टी फूट नेतृत्वको असक्षमताको पनि परिचायक हो । पार्टी नेतृत्व नोकरशाह भयो, प्रशासनिक भयो । पार्टीका हरेक साना ठूला वैचारिक अन्तरविरोधहरू प्रशासनिक ढंगले हल गर्ने कोशिश भयो, जुन कदापि संभव छैन । वर्तमान विष्फोट पार्टी नोकरशाहीतत्वकै ध्रुवीय प्रतिक्रिया हो ।

भिन्न विचारप्रति निषेधकारी सामन्ती व्यवहार, नोकरशाही केन्द्रीयता, प्रशासनिक ढंगले वैचारिक मतभेद हल गर्ने सुरसार- यस्तो प्रवृत्ति पार्टी नेतृत्वमा हावी भई रहने हो भने पार्टीमा अनावश्यक फूट बारम्बार भइरहने अवश्यंभावी छ ।

अहिले एमालेमा फूट भएको छ । तर गतः पन्ध्र वर्षको इतिहास हेर्ने हो भने- यस्ता तीनवटा ठूला ठूला फूट नेपालका वामपन्थी पार्टीहरूमा भएका छन् । एउटा, नेकपा (चौ.म.) को फूट, २०३९ सालमा, अर्को नेकपा मसालको फूट, २०४२ सालमा, तेस्रो, नेकपा (एकता केन्द्र) को फूट २०५१ सालमा । गंभीर सैद्धान्तिक मतान्तरहरू पनि थिए- ती पार्टीका द्वन्दरत पक्षहरू बीच । तथापि, यी सबै फूटको जरो कारण पनि त्यही देखिन्छ जुन, एमालेमा देखिएको छ । उही भिन्न विचारप्रतिको निषेधकारी सामन्ती व्यवहार, उही नोकरशाही केन्द्रियता, सामन्ती व्यक्तिवाद र यान्त्रिक चिन्तन प्रक्रिया-त्यतिखेर पनि मूल समस्या बनेर खडा भएको देखिन्छ ।

त्यसैले, फूट एउटा राजनीतिक पार्टीमा घटित भएको छ । तर समस्या चाहिं यो दार्शनिक-सांस्कृतिक हो । समस्यालाई जरामै हल गर्ने हो भने- हामीले हाम्रो विश्व दृष्टिकोण, संस्कृति र पार्टी संचालन पद्धतिमै पुनर्विचार गर्ने हो कि ?

❑ प्रज्ञानरत्न

# पाठकको कुरो

**'कोरा सपना नदेखे हुन्छ'**

५५ औं अङ्क अध्ययन गर्ने अवसर पायौं । यसभित्रका लेख रचना र अन्य थुप्रै समसामयिक स्तम्भहरू अत्यन्तै रोचक, ज्ञानवर्द्धक र सान्दर्भिक लागे ।

एमाले आज आएर पदकै निम्ति दुई भागमा विभाजित हुन पुग्यो । आजसम्म जनताको मन जित्न सफल भएको नेकपा एमाले यसरी विभाजित हुँदा नेकपा एमालेप्रति आस्थावान तमाम कार्यकर्ता लगायत देश र जनताको निम्ति यसले केही गर्छ भन्ने विश्वास बोकेका ती नेपाली जनताका मनहरू आज कति रोएका होलान्, के यसप्रति हाम्रा ती नेता महोदयहरूले कहिल्यै सोचेका होलान् ?

केही गर्छ भन्ने विश्वास गरेर जनताले संसदमा ठूलो दलको रूपमा पठाएको थियो र निकट भविष्यमा गएर नेकपा एमालेले जनताको बहुमत पाएर यो देशमा बहुमतको सरकार अवश्य बनाउने थियो । यसमा शंकै थिएन । तर आज सिंगो पार्टी फुटेर नेकपा एमाले र नेकपा मालेको रूपमा देखा पर्न गयो । भविष्यमा गएर चाहे नेकपा एमालेले होस्, चाहे नेकपा मालेले अर्थात नेकपा भनाउँदा जो कसैले पनि जनताको बहुमत पाएर यो देशमा शासन गर्ने कोरा सपना अब कहिल्यै नदेखे हुन्छ !

-बुद्धिबहादुर पुन 'विरही', गमबहादुर पुन 'अकेला', म्याग्दी, भुरूङ तातोपानी, हाल : केन्द्रीय कारागार, काठमाडौं

**शिक्षा लिनै पर्छ**

पूर्णाङ्क ५४ मा क. माधव नेपालको भनाइप्रति क. सन्देशको टिप्पणी सटीक लाग्यो । यसबाट बहुदलीय जनवादको नाममा प्रतिकृयावादीका सेवकहरूले पाठ सिक्नु नै पर्छ ।

खगेन्द्र संग्रौलाको 'इमान्दार जति एकगठ भएर आवाज उठाउन किन नथाल्ने ?' शीर्षकमा प्रस्तुत यथार्थमा आधारित आव्हानबाट एमालेभित्र अल्मलिएर बसेका इमान्दार कार्यकर्ताले एकपटक गहिरिएर सोच्नै पर्छ ।

'धार्मिक कर्मकाण्डबारे बनाउनु पर्ने धारणा के ?' को सन्दर्भमा हरि ए.सी., डमरू पौडेल, शशीधर भण्डारीको अन्तरकृयाबाट सदियौंदेखि जकडिएको रूढीवादी प्रचलन यथावत राख्दै शोषणको माध्यमलाई मलजल पुऱ्याउने प्रगतिशील भनाउँदाहरूले शिक्षा लिनै पर्छ ।

-गोविन्द श्रेष्ठ, मद्रास (भारत)

**प्रतिकृया तर्कसंगत लागेन**

पूर्णाङ्क ५५ नेकपा (मसाल) को प्रतिकृयामाथि 'मूल्यांकन'को प्रतिउत्तर पनि पढ्न पाइयो तर 'मसाल', जो निरन्तर क्रान्तिकारी संघर्षमा लागिरहेको पार्टी हो, यसले चन्द सरकार बचाउन उपयुक्त थियो र ? त्यसैले नेकपा 'मसाल' को प्रतिकृयामाथि मूल्याङ्कनको प्रतिउत्तर तर्कसंगत लागेन ।

-दुर्गा राना मगर र साथीहरू, पाण्डवखानी-२, रमुवा, बाग्लुङ

**प्रतिमान श्रेष्ठको लेखबारे**

पूर्णाङ्क ५५ समयमै उपलब्ध भयो । प्रतिमान श्रेष्ठले लेख्नुभएको 'माओवादी जनयुद्धले तीन वर्ष टेक्दा ?' भन्ने लेखमा क्रान्तिका लागि आवश्यकीय केही महत्वपूर्ण कुराहरू उठाउनु भएको प्रशंसनीय छ । (१) औकात कम, दुस्साहस ज्यादा कहिल्यै गर्नुहुँदैन । दुश्मनलाई आफूभन्दा बलियो छ भन्ने धारणा राखी योजना बनाउनु बुद्धिमत्तापूर्ण हुन्छ । स्यालको शिकार गर्नेले बाघ मार्ने सामाग्रीहरू लिएर जानुपर्छ भन्ने आहान पनि छ । (२) भिन्नमत राख्ने जति सबैलाई शत्रुको कोटीमा दर्नु, सोही अनुरूप व्यवहार गर्नु आँफैमा गलत कुरा हो । (३) सबै किसिमका विरोधी पक्षहरूमा पनि कुन अलि कम, कुन अलि बेसी, कुन अलि धेरै दोषी छ ? त्यो भिन्नतालाई हेरी नीति तय गर्नु पर्छ । कहालीलाग्दो देशको आर्थिक अवस्थाका बारेमा मूल्यांकनले सर्वसाधारण जनसमक्ष पुऱ्याउन खोजेको सन्देशको पनि सराहना गर्ने पर्दछ ।

-विक्रम कुँवर श्री बरहथवा गाविस-४, सर्लाही

**मूल्यांकन गरोस्**

'मूल्यांकन' ले घटनाहरूको राम्रै मूल्यांकन गर्ने गरेको छ । अहंकारी नेताहरू एमालेमा छन् कि मालेमा छन्, त्यो कुरा यसले प्रष्ट पारिदेओस्, जसले गर्दा त्यत्रो पार्टी फुट्यो ।

-प्रेमकुमार थापा, मुजफ्फरपुर, बिहार (भारत)

**एमालेको विकृतिको कारण**

'मूल्यांकन' ले एमालेको विकृतिको जरो कारण यसको ज.ब.ज.को नीतिलाई मानेको छ । तर के ज.ब.ज. नमान्ने क.पा.हरूमा पनि विकृति छैनन् र ?

-इन्द्र पौडेल, पदमपुर-१, सोहपुर चितवन, हाल: मद्रास (भारत)

❑




# पुराना अंकहरुमा भारी छूट !




मूल्यांकन र नव युवाका पुराना अंकका सीमित प्रतिहरु भारी छूटका साथ निम्न स्थानहरुमा उपलब्ध छन् :

रु. ५।- मात्र

रु. ४।- मात्र

◆ पाठ्यसामग्री पसल
जामे मस्जिद सपिङ्ग कम्पलेक्स,
बागबजार (घण्टाघरसंगै)
काठमाडौं ।

◆ पुस्तक पत्रपत्रिका बिक्री
वितरण केन्द्र
डिल्लीबजारको उकालो,
काठमाडौं ।

◆ अन्तर्क्रिया प्रकाशन
प्रा. लि.को कार्यालय
पुतलीसडक, काठमाडौं ।
फोनः ४२२७६८

## ◆ मूल्यांकन अंक ४६ सम्म (केही अप्राप्य अंकहरु बाहेक)

## ◆ नव युवा अंक १२ सम्म

अंक पुरानो भएपनि पुराना नहुने सामग्रीहरुका निम्ति ! तपाईको संकलनलाई पूर्णता दिनका निम्ति !!


मूल्यांकन मासिकको सहकर्मी

# नव युवा

◆ के तपाईंले पढ्ने गर्नु भएको छ ?

❑ के तपाईले आफ्ना छोराछोरीहरु, भाइबहिनीहरुको निम्ति किनेर घर लगिदिने गर्नु भएको छ ?

युवा पुस्ताको निम्ति स्वस्थ र सार्थक पाठ्य सामग्री




हाम्रा हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

- ◆ विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
- ◆ प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
- ◆ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानबर्द्धक जानकारीहरु
- ◆ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- ◆ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
- ◆ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- ◆ इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- ◆ खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानबर्द्धक समीक्षा
- ◆ सामान्य ज्ञानहरु
- ◆ विभिन्न विषयमा पाठकहरुको सक्रिय सहभागितामूलक सामग्रीहरु
- ◆ मुक्तक, कविता र कथाहरु आदि ।

## हरेक अंक विशेष अंक !

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**

Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)